Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३७ २०७६ पूर्णाङ्क ३७



राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामशाहपथ, काठमाडौं

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३७ ✿ २०७६ ✿ पूर्णाङ्क ३७

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
निरण कुमार राजवंशी
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

राष्ट्रिय अभिलेखालय सरकारी कार्यालयहरूमा दैनिक प्रशासन सञ्चालनका क्रममा सिर्जना भएका राष्ट्रिय महत्त्वका सरकारी कागजात वा रेकर्ड सुरक्षित तरवले राख्ने देशको एकमात्र कार्यालय हो । यहाँ पुर्खाको विरासतको रूपमा रहेका विभिन्न समयका अभिलेखिय सामग्रीहरू संकलित छन् । विभिन्न लिपि, भाषा र विषयमा लेखिएका सामग्रीहरू नै ज्ञानका अमूल्य भण्डार हुन् । यहाँ संकलित विभिन्न अभिलेखहरू जसले देशको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, प्रशासनिक लगायतका विषयमा विस्तृत जानकारी दिन्छन् ।

राष्ट्रिय अभिलेखालयले देशका विभिन्न भागमा छरिएर रहेका विभिन्न किसिमका अभिलेखहरूको संकलनको कार्यलाई तीव्र बनाएको छ । अभिलेखहरू नासिन नदिनका लागि अभिलेखालय विभिन्न किसिमका योजनाहरू सहित अगाडि बढेको छ । देशभरिका अभिलेखहरू संरक्षण तथा व्यवस्थापन् होस् भन्ने हेतुले राष्ट्रिय अभिलेखालयले विभिन्न प्रदेशमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । जसको प्रभावले अभिलेखहरू विभिन्न स्थानमा संरक्षित तथा सुरक्षित रहने र राष्ट्रिय अभिलेखालयमा अभिलेखको संख्यामा वृद्धि हुनेछ भन्ने अपेक्षा गरेको छ ।

विभिन्न उतारचढावकाबीच अभिलेखालयले आफ्नो ५२ औं वार्षिकोत्सव समारोह भव्यताका साथ सम्पन्न गरेको छ । वि.सं. २०७१ वैशाख २४ गतेको मन्त्रीपरिषद्को निर्णयले राष्ट्रिय अभिलेखालय कुन स्थानमा सार्ने र सार्ने क्रममा कति अभिलेख नष्ट हुने हुन् भन्ने सम्बन्धमा सरोकारवालाहरूको चिन्तालाई सम्बोधन गर्दै मिति २०७७।०३।०२ को मन्त्रीपरिषद् बैठकले राष्ट्रिय अभिलेखालयमा रहेको देशकै ऐतिहासिक र राजनैतिक महत्त्वका दुर्लभ र अति संवेदनशील सामाग्रीहरूलाई जोगाउने उद्देश्यले सर्वोच्च अदालतको नाममा कायम गरिएको राष्ट्रिय अभिलेखालयको जग्गा पुनः राष्ट्रिय अभिलेखालयकै नाममा कायम गर्ने निर्णय गरेको छ। जसले गर्दा अभिलेख यहाँबाट अन्यत्र सार्दा नष्ट हुनसक्ने संकटबाट मुक्त भएका छन् । अभिलेखालय यथास्थानमा व्यवस्थापन गर्न सहयोग गर्नुहुने अध्येताहरू, विज्ञहरू, पत्रकार मित्रहरू लगायत विभिन्न स्थानमा रहेर प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सबैमा अभिलेखालय हार्दिक आभार प्रकट गर्दछ। नेपाल सरकार मन्त्रीपरिषद्को यो निर्णयका माध्यमबाट देशको अभिलेखात्मक सम्पदाको सुरक्षा र संरक्षणका लागि हाम्रो हौसला बढाइदिनु भएकोमा नेपाल सरकार मन्त्रीपरिषद् प्रति राष्ट्रिय अभिलेखालय विशेष आभार प्रकट गर्दछ ।

अन्त्यमा, अभिलेखालयले प्रकाशित गर्न लागेको अभिलेख पत्रिकाको ३७ औं अंकमा लेखहरू प्रदान गरी सहयोग गर्नुहुने लेखक, यस कार्यालयका कर्मचारी साथीहरू लगायत सबैमा धन्यवाद प्रकट गर्दछु । नेपाल लगायत विश्वका विभिन्न देशमा सलहले किसानलाई दिएको सास्तीप्रति दुःख प्रकट गर्न चाहन्छु साथै विश्वमा महामारीको रूप लिएर आएको कोभिड-१९ बाट संक्रमित सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । कोभिड-१९ कै कारण ज्यान गुमाउनुहुने सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग
नि. महानिर्देशक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ४२००८५६, ४२००८४६, ४२००८४८ Website : narchives.gov.np E-mail : mail@narchives.gov.np
प्रकाशन मिति	:	वि. सं. २०७६
प्रकाशित प्रति	:	५००
मूल्य रु.	:	१००/-
ISSN Number	:	2717-5049
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
नेपालका अग्ला र लामो आयुका व्यक्तिहरू : एक संक्षिप्त चर्चा	- प्रा. डा. टेकबहादुर श्रेष्ठ	१
इनार र जलद्रोणीका अभिलेख	- सह प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ	७
लिच्छवि अभिलेखमा पाइने जैविक विविधता र संस्कृति निर्माणमा यसको भूमिका	- सह प्रा. डा. महेशकुमार आचार्य	१७
राष्ट्रिय अभिलेखालयमा रहेका वाराहीनिग्रहाष्टक र वाराह्यनुग्रहाष्टक स्तोत्रको सम्पादन तथा नेपाली अनुवाद	- डा. माधवप्रसाद लामिछाने	२७
मन्थली वेतिनिका हुलाकले गर्ने कामको उर्दी	- डा. भूपहरि पौडेल	३७
तिब्बतमा नेपालको कूटनीतिक प्रतिनिधिको थालनी: ऐतिहासिक अध्ययनको पाटो	- देविचन्द्र श्रेष्ठ	४६
हरप्रसाद शास्त्री अन्वेषित चर्याचर्यविनिश्चय	- काशीनाथ तमोट	५०
राणाशासनकालमा शिक्षा हासिल गर्दा दिइएका दोसल्ला	- रमेशजङ्ग सिजापति	५८
हनुमानढोका दरबार क्षेत्रस्थित जोर नगराको ताम्रपत्र	- प्रकाश दर्नाल	७३
नेपालमण्डलमा जलवृष्टिका लागि गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरू	- सौभाग्य प्रधानाङ्ग	७७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मंगलबजारस्थित कृष्णमन्दिरको अभिलेखहरू

- श्यामसुन्दर राजवंशी..........................१०३

कला कृतिहरूको संरक्षण आवश्यक

- शान्तिराम ताम्राकार...........................१२७

पण्डितलाई लामाको संस्कृत भाषामा पत्राचार

- पुण्यप्रसाद पराजुली..........................१३२

"नेपाल" नाम सम्बन्धी अभिलेख विवरण

- निरणकुमार राजवंशी..........................१३३

मिलारेपाका प्रारम्भिक जीवनीहरूको सर्वेक्षण

- कल्पना पराजुली..............................१६०

The *Śivadharmaśāstra* and its importance for reconstructing early Śaiva religious history

- Nina Mirnig..............................१६५

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

....१७८

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक गतिविधि

....१८९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालका अग्ला र लामो आयुका व्यक्तिहरू : एक संक्षिप्त चर्चा

- प्रा. डा. टेक बहादुर श्रेष्ठ*

यो शीर्षकमा चर्चा गर्न यहाँ दुई ऐतिहासिक पत्रहरूमा उल्लिखित सातहात अग्ला र एक सय साठ्ठी वर्षका व्यक्तिहरूलाई प्रस्तुत गरिएको छ । यी दुई पत्रहरूमध्ये पहिलो वि.सं. १८५६ र अर्को वि.सं. १९११ का हुन् । पहिलो पत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित केन्द्रीय पुस्तकालयको माइक्रोफिल्म विभागमा रहेको खाता संख्या २४ को नक्कलबाट लिइएको हो । दोस्रो पत्र राष्ट्रिय अभिलेखालय, रामशाह पथको रील नं. ई. २४४१ बाट नकल लिइएको हो । तसर्थ यी दुवै संस्थाहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

वि.सं. १८५६ को यो पहिलो पत्रमा राजा रणबहादुर शाहले डोटीका सुब्बा लोकनाथ पाँडेलाई डोटीमा भेटिएका सात हात अग्लो मानिसलाई राम्ररी सम्झाइबुझाइ खानलाउनको राम्रो बन्दोबस्त गरी एक जना जमादारको साथ चाँडो पठाईदिनु भन्ने आदेश दिइएको बेहोरा परेको छ ।

अब नेपालमा पाइएका यी अग्ला मानिसको बारेमा चर्चा गर्नुपूर्व संसारमा पाइएका सबैभन्दा अग्ला मानिस कुन देशका कति फिट अग्लासम्मका पाइएको छ भन्ने जानकारी यहाँ सङ्क्षेपमा प्रस्तुत गर्नु आवश्यक देखिन्छ । वि.सं. २०७६ भाद्र २२ गतेसम्मको अभिलेखअनुसार २२ फेब्रुअरी १९१८ मा अमेरिकाको एल्टोन इलिनोइसमा जन्मेका रबर्ट पर्सिङ्ग वड्लोले विश्वको सबैभन्दा अग्लो मानिस मानिएको थियो । उनको उचाइ ८ फिट ११.१ इन्च थियो । उनको मृत्यु १५ जुलाई १९४० मा २२ वर्षको उमेरमा भएको थियो (घले, २०७६: ३२; कोपिला, २०७६: १-२) । जीवित मानिसमा भने सबैभन्दा अग्ला टर्कीका सुलतान कोसेन ८ फिट २.८२ इन्च अग्ला पाइएको छ (कोपिला, २०७६ : २) । यसै गरी विश्वकी सबैभन्दा अग्ली महिलाहरूमा पूर्वी चीनको अन्हुइ प्रान्तकी याओ देफेन नामकी महिलाको उचाई ७ फिट ८ इन्च सहित ई २०१० मा विश्व कीर्तिमान पुस्तकमा नाम लेखाउन सफल भएकी थिइन् (गोरखापत्र २०६९ : मार्ग २१) । विश्वको सबैभन्दा होचा व्यक्तिको रूपमा वि.सं. २०६८ फागुन १४ मा विश्व कीर्तिमान पुस्तकमा आफ्नो नाम लेखाउन सफल नेपालका चन्द्रबहादुर डाँगीको उचाइ २१ दशमलव ५ इन्च भएको कुरा उल्लेख गर्नु पनि यहाँ सान्दर्भिक मानेको छु (गोरखापत्र, २०७२ भाद्र १९) ।

अब ऐतिहासिक पत्रमा उल्लेख भएका सात हात अग्ला मानिसको बारेमा चर्चा गर्ने क्रममा उनी कति फिट उचाइका थिए भन्ने कुराको निर्क्योल गर्न आवश्यक देखिन्छ । नेपाली नापतौल अनुसार २ हात बराबर १ गज हुन्छ ; एक गज बराबर ३६ इन्च हुने भएकोले एक हात बराबर १८ इन्च हुने देखिन्छ । यो पत्रमा उल्लिखित ७ हात बराबर १२६ इन्च र १२६ इन्च बराबर (१२६÷१२ = १०'.६") १० फिट ६ इन्च हुने निश्चित हुन आएको छ । यसबाट माथि उल्लेख भएको सबैभन्दा अग्लो व्यक्तिको उचाई ८ फिट ११.१ इन्च देखिएको र ऐतिहासिक पत्रमा देखिएका डोटीका यी व्यक्तिको उचाइ

*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१० फिट ६ इन्च उल्लेख भएकोले पहिलो व्यक्तिभन्दा डोटीका यी व्यक्ति १ फिट ७ इन्च जति बढी अग्लो देखिन आयो । यसबाट नेपालमा १० फिट ६ इन्च अग्ला मानिस थिए भन्ने कुरा आजभन्दा २२० वर्ष अघि नेपालमा फेला परेको कुरा आजसम्म पनि संसारमै उल्लेखनीय मान्न सकिन्छ ।

यहाँ यी १० फिट ६ इन्च अग्ला मानिस डोटीमा प्राप्त भई काठमाडौंको दरबारमा ल्याई पुऱ्याईयो वा ल्याईपुऱ्याइएन भन्ने कुरा पनि यहाँ चर्चा गर्न सान्दर्भिक मान्न सकिन्छ । वि.सं. १८५६ मा रणबहादुर शाह नेपालका राजा थिए । यिनी साँढे, गाई, बहर, घोडा, हात्ती, मुजुर, परेवा जस्ता पशुपंक्षी संग्रह गर्न खुबै रुचाउँथे । यी शौकीन राजाले यस किसिमका पशुपंक्षी देश विदेशबाट झिकाउँथे (वज्राचार्य (संपा), २०१९ : ७०) । यसै क्रममा यिनले बन्धु खवास र लक्ष्मण खवासका नाममा सवाल जारी गरी तीन हजार साँढेहरूमध्येबाट एकवटा, दुई हजार जतिबाट दुइटा बहर, एकहजार जतिबाट चारवटा गाई छानी काठमाडौं ल्याउन भारतको गुजरात पठाएको कुरा यस सन्दर्भमा उदाहरणीय मान्न सकिन्छ (श्रेष्ठ, २०७६ : २१२-२१३) । यसरी यिनले डोटीमा ७ हात अग्लो मानिस फेला परेको जानकारी पाए लगत्तै उनलाई काठमाडौं झिकाएका कुरामा विश्वस्त हुन सकिन्छ ।

आजकल जस्तो यातायातको सुविधा त्यसताका नभएकोले नेपालको सुदूर पश्चिमका डोटीबाट काठमाडौंसम्म आइपुग्न ३० बास लगाएर १७२ कोश हिँड्नु पर्ने हुँदा (अंग्रेजी किताब बमोजिमको किताब अनुसार) डोलीमा बोकी ल्याइएका सो अग्ला व्यक्ति काठमाडौंको दरबारमा स्वास्थ्य, बाटोघाटो आदिको कारणले ल्याइपुऱ्याइयो वा ल्याइपुऱ्याइएन भन्ने कुरा चाहिँ खोजीको विषय छ । यसबाट १० फिट ६ इन्च अग्ला मानिस नेपालको डोटीमा जन्मेर विश्वमा कीर्तिमान राख्न सफल भएको भने मान्न सकिन्छ ।

दोस्रो पत्रमा प्रधानमन्त्री जङ्गबहादुर कुँवरद्वारा वि.सं. १९११ मा रामेछाप जिल्लाको खुरकोट क्षेत्रको भ्रमणको सिलसिलामा केही काम गर्न अह्राइएका सेवक शिवशङ्कर उपाध्यायले तिल्पुङको गामनाम भन्ने स्थानबाट चढाएको 'अर्जी' अर्थात् विन्तिपत्र हो । यसमा सेवकले प्रधानमन्त्रीको दर्शन गर्न खुरकोटमा जाँदा "... वडिया नाचन्या तुल्याउन लायकका कमारी खोज्यास् .." भनी यो कार्यभार सुम्पिएको कुरा परेको छ । यसै क्रममा खोज्ने काम हुँदै गरेको र १६० वर्षीय बूढो सार्कीको कुरा पनि यहाँ सविस्तार प्रस्तुत गरिएको छ ।

यसबारेमा चर्चा गर्नुपूर्व प्रधानमन्त्री जङ्गबहादुर कुँवर किन त्यसतर्फको भ्रमणमा गएका थिए भन्ने कुरा यो पत्रबाट खुलेको पाइँदैन । तर राजा, प्रधानमन्त्री जस्ता उच्च पदस्थ व्यक्तिहरू राज्यका विभिन्न स्थानहरूको भ्रमण गरी त्यहाँको वस्तुस्थिति बुझी निराकरण गर्ने व्यवस्था रहेको थियो । तर यस पत्रमा भने नेपाल-भोट युद्ध सुरु हुनुपूर्व त्यसभेकको सामरिक दृष्टिले महत्त्वपूर्ण प्रदेशको सर्वेक्षण तथा निरीक्षण गर्न यिनले भ्रमण गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ । वास्तवमा यो क्षेत्र भारतबाट भोट जाने पाँच प्रसिद्ध मार्गहरूमध्ये एउटा व्यापार मार्ग पनि थियो (कर्कपेट्रिक, १९६९ : २८७) । भारतबाट तराईको धनुषा, चिसापानी, तामाकोशी करिडोर हुँदै लामाबगर, लप्ची, टिंगरी भई भोट पस्ने मार्ग व्यापारिक तथा सांग्रामिक दृष्टिले महत्त्वपूर्ण मानिन्थ्यो । यसर्थ पनि जङ्गबहादुरले यो संक्रमणकाललाई दृष्टिगत गरी आकस्मिक निरीक्षण भ्रमण गरेका थिए भनी बुझ्न सकिन्छ । यसै भ्रमण क्रममा नाच्न जान्ने लायकदार कमारी खोज्ने कामको जिम्मा जङ्गबहादुर कुँवरबाट पाएका यी शिवशङ्कर उपाध्यायले भनेजस्तो कमारी खोज्दै गरेको कुरा यहाँ उल्लेख गरेका छन् ।

राजदरबारमा कमारा कमारी, नर्तकी, गायक आदि देशविदेशबाट भित्र्याउने प्रथा भएको उदाहरण निकै पाइन्छन् । उदाहरणार्थ वि.सं. १९०४ मा यिनै जङ्गबहादुर कुँवरले सुवेदार मन्नसिंहलाई लेखेको एउटा पत्रमा "... षुप सुरत अंगरेजी माफिकका केटि २/३ मैन्हाभीत्रमा तैले ल्याउन सकिस भन्या तेरो दर्जा पनि वढाइदिउला... ल्याउन सक्तिन भन्छस भन्या असवावकासाथ लागि आउन्या काम गर..." जस्ता विवरणबाट उपरोक्त कुराको पुष्टि भएको पाइन्छ (पन्त, २०५३ : ५१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो पत्रको महत्त्वपूर्ण तथा उल्लेखनीय विषय हो गामनाम निवासी १६० वर्षीय बूढा सार्की (यहाँ नाम दिइएको छैन) भएको सुचना । यो चाखलाग्दो तथा आश्चर्यचकित कुराको बारेमा अझ स्पष्ट र विश्वसनीय पार्न सेवक शिवशङ्कर उपाध्यायले सम्बद्ध व्यक्तिलाई नै उपस्थित गराई सत्यतथ्य यो पत्रमा प्रस्तुत गर्ने प्रयाश गरेको देखिन्छ । यिनले यसमा १६० वर्ष उमेरका भनिएका बूढो सार्कीबारे यसरी बयान गरेका छन् "शरीर कुप्रो भएको, लठ्ठीको सहारामा हिंडेको, कान अस्वाभाविक ठूलठूला भएको, आँखीभूंइका रौंले दुवै आँखा छोपिएको, कपालका रौं सेताम्मे भई पुनः कालो हुन थालेको अवस्था. । यो भयो सेवकले लठ्ठीको सहारामा उपस्थित बुढो सार्की देखेपछिको शारीरिक अवस्था ।

यसबाहेक अर्को महत्त्वपूर्ण कुरा बूढो सार्कीले बताएका छन् जुन उल्लेखनीय र चाखलाग्दा छन् । यी बुढाले श्री ५ पृथ्वीनारायण शाहको स्वर्गारोहण हुँदा आशोच बार्ने क्रममा लामो जुँगा काटेको, मकवानी राजाका पालामा गोरखाका राजा पृथ्वीनारायण शाहले मकवानपुरमाथि आक्रमण गर्दा आफ्नो मालमत्ताका साथ वनमा ३ दिनसम्म लुकी जीवन रक्षा गरेको तथा मकवानपुरको राजाले हात्ती खेदामा (हात्तीको शिकार वा हात्ती पक्रने काम) झारा लाउँदा आफू ठूला भैसकेको भन्ने जस्ता ऐतिहासिक तथा चाखलाग्दा विवरणहरू उनको उमेर थाहा पाउन पनि निकै सहयोगी सिद्ध हुने देखिन्छ ।

प्रामाणिक जन्ममितिपत्र तथा शारीरिक परीक्षाको अभावमा यी माथिका विवरणहरूका भरमा मात्र यी बूढा सार्की १६० वर्षका थिए वा थिएनन् भन्ने कुरा निश्चित रूपमा भन्न गाह्रो छ । बुढेसकालमा शारीरिक दृष्टिले कमजोड भई कुप्रो पर्नु, हिँडडुल गर्न लठ्ठीको सहारा लिनु, स्वाभाविक मानिन्छ । जन्मेदेखि दाँत नफेरिएको भन्ने भनाई मान्न सकिदैन । उनले जन्मदै आएको दाँत झरी अर्को आएको दाँतले मकै, खट्टे खाएको हुन सक्छ । यसो पनि नहुँदा दाँत अडिने भाग अर्थात जगको रूपमा रहेको भागले खाएको हुनसक्छ भन्ने वरिष्ठ दन्त विशेषज्ञ डा. माणिकरत्न वज्राचार्यको भनाई रहेको छ । अझै भन्ने हो भने तेस्रो पल्ट आएको कुरकुरे दाँतले मकै र खट्टे खाएको हुन सक्छ भन्ने डा. बज्राचार्यको भनाई रहेको छ । यसबाहेक बूढो सार्कीको आँखीभुंइको रौंले आँखा छोपिइनु, कपालका काला केश एक पल्ट सेतो भई फेरि कालो हुन थाल्नुले त्यसताका यिनी निकै लामो आयुका थिए भनी अनुमान गर्न सकिन्छ ।

यसैगरी राजा पृथ्वीनारायण शाहको मृत्यु वि.सं. १८३१ माघे संक्रान्ति अर्थात् माघ १ गते हुँदा यी बुढा सार्कीले आशौच बार्ने क्रममा लामो जुङ्गा काटेको कुराले यिनी त्यसताका निकै वयष्क थिए भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ अर्थात् यिनको उमेर थाहा पाउन वि.सं. १८३१ मा (वि.सं. १९११ - १८३१ = ८०) अस्सी वर्षका हुँदा उनको त्यसताकाको अघिल्लो उमेर जोडनु पर्ने देखिन्छ । राजा प्रजाका संरक्षक तथा अन्नदाता मानिने हुँदा राजाको देहान्त हुँदा ब्राह्मण बाहेक अरु जनताले आशौच बार्ने परम्परा त्यसताका थियो । आशौच बार्ने सिलसिलामा दाह्री, जुङ्गा काट्ने, कपाल खौरने जस्ता कार्य अनिवार्य नै रहेको पाइन्छ । यो दुःखद् अवसरमा आशौच नबार्ने व्यक्ति कडा दण्डका भागी पनि बन्न सक्थ्यो । उदाहरणार्थ राजा पृथ्वीनारायण शाहका नाति युवराज प्रतापसिंह शाहका छोरा नागेन्द्र शाहको मृत्यु हुँदा जुठो अर्थात् आशौच नबार्ने हिरा द्वारेको नाक काटी सजाय दिइएको उदाहरण छ (पन्त, २०७४ : ६४) ।

यसैगरी अर्को घटना हो राजा पृथ्वीनारायण शाहले "... मकवानपुर राजाका पालामा मुलुक पोलेको..." भन्नाले गोरखाका राजाले मकवानपुर राज्यमाथि आक्रमण गरेको भन्ने बुझ्न सकिन्छ । वास्तवमा राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकालाई आर्थिक नाकाबन्दी गर्ने क्रममा वि.सं. १८१९ भाद्र महिनामा आर्थिक दृष्टिले पनि महत्त्वपूर्ण मकवानपुर राज्यमाथि आक्रमण गरी विजय प्राप्त गरेका थिए । त्यसताका मकवानपुरका राजा दिग्बन्धन सेन थिए । यो आक्रमणबाट त्रस्त यी बूढा सार्की घर छोडी आफ्ना मालमत्ताका साथ जङ्गलमा ३ दिनसम्म लुकी ज्यान जोगाएका थिए । यस घटनाबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यिनी वि.सं. १८१९ मा (१९११-१८१९ = ९२ वर्ष) आफ्नो त्यसताकाको उमेर बाहेक ९२ वर्षका थिए भनी प्रमाणित हुन आउँछ ।

यी दुई महत्त्वपूर्ण घटनाहरू बाहेक मकवानपुरका राजाले हात्ती खेदामा झारा लाउँदा सहभागी यी बूढा सार्की निकै बूढा भइसकेका थिए भन्ने देखिन्छ । त्यसताका उत्तरमध्यकालिक नेपाल उपत्यकाका मल्ल राजाहरू हात्ती खेदा वा हात्ती समात्ने कार्यका लागि तराईको मकवानपुरतर्फ जाने गर्दथे । यो कार्यमा सेन राजाहरूको साथ पनि रहने गर्दथ्यो । यी मल्ल राजाहरूमा कस्ले धेरै हात्ती समात्ने भन्ने कुरामा प्रतिस्पर्धा समेत हुने गरेको उदाहरण पाइन्छ ।

यी माथिका विवरणहरू बाहेक प्रस्तुत पत्रमा उल्लिखित केही स्थानीय व्यक्तिहरू, बूढा सार्कीका छोराहरू तथा सेवक शिवशङ्कर उपाध्याय स्वयम्का भनाईहरूलाई पनि बूढा सार्कीको उमेर बारेमा अनुमान गर्नका लागि प्रस्तुत गर्न आवश्यक देखिन्छ । सर्वप्रथम स्थानीय ८०/८५ वर्षीय केही बुढापाकाहरूको भनाइअनुसार यी बुढा सार्कीलाई देख्दाजान्दादेखि नै यस्तै थिए भन्ने रहेको छ । बुढा सार्कीका छोराहरूले पनि आफुहरू ८० वर्षका भैसकेका कुरा जानकारी गराउँदै बाबु आफैंले १६० वर्ष पुगेको कुरा सुनाउँछन् भन्ने भनाई रहेको देखियो । शिव शङ्कर उपाध्याय र स्थानीय व्यक्तिहरूले भने यी बुढा सार्कीको उमेर १४०/१४५ वर्ष जति पुगेको हुन सक्ने आफ्ना धारणा राखेका पाइन्छ ।

अब यो संसारमा मानिसको सरदर आयु कति हो र सबैभन्दा लामो समय बाँचेका व्यक्तिको उमेर कति हो भन्ने विषयमा पनि यहाँ छोटो चर्चा गर्न आवश्यक देखेको छु । मानिसको औसत आयु थाहा पाउन यहाँ विनोद पण्डितद्वारा अनुवादित 'आफ्नो आफ्नो उमेर' बाट सम्वद्ध उद्धरण पाठकसमक्ष प्रस्तुत गर्न सान्दर्भिक मानेको छु । उपरोक्त कथाअनुसार भगवानले संसार सृष्टि गरी प्राणीहरूको आयु निश्चित गर्ने क्रममा सबैलाई तीस तीस वर्ष दिने भनिदै गर्दा आफू सामुन्ने आइपुगेको गधालाई तीस वर्षको आयु दिने भनिएपछि गधाले धेरै भारी बोक्नु पर्ने हुनाले तीस वर्ष इन्कार गरेकाले अठाह्र वर्ष; त्यसैगरी कुकुरलाई धेरै दौडनु पर्ने भएकाले बाह्र वर्ष र बाँदरलाई खीर आदि खान अप्ठ्यारो हुने हुँदा दश वर्षको आयु दिइयो ।

अब मानिसको पालो आयो । मानिसको आयु निश्चित गर्ने कुरा सम्बद्ध र रोचक कथा भएकोले प्रकाशित कथाको सान्दर्भिक अंश पाठक समक्ष जस्ताका तस्तै यहाँ प्रस्तुत गरेको छु :

... अन्तमा मानिसको पालो आयो । उ स्वस्थ, ताजा र खुशी थियो । परमात्माले उसँग भने– "तिमी तीस वर्ष बाँच्छौ ? तिमीलाई मन पर्छ ?" मानिसले भन्यो– "कस्तो छोटो समय ! जसैतसै म आफ्नो घर बनाउँला, चुलो सल्काउँला, रुख लगाउँला त्यसमा फलफूल लाग्लान्, यत्तिकैमा त मेरो मृत्यु आइपुग्ने छ । हे भगवान, मेरो उमेर बढाई दिनोस् ।"

परमात्माले भने– "म तिमीलाई गधाको अठाह्र वर्ष दिन्छु !"

"तर यो पर्याप्त छैन ।"

"त्यसो भए म तिमीलाई कुकुरको बाह्र वर्ष अरू दिन्छु ।"

"यो पनि कम छ ।"

"लौ त त्यसो भए तिमीलाई बाँदरको दश वर्ष अरू थपी दिन्छु । बस, यसभन्दा बढता केही पनि पाइँदैन ।"

मानिस जान त गयो, तर उसलाई सन्तोष भएन । यसैले मानिस सत्तरी वर्ष बाँच्दछ । उसको पहिलो तीस वर्ष मानवी वर्ष हो । यो छिट्टै गुज्रेर जान्छ । यस अवधिमा उ स्वस्थ रहन्छ, खुशी रहन्छ, मन लगाएर काम गर्छ र आफ्नो जीवनबाट प्रशन्न रहन्छ । त्यसपछि गधाको अठाह्र वर्ष आउँछ अनि उसको तमाम जिम्मेदारीहरूको बोझ आइपर्छ । उसले नुन-तेल दाउराको चिन्ता गर्नु पर्छ जसबाट अरूहरूको पोषण होस् । यस सेवाको सट्टामा उसले लात र गालीहरू पाउँछ । त्यसपछि कुकुरको बाह्र वर्ष आउँछ । अनि उ एउटा कुनामा बसेर कर-कर गर्न थाल्छ । खानलाई उसँग दाँत हुँदैन र जब यो समय बितेर जान्छ, बाँदरको दश वर्ष आएर उसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्त ल्याउँछ । उसको दिमाग कमजोर भएर जान्छ । उ वेवकूफीको काम गर्न थाल्छ र केटाकेटीहरूको हाँसोको विषय बन्न पुग्छ ।

यो बोध कथाअनुसार मानिसको आयु भगवान्द्वारा ७० वर्ष निश्चित भएको देखिन्छ । आजकल भने नेपालीको आयु सरदर ७० वर्ष मानिएको छ (वेभसाइट) ।

यसैगरी संसारमा मानिस कत्ति धेरै वर्षसम्म बाँचेका उदाहरण पाउन सकिन्छ भन्नेतर्फ पनि यहाँ अलिकता चर्चा गर्नु सान्दर्भिक देखिन्छ । संसारमा सबैभन्दा बढी वर्ष बाँचेका मानिस खोज्ने क्रममा फ्रान्सका जिने क्याल्मेन्ट (ई. १८७५ - १९९७) जम्मा १२२ वर्ष १६४ दिनसम्म जीवित रहेका थिए भने "थोरै खाउ, धेरै वर्ष बाँच" लाई नारा बनाएर जापानकी जिरोमोन किमुरा ११६ वर्ष सम्म बाँचेकी थिइन् (कान्तिपुर, २०७० : जेठ ३०: ४) । यसरी संसारका केही देशहरूका छोटो विवरण बाहेक नेपालमा लामो आयु बाँच्ने मानिसहरूको संक्षिप्त चर्चा गर्नु पनि आवश्यक देखिन्छ । यसै सन्दर्भमा नेपालको प्रदेश नं. ३ को नुवाकोटकी बाटुली लामिछाने ११५ वर्षसम्म बाँचेकी देखिएको छ (गोरखापत्र, २०७२ : श्रावण ९) भने यिनीभन्दा पाँच वर्ष बढी अर्थात् १२० वर्ष बाँचेर भेरी मालिका नगरपालिका - ६ की भीमा ओली नेपालमा बढी वर्ष बाँचेकी महिला देखिएको छ (गोरखापत्र, २०७३ : कार्तिक ५) । वास्तवमा नेपालमा एक सय वर्ष नाघेका निकै व्यक्तिहरू अद्यापि जीवित रहेका देखिन्छन् ।

सारांशमा नेपालको इतिहासमा डोटीमा जन्मिएका ७ हात अर्थात् १० फिट ६ इन्च अग्ला मानिस विश्वका आजसम्मकै सबैभन्दा अग्ला मानिस भएको मान्न सकिन्छ । यसैगरी १६० वर्षका बुढा सार्की नेपालका मात्र नभएर विश्वकै सवभन्दा धेरै वर्ष जीवित भएको मान्न उपयुक्त देखिन्छ । यी बाहेक वि.सं. १९९६ मा प्रधानमन्त्री जुद्ध शमशेरसमक्ष आफू र आफ्ना चार शिष्यहरूका निमित्त हण्डी (साधु, गरिब गुरुवा आदिलाई दिइने अन्न, वस्त्र, सिधा आदिको दान)को माग गरी निवेदन चढाउने १५० वर्षीय कोचिला बाबा पनि धेरै लामो आयु भएका व्यक्ति मान्न उपयुक्त भएको बुझ्न सकिन्छ (परिशिष्ट -३) ।

सन्दर्भग्रन्थ

- कर्कपेट्रिक, कर्णेल, ई. १९६९. यान एकाउन्ट अफ् द किङ्डम अफ नेपाल, पुनर्मुद्रण, न्यू दिल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस ।
- "अनौठा मानिस" कोपिला, कान्तिपुर साप्ताहिक बाल कोसेली आइतबार, भदौ २२, वि.सं. २०७६, पृष्ठ १-२ ।
- घले, पृथ्वीमान (संकलक), "विश्वको सबैभन्दा अग्लो मान्छे", युवामञ्च २०४९ असोज ।
- नेपाली बृहत् शब्दकोश, २०४०. काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
- पन्त, दिनेशराज २०५३. "जङ्गबहादुरले राम्री केटी खोजी ल्याउन सुवेदार मन्नसिंहलाई लेखेको अप्रकाशित पत्र" पूर्णिमा, पूर्णाङ्क - ८९ ।
- पन्त, महेशराज २०७४. "पृथ्वीनारायण शाह नायक कि प्रतिनायक", नागरिक दैनिक पत्रिका ।
- वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ २०३७. शाहकालका अभिलेख, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
- वज्राचार्य, धनवज्र (सम्पा.) २०१९. पण्डित सुन्दरानन्द विरचित त्रिरत्न-सौन्दर्य-गाथा, काठमाडौं : नेपाल सांस्कृतिक परिषद् ।
- श्रेष्ठ, टेकबहादुर २०७६. "फर्पिङको ऐतिहासिक रूपरेखा", काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान (प्रकाशोन्मूख) ।

समाचारपत्र

- "विश्वकै वृद्धा जुम्ल्याहा", कान्तिपुर २०६७ कात्तिक १८ गते बिहीबार, पृ १ ।
- "विश्वकी अग्ली महिलाको निधन", गोरखापत्र, २०६९ मङ्सिर २१ गते मङ्गलबार, पृ. ११ ।
- "संसारका सबैभन्दा वृद्ध किमुराको निधन", कान्तिपुर. बिहीबार ३० जेठ २०७०, पृ. १४ ।
- "११० वर्षीयालाई सम्मान", गोरखापत्र, २०७० माघ ५ गते ।
- "२१ वर्षिया ३ फुट ७ इन्च", कान्तिपुर, २०७१ मंसिर ९ मंगलबार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

- "अग्ला मानिसको इतिहास" पत्याउनुस्/ नपत्याउनुस्, गोरखापत्र, २०७१ साल चैत्र ७ गते, पृ. 'ग' ।
- "विश्वकै होचा डाँगीको निधन", गोरखापत्र, २०७२ भाद्र १९ शनिबार ।
- "बाटुली विश्वकै ज्येष्ठ महिला" गोरखापत्र २०७२ साल साउन ९ गते शनिबार, पृ. ७ ।
- "११२ वर्षीया नेपाली हजुरआमा", गोरखापत्र, २०७२ साल माघ २१ गते विहीवार, पृ. २ ।
- "१२० वर्षीया वृद्धा ओलीको पीडा: मलाई काल आएन", गोरखापत्र, शुक्रबार ५ कात्तिक २०७३, पृ. ६ ।
- "किन लुकाउँछन् जन्म मिति" कोसेली शनिबार, १६ कात्तिक २०७६, पृ. 'छ' ।
- "छोराछोरीले तोक्छन् बाबु आमाको उमेर", कान्तिपुर, शुक्रबार ८ कात्तिक २०७६, पृ. ४ ।
- "९७ वर्षसम्म सिटामोल पनि खानु परेको छैन", गोरखापत्र २०७६ साल कात्तिक २० गते शुक्रबार, पृ. १५ ।

परिशिष्ट - १

श्री दुर्गासहाय

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का–

आगे सुवा लोकनाथ पांडेप्रति ताहा डोटीमाहा सात हातको मानीस छ गरे तसलाई भनी बुझाइ षानालाउनाको संभार राषी जमादार येक पछीस्मेत साथलाइ डोलमि वोकाइ सह्यारसीत चाडो पठाइ देउ इति. १८५६ साल मीती माघ सुदी १५ रोज १ शुभ्म –

परिशिष्ट - २

श्री

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण साहा अर्जी

उप्रान्त गरीप्रवर येसतर्फ सवारी हुदा खुरकोटमा हजुरको दर्सन गर्न म जादा वडीया नाचन्या तुल्याउन लायेकका कमारी खोज्यास भनी मर्जि भयाको हो खोज्दैछु गरीप्रवर ताहा चह्राइ पठाउना लायकको मिल्याको छैन मिल्यापछि चढाइ पठाउला तील्पुमध्ये गामनाम भंन्या जगामा भला मानिसहरूले १६० वर्खको बुढो सार्की छ भंन्या कुरा गऱ्या र मैले लिन पठाञा कुप्रो भयाको रहेछ लठ्ठी टेकी हिडीकन आयो र सोध्दा जन्म्यापछि आयाको दात फेऱ्याको रहेनछन् मकै खट्टे खान सक्दो रहेछ कान पनि ठूला रह्या छ आखी भुइका रउले आखा छोपीयाका छन कपालका रौं सेतामे फेरि काला हुन लाग्या छं येस्तो देख्दा आस्वर्य लाग्यो पुरानु कुरा सोध्दा —[१]— स्वर्गीय हुदा जुँगा लामा जिञा खौऱ्याथ्या मकमानी राजाका पाला श्री ५ ले यो मुलुक पोल्दा आफु मालमत्ता ली वनमा गै ३ दिन लुक्याथ्या मकमानी राजाले हात्ती खेदाका झारा लाउदा म ठूला थिञा भंछ ञाहाका ८०/८५ वर्खका वुढा ५/७ जनालाई सोध्दा हामीले जान्दा यस्तै थियो छोरो पनि ८० वर्खको भया भन्दछं वावुले मुखले भन्या १६० वर्खको भञा भंन्छ हाम्रा अंदेजाले १४०/१४५ वर्खको ता भयो हो की भन्या जस्तो लाग्छ येस्ता ताहको मानीस रहेछ विन्ति चढाइ पठाउदा तलमाथि पऱ्याको कुरामा खामीदवाट नीगाहा राखीवक्स्या जावोस्=

इत सेवक भिछुक शीव शंकर उपाध्याको चतुर्वेदीक सुभार्सीवाद स्वस्ती

इती सम्वत १९११ साल मीती वैशाख वदी ४ रोज २ मुकाम तीलपुंमध्ये गामनाम सुभं=

परिशष्टि - ३

An application of Kochila Baba of 150 years old to Sri 3 Juddha Shamsher for the livelihood of him with his four desciples but only one handi was accepted in V.S. 1996.

(यो सूचीपत्र ई २००० मा निदरल्याण्डस्का विद्वान् भान् डेन् हुक् बेट्ले काठमाडौं उपत्यकाको प्रसिद्ध 'इन्द्रजात्रा' विषयमा अनुसन्धान गर्नका लागि सामग्री सङ्कलन गर्ने क्रममा डा.बालगोपाल श्रेष्ठद्वारा मलाई प्राप्त भएको हो । यस अनुसारको ऐतिहासिक पत्र हाल प्राप्त नभएकोले खोजी गरी पछि प्रकाशित गरिने छ ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इनार र जलद्रोणीका अभिलेख

- **पुरुषोत्तमलोचन श्रेष्ठ***

अभिलेख इतिहासको अकाट्य प्रमाण हो । अभिलेखका अनेक प्रकारमध्येको एउटा नमुना प्रस्तर-अभिलेख पनि हो । कुनै महत्त्वपूर्ण कार्यको स्मरण स-प्रमाणसहित पछिसम्म पनि भइरहोस् भन्नाका लागि अभिलेख कुँदाएर राख्ने चलन प्राचीनकालदेखि चलिआएको विदित हुन्छ । नेपाली वास्तुकलालाई सामान्यतः बौद्ध वास्तुकला (चैत्य / स्तूप / छ्यरतेन, विहार / गुम्बा), हिन्दु वास्तुकला (मठ, मन्दिर) र त्यसैगरी लौकिक वास्तुकला गरी तीन भागमा विभक्त गर्न सकिन्छ । सत्तल, पाटीपौवा, परम्परित घर दरबार, मण्डप / डबली, कुवा, ढुङ्गेधारा लगायत इनार र जलद्रोणी[१] लौकिक वास्तुकलाका नमुना हुन् ।

इनार र जलद्रोणी पनि नेपाली धार्मिक सांस्कृतिक जीवनका अभिन्न अङ्ग जस्तै भएर अपरिहार्य रूपमा प्रयोग हुँदै आएको जानिन्छ । सबैको हीत होस् भनेर गरिने सत्कर्म धर्म हो । धर्मले जितेको वैभवपूर्ण नेपाली धार्मिक-सांस्कृतिक संसारमा असल मन भएका हाम्रा पितापुर्खाहरूमा लोकहितका लागि नित्य प्रयोग हुने अनेक कृतिहरू राख्ने, राखेर गएका कृतिहरूलाई समय-समयमा हेरचाह गर्ने वा संरक्षण एवं संवर्द्धन गर्दै लाने प्रतिस्पर्धात्मक प्रवाह नै चलिरहेको प्रतीत हुन्छ । यत्रतत्र देखा पर्ने लौकिक वास्तुकलाका नमुनाहरू लगायत इनार र जलद्रोणी पनि उदाहरण स्वरूप छन् ।

नेपालमण्डल (काठमाण्डौं उपत्यका) मा प्राचीनकालदेखिका इनार र जलद्रोणी छन् । यस लेखको अभीष्ट भने भक्तपुर शहरका केही तल प्रस्तुत अभिलेखयुक्त इनार र जलद्रोणी हुन् ।[२]

१ टुटे भएको ढुङ्गे जलपात्र - टुटेधारा । काठमाण्डौ टेबहालको लिच्छविकालीन जलद्रोणीमा उत्कीर्ण अभिलेखमा 'जलद्रवणि' उल्लेख छ ।[क] नक्साल भगवतीबहालको नरेन्द्रदेवको पालाको अभिलेखयुक्त लिच्छविकालीन जलद्रोणीमा 'पाषाणद्रोण' उत्कीर्ण छ ।[ख] काठमाण्डौ जैशीदेवलको संवत् १५१ (वि.सं.७८४) को अभिलेख कुँदिएको जलद्रोणीमा सो जलद्रोणीलाई 'जलद्रोणी' भनिएको छ ।[ग] पाटन सुवहालको जलद्रोणीलाई त्यसमा कुँदिएको संवत् १८७ (वि.सं.८२०) को अभिलेखमा 'जरे' भनिएको छ ।[घ] यसले नेपालभाषाको ' जन्हु' को पूर्व रूपलाई संझाएको छ । यताबाट लिच्छविकालीन नेवार लोकजीवनमा जलद्रोणीको नेवारी नाम प्रचलनमा आइसकेको कुरा जानिन्छ । भक्तपुर सुकुध्वाखा (सुकुलढोका) को उत्तरलिच्छविकालीन जलद्रोणीको खण्डित अंशमा कुँदिएको संवत् २०० (वि.सं.८३३) को अभिलेखमा सो जलद्रोणीलाई 'शैलद्रोणी' भनिएको छ ।[ङ] त्यसैगरी मध्यकालीन लोकजीवनमा 'जलधुनि' पनि प्रचलनमा रहेको बोध हुन्छ र, समयको प्रवाहसँगै परवर्ती कालहरूमा 'जःधुं'/जन्हुं/जन्हु प्रचलित हुनपुगेको ज्ञात हुन्छ ।

क. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र,२०५३, पृष्ठ ४५४ ।

ख. उही, पृष्ठ ४७९ ।

ग. उही, पृष्ठ ५४७ ।

घ. उही, पृष्ठ ५९३ ।

ङ. पुरुषोत्तमलोचन श्रेष्ठ, 'सुकुलढोकाको उत्तरलिच्छविकालीन अभिलेख', **पासुका**, चैत्र १, २०५६, अतिरिक्ताङ्क पत्र ।

२ स्थलगत अन्वेषणका क्रममा अभिलेखको नापो एवं चित्र लिने काममा मलाई सहयोग गर्ने संस्कृति विषयका मेरा विद्यार्थी राजेश गाँइजुलाई धन्यवाद दिन चाहन्छु ।

*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खौमाटोलको जलद्रोणीको अभिलेख[३] (चित्र संख्या १)



चित्र संख्या १ : खौमाटोलस्थित जलद्रोणीको ने.सं.२९५ (वि.सं. १२३२०)को अभिलेख, ३१X९ से.मि, लिपि : प्राचीन नेपाल, भाषा : संस्कृत ।

भक्तपुर राजदरबारसँगै पश्चिमपट्टि खौमाटोल छ । सो टोलमा इन्द्रायणी देवगृह छ । सो देवगृहको उत्तरमा राजोपाध्याय ब्राम्हणहरूको निवासस्थान छ । वि.सं.२०७२ साल वैशाख १२ गतेको महाभूकम्पले भक्तपुरमा पनि धनजनको अपार क्षति भएको थियो । त्यसपछि भूकम्पले क्षतविक्षत भएका विश्वश्रेणीका सम्पदाहरू लगायत सर्वसाधारणका उस्तै क्षतविक्षत घरहरू जीर्णोद्धार, पुनःनिर्माण हुने क्रम आजसम्म पनि चलिरहेकै छ । तीमध्येको एउटा राजोपाध्यायहरूको उक्त पुनःनिर्माणाधीन घर पनि हो । केही समय अघिको कुरा हो । म त्यही घर मुनिको बाटो हुँदै कामविशेषले जादैं थिएँ । त्यसबेला सोही घर सामुन्ने घर-निर्माण सामग्रीहरूको राससँगै मिल्किएर रहेको अवस्थाको एउटा जलद्रोणीमा मेरो ध्यान गयो । (चित्र संख्या २) म इतिहास, संस्कृतिमा अभिरुचि राख्ने विद्यार्थी भएकोले सो जलद्रोणीमा अभिलेख कुँदिएको छ कि भनी यसको चारैतिर हेरेँ । नभन्दै सो जलद्रोणीमा पाँच पंक्तिको अभिलेख कुँदिएको देखें । विस्मयपूर्वक त्यसमा लागेको धुलोमाटो हटाएर अभिलेख पढैं, आजभन्दा ८४५ वर्ष अघिको अमृतदेवको पालाको रहेछ । ऐतिहासिक सामग्री निकै कम मात्र पाइएको पूर्वमध्यकालको एक महत्त्वपूर्ण प्राप्ति यो अभिलेख पनि थियो । यति दुर्लभ र महत्त्वपूर्ण अभिलेख पहिलोपल्ट देख्नपाएकोमा मलाई आश्चर्य र खुशी लाग्यो र साथै नियतिको मारले पुऱ्याएको यसको दु:रावस्था देखेर दु:खी पनि तुल्यायो । हिजो पवित्र जलले भरीभराउ भइरहने सो जलद्रोणी आज रित्तो छ । र, त्यो रित्तो जलद्रोणीमा आजका स्वच्छ र सफा मन पराउने सभ्य मान्छेहरूले मिल्काएका डिस्पोजेबल ग्लास र अन्य फोहर वस्तु थुप्रिएका थिए । (चित्र संख्या ३) म एकछिन भावनामा बहँदै मनमनै सोच्न थालेँ 'हिजो हाम्रा मातापिता पुर्खाले लोकवासीको तिर्खा मेटाउन र पवित्र जल लिनका लागि र बितेका आफन्तको मोक्षप्राप्तिका लागि वा भनौं सबैको हीत होस् भनी यस्ता जलद्रोणी राख्न मरिहत्ते गर्थे । आज हामीले त्यही जलद्रोणीलाई फोहर राख्ने 'कन्टेनर' बनायौं । परिवर्तन, सोच र व्यवहार समयको उर्दी र नियतिको खेल रहेछ ।' जे होस् ७ सो जलद्रोणीको फोटो र अभिलेख-उतार लिनका लागि उत्तिखेरै घर गएर क्यामेरा, फुट र अलिकता पीठो लिएर आएँ । साथै मैले त्यस काममा सहयोग लिनका लागि संस्कृति विषयका मेरा विद्यार्थी राजेश गाँइजुलाई पनि बोलाए । उनी पनि तत्क्षण आइपुगे । अनि सो जलद्रोणी सफा गरी अभिलेख कुँदिएको भागमा पीठो दलेँ । (चित्र संख्या ४) यसले गर्दा सो अभिलेखका अक्षरहरू सफा र स्पष्ट भएर आयो । हामीले अभिलेखको नापो लियौ, फोटो पनि लियौं । त्यसपछि घर फर्केर यस बारेमा थप अध्ययन गरेँ ।

खौमाटोलको जलद्रोणीको अभिलेख आजभन्दा ६४ वर्ष अघि योगि नरहरिनाथद्वारा **इतिहास प्रकाश,** अङ्क २, भाग ३, पृष्ठ ५४२ मा पहिलोपल्ट प्रकाशित भएको छ । भोलानाथ पौडेलद्वारा **पूर्णिमा** वर्ष १, अङ्क ३, वि.सं. २०२१, पृष्ठ २८ मा यसको अनुवादसहितको पाठ प्रकाशित छ । डि.आर. रेग्मीले **मेडियाभल नेपाल**, तेस्रो भाग, ई.सं.१९६६, पृष्ठ ९ मा यसलाई छपाएका छन् । उनले **मेडियाभल नेपाल** पहिलो भाग, पृष्ठ १८४ मा सो जलद्रोणीलाई मृगस्थलीको जलद्रोणी भक्तपुर खौमाटोलको एउटा निजी बगैँचामा रहेको भनी उल्लेख गरेका छन् । हरिराम जोशीले **प्राचीन नेपाल** को संख्या ५३-५६, वि.सं.२०३६, पृष्ठ २२ मा संक्षिप्त

---

३ चित्रसहितको यस अभिलेखका कुरा २०७७, जेठ ६, मंगलवारको **नयाँ पत्रिका**को 'भन नयाँ' अङ्कमा छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विवरणसहित यो अभिलेख छपाएका छन् । उनले पनि यसको प्राप्तिस्थानबारेमा 'भक्तपुर खौमाटोलस्थित जलद्रोणीको अभिलेख' भनी खुलाएका छन् । त्यसैगरी धनवज्र वज्राचार्यद्वारा **गोपालराजवंशावलीको ऐतिहासिक विवेचना** (२०६४, पृष्ठ ५७) र **पूर्वमध्यकालका अभिलेख** (२०६८, ३१ संख्या, पृष्ठ ११२-१३) मा पनि यो अभिलेख व्याख्यासहित छापिएको छ । केही समयअघि योगेशराजले सो जलद्रोणीमा कुँदिएको अभिलेखको चित्रसहितको लेख प्रकाशमा ल्याएका छन् (**पासुका**, ६७/०७५, पृष्ठ २६-३५) ।

चित्र संख्या २ : खौमाटोलको निर्माणाधीन घर सामुन्ने घर-निर्माण सामग्रीको रासमा मिल्किएर रहेको जलद्रोणी ।

चित्र संख्या ३ : हिजोको जलद्रोणी, आजको कन्टेनर ! यो एउटा नमुना हो जसले नेपालमण्डलमा व्यवस्थित, वैभवपूर्ण जल-संस्कृतिको अवसान भइसकेको दुःखद्-आभास गराएको छ ।



चित्र संख्या ४ : जलद्रोणीको अभिलेखको उतार लिने क्रममा लेखक ।

कुनै पनि ऐतिहासिक एवं पुरातात्त्विक स्थल एवं त्यहाँ रहेका वस्तुको स्थलगत अन्वेषणले विशेष महत्त्व राख्छ । त्यसो नभएमा त्यस्ता वस्तुबारेको विवरण तथ्यपरक नहुन पनि सक्छ । यस कुराको एउटा उदाहरण खौमाटोलको यो जलद्रोणी र त्यसमा कुँदिएको अभिलेख पनि हो भनी मान्न सकिन्छ । नेपालको पूर्वमध्यकालको इतिहासमा केही महत्त्वपूर्ण कुरा प्रकाश पार्ने यस अभिलेखलाई प्रायः सबैजसो स्वदेशी विदेशी इतिहासकारहरूले त्यस कालको बारेमा कलम चलाउँदा छुटाएका छैनन् । तापनि यो अभिलेख प्रकाशमा आएपछि भने प्रायः सबै इतिहासकारहरूले वस्तुप्राप्त स्थानमै गएर वा भनौं स्थलगत अध्ययन अवलोकनलाई आधार बनाएर लेखेको देखिँदैन । यसो हुँदा यसको विवरण दिने क्रममा अनर्थ हुनपुगेको देखिन्छ । जस्तै, मेरा श्रद्धेय गुरु प्रसिद्ध इतिहासकार धनवज्र वज्राचार्यले **पूर्वमध्यकालका अभिलेख** (२०६८, ३१ संख्या, पृष्ठ ११२-१३)मा योगीको उद्धरण दिँदै, पौडेलको पाठ र अनुवादलाई लिएर व्याख्या गर्दा अभिलेख कुँदिएको शिलापत्र छुट्टै र सो अभिलेखमा उल्लिखित जलद्रोणी छुट्टै भन्ने भ्रम उनलाई परेको देखिन्छ । यसो हुँदा उनले यसबारेमा यसरी गल्ती कुरा लेख्न पुगेका छन् :

'भक्तपुर खौमाटोलमा यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । यसमा ने.सं.२९५ छ । ...यो अभिलेख कुँदिएको शिला हाल भक्तपुरमा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अभिलेखमा उल्लिखित जलद्रोणी भने कहाँ छ, पत्ता लाग्न सकेको छैन । यसकारण जलद्रोणी बनाएर कहाँ राखिएको थियो, अलि अस्पष्ट रहेको छ । शिलालेखको बेहोरा हेर्दा जलद्रोणी पशुपति मृगस्थलीमा राखिएको थियो भन्ने देखिन्छ । शायद मृगस्थलीमा रहेको अभिलेख दाताका वंशजहरूले पछि भक्तपुरमा लगेका हुन् कि भन्ने अनुमान हुन्छ ।'

ज्ञानमणि नेपाल पनि यस बारेमा अलमलिन पुगेका छन् । उनले पनि योगी र पौडेलका प्रकाशित सामग्रीलाई उपयोग गर्दै (**नेपालको माध्यमिक कालको इतिहास**, २०६२, पृष्ठ ११०) यसरी व्याख्या गर्न पुगेका छन् : 'अमृतदेव राजा भएको साल ने.सं. २९५ (वि.सं. १२३२) वैशाखमा विजयकर्त्री भारोले स्वर्गे भएका आफ्ना छोरा जयद्रव्यजीवको उद्धारका लागि पशुपति मृगस्थलीमा जलद्रोणी दान दिएकी थिइन् ।'

भक्तपुर खौमाटोलको उक्त घरका राजोपाध्यायहरूका अनुसार सो जलद्रोणी पूर्वकालदेखि नै घरभित्रको गाईगोठ / बगैंचामा थियो । सो जलद्रोणीमा निम्न अभिलेख कुँदिएको छ :

१. ॐ सम्वत २९५ वैशाखशुक्लतृतीयायां । राजाधि-
२. राजश्रीअमृतदेवस्य विजयराज्ये । श्रीपती मृगस्थल्यां
३. विजैकव्रिभारी । दिवंगतपुत्र जैद्रव्यजीवस्य उदेसेन ज-
४. लद्रोणि दान कृता । तस्य स्वर्गत्व व्रम्हत्त्व । विष्णुत्व । रुद्रत्व
५. संप्राप्तये । तेन दानपुंनेन मात्रा सुखी भवतु । शुभमिति ॥

(ने.सं.२९५/वि.सं.१२३२ वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज श्रीअमृतदेवको विजयराज्यमा श्रीपति मृगस्थलीका विजैकव्रि भारीले आफ्ना दिवंगत पुत्र जैद्रव्यजीवको स्वर्गत्व, ब्रम्हत्त्व, विष्णुत्व, रुद्रत्व प्राप्ति होस् भन्ने उद्देश्यले यो जलद्रोणी दान गरिन् । त्यस दानपुण्यले आमालाई सुख होस् । कल्याण होस्)

पूर्वमध्यकालमा भक्तपुर तीन शताब्दीभन्दा केही बढी समयसम्म (वि.सं. तेह्रौं-सोह्रौं शताब्दी) नेपालमण्डलको राजधानीनगरको रूपमा रहेको थियो । यसो हुँदा यो नगर राजनैतिक, प्रशासनिक दृष्टिले मात्र नभएर धार्मिक-सांस्कृतिक ढुकढुकीकै रूपमा समेत देखापरेको थियो । तत्कालीन समयमा राजधानीनगरका दुई प्रसिद्ध दरबारहरू 'त्रिपुर' र 'युथुनिम' नामले प्रसिद्ध थिए । आजको भक्तपुर दरबार त्यसबेला 'युथुनिम' कहलिएको थियो । युथुनिमंको पश्चिममा 'खनिम'टोल थियो जुन आजको खौमा टोल हो । यस टोलको इन्द्रायणी देवगृह, उमाशंकरको मन्दिर लगायत यसै जलद्रोणी रहेको राजोपाध्यायहरूको निवासस्थानदेखि केही मात्र दूरीमा दक्षिणमा 'क्वाथछें' नामको टोल छ । अनेक महत्त्वपूर्ण घटनाहरूको वर्णनका क्रममा यसको चर्चा गोपालराजवंशावलीमा समेत आएको छ । बूढापाकाहरूका अनुसार यहाँ पहिले बृहत् रूपको किल्ला थियो । राजदरबार आसपासमा उच्च पदस्थ भारादार वर्ग लगायत राजगुरु एवं राजपुरोहितका रूपमा राजोपाध्याय ब्राम्हणहरूको पनि निवासस्थान रहेको हुन्थ्यो । भक्तपुर राजदरबारको दक्षिणमा राजोपाध्याय ब्राम्हणहरूको परम्परित बस्ती छ । भक्तपुर राजदरबारकै पश्चिमपट्टि रहेको खौमाटोलको राजोपाध्यायहरूको निवासस्थान पनि उदाहरणस्वरूप छ । यताबाट खौमाटोल र यसको आसपासका क्षेत्र पूर्वमध्यकालमा अनेक दृष्टिले महत्त्व पाएको विशेष क्षेत्र थियो भन्ने कुरा दृष्टिगोचर हुन्छ । अमृतदेव (वि.सं. १२३२-३५) को पालाको जलद्रोणी यहाँ रहनुले पनि र, त्यस प्रमाणकै आधारमा पनि राजोपाध्याय ब्राम्हणहरूको बसोबास यहाँ त्यस भन्दा अघिदेखि नै रहिआएको थियो भन्ने कुराको प्रकारान्तर पुष्टि मिल्छ । यसरी माथिका कुराहरूलाई आधार बनाएर विचार गर्दा श्रीपती मृगस्थलीका विजैकव्रिभारी (भारादार्नी/ नेवार क्षत्रिनी) ले आफ्ना दिवंगत पुत्र जैद्रव्यजीवको मुक्तिका लागि राजधानी शहर भक्तपुरका आफ्ना गुरु पुरोहित राजोपाध्याय ब्राम्हणलाई सो जलद्रोणी दान गरेकी थिइन् भन्ने कुराको आभास हुन्छ ।

भक्तपुरमा 'त्रिपुर' राजदरबारसहितको किल्ला रूपको राजधानीशहर बसाल्ने राजा आनन्ददेव (वि.सं. १२०४-२४) थिए । उनीपछि अनेक चोकसहित त्रिपुर दरबारको विस्तार गर्ने उनका भाइ रूद्रदेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(वि. सं. १२२४-१२३२) र उनीपछि कान्छा भाइ अमृतदेव (वि.सं. १२३२-३५) ले ने.सं.२९५ (वि.सं.१२३२) देखि राज्य गरे। यस कुरालाई पुष्टि गर्ने एउटा ऐतिहासिक सामग्री यस जलद्रोणीको अभिलेख हो। आनन्ददेवपछि उनका छोरा नभएर उनका भाइ रूद्रदेव र त्यसैगरी रूद्रदेवपछि उनका छोरा नभएर कान्छा भाइ अमृतदेवले राज्य गरको देखिन आएको छ। नेपालको इतिहासमा राज्यासनको पालो बाबुपछि जेठो छोरोमा नभएर दाजुपछि भाइमा गएको पहिलो दुर्लभ उदाहरण यसले प्रस्तुत गरेको छ। यिनको शासनकाल (३ वर्ष ११ महिना) छोटो र केही दुःखद् रह्यो। यिनको पालामा देशबासीले महामारी र दुर्भिक्षाको सामना गर्नुपरेको थियो।

'श्रीपति' ले लक्ष्मीका पति 'विष्णु'लाई पनि बुझाउँछ। यसै अभिलेखमा आएको श्रीपति'लाई आधार मानेर जोशीले (मध्यकालीन अभिलेख, पूर्वोक्त, पृष्ठ २२) 'विष्णुलाई मात्र नभएर महादेवलाई पनि बुझाउने यथार्थतालाई स्पष्टयाएको छ' भनेका छन्। यसले हामीलाई श्रीपति जस्तै 'मंपति' को पनि स्मरण हुन्छ। भक्तपुर तम्हारीटोलको प्रसिद्ध भैरवनाथमन्दिरको पूर्वपट्टि (क्वाछेंटोलको दायाँपट्टि) 'मंपति' भन्ने स्थान छ। यहाँ चोकको माझमा खाल्डोमा स्थापित महादेव 'मंपतेश्वर' भनी प्रसिद्ध छन्। यिनकै नामले सो स्थानको नाम ' मंपति' कहलिन पुगेको ज्ञात हुन्छ। त्यसैगरी भक्तपुर तचपालटोलस्थित दत्तात्रेयमन्दिरको पूर्वमा ताजामठको अगाडिको स्थान पनि 'मंपति' भनी प्रसिद्ध छ। त्यहाँ पनि महादेव छन्। धार्मिक समन्वय र सांस्कृतिक एकता नेपाली संस्कृतिको मूल वैशिष्ट्य हो। हरिहर सम्प्रदाय पनि यस कुराको एउटा उदाहरण हो। शिव र विष्णुमा भेद छैन, एकै हुन् भन्ने मूल भाव यसको विशेषता हो। मलाई लाग्छ श्रीपति पनि त्यही भावको एक सुन्दर उपज हो। जे होस् श्रीपति मृगस्थली' ले पशुपतिक्षेत्रको त्यस नामको एक खास स्थानविशेषको स्मरण हुन्छ। खौमाटोलमा आएर जलद्रोणी दान गर्ने विजैकव्री त्यही क्षेत्रकी थिइन् भन्ने कुरा थाहा हुन्छ।

मध्यकालीन नेपालमण्डलमा उच्चपदस्थ राजकर्मचारी लगायत नेवार क्षत्रि (स्यस्यः/श्रेष्ठ) लाई सम्मानपूर्वक कहने शब्द 'भारो' एवं 'भारादार'को छोटो रूप 'भारो' हो भन्ने देखिन्छ। यताबाट विजैकव्रीको पछि लागेको 'भारी' ले तिनी पनि भारादार्नी वा भनौं नेवार क्षत्रिनी थिइन् भन्ने कुरा जानिन्छ।

दत्तात्रेयमन्दिरसामुन्नेको जलद्रोणीको अभिलेख (चित्र संख्या ५)

चित्र संख्या ५: दत्तात्रेयमन्दिरसामुन्नेको ने.सं. ७४६ (?) (वि.सं.१६८३) जलद्रोणीको अभिलेख। लिपि: नेपाल, भाषा : नेपालभाषा।

भक्तपुर तचपालटोलस्थित दत्तात्रेयमन्दिरको सामुन्नेमा दक्षिणपट्टि, एउटा जलद्रोणी छ। सो जलद्रोणीको पानी आउने टुटेको शिर्षभागमा एक पंक्तिको अभिलेख कुँदिएको छ। समयको मारले अक्षर कुँदिएका भागको अधिकांश पाप्रो उप्किएकाले तिनमा कुँदिएका अक्षरहरू पनि मेटिइसकेका छन्। पढ्न सकिने जति भागको अभिलेख यस प्रकार छ :

१. ॐ शुभ ।। तिप्रक्वछेंया, कुतुक्वाठ ....च महापातक लाक जुरो। संवत् ७ (४६?) ....

यस अभिलेखका अक्षरहरू तत्कालीन भक्तपुरका राजा जगज्योर्तिमल्ल (वि.सं.१६७०-१६९४) को पालाका शिलालेखका अक्षरहरूसित मिल्दाजुल्दा देखिन्छन्। यहाँ संवत्को '७' पछिका दुईवटा अङ्क कुँदिएको पाप्रो उप्किसकेका छन् तर त्यहाँ मुश्किलैले देखिने ती अङ्कका दुईवटा डोबमा '४६' हो कि भन्ने आभास हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सोही आधारमा यस अभिलेखलाई जगज्योर्तिमल्लको समयतिर राख्न सकिन्छ। तिप्रक्वछेको कुतुक्वाठका कुनै एक असल मन भएका मानिसले जलद्रोणी बनाएर राख्न लगाएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ।

भक्तपुर शहरको मुटुमै, मुख्य बजारबस्ती भएको एक टोल 'तिबुक्छें' हो । मध्यकालका अभिलेखमा यो टोलबस्तीलाई 'तिप्रक्वछें' 'त्रिप्रक्वछें' भनिएको पाइन्छ । यस अभिलेखमा पनि 'तिप्रक्वछें' आएको छ । तिबुक्छेटोलको पूर्वपट्टि केही पाइला पर भिरालो परेको, ढुङ्गाले छापेको पुरानो बाटो छ। त्यहीँ बाटोसंगै चण्डेश्वरीमाईको मन्दिर छ । यसो हुँदा यस टोलको नाम 'चासुख्यः' रहनगएको कुरा जानिन्छ। तिबुक्छे र चासुख्य जोडिएका टोलबस्ती हुनाले एउटै टोलबस्तीको रूपमा लिई 'तिबुक्छे चासुख्यः' भनी मान्दै आएको पाइन्छ । तिबुक्छे चासुख्य को पूर्व रूप 'तिपुर' र ' चनिगल' हो जसको उल्लेख गोपालराजवंशावलीमा पनि एकसाथ आएको छ। पूर्वमध्यकालीन नेपालमण्डलको राजधानी भक्तपुरको पहिलो राजदरबार 'त्रिपुर' यसै टोलबस्तीमा फैलिएर रहेको देखिएको छ । त्रिपुर राजदरबारको एक विशेष महत्त्वको किल्ला यहाँ थियो। (यसको दक्षिणपट्टि पनि एक किल्ला थियो जसको पनि उल्लेख गोपालराजवंशावलीमा 'क्वाछें' भनी आएको छ। अहिले यो पनि त्यस नामको टोलबस्तीको रूपमा रहिआएको छ) यसरी त्रिपुरको विशेष किल्ला भएको भाग परवर्तीकालको लोकजीवनमा 'त्रिप्रक्वछें' ' तिप्रक्वछें' हुँदै हाल 'तिबुक्छे' (+चासुख्यः) नाम चलेर आएको विदित हुन्छ । यस अभिलेखमा त्यसपछि 'कुतुक्वाठ' को उल्लेख आएको छ । यो कुरा पनि महत्त्वपूर्ण छ। त्रिप्रक्वछें/तिप्रक्वछें आफैमा एक विशेष किल्ला थियो। यताबाट 'कुतुक्वाठ' सो किल्लाभित्रको पनि एक उप किल्ला थियो भन्ने कुरा थाहा पाइन्छ।

भैरवनाथमन्दिरको जलद्रोणीको अभिलेख (चित्र संख्या ६)

चित्र संख्या ६ : भैरवनाथमन्दिरको जलद्रोणीको अभिलेख, १०८X८ से.मि.। ने.सं. ७६८ (वि.सं.१७०५), लिपि : नेपाल, भाषा : नेपालभाषा।

भक्तपुर, तम्हारी(टौमढी)टोलमा पश्चिमाभिमुख, आयताकार शैलीको तीनतले भैरवनाथमन्दिर छ। सो मन्दिरको पछाडि चोक छ। सो चोकको पूर्वपट्टि वेताःछें (वेतालगृह) र उत्तरपूर्व कुनामा एउटा जलद्रोणी छ।[४] वेताःछें र सो जलद्रोणीमा पुग्न बीचमा पनि पेटी उठाइएको छ। त्यसरी पेटी उठाउने क्रममा सो पेटीमाथि एउटा लाम्चो प्रस्तरफलक पनि निर्माणसामग्रीकै रूपमा छापिनपुगेको छ (चित्र संख्या ६)। सोही प्रस्तरफलकमा यो अभिलेख कुँदिएको छ :

१. ॐ श्रेयोःस्तु ।। सम्वत ७६८ जेष्ठशुक्ल द्वितीया कुन्हु

२. श्रीश्रीश्रीमहाभैरव प्रीतिन, जलधेनु, दयका,

३. विजया, तेकनसिं दैवज्ञन ।।शुभः।।

ने.सं.७६८ (वि.स.१७०५) मा विजया र तेकनसिं दैवज्ञले महाभैरवलाई प्रीति गरी जलद्रोणी बनाइदिएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ । अभिलेख कुँदिएको सो प्रस्तरफलक सोही जलद्रोणीकै एक अंश वा यसको ढक्कन रहेछ भन्ने कुरा ज्ञात हुन्छ। नियतिको कुरा हो ध्र कुनैबेला माथि बस्ने त्यो पवित्रभाग अहिले सबैले कुल्चने पेटीको एक अंश भएर रहन पुगेको छ।

---

४ हाल सो जलद्रोणीको टुटोमा आधुनिक पाइपधाराको टुटो राखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लाकोलाछेंटेलको जलद्रोणीको अभिलेख (चित्र संख्या ७)

चित्र संख्या ७ : लाकोलाछेंटेलको जलद्रोणीको अभिलेख, १३८X३५ से.मि. । ने.सं. ७७५ (वि. सं. १७१२), लिपि : नेपाल, भाषा : नेपालभाषा ।

भक्तपुर, लाकोलाछेंटोलमा योसिंख्य: जाने भिरालेबाटोको पश्चिम किनारमा यो जलद्रोणी छ । नियतिले गर्दा अहिले यो जलद्रोणी अन्य ईँटा ढुङ्गा जस्तै पर्खाल उठाउने क्रममा पर्खालकै एक भाग भएर रहन पुगेको छ । सो जलद्रोणीको शीर्षभागमा निम्न अभिलेख कुँदिएको छ :

१. ॐ श्रेयोस्तु श्रीश्रीश्री आकाशमाहाभैरवस आचार्य भिमराजन, प्रितिन, थ्व जलधुनि ल्होङा, सम्वत् ७७५ चैत्रवदि ८ शुभ ।।

भक्तपुर, तम्हारी(टौमढी)टोलमा अवस्थित भैरवनाथमन्दिरको उल्लेख माथि पनि भएको छ । सो मन्दिरका देवता 'आकासभैरव' र त्यसैगरी ' विश्वनाथभैरव' का नाम-रूपले प्रसिद्ध छन् । काशी विश्वनाथमन्दिरमा भैरवको शिरविहीन देह प्रतिष्ठापित छ, भक्तपुर भैरवमन्दिरमा देहविहीन शिरमात्र प्रतिष्थापित छ । यी एकै देवता हुन् भन्ने लोकमान्यता एवं किंवदन्ती चलेर आएको छ । यसो हुँदा यिनी ' काशी विश्वनाथभैरव' का रूपमा पनि मान्य पुज्य रहिआएको विदित हुन्छ । भक्तपुरको प्रसिद्ध विस्का: (विस्केट) जात्राका मुख्यदेवता पनि यिनै हुन् । यस अभिलेखमा आएको 'आकाशमहाभैरव' उनै विश्वनाथभैरव हुन् ।

तम्हारीटेलको भैरवनाथमन्दिरको दक्षिण-पश्चिममा लाकोलाछें नामको टेल छ । यहाँ भैरवनाथको द्यःछें (देवगृह) छ । भैरवनाथ उच्चतम तान्त्रिक देवता हुन् । यिनको तान्त्रिक पूजा मन्दिरका तान्त्रिक पुरोहित कर्माचार्यले गर्छन् । कर्माचार्यलाई आचार्य पनि भनिन्छ । नेवारहरूका सात पुरोहितमध्येका तान्त्रिक पूजाविधान कर्मकाण्ड गर्ने गुरु पुरोहित कर्माचार्य हुन् जसलाई आदरपूर्वक 'आचा बजु' भन्ने चलन छ । आचार्य भीमराज भैरवनाथमन्दिरका तान्त्रिक पुरोहित थिए, उनले भैरवनाथलाई प्रीति गरी जलद्रोणी जीर्णोद्धार गर्न लगाएका थिए भन्ने कुरा सो अभिलेखबाट थाहा पाइन्छ ।

वाने लाय्कूको जलद्रोणीको अभिलेख (चित्र संख्या ८)



चित्र संख्या ८ : वाने लाय्कूको जलद्रोणीको अभिलेख, १९X१० से.मि.। ने.सं.७७६ (वि.सं.१७१३), लिपि : नेपाल, भाषा : नेपालभाषा ।

भक्तपुर शहरको पूर्वमा तचपालटेल छ । त्यहीं 'वाने लाय्कू' नामको आगम छ । सो आगमको चोकमा दुई तहमा उठेको एक जलद्रोणी छ । सो जलद्रोणीमा अभिलेख पनि कुँदिएको छ जुन यस प्रकार छ :

१. ॐस्वस्ति ।। स्वेष्टदेवता प्रीतिन रा-

२. जोपाध्याय पद्मराजन, थ्व जलधे-

३. नु दयका सम्वत् ७७६ वैशाख शुक्ल अ-

४. क्षयतृतीया ३ रोहिणी वृहस्पति शुभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ने.स.७७६ (वि.सं.१७१३) अक्षयतृतीयाको दिनमा पद्मराज राजोपाध्यायले स्वेष्टदेवतालाई प्रीति गरी जलद्रोणी बनाउन लगाएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ ।

भार्वाचोयेल-नारांचुकको इनारको अभिलेख (चित्र संख्या ९)



चित्र संख्या ९ : भार्वाचोटेल नारांचुकको इनारको अभिलेख । १९X६३ से.मि. । लिपि : नेपाल, भाषा : नेपालभाषा ।

भक्तपुर शहरको पश्चिममा भार्वाचोटेल छ । यस टेलको एउटा चोकमा नारायणमन्दिर छ । यसो हुँदा सो चोक 'नाराँ चुक' कहलिँदै आएको छ । सो मन्दिरसँगै एउटा इनार पनि छ । सो इनारमा छापिएको एक ढुङ्गामा सुन्दर अक्षरमा यो अभिलेख कुँदिएको छ -

१. ॐ सम्वत् ७९६ फाल्गुन शुद्धि ९ जयराम

२. भारो रत्नसिं भारो नेम्हसेन दयका-

५. व प्रतिष्ठा याङा दिन ।। शुभं :।।

ने.सं. ७९६ (वि.सं. १७३३) मा जयराम भारो र रत्नसिं भारो दुईजनाले सो इनार बनाइ प्रतिष्ठा गर्न लगाएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ । मल्लकालमा उच्चपदस्थ राजकर्मचारी लगायत नेवार क्षत्रिलाई सम्मानपूर्वक कहने शब्द 'भारो' हो । 'भारादार'को छोटे रूप भारो हो । तत्कालीन भक्तपुर राज्यका एक प्रसिद्ध राजा जितामित्र मल्ल (वि.सं. १७३०-१७५३) हुन् । जयराम भारो र रत्नसि भारो उनै जितामित्र मल्लका पालाका हुन् ।

इनाचो-वाचु त्वः(टेल)को इनारको अभिलेख

(चित्र संख्या १०)

चित्र संख्या १० : इनाचो-वाचु त्वः (टेल) को इनारको अभिलेख । १६X४० से.मि., लिपि : नेपाल, भाषा : नेपालभाषा ।

भक्तपुर शहरको पूर्वमा 'वाचु त्वः' नामको टेल छ । सो टेलको चोकमा एउटा इनार छ । त्यस इनारमा छापिएको एक ढुङ्गामा निम्न अभिलेख कुँदिएको छ :

१. ॐ शुभं तुपलाछेंटेलया भायरामभटिन श्री३ स्वेष्टदेवता

२. प्रीतिन थ्व तुंथि म्हुयाव प्रतिष्ठा याङा, सुनान सेनकलसा पं-

३. च महापातक लाक ।। सम्वत् ७९९ ज्येष्ठ वदि २ ।। शुभ ।।

तुपलाछेंटेलका भायराम भटिले आफ्ना स्वेष्टदेवतालाई प्रीति गरी ने.सं. ७९९ (वि.सं. १७३६) मा सो इनार बनाउन लगाएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ । भक्तपुर शहरको हृदयस्थलमा रहेको एउटा टेल तुलाछेंटेल हो । अष्टमातृका गणका अधिष्ठात्रीदेवी त्रिपुरसुन्दरी हुन् । अष्टमात्रिकासहितको तिनको नेतृत्वपूर्ण संयुक्त-समुपस्थितिसहितको अवस्थानले सिङ्गो भक्तपुर शहरलाई यन्त्राकार रूपमा नवदुर्गामय तुल्याएको छ । यन्त्राकार भक्तपुर शहरको मध्यभागमा त्रिपुरसुन्दरी (पीठ+देवगृह) प्रतिष्ठापित छ । त्रिपुरसुन्दरीलाई नेवार लोकजीवनले 'तुपलजु'/'तुपलामाजु' भनी मान्दै आएको पाइन्छ ।[५] 'तुपलाछें' कै वर्तमान रूप 'तुलाछें' हो ।

५ पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, भक्तपुर : बबिता श्रेष्ठ, २०६०, पृष्ठ १०५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तत्कालीन भक्तपुर राज्यका एक प्रसिद्ध राजा जितामित्र मल्ल हुन् । वाचु त्वःमा इनार बनाइदिने भायराम ... टे जितामित्र मल्लकै पालाका हुन् । भायर... राखिदिएका केही अभिलेखयुक्त कृति प्राप्त छन् ...पुरमा 'तिमिला' थरधारी एकथरी नेवार जाति छन् मल्लकालमा राजापछिका शक्तिशाली क्षेत्रिय ...र्ग भारादार (सेना, शासन प्रशासन लगायत अन्य पद सम्हालेर देशको सेवा गर्ने प्रतिष्ठित वर्ग) ...् । तिमिलाहरूका पूर्वज पनि मल्लकालका एक थरी ...त्रशाली भारादार वर्गमा पर्दथे । मल्लहरूका साथै ...लाहरू पनि एउटै गोत्र अर्थात् मानवगोत्रका हुन् ।[६] ...लाहरूको पुस्तैनी बसोबास भक्तपुर राजदरबार परिसरको चलाङाछे, तम्हारी, लाकोलाछें लगायत याछेंटोलमा पनि छ । चलाङाछेमा तिमिलाहरूको पूजा, पर्व आदि चलाई शिक्षा-दीक्षा (तन्त्र दीक्षा) दिने आगमघर पनि छ । सो आगमघरमा पनि भायरामले राख्न लगाएको ने.सं. ८२५ (वि.सं. १७६२) को अभिलेख छ । र, तिमिलाहरूले भायरामलाई आफ्नो पूर्वज भनी मान्दै आएका छन् ।[७] यताबाट यी भायराम जितामित्र मल्लको पालाका साथै भूपतीन्द्र मल्ल (१६३९-१६६५ वि.सं.) का पालाका पनि समकालीन भारादार थिए भन्ने कुरा थाहा पाइन्छ ।

जैंलाटेल, पांग्राचागल्लीको इनारको अभिलेख (चित्र संख्या ११)



चित्र संख्या ११ : जैंलाटोल, पांग्राचागल्लीको इनारको अभिलेख । ५०X१४ से.मि., लिपि : नेपाल, भाषा : नेपालभाषा ।

६ तिमिलाहरूका गुरु-पुरोहित श्री विनोदराज शर्मा राजोपाध्यायबाट प्राप्त जानकारी ।

७ विनोदराज शर्मा, 'अभिमत' **कुल घर भक्तपुर भएका तिमिलाहरूका टेलिफोन डाइरेक्टरी** / २०६४, पृष्ठ ४ ।

भक्तपुर शहरको दक्षिणपूर्वमा पर्ने एउटा टोल जैंला हो । यस टोलमा अनेक नामका गल्लीहरू छन् । तीमध्येको एउटा 'पांग्राचा' नामको गल्ली हो । यस गल्लीको चोकमा पनि एउटा इनार छ । सो इनार आसपासमा 'दुवाल' हरूको बसोबास रहिआएको हुनाले सोही अनुरूप सो इनार 'दुवाः तुंथि' नामले चर्चित रहिआएको छ ।

यस इनारमा छापिएको एक ढुङ्गामा अभिलेख कुँदिएको छ । अहिले सो अभिलेखयुक्त ढुङ्गा उल्टो पर्ने गरी छापिएको अवस्थामा छ । सो ढुङ्गामा कैयन कालदेखि हतियारमा धार लाउन प्रयोगमा आइरहेको कारणले अभिलेखका केही भाग लगायत सो ढुङ्गाको दायाँपट्टिको भण्डै एक चौथाइ अंश नराम्रोसित खिइएर गइसकेको छ । शायद त्यसो हुँदा जीर्णोद्धारका क्रममा सो ढुङ्गालाई उल्टो फर्काएर छापिएको रहेछ भन्ने कुरा थाहा हुन्छ । त्यसमा उत्कीर्ण अभिलेख यस प्रकार छ :

१. ॐ शुभ ।। वालकृष्ण भारो, विश्वेश्वर ...

२. ल्होङास, लोहो गल तया, थ्व व म्हुल्होन ..

३. रच्छको वारकृष्णया तुथि, कोजन पनिसेन ...

४. नेखनं.संम्वत ८३२ माघ वदि ३ वृहस्पतिवार कुन्हु तया शुभमस्तु

यो इनार ने.सं.८३२ (वि.सं.१७६९) मा वालकृष्ण भारोहरूले जीर्णोद्धार गर्न लगाएका थिए भन्ने कुरा उक्त अभिलेखका आधारमा जानिन्छ ।

नेपालमण्डलमा प्राचीनकालदेखि बसोबास गर्दै आएका एकथरी अधिवासी दुवाल जाति पनि हुन् । प्रशासनिक-इतिहासका दृष्टिले लिच्छविकाल, मल्लकाल र शाहकालसम्म पनि देश पस्ने द्वारदेखि राजदरबार पस्ने द्वारसम्मको सुरक्षाको अभिभारा बहन गर्दै, राजा र जनताबीचको सम्पर्क कायम गर्दै, स्थानीय बस्तीमा सरकारी प्रतिनिधिका रूपमा समेत महत्त्वपूर्ण स्थान ओगट्दै आएका दौवारिक/दुवारे/द्वारे कै सन्तति दुवाल हुन् भन्ने प्रतीत हुन्छ । यस बारेमा बेग्लै अनुसन्धान हुन सकेमा नेपालको प्रशासनिक इतिहासमा नयाँ प्रकाश पर्ने आशा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमण्डलमा प्राचीनकालदेखि नै पानीको प्रबन्ध विशेषगरी शहरभित्रका प्रत्येक टोल एवं शहरीबस्तीबाहिरका आसपासका खेतीपातीलाई समेत ध्यानमा राखेर हुँदैआएको दृष्टिगोचर हुन्छ। उदाहरणका निमित्त शहरीबस्तीभित्रका जलद्रोणी, ढुङ्गेधारा, कुवा, ईनार लगायत स-साना पोखरीहरूलाई नै लिउँ। एकातिर ती शहरीजीवनको जलप्राप्तिका सहज आधार थिए भने शहरको वैभव र शोभा पनि थिए। यिनका पनि स्रोत राजकुलो लगायत शहरीबस्तीबाहिरका ठूला पोखरीहरू थिए र ती पोखरीहरूका पनि मुहान उपत्यकाका उच्चभागबाट बहँदै आउने खोला-खोल्साहरू र आकासे-पानी समेत थिए भन्ने देखिन्छ। हामी यस प्रकारको जल-प्रबन्ध एवं तिनका अवशेष आज पनि नेपालमण्डलका तीनवटै परम्परित शहरहरूमा देख्न सक्दछौं। भक्तपुरकै उदाहरण लिउँ। नालदुम महादेवपोखरीबाट पश्चिम बहने खोला खरिपाटीको मुहान हुँदै त्यसमा राजकुलो जोडिएर त्यहाँबाट शहरी सिमाका पोखरीहरू समेत भरीभराउ हुँदै शहरभित्रका स-साना पोखरी, कुवा, ढुङ्गेधारा, इनार आदिमा पुग्दथे। पानीको चाँजोपाँजो मिलाउने कर्मचारी 'ढलपा' (धवा:) नियुक्त गरिएका हुन्थे। चाहेको बेला पानी पठाउन र रोक्न ठाउँ-ठाउँमा विशेष प्रकारको साँचोको प्रबन्ध गरिएको हुन्थ्यो।[८] स्थानीय बासिन्दाहरूका अनुसार यस्तो प्रबन्ध राणाकालसम्म पनि चलेको थियो। बिहानदेखि बेलुकीसम्म निरन्तर ढुङ्गेधाराहरूबाट पानी बगिरहन्थ्यो, रातको प्रहरमा बन्द गरेपछि ती धारा बन्द हुन्थे र त्यसपछि शहरबाहिरका खेतहरूमा पानी छाडिन्थ्यो। इनारहरू सुक्दैनथे, इनारहरूमा समेत पानी पठाउन माटाका डुँडहरू जोडिएका हुन्थे।

भार्वाचोटोल उच्चभागमा अवस्थित छ। भक्तपुर नेपालमण्डलको राजधानीशहरको रूपमा स्थापित भएदेखि मल्लकालको अन्तिम समयसम्म आइपुग्दा भार्वाचोटोल पनि एक मजबुत किल्लाको रूपमा रहिआएको विदित हुन्छ। भार्वाचोटोल समीपका शहरबाहिरका उच्च स्थानका ठूला पोखरीहरू त:पुखु (सिद्धपोखरी), भाज्या पुखु र न:पुखु हुन्। भार्वाचोटोलका अन्य इनार लगायत यो अभिलेखयुक्त इनारको स्रोत पनि जमिनबाट उत्पन्न हुने जलमात्र नभएर विशेषगरी यसको उत्तरमा रहेको न:पुखु र त्यसैगरी यसको पश्चिममा रहेको भाज्या पुखु पनि रहेको प्रतीत हुन्छ। त्यसैगरी वाचुत्व: र दुवा तुंथि लगायत दुवा तुंथि समीपको मध्यकालीन पोखरीको जलस्रोतका आधार यसको उत्तरपूर्वमा शहरबाहिर अवस्थित लामगा पुखु, यातुबहारे पुखु (कमलपोखरी) हुन् भन्ने कुरा जानिन्छ। त्यसैगरी शहरका जलद्रोणीहरूमा पानी भर्नका लागि पनि छुट्टै कर्मचारीको व्यवस्था गरिएको हुन्थ्यो जसलाई 'ना:क:' भनिन्थ्यो।

उदेकलाग्दो कुरा छ विज्ञान र प्रविधिले टाकुरा छुन पुगको आजको हाम्रो पालामा पाइपधारा-संस्कृति चलेको छ। सबैको घर-घरका कौशी-कौशीमा ट्यांकी, ट्वाइलेट् लगायत भान्छाकोठामा अनेक थरीका पाइपधारा जडेका छन् तैपनि पानी खाने 'जग' रित्तो भएर घरबाहिर पानीको 'जार' किन्न जानुपर्ने संस्कृति खूब चलेको छ। हिजो हाम्रा आमाबाउ बाजेबज्यैका पालामा टोलैपिच्छे इनार, जलद्रोणी पोखरी आदि भरीभराउ हुन्थे, ढुङ्गेधारा निरन्तर बगिरहन्थ्यो। सबैका घर-घरमा सुराही, करुवा, गाग्री भरीभराउ हुन्थे। सबैले सफा, स्वच्छ र मीठो पानी खान्थे। आज हाम्रो भाग्य त्यस्तो छैन। अहिले पाइपधाराबाट पानी मात्र हैन ढल पनि यदाकदा मिसिएर आउँदा 'धाराको हो कि ढलको हो ?' भनी छुट्याउन नसकेर थाप्ने गर्छौं। परिवर्तन, सोच र व्यवहार समयको उर्दी र नियतिको खेल रहेछ।

❑❑

---

८ यस्तो साँचो बाटोमुनि बनाइएको हुन्थ्यो, त्यहाँ विशेषप्रकारको प्रस्तरफलकले बनेको छेकबार (साँचो) हालिएको हुन्थ्यो। र, त्यसको ठीकमाथि लाम्चो परेका प्रस्तरफलकहरूले सो साँचोलाई ढाकेर राखिन्थ्यो। त्यसमाथि टेकेर मानिसहरू आवतजावत गर्न सक्दथे। अव्यवस्थित एवं बढ्दो शहरीकरणले गर्दा यस्ता कुराहरू लोप भएर गइसकेको देखिन्छ। भोलाछेयेलको चौबाटोमा यस्तो साँचोको अवशेष आज पनि देख्न सकिन्छ जसको समीपमा पोखरी, र ढुङ्गेधारा छन्। (स्थलगत अन्वेषणका आधारमा प्राप्त जानकारी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छवि अभिलेखमा पाइने जैविक विविधता र संस्कृति निर्माणमा यसको भूमिका

- डा. महेशकुमार आचार्य*

लेख सार :

उत्पत्तिकालदेखि हालसम्म पृथ्वीको वातावरणमा निरन्तर परिवर्तन आइरहेको छ । वातावरणको परिवर्तनसँगै यहाँका जीवजन्तु र वनस्पतिहरू पनि उत्पत्ति हुने तथा विनास हुने क्रम निरन्तर चलिरहेको छ । पृथ्वीको जैविक कालखण्डमा फरक फरक युगमा फरक जीव र वनस्पतिको उत्पत्ति हुने र युग परिवर्तनसँगै ती जीव र वनस्पति लोप भै नयाँ नयाँ जीव तथा वनस्पतिको विकास हुने चक्र चलिरहेको पाइन्छ । पर्यावरणमा पाइने यस्तै जैविक विविधताले त्यस युगको संस्कृति निर्माणमा अहम् भूमिका खेल्ने गर्दछ । यसै सन्दर्भमा नेपालको लिच्छविकालमा के कस्ता जीव र वनस्पतिको अस्तित्व रहेको थियो होला ? भन्ने प्रश्नको उत्तर खोज्ने र ती जीव र वनस्पतिले तत्कालीन संस्कृति निर्माणमा के कस्तो भूमिका खेलेका थिए ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास यो सङ्क्षिप्त लेखमा गरिएको छ । लिच्छविकालको बारेमा जानकारी दिने करिब २०० वटा अभिलेखहरू हामीलाई प्राप्त भएका छन् । यी अभिलेखहरूमा विभिन्न प्रसङ्गमा अनेकौ जीव र वनस्पतिको चर्चा गरिएको पाइएको छ । यी अभिलेखहरूलाई नै आधार मानेर त्यस युगमा अस्तित्वमा रहेको जीव तथा वनस्पतिको खोजी गर्ने र प्रकाशमा ल्याउने कोशिस यस लेखमा गरिएको छ । यो लेख तथ्याङ्क प्राप्तिका द्वितीय श्रोतहरूमा मात्र आधारित रहेर तयार पारिएको छ । लिच्छवि अभिलेख सङ्ग्रहमा सङ्ग्रहित अभिलेखहरू तथा जीव र वनस्पतिका उत्पत्ति तथा प्रसार बारेमा लेखिएका पुस्तक एवं पत्रिकाहरूका खोजमूलक लेखहरूबाट तथ्य संकलन गरी ती तथ्यहरूलाई ऐतिहासिक कालक्रमअनुसार व्याख्या विश्लेषण गर्दै लेख तयार पारिएको छ । अभिलेख भित्रका विभिन्न प्रसङ्गहरूमा खोजी गर्दा वर्तमान समयमा काठमाण्डौं उपत्यकामा अस्तित्वमा रहेका कतिपय जीव जन्तुहरू, जलचर प्राणीहरू, उभयचर पक्षीहरू, थरिथरिका अन्नबाली, फल, तेलहनबाली तथा तरकारीजन्य वनस्पतिहरू लिच्छविकालमा पनि रहेको तथ्य प्रकाशमा आएको छ । यस्ता जैविक विविधताको प्राप्तिले लिच्छविकालमा हिन्दू तथा गैर हिन्दू संस्कृतिको समिश्रण रहेको र जैविक विविधताले नै त्यसबेलाको खानपान, बसोबास तथा पूजा परम्पराको संस्कृतिलाई सम्पन्न तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ ।

शब्द कुञ्जिका : लिच्छविकाल, लिच्छवि अभिलेख, जैविक विविधता, लिच्छविकालीन जीव, लिच्छविकालीन वनस्पति, लिच्छवि संस्कृति ।

१. परिचय :

लिच्छवि अभिलेख भन्नाले लिच्छवि लिपिमा लेखिएका र लिच्छवि शासकहरूले राखेका अभिलेख भन्ने बुझिन्छ । यी अभिलेखहरूको सबैभन्दा ठूलो सङ्ग्रह धनवज्र वज्राचार्यले लेखेको लिच्छविकालका अभिलेख

*सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नामक पुस्तकमा रहेको छ । यी अभिलेखहरूले पाँचौँ शताब्दीदेखि नवौँ शताब्दीसम्मको काठमाण्डौं उपत्यका र त्यसको आसपासको क्षेत्रको वस्तुस्थिति दर्शाउने गर्दछन् । यस अर्थमा लिच्छवि अभिलेखको वर्णनमा भेटिने जैविक विविधताको प्रसङ्गले आजभन्दा करिब १५०० वर्ष अघिको उपत्यका आसपासको जानकारी दिने गर्दछ । जैविक विकासको इतिहासमा यो अवधि ज्यादै छोटो अवधि हो । यति छोटो अवधिमा सामान्यतया नयाँ जीव र वनस्पतिको उत्पत्ति हुने सम्भावना रहदैन । तर द्रुत गतिमा भएको वातावरणीय परिवर्तनले कतिपय जीव र वनस्पतिहरू यति अवधिमा लोप हुने सम्भावना भने रहन्छ । कतिपय वनस्पति र जीवहरू सहस्राब्दी अवधिमा एक ठाउँबाट अर्को ठाउँमा फैलने वा प्रसार हुने संभावना पनि रहन्छ । त्यसैले लिच्छविकालमा के कस्ता जीव र वनस्पतिहरू थिए भन्ने खोजी गर्नु र प्राप्त जैविक विविधताले तत्कालीन भौतिक संस्कृतिको स्वरूप निर्माणमा खेलेको भूमिका खोजीमा यो आलेख केन्द्रित गरिएको हो । यसका लागि आवश्यक तथ्यहरू पूर्णरूपमा द्वितीय स्रोतहरूमा आधारित भएर संकलन गरिएको छ । प्रकाशित भैसकेका अभिलेखहरूबाट र पूर्व प्रकाशित पुस्तक तथा अनुसन्धानमूलक लेखहरूबाट तत्कालीन जैविक विविधताको प्रसङ्ग खोजी गरेर वर्णनात्मक तथा व्याख्यात्मक शैलीमा तथ्य विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । जीव र वनस्पतिको भौतिक अवशेषहरूको प्राप्ति र तिनको विश्लेषणबाट मात्र यस्तो खोजीले पूर्णता प्राप्त गर्दछ । त्यसैले यस्तो खोजी र अध्ययनमा भूगर्भशास्त्र र पुरातत्त्व विज्ञानको सहयोग आवश्यक पर्दछ । यो सानो लेखमा यस्तो पुरातात्त्विक अध्ययन र भौगर्भिक अध्ययन सम्भव नभएको हुँदा अभिलेखमा वर्णन गरिएका प्रसङ्गहरूबाट मात्र लिच्छवि युगमा कस्ता जीव र वनस्पतिको अस्तित्व रहेको थियो भन्ने कुराको खोजी गरिएको हुँदा यस अध्ययनमा प्रशस्तै अपूर्णता र सीमाहरू रहेका छन् । हालसम्म संकलन र प्रकाशनमा आएका अभिलेखहरूमा उल्लेख भए अनुसार लिच्छविकालमा अस्तित्वमा रहेका जीव र वनस्पतिहरू यसप्रकार रहेको पाइएको छ ।

२. लिच्छवि अभिलेखमा उल्लेखित जीव जन्तुहरू :

लिच्छविकालका अभिलेखहरूमा कतै पनि तत्कालीन जीवहरूको विषयमा छुट्टै वर्णन भएको पाइदैन । त्यस समयका प्रशासनिक अभिलेखहरूमा, दान दातव्यको विवरण समावेश भएका अभिलेखहरूमा र राजाका प्रशस्ति समेटिएका अभिलेखहरूमा विभिन्न जनावरको प्रसङ्ग पाइन्छ यस आधारमा ती जीवहरूको अस्तित्व त्यस समयमा रहेको देखिन्छ । हालसम्म प्रकाशमा आएका समग्र लिच्छवि अभिलेखहरूको सूक्ष्म अध्ययनबाट यी जीवहरूको प्रसङ्ग अभिलेखमा पाइएको छ ।

हात्ती र घोडा :

आजभोलि काठमाण्डौं उपत्यकामा चिडियाखानामा बाहेक हात्ती पाल्ने प्रचलन छैन । मध्यकालमा मल्ल राजदरबारमा चितवनबाट पक्रेर ल्याएका हात्तीहरू पाल्ने गरिन्थ्यो । मल्ल राजाहरू स्वयं तराइमा हात्ती पक्रन जान्थे । मल्ल दरबारको प्रतिष्ठा हात्तीको संख्यासँग जोडिएको हुन्थ्यो । लिच्छविकालमा पनि हात्तीको प्रसङ्ग धेरै अभिलेखहरूमा पाइएको छ । सवारीका साधनको रूपमा प्रयोग गरिने घोडाको अस्तित्व पनि लिच्छविकालमा थियो भन्ने प्रसङ्ग अभिलेखमा पाइएको छ । चाँगुको मानदेवकै अभिलेखमा मल्लपुरी विजय गर्न आफू (काठी)कसिएका सयौँ हात्ती र घोडा लिएर जाँदै गरेको विवरण उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.१६) । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा राज्याभिषेकको हात्ती र घोडाको लागि ३ पुराण १ पण रकम छुट्याइएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.३०२) । बसन्तदेवको थानकोट अभिलेखमा बहिनीलाई दाइजो दिएको गाउँको चारकिल्ला छुट्याउँदा हस्तीमार्ग अर्थात् हात्ती हिड्ने बाटोको चर्चा गरिएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.९३) । नरेन्द्रदेवको भन्सारचोकको अभिलेखमा युद्धमोर्चाको वर्णन गर्ने क्रममा तर्सिएका हात्ती र घोडाहरूको प्रसङ्ग उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ४५९) । धनवज्र वज्राचार्यले लिच्छविकालको अभिलेखमा किचप्रिचिं नाम भएको र हाल किसिपिंडीं नाम भएको थानकोट र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बलम्वू बीचको गाउँलाई लिच्छविकालमा हात्ती पाल्ने गाउँ भन्नु भएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.२४)। यी तथ्यहरूलाई हेर्दा आजभोलि लोपोन्मुख अवस्थाको हात्ती लिच्छविकालमा काठमाण्डौं उपत्यकामा पनि यथेस्ट मात्रामा पाल्ने गरिएको पाइएको छ। ह्वेनसाङ्को वर्णन अनुसार हर्षवर्धनको सेनामा ६० हजार हात्तीहरू रहेका थिए (त्यागी र रस्तौगी, १९८५, पृ.२८२)। त्यसैले हर्षवर्धनको समकालीन युगमा नेपालमा पनि सैनिकहरूले युद्धको समयमा यसमा सवारी गर्दथे भन्ने सहजै अनुमान गर्न सकिन्छ। यिनको सवारीका लागि विशेष फराकिला सडकहरू पनि लिच्छविकालमा बनाइएका हुन्थे भन्ने देखिन्छ।

गाई, चौरीगाई र भैसी :

गाई हिन्दू समाजले वैदिककालदेखि नै पाल्दै आएको पशु हो। ऋग्वैदिक आर्यहरूले सम्पत्ति वा नगदकै रूपमा गाईको उपयोग गर्ने गर्दथे। यो त्यसबेला दान गरिने नगद जस्तै वस्तु थियो। लिच्छविकालमा वैदिक यज्ञहरूको र यज्ञ संचालक ब्राह्मणहरूको अस्तित्व रहेको देखिएको हुँदा "त्यसबेला गोधनले पनि नेपाल सम्बृद्ध थियो भन्न हामीलाई कर लाग्दछ" (नेपाल, वि.सं. २०४०, पृ. १२१)। त्यसैले लिच्छविकालमा यसको अस्तित्व हुनु कुनै नयाँ कुरा भएन। लिच्छवि अभिलेखहरूमा गाईको प्रसङ्ग धेरै ठाउँमा पाइन्छ। बलम्बूमा रहेको शिब्देव द्वितीयको एक अभिलेखमा गाईलाई नुन खुवाउने ठाउँको चर्चा गरिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.५३३)। थानकोटको भिमार्जूनदेव र जिष्णु गुप्तको अभिलेखमा एक हल गोरुले जोत्ने जमिन र साँढे जुधाई उत्सवको चर्चा गर्ने क्रममा गोयुद्ध र गोहल शब्दको प्रयोग भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.४३५)।

चौरीगाई हिमालमा हुने गाईको एक प्रजाति हो। त्यसैले चौरीगाई काठमाण्डौं उपत्यकामा नहुनु स्वभाविकै हो। तर लिच्छवि अभिलेखहरूमा चौरीको पुच्छर अर्थात् चमरको प्रसङ्ग पाइन्छ। टिस्टुङ्को अंशुवर्माको एक अभिलेखमा चमर शब्दको उल्लेख छ (वज्राचार्य, वि.सं.२०५३,पृ.३१२)। यसबाट उपत्यका आसपासका उच्च भेकमा चौरीगाई पनि पाल्ने गरिन्थ्यो भन्ने देखिन्छ।

भैँसी वास्तवमा एसियन जनावर मानिन्छ। त्यसैले नेपाल, भारत भियतनाम आदि मुलुकमा हाल यसको संख्या अधिक रहेको पाइन्छ (Banerjee, 2011, p.697)। यो पशु Bovidae प्रजाति अर्न्तगतको Bovinae उपप्रजातिको प्राणी हो जसको जीव वैज्ञानिक नाम Bubalus bubalis हो (Banerjee, 2011, p.697)। जल भैँसी पनि भनिने यो जनावरलाई भारतीयहरूले आजभन्दा ५००० वर्ष अघिदेखि र चिनियाँहरूले ४००० वर्ष अघिदेखि घरपालुवा बनाएका हुन् (Flamond & others, 2003)। त्यसैले यसको अस्तित्व लिच्छविकालीन नेपालमा पनि हुनु स्वभाविकै हो। यो जनावरको नाम अंशुवर्माले टिस्टुङ् नजिकको तौखेलमा राखेको अभिलेखमा उल्लेख भएको पाइएको छ। यहाँ गाउँलेहरूलाई भैँसी पाल्न कठिनाई परेको हुँदा राजाले गाउँलाई अन्यत्र सार्न जग्गा दिएको प्रसङ्ग उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०५३,पृ.३४९) यसबाट टिस्टुङ् भेकतिर भैँसी पालिदो रहेछ र तात्कालीन शासकले भैँसी पालन व्यवसायलाई प्रोत्साहन गर्दा रहेछन् भन्ने स्पष्ट भएको छ।

भैँडा र सुँगुर :

लिच्छवि अभिलेखहरूमा प्रत्यक्षारूपमा भैँडाको उल्लेख पाइएको छैन। तर नेपालबाट बाहिर पठाइने वस्तुहरूको चर्चा गर्ने प्रसङ्गमा ठाउँ ठाउँमा ऊनको प्रसङ्ग पाइन्छ। अंशुवर्माको टिस्टुङ् अभिलेखमै ऊनको प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ३१२)। सामान्यतया ऊन भैँडाबाट निकालिने हुनाले लिच्छविकालमा भैँडापालन हुने गरेको अनुमान गर्न सकिन्छ। घरपालुवा जनावर मध्येकै एक सुँगुरको प्रसङ्ग पनि अभिलेखहरूमा उल्लेख भएको छ। हिन्दू ब्राह्मण तथा क्षेत्रीहरू बाहेक अन्य जनजातीय समूहले पाल्ने यो पशुको पहिलो चर्चा बुङ्मतिको अंशुवर्माको अभिलेखमा गरिएको छ। यहाँ राम्रोसँग सुँगुर पालेका गाउँलेहरूसँग राजा खुसी भएको प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. २९१)। त्यसै गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वटुटेलको अंशुवर्माकै अर्को अभिलेखमा सुँगुरमा लाग्ने कर माफ गरिदिएको प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३,पृ.३५२) । यसबाट सुँगुरपालन लिच्छविकालीन जनताहरूको एक महत्त्वपूर्ण पेसा रहेको र उनीहरूले यसवापत राज्यलाई कर समेत तिर्ने गरेको देखिन्छ । तर यी सुँगुरहरू कुन जातका सुँगुर थिए भन्ने कुरा अभिलेखमा स्पष्ट छैन । पछिल्लो समयमा बाहिरबाट नेपाल प्रवेश गरेको सेतो बुँगुर प्रजातिलाई छाडेर नेपाली सुँगुरका स्थानीय जातहरूमा च्वाँचे, वामपुड्के र हुर्रा मुख्य छन् र यी तीनमध्ये धेरै संख्या ५८ प्रतिशत हिस्सा च्वाँचे जातको सुँगुरको रहेको छ जुन नेपालको मध्य पहाडी भेकमा अधिक पाइन्छ (Nedup & orters, 2010, p.30) । यस आधारमा लिच्छविकालमा राजालाई खुसी पार्ने गरी हुर्काइएका सुँगुरका बच्चा कालो रङ्को यही च्वाँचे जातको सुँगुर नै थियो कि भन्ने सामान्य अनुमान भने गर्न सकिन्छ ।

सिंह, मृग र कस्तुरी :

लिच्छविकालका अभिलेखहरूमा कतिपय वन्य जन्तुहरूको पनि उल्लेख भएको पाइएको छ । मानदेवको चाँगु अभिलेखमा मानदेवले पश्चिमका मल्लहरूको दमन गर्न जाँदा जगर फिँजाएको सिंहजस्तै निडर भै जानुभयो भन्ने प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.१६) । त्यसै गरेर स्वयंभूको एक खण्डित लिच्छवि अभिलेखमा कुनै राजाको सौर्यको वर्णन गर्ने क्रममा राजालाई सिंहको जस्तो पराक्रम भएको भन्दै सिंहलाई देख्दा मृगहरू जसरी थर्कमान हुन्छन् त्यसै गरी यी राजालाई देख्दा सत्रुहरू थर्कमान हुन्छन् भनिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.७६) । यस अभिलेखमा सिंह र मृगको प्रसङ्ग एकै साथ आएको छ । यसै गरी नरेन्द्र देवले यागबहाल र पशुपति वज्रघरमा राखेका दुई अभिलेखमा गोठमा रहेका घाइते मृगको हेरचाह नगरेमा दण्डित हुनु पर्ने व्यहोरा उल्लेख भएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.४९८ र ५०१) । मृग वर्गकै कस्तुरी मृगको अस्तित्व पनि लिच्छविकालमा रहेको प्रसङ्ग अभिलेखहरूमा पाइएको छ । अंशुवर्माले भट्टुवाल र टिस्टुङमा राखेका दुई अभिलेखमा सरकारको स्वीकृति विना देश बाहिर पठाउन नपाइने वस्तुको वर्णन गर्ने क्रममा कस्तुरीको उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.३१० र ३१२) । यसबाट लिच्छविकालमा कस्तुरी मृगको अस्तित्व रहेको पुष्टी भएको छ । सायद यो जनावर काठमाण्डौं उपत्यका बाहिरको हिमाली भेगमा पाइन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ ।

मुसा, न्याउरी, सर्प र कीराहरू :

लिच्छवि अभिलेखहरूमा त्यसबेला अस्तित्वमा रहेका कतिपय स-साना जीव, सरिशृपहरू र कीराहरूको प्रसङ्ग पनि आएको छ । पाटन सुन्धाराको अंशुवर्माको अभिलेखमा कुनै मन्दिरको ढोकाका खापा र झ्यालहरू मुसा र न्याउरी मुसाको बथानले भताभुङ्ग पारिदिएको प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य, वि. सं. २०५३, पृ. ३४०) । यसैगरी साँगाको अंशुवर्माको अभिलेखको मंगलाचरणमा रौद्र रूप महादेवको वर्णन गर्ने क्रममा सर्पको फुत्कारले महादेवको जटा छ्यान्न व्यान्न भएको वर्णन गरिएको छ (वज्राचार्य, वि. सं. २०५३, पृ. ३३७) । यहाँ लिच्छविकालकै सर्पको चर्चा नभएतापनि लिच्छविकालीन यस अभिलेखका लेखकलाई सर्पको बारेमा जानकारी थियो भन्ने स्पष्ट हुन्छ । त्यसैगरी शिब्देव र अंशुवर्माले संयुक्त रूपमा चाँगु नारायण मन्दिर परिसरमा राखेको एक अभिलेखमा दान दिएको जग्गा हरण गर्ने व्यक्ति नरकको कीरा भएर बस्नु पर्ने डर देखाइएको प्रसङ्ग उल्लेख छ (वज्राचार्य, वि.सं. २०५३, पृ. २३५) ।

चरा, कुखुरा र माछा :

हनुमान ढोकामा रहेको खण्डित एक लिच्छवि अभिलेखमा अनेकथरी चराहरू भन्ने वाक्यको उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ३७४) । अन्य केही लिच्छवि अभिलेखहरूबाट त्यस समयमा घरपालुवा पक्षी वर्गको कुखुरा पालन हुने तथा जलचर वर्गको माछा पालन हुने गरेको तथ्य प्रकाशमा आएको छ । बुङ्मतिको अंशुवर्माको अभिलेखमा तत्कालीन बूगायूमी गाउँका बासिन्दाले कुखुरा तथा माछाको राम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हेरचाह गरेको हुँदा राजा खुसी भएको र कर असुल्ने कर्मचारीलाई गाउँमा पस्न नपाउने बन्दोबस्त मिलाएको प्रसङ्ग उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. २९१) । शिब्देव प्रथमले चापागाउँमा राखेको अभिलेखमा माछा बिक्रि गर्न आउने मछुवारहरूले तिर्नुपर्ने कर कम गरिदिएको प्रसङ्गमा त्यस समयमा बिक्रि हुने माछाका केही जातहरूको उल्लेख भएको छ । यस अभिलेखमा काष्ठिका माछा, भुक्कुण्डिका माछा, राजगृव माछा र मुक्ता माछाको उल्लेख भएको छ (वज्राचार्य, वि. सं. २०५३, पृ. २२६) । धनवज्र वज्राचार्यले काष्ठिका माछा काठमा उनेर बिक्रि गरिने सानो जातको माछा, भुक्कुण्डिका थैलो जस्तो भाँडोमा राखी बिक्रि गरिने सानो जातको माछा, राजगृव माछा ठूलो जातको माछा र मुक्ता माछा आजभोलिको अछला माछा थियो भनेका छन् (वि. सं. २०५३, पृ २२८) । यसरी लिच्छवि अभिलेखमा विभिन्न प्रसङ्गमा उल्लेख भएको आधारमा मात्र पनि त्यसबेला हाल विद्यमान रहेका अनेकौ जीव जन्तुहरू अस्तित्वमा रहेको देखिएको छ ।

३. लिच्छवि अभिलेखमा उल्लेखित वनस्पति :

लिच्छविकालीन कुनै पनि अभिलेखहरूमा त्यसबेला विद्यमान रहेका वनस्पतिहरूको छुट्टै विवरण पाइएको छैन । तर अन्य विषयवस्तु उल्लेख गर्ने क्रममा त्यस समयमा अस्तित्वमा रहेका कतिपय वनस्पतिहरूको चर्चा गरिएको पाइएको छ । समग्र लिच्छवि अभिलेखहरूको सूक्ष्म अध्ययनबाट निम्नलिखित वनस्पतिहरू त्यस समयमा रहेको तथ्य प्रकाशमा आएको छ ।

चाँप, साल, सल्लो र माश वृक्ष :

लिच्छविकालका केही अभिलेखहरूमा जग्गाको साँध सीमाना छुट्याउने प्रसङ्गमा त्यसबेला जंगलमा हुने ठूला र अग्ला वृक्षहरूको नाम उल्लेख भएको पाइएको छ । शिब्देव द्वितीयको बलम्वू अभिलेखमा एक गाउँको सीमाना उल्लेख गर्ने क्रममा सालको रूख, चाँपको रूख तथा माश वृक्ष वा माशको रूखको चर्चा गरिएको छ (वज्राचार्य, वि. सं. २०५३, पृ. ५३३) । धनवज्र वज्राचार्यले प्रकाशित गरेको लिच्छवि अभिलेखमा उल्लेख भए अनुसार शिब्देव प्रथम र अंशुवर्माको चाँगु अभिलेखमा (पृ. २३५), भिमार्जुनदेव र जिष्णु गुप्तले बलम्बूमा राखेको अभिलेखमा (पृ. ४२० र यागबहालको नरन्द्रदेवको अभिलेखमा (पृ. ५०१) सल्लो वृक्ष तथा सल्लोको बगैँचा वा वनको चर्चा भएको छ । यहाँ उल्लेख भएका चाँप, साल र सल्लो वृक्ष वर्तमान समयमा पनि यथावत नाममै रहेका छन् । तर यहाँ उल्लेखित माश वृक्ष कस्तो रूख हो भन्ने यकिन हुन सकेको छैन । हाल विद्यमान दलहन बालीको रूपमा रहेको माश भन्दा यो भिन्न रहेको देखिन्छ । किनभने यहाँ गाउँको साँध छुट्याउने क्रममा ठूलो वृक्षको प्रसङ्गमा माशवृक्षाको उल्लेख भएको छ । वि.सं. २०७२ को भूकम्पले भत्काउनु अघिको काष्ठमण्डपको भऱ्याङ् छेउमा ठूलो काठको खम्बा रहेको थियो जसलाई मानिसहरू माशको जरो भन्ने विश्वास गर्दथे । यसबाट विगत समयमा काठमाण्डौं उपत्यकामा वरको जस्तै हाँगाबाट जरा पलाउने कुनै विशाल माश वृक्षाको अस्तित्व रहेको अनुमान गर्न सकिन्छ ।

आँप :

शिब्देव द्वितीयले बलम्बूमा राखेको अभिलेखमा एक ठाउँमा राम्रो अमिलो आँप भन्ने वाक्य र यही अभिलेखकै केही पछि गाईको नून थलोको दक्षिण आली साँध नजिकै रहेको आँपको रूख भन्ने अर्को वाक्य पनि प्रयोग भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ५३३) । त्यसैले हालको बलम्बू क्षेत्रमा त्यसबेला प्रशस्त आँपका रूखहरू रहेको देखिन्छ । यहाँ अमिलो आँपको प्रसङ्ग आएको हुँदा त्यसबेला थरिथरिका स्वादका आँपहरू हुने कुराको समेत संकेत मिल्दछ ।

कमल, नीलकमल र अन्य फूलहरू :

चाँगुनारायण स्थानमा रहेको मानदेवको अभिलेखमा मानदेवको मुहारलाई कमलको फूलसँग तुलना गरिएको वाक्य उल्लेख भएको छ । सोही अभिलेखमा मानदेवको आँखाको सुन्दरताको वर्णन गर्ने क्रममा फूलेको नीलकमलको पातको जोडालाग्दो आँखा भनिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. १५) । त्यसै गरेर जयदेव द्वितीयले पशुपतिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राखेको अभिलेखमा उनले पशुपतिमा चढाएको धातुको कमलको वर्णन गर्ने क्रममा ब्रम्हाजीको आसन भएर रहेको ठूलो सेतो कमलको चर्चा गरिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ५५४) । यसबाट लिच्छविकालका प्रशस्ति अभिलेखहरूको रचना गर्ने कविहरूलाई कमलका फूलहरूको विविधता र तिनको फूल एवं पातहरूको सौन्दर्यको बारेमा राम्रो जानकारी थियो । अर्थात् यी फूलहरूको अस्तित्व त्यसबेला थियो भन्ने देखिन्छ । ललितपुर त्यागलटोलको एक खण्डित अभिलेखमा भगवान् बुद्धको प्रशंसा गर्ने क्रममा फूलका गुच्छाले जीउ ढाकिएका भन्ने शब्दको प्रयोग भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ३८८) । यस प्रसङ्गले कमल बाहेक अन्य फूलहरू पनि लिच्छविकालमा हुने गरेको संकेत पाइएको छ ।

श्रृखण्ड वृक्ष : लिच्छविकालको एक अभिलेखबाट परोक्षरूपमा त्यसबेला चन्दन घोट्न मिल्ने श्रृखण्डको बिरुवा पनि हुने गरेको देखिएको छ । लिच्छविकालको स्वयभूस्थित एक खण्डित अभिलेखमा उपलेपन शब्दको प्रयोग गरिएको छ । यसलाई धनवज्र वज्राचार्यले चन्दन आदि लेप भन्ने अर्थ गर्नु भएको छ (वि.सं. २०५३, पृ. ३८५) । यसबाट लिच्छविकालमा चन्दनको वृक्ष हुने गरेको र उक्त वृक्षाको काठलाई सुगन्धित लेपनको रूपमा पूजाआजामा प्रयोग गरिने गरेको तथ्य प्रकाशमा आएको छ ।

४. लिच्छवि अभिलेखमा उल्लेखित अन्न तथा तरकारीहरू :

लिच्चविकालका अभिलेखहरूमा विभिन्न प्रसङ्गमा त्यसबेला खेती हुने केही अन्न बालीको नाम र केही तरकारी जन्य वनस्पतिको चर्चा भएको छ । जग्गा गुठी राख्ने प्रसङ्गमा र कर छुट दिने प्रसङ्गहरूमा यस्ता अन्नबाली र तरकारीहरूको नाम आएको पाइएको छ । लिच्छविकालका समग्र अभिलेखहरूको सूक्ष्म अध्ययनबाट त्यस समयमा निम्नलिखित अन्न तथा तरकारीको अस्तित्व प्रमाणित भएको छ ।

धान तथा गहुँ :

लिच्छवि अभिलेखहरूमा अत्यधिक चर्चा गरिएको अन्नबाली धान हो । धानको उत्पत्तिको वास्तविक इतिहास अज्ञात छ तापनि जंगली धानलाई पाँचहजार वर्ष इ.पू.मा भारत तथा दक्षिणी चीनमा खेती गर्न आरम्भ गरिएको विश्वास गरिन्छ । Oryza Sativa जातको एसियन धान भारतको गंगा क्षेत्रबाट वर्मा, थाइल्याण्ड, भियतनाम तथा दक्षिणी चीनमा विस्तार भएको र पछि मात्र युरोप तथा अमेरिकामा विस्तार भएको थियो (Acquaah, 2014, p.573) । यसबाट भारत र चीनको बीचमा रहेको नेपालमा पनि धान खेतीको इतिहास ज्यादै पुरानो भएको अनुमान गर्न सकिन्छ । भारतको गुजरातमा गरिएको एक उतखनन्बाट ई.पू. २३०० वर्ष अघिका चामलका अवशेषहरू प्राप्त भएको छ (लोहनी, वि.सं. २०३७, पृ. १) तर नेपालमा भने धानको यति पुरानो भौतिक अवशेष प्राप्त हुन सकेको छैन । लिखित अभिलेखीय प्रमाणलाई हेर्दा लिच्छविकालको पहिलो मानिएको चावहिलको अभिलेखमै धानको उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. २) । यहाँ एक चैत्यलाई ४५ मनिका धान आउने खेत गुठी राखिदिएको प्रसङ्ग उल्लेख गर्दा धान शब्दको उल्लेख भएको हो । यस बाहेक धनवज्र वज्राचार्यको पुस्तक लिच्छविकालका अभिलेखहरूमा उल्लेख भए अनुसार बसन्तदेवको खपिंछेको अभिलेख (पृ. १३८), सम्वत् ४५२ उल्लेख गरिएको पशुपति आर्यघाटको अभिलेख (पृ. १४१), ठिमीबाट प्राप्त अर्को एक खण्डित अभिलेख (पृ. ३९३) आदि दर्जनौ अभिलेखहरूमा धान तथा चामलको उल्लेख भएको पाइएको छ । त्यसैले लिच्छविकालमा धान खेती व्यापक हुने गरेको देखिन्छ ।

लिच्छवि अभिलेखमा उल्लेख भएको अर्को अन्नबाली गहुँ हो । वर्तमान समयको गहुँ बाली पनि दक्षिण पश्चिमी एसियामै Triticum dicoccoides जातको आदिम गहुँ र Aegilops squarrosa जातको घाँसको समिश्रणबाट उत्पत्ति भएको विश्वास गरिन्छ (Acquaah, 2014, p.553) । मोहनजोदाडोको उत्खननबाट गहुँकै एक प्रजातिको अन्नको अवशेष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राप्त भएको छ (लोहनी, वि.सं. २०३७, पृ. ११९) । यसले भारतीय उपमहाद्वीपको गहुँको ऐतिहासिकता निकै पुरानो रहेको देखिन्छ । यी तथ्यहरूले नेपालमा पनि गहुँ खेती आरम्भिक समयमै भएको अनुमान गर्न सकिन्छ । लिच्छवि अभिलेखहरूमा गहुँ शब्दको खोजी गर्ने क्रममा प्रत्यक्ष गहुँ शब्द नै उल्लेख भएको पाइएन तर इचङ्गुनारायणदेखि दक्षिणतर्फको आदेश्वर स्थानमा ध्रुवदेव र जिष्णु गुप्तले राखेको अभिलेखमा छोगुंका बासिन्दालाई सम्बोधन गरिएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ४१२) । धनवज्र वज्राचार्यका अनुसार यहाँ उल्लेख भएको छो को अर्थ गहुँ र गुंको अर्थ डाँडो हो (वि.सं. २०५३, पृ. ४१३) । गहुँ फल्ने डाँडो भन्ने अर्थमा यसको नाम छोगुं रहेको कुरा उनले बताएका छन् । आजसम्म पनि यस क्षेत्रमा छोद्वं भन्ने ठाउँ रहेको र यहाँ अहिले पनि अन्यत्र भन्दा धेरै गहुँको उत्पादन हुने कुरा उनले बताएका छन् (पृ. ४१३) । यसबाट लिच्छविकालमा गहुँ पनि एक महत्त्वपूर्ण अन्नबालीको रूपमा रहेको देखिन्छ ।

प्याज र लसुन :

लिच्छवि अभिलेखहरूको सूक्ष्म अध्ययन गर्दा हाल विद्यमान रहेका तरकारीहरूको कुनै उल्लेख भएको पाइएको छैन । बरु हाल तरकारीको रूपमा प्रयोग हुने र तरकारीमा मिसाउन मात्र प्रयोग हुने प्याज तथा तरकारीलाई स्वादिस्ट बनाउन मसलाको रूपमा प्रयोग हुने लसुनको उल्लेख भएको पाइएको छ ।

प्याज मध्य एसिया क्षेत्रमा उत्पत्ति भै अरब अफ्रिका युरोप तथा अमेरिका क्षेत्रमा फैलिएको विश्वास गरिन्छ । प्याजको इतिहास खोजी गर्ने डा.इन्दु मेहताले आफ्नो एक लेखमा उल्लेख गरे अनुसार उत्तर पश्चिमी भारत, बलुचिस्तान तथा अफगानिस्तान क्षेत्रमा करिब ५००० वर्ष अघिदेखि प्याजको खेती आरम्भ भएको हो (2017, p.7)। उनले उल्लेख गरे अनुसार ३२०० इसापूर्वमा इजिप्सियनहरूले पिरामिड बनाउने कामदार हरूलाई प्याज खान दिने गर्दथे (2017, p.7) । सिकन्दरले प्याज भारतबाट युरोप पुऱ्याएको कुरा पनि मेहताले उल्लेख गरेकी छन् (2017, p.9) । भारतमा यति पुरानो इतिहास भएको प्याज खेती नेपालमा लिच्छविकालमा हुनु स्वभाविक थियो । त्यसैले होला एक लिच्छवि अभिलेखमा प्याज खेतीको उल्लेख भएको छ । पाटन भिमसेन स्थानमा शिब्देव प्रथम र अंशुवर्माले राखेको एक लिच्छवि अभिलेखमा लसुन र प्याजमा लाग्दै आएको कर माफ गरिदिएको उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ.२४५) । यहाँ प्याजका साथमा कर छुट पाउने तरकारीमा लसुनको समेत सँगसँगै उल्लेख भएको छ । लसुन पनि मध्य एसिया र मेडितरानियन क्षेत्रमा उत्पत्ति भएको विश्वास गरिन्छ (लोहनी, वि.सं. २०३७, पृ. ४४४) । लसुनको आरम्भिक अभिलेख इजिप्सियन सभ्यतामा भएको पाइन्छ जसमा लसुनलाई विविध औषधीय गुण भएको वनस्पतिको रूपमा वर्णन गरिएको छ (Suvarna & Rajgopalan, 2015, p.8) । यसरी मध्य एसिया र उत्तरी अफ्रिकी क्षेत्रमा उत्पत्ति भएको लसुन भारत हुँदै नेपाल आउन पक्कै पनि धेरै समय लागेन । त्यसैले लिच्छविकालमा यसको खेती आरम्भ भैसकेको देखिनु स्वभाविकै थियो ।

तेलहन बाली तथा हाम्हूं र कुम्हु :

अंशुवर्माले साँगामा राखेको एक लिच्छवि अभिलेखमा शङ्गा (साँगा) गाउँका बासिन्दाले राज्यलाई तिर्दै आएको तेल, हाम्हूं भन्ने वस्तु र कुम्हू भन्ने वस्तुमा छुट दिएको प्रसङ्ग उल्लेख भएको छ (वज्राचार्य, वि.सं. २०५३, पृ. ३३७) । यसबाट त्यसबेला तेलहन बालीको (सायद तोरी) खेती हुने गरेको देखिएको छ । वज्राचार्यले यसै प्रसङ्गमा हाम्हूंलाई तिल भन्नु भएको छ । कुम्हूं शब्दको प्रयोग पनि तेल, तिल आदि वस्तुसँगै भएको हुँदा आलस, फिलिङ्गे जस्तै कुनै तेलहन बाली थियो भन्ने अनुमान गर्न सकिन्छ । त्यसबेला साँगा क्षेत्रमा तेल पेल्ने कोलहरू (तैल्यशाला) रहेको (वज्राचार्य, वि.सं. २०५३, पृ. ३३८) तथ्यले पनि तेलहन बालीको खेती लिच्छविकालमा भएको स्पष्ट हुन्छ ।

५. जैविक विविधता र तत्कालीन भौतिक संस्कृति:

अभिलेखमा उल्लेखित प्रसङ्गहरूबाट मात्र लिच्छविकालमा कति जीव र वनस्पति अस्तित्वमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रहेका थिए र यी जीव तथा वनस्पतिले तत्कालीन भौतिक संस्कृति निर्माणमा कस्तो भूमिका खेलेका थिए भन्ने यकिन गर्नु सम्भव छैन । किनभने ज्यादै सीमित वनस्पति र जीवजन्तुहरूको प्रसङ्ग मात्र अभिलेखमा पाइएको छ । तर प्राप्त तथ्यहरूले तत्कालीन भौतिक संस्कृतिका केही विशिष्ट पक्षहरूलाई उजागर गरेको पाइएको छ । यस सन्दर्भमा अभिलेखमा प्राप्त जैविक विविधताको खोजी तथा अन्वेषणबाट प्राप्त हुन आएका लिच्छविकालीन भौतिक संस्कृतिका केही विशिष्ट संकेतहरूलाई उल्लेख गरिएको छ ।

हात्ती पालन व्यवसाय र सडक संस्कृति: अभिलेखमा हात्तीयुक्त सेना, राज्याभिषेकमा प्रयोग हुने हात्ती तथा हस्तीमार्ग जस्ता शब्दहरूको प्रयोग भएको पाइएको हुँदा हालको किसिपिडी अर्थात् तत्कालीन किचप्रिचि गाउँ क्षेत्रमा हात्ती पालन व्यवसाय नै संचालन भएको संकेत मिलेको छ । धनवज्र वज्राचार्यले यस्तो हात्ती पहाडी क्षेत्रमा रहन सक्ने विशेष जातको हात्ती हुन सक्ने बताएका छन् (पृ.२४) । जसलाई अन्यथा मान्नुपर्ने कुनै कारण देखिदैन । युद्धमा, सवारीमा र राज्याभिषेकमा प्रयोग हुने हात्ती उपत्यकामै पालिने कुरा र हात्तीकै लागि फराकिला सडकहरू निर्माण गर्ने परम्परा वा संस्कृति लिच्छविकालमै रहेको संकेत पाइनु एक उल्लेखनीय पक्ष रहेको छ । तराईबाट ल्याइएका केही हात्ती दरबारमा पालिएकोमा गर्व गर्ने काठमाण्डौं उपत्यकाको मध्यकालीन समाजभन्दा लिच्छवि समाज हात्ती पालन व्यवसायमा र त्यसकै लागि चौडा सडक निर्माणमा समुन्नत रहेको देखिएको छ ।

गोपाल र महिषपाल संस्कृतिको निरन्तरता : वंशावलीहरूले कुनै समयमा उपत्यकामा गाई र भैँसी पाल्ने समुयदायको शासन रहेको बताएका छन् । उनीहरूलाई किरातवंशका शासकहरूले पराजित गरेर शासन आफ्नो हातमा लिएको वर्णन पनि वंशावलीहरूमा पाइन्छ । किराँतहरूको आक्रमणमा पराजित भएपछि गोपाल र महिषपालहरू कहाँ गए भन्ने कुराको परोक्ष उत्तर पनि लिच्छवि अभिलेखले दिएका छन् । राजवंशको परिवर्तन भए तापनि गोपाल र महिषपालहरू उपत्यका आसपासका उच्च भेकमा बसोबास गरेका थिए र गाई भैँसी पाल्ने व्यवसायलाई निरन्तरता दिएका थिए भन्ने अनुमान गर्न यी वस्तुको अस्तित्व प्राप्तिले सहज बनाई दिएको छ । यसबाट गोपाल र महिषपालहरूको संस्कृति निरन्तरताको संकेत पाइनुका साथै लिच्छवि समाजमा गाई भैँसीको दूध, दही मोही, र घ्यू जस्ता खाद्य वस्तु उपयोग गर्ने संस्कृतिको पनि संकेत पाइएको छ ।

किराँत संस्कृतिको अस्तित्व: अभिलेखमा कुखुरा र सुँगुर पालनको प्रसङ्ग पाइएको छ । लिच्छविहरू हिन्दू थिए । हिन्दू उच्च वर्णमा सुँगुर पालनको र कुखुरा पालनको परम्परा पाइदैन । हालसम्म पनि सामान्यतया परम्पराकै रूपमा कथित तल्लो वर्ण अर्थात् उपेक्षित हिन्दू दलित समुदायमा बाहेक अन्य समुदायले कुखुरा र सुँगुर पाल्ने गरेको पाइदैन । यी पशुपक्षी पालन र उपभोगको विशिष्ट परम्परा अहिलेसम्म पनि राई तथा लिम्बू जस्ता किराँत समुदायमा अधिक लोकप्रिय छ । हालसम्म पनि किराँतहरूको चाडपर्व, संस्कार तथा पूजाआजामा कुखुरा र सुँगुरको मासु अपरिहार्य मानिन्छ । यी तथ्यहरूले लिच्छविकालमा कुखुरा र सुँगुर पालेर लिच्छवि राजाहरूलाई खुसी पार्ने समुदाय मुख्यरूपले कुनै समयको शासक खलक अन्तरगतकै किराँतहरू हुन सक्ने देखिन्छ । यसबाट लिच्छविकालसम्म किराँत बसोबास र उनीहरूको संस्कृतिको अस्तित्व कायम रहेको अनुमान गर्न सकिने आधार प्राप्त भएको छ ।

नाग संस्कृतिको ऐतिहासिकता : काठमाण्डौं उपत्यका आरम्भमा एक तलाउ रहेको र उक्त तलाउमा नागहरूको बसोबास रहेको वर्णन नेपालका अधिकांश वंशावलीहरूको र किम्बदन्तीहरूको मुख्य विषय हो । मध्यकालमा निर्मित उपत्यकाका राजदरबार र आसपासका क्षेत्रमा नागका आकृति सहितका नागपोखरी निर्माण गर्ने परम्परा र नाग पूजाको परम्परा निकै लोकप्रिय रहेको छ । यस्तो नाग वा सर्पसँग सम्बन्धित संस्कृति अधिक चिसो वातावरण युक्त उपत्यकामा कसरी विकसित हुन पुग्यो भन्ने कुरा खोजीको विषय रहेको छ । जबकि सर्प न्यानो जलवायुमा मात्र रहन सक्ने जीव हो । यस खोजीबाट लिच्छविकालका अभिलेखमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सर्पको प्रसङ्ग पाइएको हुँदा चिसो वातावरणमा समेत रहन सक्ने सर्पको कुनै विशेष प्रजाति र संभवत् पोखरी वा तलाउमा बस्ने सर्पको अस्तित्व लिच्छविकालमा रहेको थियो भन्ने देखिन्छ । त्यसबेलाका अभिलेखको मस्यौदाकार सर्पको बारेमा पक्कै जानकार थिए । यस प्रसङ्गले लिच्छविकालीन समाज सर्प परिचित रहेको देखिन्छ । त्यसबेला सर्पको अस्तित्व रहेको देखिनु र सर्प वा नागको महिमायुक्त हिन्दू धर्म ग्रन्थहरूको प्रभावले सायद लिच्छविकालमै नाग पूजा, नागपोखरी निर्माण जस्ता नाग संस्कृतिको परम्परा रहेको अनुमान गर्ने आधार प्राप्त हुन सकेको छ ।

मत्स्यपालन र उपभोग गर्ने संस्कृतिको ऐतिहासिकता: हालसम्म काठमाण्डौं उपत्यकामा माछापालनको इतिहास पुरानो नरहेको विश्वास गरिन्छ । मत्स्य विकास महाशाखा प्रमुख समेत रहेका मत्स्य विकास अधिकृत द्वय स्वार र नेपालका अनुसार काठमाण्डौं उपत्यकामा मल्लकालमा पोखरीहरू बने तापनि माछा पालन गरिएको थिएन । रणबहादुर शाहको पालामा बालाजुको २२ धारा क्षेत्रको माथिल्लो पोखरीमा सर्वप्रथम शहर र कत्ले जातको स्थानीय माछा पहिलो पटक पाल्न सुरु गरिएको हो (स्वार र नेपाल, मि.न., पृ.५) । यो भनाइले काठमाण्डौंमा शाहकालदेखि मात्र माछापालन आरम्भ भएको भन्ने हुन्छ । तर यो खोज र अन्वेषणले यो तथ्यलाई परिमार्जन गरी लिच्छविकालदेखि नै उपत्यकामा माछापालन हुने गरेको देखिएको छ । लिच्छवि अभिलेखमा माछाको हेरचाहले राजा खुसी भएको प्रसङ्ग पाइएकोले (वज्राचार्य, वि.सं. २०५३, पृ. २९१) प्राकृतिक रूपमा खोला र पोखरीमा भएका माछा मार्ने मात्र नभै माछा राम्रो हेरचाहका साथमा पालन गरिने तथ्य पनि प्रकाशमा आएको छ । अन्य अभिलेखमा माछामा लाग्ने करको पनि उल्लेख छ । यस आधारमा उपत्यकामा माछापालन व्यवसाय लिच्छविकालमै रहेको र माछाको उपभोग गर्ने संस्कृति त्यसबेला नै विकसित भएको स्पष्ट हुन आएको छ ।

तल्ले शैलीका र छाने शैलीका काष्ठकलायुक्त भवन निर्माण संस्कृति : अभिलेखमा बहुतल्ले शैलीका भवन निर्माणमा प्रयोग हुने काठ वा वृक्षहरूको प्रसङ्ग पाइएको छ । तल्ले शैलीका भवनमा प्रयोग हुने झ्याल, ढोकाका चौकोस, खापा, दलिन निदाल खम्बा आदि सामग्री निर्माणमा अधिक प्रयोग हुने साल, सल्लो, चाँप, जस्ता वृक्षको प्रसङ्ग लिच्छवि अभिलेखमा आएको छ । अभिलेखमा उल्लेखित माश वृक्ष स्पष्ट रूपमा चिन्न नसकिए तापनि जमिनको साँध छुट्टाउने प्रसङ्गमा उल्लेखित माश वृक्ष काठ बनाउन मिल्ने कुनै ठूलो रूख थियो भन्ने देखिन्छ । अभिलेखमा वर्णित मानगृह, कैलाशकुट आदि दरबारको भौतिक स्वरूपलाई हेर्दा ती दरबार बहुतल्ले र छाने शैलीमा बनाइएको आभाष मिल्दछ । अभिलेखमा पाइएको यी वृक्षको प्रसङ्गबाट त्यसबेलाका अधिकांश आवास भवन तथा मन्दिर भवनहरू पनि तल्ले शैलीका वा छाने शैलीका थिए होलान् भन्ने अनुमानलाई बल पुगेको छ । अभिलेखमा कमल, निलकमल जस्ता फूलहरूको प्रसङ्गले आवास भवन वरिवरिका फूलबारी वा बगैँचा निर्माण परम्परालाई पनि संकेत गरेका छन् । दुनियाले आँखा झिमिक्क नपारी हेरी रहने भनिएको कैलाशकुट दरबारलाई यस्तै बगैँचाले यस्तो सुन्दर बनाएका हुन सक्छन् ।

मुख्य खाना भात र रोटी : लिच्छविकालका अभिलेखमा धान र चामलको प्रसङ्ग धेरै अभिलेखमा पाइनु, अभिलेखमा गहुँ फल्ने डाँडोकै चर्चा हुनु र सकेसम्म परम्परा त्याग्न नसक्ने उपत्यकाको समाजमा हालसम्म पनि मुख्य खाद्य परिकार भात र रोटी रहेको हुँदा लिच्छविकालमा यस्तो खानपान संस्कृतिको निर्माण भैसकेको तथ्य परोक्ष रूपमा प्रकट भएको छ ।

अभिलेखहरूमा त्यसबेलाको मुख्य तरकारी के थियो भन्ने तथ्य प्राप्त गर्न सकिएको छैन तर अभिलेखहरूमा राज्यलाई कर नै तिर्नु पर्ने गरी लसुन र प्याजको खेती हुने गरेको पाइनु र तेलहन बालीको पनि प्रसङ्ग पाइएको हुँदा त्यसबेला स्वादिलो तरकारी उपभोग गर्ने परम्परा रहेको कुरामा भने शंका गर्नुपर्ने अवस्था देखिदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६. उपसंहार :

लिच्छविकालमा पनि वर्तमान समयमा काठमाण्डौं उपत्यकामा पाइने अधिकांश जीवजन्तु र वनस्पतिको अस्तित्व रहेको थियो । हाल दुर्लभ रहेको हात्ती उपत्यकामा लिच्छविकालमै विभिन्न प्रयोजनका लागि पालिन्थ्यो । हात्ती पालन व्यवसायकै कारणले त्यसबेलाका कतिपय सडकहरू चौडा हुने गरी निर्माण गरिएको थियो । त्यसबेलाको जैविक विविधताले तत्कालीन सांस्कृतिक विविधताको पनि संकेत प्राप्त भएको छ । हिन्दूहरूको गाई र भैँसीपालन, तथा किराँत समुदायको कुखुरा र सुँगुर पालनले हिन्दू तथा गैर हिन्दू संस्कृतिको समन्वयबाट तत्कालीन मूल संस्कृतिको जग निर्माण भएको सहजै अनुमान गर्न सकिन्छ । सर्पसँग सम्बन्धित सांस्कृतिक मान्यताहरू बलियो गरी मध्यकालमा स्थापित हुनुमा लिच्छविकालमै उपत्यका बासिन्दाहरू सर्पको सम्पर्कमा रहेको कारणले स्थापित भएको अनुमान गर्नका लागि पनि आधार प्राप्त भएको छ । तत्कालीन जैविक विविधता र वनस्पतिजन्य विविधताले लिच्छविकालीन समाजको खानपान संस्कृतिको विशिष्टता प्रकाशमा ल्याइदिएको छ । मुख्य खाना भात र रोटी रहेको, माछाको उपभोग गर्ने र भैँसी तथा भेडाको मासु उपभोग गर्ने परम्परा रहेको, दूध र दूग्ध पदार्थको सेवन सहज रहेको, आँप जस्तो स्वादिलो फल उपभोग हुने गरेको, तरकारीमा प्रयोग हुने तेल, लसुन र प्याजको उल्लेख भएबाट स्वादिला तरकारीहरू पनि त्यसबेलाको खानपान संस्कृतिको एक अभिन्न अंग रहेको संकेत पाइएको छ । खानपान जस्तै विविध रूख र वृक्षको प्रसङ्गले लिच्छविकालमा तल्ले शैलीका भवनहरू र छाने शैलीका भवनहरू निर्माण हुने गरेको, फूलका बगैँचाहरूसँग लिच्छविकालीन समाज परिचित रहेको तथ्य पनि प्रकाशमा आएको छ । यसरी अभिलेखहरूमा उल्लेख भएका जैविक विविधताका थोरै उदाहरणहरूले पनि लिच्छवि संस्कृति सम्पन्न रहेको र विशिष्ट रहेको संकेत प्राप्त भएको छ ।

सन्दर्भ सामग्री सूची

त्यागी, एम.पी. र रस्तौगी आर. ए. (१९८५). हिन्दू राज्य शास्त्र, मेरठ : संजीव प्रकाशन ।

नेपाल, ज्ञानमणि (वि.सं.२०४०). नेपाल निरुक्त. काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लोहनी, शिवनाथ (वि.सं.२०३७).नेपालका कृषिबाली. काठमाण्डौं : देवेन्द्र लोहनी ।

वज्राचार्य, धनवज्र (वि.सं.२०५३) लिच्छविकालका अभिलेखहरू. कीर्तिपुर काठमाण्डौं : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

स्वार, दीपबहादुर र नेपाल, अग्नीप्रसाद (मि.न.) नेपालमा मत्स्य विकासको इतिहास.अर्न्तगत कृतिम तथा प्राकृतिक जलाशय मत्स्य शाखाद्वारा सम्पादित मत्स्य पालन, श्रृंखला ४ . बालाजु काठमाण्डौं : कृतिम तथा प्राकृतिक जलाशय मत्स्य शाखा, केन्द्रिय मत्स्य भवन ।

Acquaah, G. (2014). Principles *of crop production theory, techniques and technology (Second Indian edition)* . Delhi : PHI Learning private limited.

Banerjee,G.C.(2011). *A text book of animal husbandry (8th edition)*. New Delhi : Oxford & IBH publishing co. pvt. ltd.

Flamond, J.R.B,Vankan,D.,Gairhe,K.P.,Duong, H. & Barker, S.F.(2003). Genetic identification of wild Asian water buffalo in Nepal. *Animal Conservation.(6)3* DOI: 10.1017/S1367943003003329

Mehta, I. (2017). Origin and history of onions. *IOSR Journals of Humanities & Social Science.*Vol.22 No.9 PP 7-10.

Nidup, K., Joshi, D. D., Gongora, J. & Moran, C.(2010) Farming and biodiversity of indigenous pigs in Nepal. *Biodiversity· 11*(3-4): DOI:10.1080/ 14888386.2010.9712661

Suvarna, Y.& Rajgopalan R. (2015) Garlic: Nature's panacea. *Asian Journal of Pharmaceutical and Clinical Research* . Vol 8.No.3. PP 8-13.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयमा रहेका वाराहीनिग्रहाष्टक र वाराह्यनुग्रहाष्टक स्तोत्रको सम्पादन तथा नेपाली अनुवाद

- डा. माधवप्रसाद लामिछाने*

वाराहीनिग्रहाष्टक र वाराह्यनुग्रहाष्टक स्तोत्रको पाण्डुलिपिको परिचय

वाराहीनिग्रहाष्टक र वाराह्यनुग्रहाष्टक शीर्षकका दुई स्तोत्रका पाण्डुलिपि राष्ट्रिय अभिलेखालय, काठमाडौँमा नेपाल–जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाअन्तर्गत रील नं. एच् ३५२/४३ मा माइक्रोफिल्म गरिएको छ । उक्त रील नं.को माइक्रोफिल्ममा उपर्युक्त दुइवटा स्तोत्रका अतिरिक्त गंगाष्टक, माहात्म्याष्टक, तुलसीकवच, तुलसीस्तोत्र, ताराष्टक आदि नौवटा स्तोत्रसमेत गरी जम्मा एघारवटा स्तोत्रहरू रहेका छन् । वाराहीनिग्रहाष्टक शीर्षकको स्तोत्र पत्रसङ्ख्या ७५ अङ्कित पानामा र त्यसको तल्लो पानामा समेटिएको छ भने वाराह्यनुग्रहाष्टक शीर्षकको स्तोत्र पत्रसङ्ख्या ७६ अङ्कित पानामा र त्यसको तल्लो पानाको दुई हरफमा समेटिएको छ । उक्त पाण्डुलिपिको पत्रसङ्ख्या ७५ अङ्कित पानामा एघार हरफ रहेका छन् भने त्यसको तल्लो पानामा सात हरफ रहेका छन् । त्यसैगरी पत्रसङ्ख्या ७६ अङ्कित पानामा पनि एघार हरफ नै रहेका छन् भने त्यसको तल्लो पानामा दश हरफ रहेका छन् । उक्त पाण्डुलिपि नेपाली कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको छ ।

वाराहीनिग्रहाष्टक र वाराह्यनुग्रहाष्टक स्तोत्रका अन्य संस्करण

ईस्वीसंवत् १९१२ मा तुकाराम जावजीद्वारा निर्णयसागर प्रेस, मुम्बईबाट प्रकाशित बृहत्स्तोत्ररत्नाकरमा यी दुई स्तोत्रहरू सङ्ग्रहित छन् भने Sanskritdocuments.org ले यी दुई स्तोत्रहरूको Online संस्करण प्रकाशित गरेको छ तर त्यसको स्रोत भने खुलाइएको छैन । यी दुई संस्करण यस पङ्क्तिकारको दृष्टिमा परेकाले राष्ट्रिय अभिलेखालयमा रहेका यी दुई स्तोत्रहरूका पाण्डुलिपिको शुद्ध सम्पादनका साथमा ती दुवै संस्करणका पाठभेदलाई यहाँ स्थान दिइएको छ । यहाँ राष्ट्रिय अभिलेखालय, काठमाडौँमा रहेको पाण्डुलिपिलाई मातृका 'क', बृहत्स्तोत्ररत्नाकरको पाठलाई मातृका 'ख' र Online संस्करणको पाठलाई मातृका 'ग' संज्ञा दिइएको छ ।

वाराहीसम्बन्धी केही कुरा

सप्तमातृका वा अष्टमातृकाको समूहमा वाराही पर्दछिन् ।[1] दुर्गासप्तशतीमा रक्तबीजवधको प्रसङ्गमा

*उप-प्राध्यापक, वाल्मीकि विद्यापीठ, काठमाडौं

१ सप्तमातृकाको समूहमा महालक्ष्मीको गणना पाइँदैन भने अष्टमातृकाको समूहमा महालक्ष्मीको गणना गरिएको छ । सप्तमातृकाको समूहमा पर्ने मातृशक्तिहरू– ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, ऐन्द्री र चामुण्डा हुन् भने अष्टमातृकाको समूहमा महालक्ष्मीलाई थप गरिएको छ । यस सम्बन्धमा स्वच्छन्दतन्त्रमा के बताइएको छ भने ज्ञानरश्मिस्वरूप भगवती उमा नै महालक्ष्मी हुन् जो भैरवस्वरूप महेश्वरका साथ सामरस्य भावले सप्तमातृकाको समूहले घेरिएर रहेकी छिन् । स्वयं उमा नै सातवटा भिन्न नाम र रूपले विभक्त भएकी हुन् (हेर्नुहोस्, स्वच्छन्दतन्त्र, १० पटल २०२९।३–४ देखि १०३० श्लोक) । त्यसकारण सातवटा मातृकाहरू उमाका रश्मिस्वरूप र तिनले घेरिएकी उमा नै महालक्ष्मीस्वरूप आठौँ मातृका हुन् भन्ने स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ब्रह्माकी शक्ति ब्रह्माणी, महेश्वरकी शक्ति माहेश्वरी, कुमारकी शक्ति कौमारी, गरुडवाहन विष्णुकी शक्ति वैष्णवी, वराह अवतार विष्णुकी शक्ति वाराही, नृसिंह अवतार विष्णुकी शक्ति नारसिंही[२], इन्द्रकी शक्ति ऐन्द्री यी सप्तमातृकाहरू चण्डिकादेवीको शरीरमा प्रवेश गरेको उल्लेख प्राप्त हुन्छ । यसप्रकार त्यहाँ मातृशक्ति वाराहीलाई वराह अवतार विष्णुकी शक्तिको रूपमा देखाइएको छ । जहाँ सप्तमातृकाको प्रसङ्ग आउँछ त्यहाँ सर्वत्र वाराहीलाई पाँचौं स्थानमा राखिएको हामी पाउँछौं । सायद वाराहीलाई पञ्चमी नामले सम्बोधन गर्नुको कारण पनि यही नै होला । देवीपुराणमा वाराहीको सम्बन्ध यमराजसँग देखाइएको छ । त्यहाँ वाराहीलाई यमकी शक्तिका रूपमा चित्रण गरिएको छ । वाराहीको वाहन भैंसी रहेको छ र यमको वाहन पनि भैंसी नै भएकोले यम र वाराहीको सम्बन्ध तर्कयुक्त देखिन्छ । दुर्गासप्तशतीमा सङ्ग्रहित देवीकवचमा पनि भैंसी वाहन भएकी[३] वाराहीले दक्षिण दिशाको रक्षा गरून्[४] तथा आयुको रक्षा गरून्[५] भनेर प्रार्थना गरिएको छ । यहाँ के कुरा स्मरणयोग्य छ भने यमराज पनि दक्षिण दिशाका स्वामी मानिन्छन् र उनलाई आयु वा मृत्युका देवता मानिएको छ । मालिनीविजयोत्तरतन्त्रमा अष्टमातृकाको गणनामा याम्याको नाम आएको छ ।[६] यमसँग सम्बन्धित अर्थमा याम्य शब्द बन्ने र त्यसैको स्त्रीलिङ्मा याम्या शब्द बन्ने भएकोले मालिनीविजयोत्तरतन्त्रमा उल्लिखित याम्या वाराहीकै पर्याय हुन् । पचासवटा वर्णमातृकाहरूलाई आठवटा वर्गमा विभाजित गरी माथि उल्लिखित अष्टमातृकाहरूलाई एक एकवटा वर्गकी अधिष्ठात्री मानिएको छ र त्यस क्रममा वाराहीलाई पवर्गकी अधिष्ठातृ मानिएको छ । जसअनुसार अवर्ग अर्थात् स्वरवर्णकी अधिष्ठात्री महालक्ष्मी, कवर्ग (क, ख, ग, घ, ङ)की अधिष्ठात्री ब्राह्मी, चवर्ग (च, छ, ज, झ, ञ)की अधिष्ठात्री माहेश्वरी, टवर्ग (ट, ठ, ड, ढ, ण)की अधिष्ठात्री कौमारी, तवर्ग (त, थ, द, ध, न)की अधिष्ठात्री वैष्णवी, पवर्ग (प, फ, ब, भ, म)की अधिष्ठात्री वाराही, यवर्ग (य, र, ल, व) की अधिष्ठात्री ऐन्द्री र शवर्ग (श, ष, स, ह, क्ष) की अधिष्ठात्री चामुण्डा हुन् ।[७] वाराहीको स्वरूपका विषयमा भिन्नभिन्न ग्रन्थमा भिन्नभिन्न मत पाइन्छ । रूपमण्डनमा वाराहीलाई भैंसी वाहन भएकी, वराहजस्तै स्वरूप भएकी, हातमा घण्टा, चामर, चक्र र गदा लिएकी भनेर बताइएको छ ।[८] देवतामूर्तिप्रकरण नामक ग्रन्थमा वाराहीलाई कालो वर्ण भएकी, सुँगुरको जस्तो मुख भएकी, ठूलो भुँडी भएकी, दाहिने हातमा दण्ड, खड्ग र वरदमुद्रा धारण गर्ने तथा बायाँ हातमा खेट, पाश र अभयमुद्रा धारण गर्ने भनेर बताइएको छ ।[९] रूपमण्डनका अनुसार वाराहीका चारवटा हात देखिन्छन्

---

२ नारसिंही र चामुण्डा दुवैलाई सप्तमातृका वा अष्टमातृकाको समूहमा एकै ठाउँमा उल्लेख गरेको पाइँदैन । जहाँ चामुण्डाको उल्लेख गरिएको छ त्यहाँ नारसिंहीको उल्लेख पाइँदैन (हेर्नुहोस्, देवीकवच (दुर्गासप्तशतीअन्तर्गत), ९–११ श्लोक) भने जहाँ नारसिंहीको उल्लेख छ त्यहाँ चामुण्डाको उल्लेख पाइँदैन (हेर्नुहोस्, दुर्गासप्तशती, ८ अध्याय १५–२१ श्लोक तथा ८ अध्याय ३३–३७ श्लोक) ।

३ प्रेतसंस्था तु चामुण्डा वाराही महिषासना ।
–दुर्गासप्तशती, देवीकवच, ८।३–४ पाद

४ दक्षिणे चैव वाराही००
–दुर्गासप्तशती, देवीकवच, १९।१ पाद

५ आयू रक्षतु वाराही००
–दुर्गासप्तशती, देवीकवच, ४०।१ पाद

६ माहेशी ब्राह्मणी चैव कौमारी वैष्णवी तथा ।
ऐन्द्री याम्या च चामुण्डा योगेशी चेति ते मताः ।।
–मालिनीविजयोत्तरतन्त्र, ३ अधिकार १४ श्लोक ।

७ अवर्गे तु महालक्ष्मीः कवर्गे कमलोद्भवा ।।
चवर्गे तु महेशानि टवर्गे तु कुमारिका ।
नारायणी तवर्गे तु वाराही तु पवर्गिका ।।
ऐन्द्री चैव यवर्गस्था चामुण्डा तु शवर्गिका ।
एताः सप्तमहामातृः सप्तलोकव्यवस्थिताः ।।
–स्वच्छन्दतन्त्र, १ पटल ३४।३–४ पाददेखि ३६ श्लोकसम्म ।

८ वाराहीं तु प्रवक्ष्यामि महिषोपरि संस्थिताम् ।
वाराहसदृशीं घण्टानादचामरधारिणी ।।
गदा चक्रगदा तद्वद् दानवेन्द्रविघातिनी ।
लोकानाञ्च हितार्थाय सर्वव्याधिविनाशिनी ।।
–रूपमण्डन, ५ अध्याय, ६७–६८ श्लोक ।

९ कृष्णवर्णा तु वाराही शूकरास्या महोदरा ।
वरदा दण्डिनी खड्गं बिभ्रती दक्षिणे सदा ।।
खेटपाशभया वामे सैव चापि लसद्भुजा ।।
देवतामूर्तिप्रकरण, ८ अध्याय, ६९ श्लोकको ३–४ पाददेखि ७० श्लोकसम्म ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भने देवतामूर्तिप्रकरणका अनुसार छवटा हात देखिन्छन् । महाकालसंहिताको कमकलाखण्डका अनुसार वाराहीका आठवटा हात देखिन्छन् । बायाँपट्टिका चार हातमा कमल, धनुष, अङ्कुश र पाश धारण गरेकी छिन् भने दायाँपट्टिका चार हातमा चक्र, बाण, गदा र शङ्ख धारण गरेकी छिन् ।[१०] योगिनीहृदयमा वाराहीलाई सुँगुरको जस्तो मुख भएकी, चार हातमा हलो, मुसल, खड्ग र खेटक (दण्ड) धारण गरेकी भनेर बताइएको छ ।[११]

नेपालमा मातृकागणकी देवी वाराहीसँग सम्बद्ध पीठहरू यत्रतत्र रहेका छन् । काठमाडौँमा स्थानीय नेवा: भाषामा कंग: अजिमा भनेर चिनिने कङ्केश्वरी पीठ नै वाराही पीठ हो भनी धनशमशेर ज.ब.रा.ले लेखेका छन् ।[१२] उक्त पीठ नरदेवी आयुर्वैदिक अस्पतालबाट करिब छ मिनेटको पैदल यात्रामा पुगिने विष्णुमतीको किनारमा कङ्केश्वरी मार्ग र पुष्पलाल मार्गको बीचमा रहेको छ । देवमालावंशावलीमा उल्लेख भएअनुसार तात्कालिक कान्तिपुरका राजा गुणकामदेवले महालक्ष्मीबाट सपनामा आज्ञा भएबमोजिम कान्तिपुर सहर बसाइसकेपछि देशको रक्षाका लागि कङ्केश्वरीको आवाहन गरी देशको पश्चिम भागमा विष्णुमतीको किनारमा स्थापना गरे ।[१३] यहाँ एउटा के कुरा विचारणीय देखिन्छ भने अन्यत्र वाराहीलाई दक्षिण दिशासँग सम्बद्ध मानी त्यसैअनुसार स्थापना गरेको देखिन्छ तर यहाँ देशको पश्चिम भागमा वाराहीको स्थापना गरी उनलाई पश्चिम दिशासँग सम्बद्ध मानेको देखिन्छ । यसबाट वाराहीलाई दक्षिण दिशासँग सम्बद्ध मान्ने र पश्चिम दिशासँग सम्बद्ध मान्ने दुइवटा परम्परा रहेको स्पष्ट हुन्छ । स्वच्छन्दतन्त्रमा वाराहीलाई पश्चिम दिशासँग सम्बद्ध देखाइएको छ ।[१४] त्यसकारण राजा गुणकामदेवको समयमा काठमाडौँमा स्वच्छन्दतन्त्रको बढी प्रभाव थियो कि भन्ने तर्क उपस्थित भएको छ ।

ललितपुरको ज्यागल भन्ने स्थानमा धन्वन्तरी वाराहीका नामले चिनिने वाराही पीठ तथा बाँडेगाउँमा श्वेतवाराहीका नामले चिनिने वाराही पीठ रहेका छन् । रूपमण्डनमा वाराहीलाई सबै प्रकारका रोगहरूलाई नाश गर्ने देवी भनिएको छ ।[१५] ज्यागलमा रहेकी वाराहीलाई त्यसैको प्रभावमा धन्वन्तरी वाराही भनिएको हुनुपर्छ ।[१६] बौद्ध परम्पराकी देवी वज्रवाराहीको पीठ पनि बाँडेगाउँ नजिकै रहेको छ । काठमाडौँबाहिर पोखरास्थित फेवातालमा प्रसिद्ध वाराहीपीठ रहेको छ । वाराहीका मुख्य पाँच भेद– स्वप्नवाराही, चन्द्रवाराही, महीवाराही, ऋचवाराही र मत्स्यवाराहीमध्ये फेवातालमा रहेकी वाराही मत्स्यवाराही हुन् । त्यसैगरी भक्तपुरमा पनि वाराहीको प्रसिद्ध पीठ रहेको छ । भक्तपुरमा रहेका शक्तिपीठहरूमध्ये वाराहीपीठ तलेजुपछिको सबैभन्दा समृद्ध पीठ मानिन्छ ।

वाराहीनिग्रहाष्टक स्तोत्रको भाव

निग्रह शब्द रोक्नु, नियन्त्रित गर्नु, दमन गर्नु, नष्ट गर्नु, दण्ड दिनु आदि अर्थमा प्रयोग हुन्छ ।[१७] अष्टक शब्दले आठको समूह भन्ने अर्थ प्रदान गर्दछ त्यसैले कसैलाई नियन्त्रणमा लिनका लागि, दमन गर्नका लागि वा दण्ड दिनका लागि मातृशक्ति वाराहीलाई आठवटा स्तुतिपद्यले प्रार्थना गरेको सामान्य भाव यस स्तोत्रको शीर्षकबाट नै ज्ञात हुन आउँछ । हो, उपयुक्त शीर्षकको सामान्य भावबमोजिम नै यस स्तोत्रमा एकजना भक्तले आफूलाई मन, वचन र कर्मले रिस गर्ने व्यक्तिलाई उसको त्यस्तो

---

१० अब्जचापांकुशान् पाशं वामगे बिभ्रतीं करे ।
चक्रं बाणं गदां शंखं दधतीं दक्षिणे करे ।।
–महाकालसंहिता, कामकलाखण्ड, ८ पटल, ५७३ श्लोकको ३–४ पाददेखि ५७४श्लोकको ३–४ पादसम्म ।

११ वाराही श्यामलच्छाया पोत्रिवक्त्रसमुज्ज्वला ।
हलं च मुसलं खड्गं खटकं दधती भुजैः ।।
–योगिनीहृदय, पूजासंकेत १२१ श्लोक ।

१२ हेर्नुहोस्, कामकलारहस्य, १०० पृष्ठ ।

१३ हेर्नुहोस्, देवमालावंशावली, ४०–४१ पृष्ठ ।

१४ नीलजीमूतसंकाशा सर्वाभरणभूषिता ।
वारुण्यां दिशि देवेशि वाराही पर्युपस्थिता ।।
–स्वच्छन्दतन्त्र, दशम पटल, १०२४ श्लोक ।

१५ हेर्नुहोस्, टिप्पणीसङ्ख्या ८ ।

१६ धन्वन्तरी देवताका वैद्य हुन् । वाराहीको उपासनाले सम्पूर्ण प्रकारका रोगव्याधिहरू नाश हुन्छन् भन्ने जनविश्वास रहेकोले जनसमाजले उनलाई सो नाम प्रदान गरेको हुन सक्छ ।

१७ हेर्नुहोस्, संस्कृत–हिन्दी कोश, ५२३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कार्य रोकिदिनका लागि, उसलाई दण्डित गर्नका लागि वा उसको प्राणै हरण गर्नका लागि पनि वाराहीसँग प्रार्थना गरेको छ । देवीप्रतिको अनन्य भक्तिले नराम्रो कर्मजति क्षीण भइसकेको आफूप्रति जसले नराम्रो व्यवहार गर्छ त्यस्ताको मुटु चिरेर उसको रगतले आफ्नो कपालपात्र भर्नुहोस् र मलाई मेरो वाञ्छित फलले पूर्ण गरिदिनुहोस् भन्ने प्रार्थना यस स्तोत्रमा पाइन्छ । वाराहीको स्वरूपलाई चिन्तनद्वारा आफ्नो हृदयमा स्थापित गर्ने भक्तका शत्रुहरू एक क्षण पनि नरहने भएकोले आफ्ना विरोधी तथा परम मोक्षपदप्रति आसक्त नहुनेको आयु समाप्त होस् भन्ने प्रार्थना पनि यस स्तोत्रमा गरिएको छ । त्यसैगरी शत्रुलाई मानसिक रूपमा व्यथित भएको, सुखले रहित भएको, रोगले ग्रस्त भएको देख्न पाऊँ र उसको शरीरमा प्राणका रूपमा तपाईँ स्पन्दित नहुनुहोस् भनेर देवी वाराहीसँग यस स्तोत्रमा प्रार्थना गरिएको छ ।

वाराह्यनुग्रहाष्टक स्तोत्रको भाव

अनुग्रह शब्दले कृपा गर्नु, उपकार गर्नु वा प्रसन्न बनाउनु भन्ने अर्थ ग्रहण गर्दछ ।[१८] त्यसैले वाराह्यनुग्रहाष्टक शीर्षकको प्रस्तुत स्तोत्रमा भक्तले आफूप्रति कृपादृष्टि प्रदान गर्नका लागि देवी वाराहीलाई प्रार्थना गरेको छ । जगत्को सृष्टि गर्ने ईश्वर पनि अनीश्वर छन् र उनी पनि उनै पराशक्तिको भजन गर्दछन् भने भगवतीको वास्तव स्वरूपको भेउ पाउन सामान्य मान्छेले कसरी सक्छ ? त्यसैले जसले भगवतीको नामको स्मरण गर्दछ उसलाई पाप र पुण्यरूपी कर्मवासनाले छुन सक्तैन । भगवतीको चिन्तन वा ध्यानले असीम आनन्दको उदय हुन्छ र भगवती प्रसन्न भएमा सम्पूर्ण ऐहलौकिक कामना पूरा हुनुका साथै मोक्षफल पनि प्राप्त हुन्छ । ब्रह्मा, विष्णु, महादेव र इन्द्रजस्ता देवताहरू जसको शरणमा पर्दछन् त्यस्ती भगवती वाराहीलाई जसले नित्य चिन्तन गर्दछ त्यस्तालाई स्वर्गका देवताहरूले वन्दना गर्दछन् । त्यस्ती भगवती वाराहीप्रति चित्त लागेमा, उनलाई विधिपूर्वक पूजा गरेमा, उनको स्तुति गरेमा कुनै पनि कुरा दुर्लभ छैन, कुनै पनि कुरा दुर्जय छैन भन्ने भाव यस वाराह्यनुग्रहाष्टक नामक स्तोत्रमा प्रकट गरिएको छ ।

वाराहीनिग्रहाष्टकको फ्याक्सिमिलि



१८ पूर्ववत्, ३७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वाराहीनिग्रहाष्टकको यथारूप मूलपाठ

श्रीगणेशायन ः ।। अथवाराहीनिग्रहाष्टकप्रारम्भः ।। ।।देवि क्रोडमुखि त्वदंध्रिकमलद्वंद्वा
नुरक्ता ह्यंद्रुह्यतियोमहेशिमनसाकायेनवाचानरः तस्याशु त्वदयोग्रनिष्ठुरहलाघातप्रभू
तव्य न्मनसोभवंतुवपुषःप्राणाःप्रयाणोन्मुखः।। १ ।।देवि त्वत्पदपद्मभक्तिविभवप्रक्षी
णदु णिप्रादुर्भूतनृशंसभावमलिनां वृत्तिंविधत्ते मयि ।।यो देही भुवने त्वदीय हृदयान्निर्गत्व
लोहितैः सद्यः पूरयसेकराब्जचषकंवांछाफलैर्मामपि।। २ ।।चंडोत्तुंडविदीर्णदुष्टहृदयेप्रोद्भि
च्छयहालापानमदाट्टहासनिनदाटेपप्रतापोत्कट्य ।।मातर्मत्परिपंथिनाममहृतैःप्राणै
दंघ्रिद्वयंध्यानोड्डामरभैरवोदयवशात्संतर्पयामिक्षणात्।। ३ ।। श्यामां तामरसाननांघ्रिन
ोमार्द्धचूडां जगत्त्राणव्यग्रहलायुधाग्रमुसलांसंत्रासमुद्रावतीम् ।।ये त्वां रक्तकपालि
वरारोहे वराहाननांभावैःसंदधतेकथंक्षणमपिप्राणातितेषांद्विषः।। ४ ।। विश्वाधीश्वर
वल्लभेविजयसेयात्वंनियन्त्र्यात्मिकाभूतानांपुरुषायुषावधिकरीपाकप्रदाकर्मणाम् ।।त्वां
याचेभवतीकिमप्यवितथंयोमद्विरोधीजनस्तस्यायुर्गमवांछितावधिभवेन्मातस्तवैवाज्ञया ।। ५
मातःसम्यगुपासितं जडमतिस्त्वान्नैवशक्नोम्यहं।।यद्यप्यन्वितदैशिकांघ्रिकमलानुक्रोशया
त्रस्यमे ।।जंतुःकश्चनचिंतयत्यकुशलंयस्तस्यतद्वैशयंभूयाद्देविविरोधिनोममचतेश्रेयःपदासं
गिनः।। ६ ।।वाराहीव्यथमानमानसगलत्सौख्यंतदाशावलि सीदंतंयमपाकृताध्यवसितंप्राप्ता
खिलां त्पादितम् ।।क्रंदद्बंधुजनैःकलंकितकुलंकंठंव्रणोद्यत्कृमिंपश्यामिप्रतिपक्षमाशुपतितं
भ्रांतंलुठंतंमुहुः।। ७ ।। वाराहित्वमशेषजंतुषुपुनःप्राणात्मिकास्पंदसेशक्तिव्याप्तचराचराख
लुयतस्त्वामेतदभ्यर्थये।। त्वत्पादांवुजसंगिनोममसकृत्पापंचिकीर्षंतिये तेषांमांकुरु शंकरप्रि
यतमे देहांतरावस्थितिम्।। ८ ।। इति वाराहीनिग्रहाष्टकंसंपूर्णम् ।। श्रीशांव ।। शुभम् ।।

वाराहीनिग्रहाष्टकको सम्पादित मूलपाठ

श्रीगणेशाय नमः ।। अथ वाराहीनिग्रहाष्टकः प्रारम्भः ।।

देवि क्रोडमुखि त्वदंघ्रिकमलद्वन्द्वानुरक्तात्मने
मह्यं द्रुह्यति यो महेशि मनसा कायेन वाचा नरः ।
तस्याशु त्वदयोग्रनिष्ठुरहलाघातप्रभूतव्यथाः[१९]
पर्यस्यन्मनसो भवन्तु वपुषः प्राणाः प्रयाणोन्मुखाः[२०] ।। १ ।।

देवि त्वत्पदपद्मभक्तिविभवप्रक्षीणदुष्कर्मणि
प्रादुर्भूतनृशंसभावमलिनां वृत्तिं विधत्ते मयि ।
यो देही भुवने तदीयहृदयान्निर्गत्वरैर्लोहितैः[२१]
सद्यः पूरयसे कराब्जचषकं वाञ्छाफलैर्मामपि ।। २ ।।

चण्डोत्तुण्डविदीर्णदुष्टहृदयप्रोद्भिन्नरक्तच्छटा[२२]–
हालापानमदाट्टहासनिनदाटेपप्रतापोत्कटम्[२३] ।
मातर्मत्परिपन्थिनामपहृतैः[२४] प्राणैस्त्वदंघ्रिद्वयं
ध्यानोड्डामरभैरवोदयवशात्[२५] सन्तर्पयामि क्षणात् ।। ३ ।।

---

१९ °°व्यथा– मातृका ख, ग ।

२० प्रयाणोन्मुखः– मातृका क ।

२१ त्वदीय°°– मातृका क ।

२२ दुष्टहृदये– मातृका क, दंष्ट्र°°– मातृका ग ।

२३ °°प्रतापोत्कट्य– मातृका क ।

२४ °°मम हृतैः– मातृका क ।

२५ ध्यानोद्दामर°°– मातृका ख, ग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्यामां तामरसाननांघ्रिनयनां सोमार्द्धचूडां जगत्-
त्राणव्यग्रहलायुधाग्रमुसलां सन्त्राससमुद्रावतीम् ।
ये त्वां रक्तकपालिनीं हरवरारोहे वराहाननां
भावैः सन्दधते कथं क्षणमपि प्राणति[२६] तेषां द्विषः ।। ४ ।।

विश्वाधीश्वरवल्लभे विजयसे या त्वं नियन्त्र्यात्मिका
भूतानां[२७] पुरुषायुषावधिकरी पाकप्रदा कर्मणाम् ।
त्वां याचे भवतीं किमप्यवितथं यो[२८] मद्विरोधीजन-
स्तस्यायुर्मम[२९] वाञ्छितावधि भवेन्मातस्तवैवाज्ञया[३०] ।। ५ ।।

मातः सम्यगुपासितु[३१] जडमतिस्त्वान्नैवशक्नोम्यहं
यद्यप्यन्वितदैशिकांघ्रिकमलानुक्रोशपात्रस्य मे ।
जन्तुः कश्चनचिन्तयत्यकुशलं यस्तस्य तद्वैशसं[३२]
भूयाद् देवि विरोधिनो मम च ते श्रेयःपदासंगिनः ।। ६ ।।

वाराहि[३३] व्यथमानमानसगलत्सौख्यं तदाशावलिं
सीदन्तं यमपाकृताध्यवसितं[३४] प्राप्ताखिलोत्पादितम् ।
क्रन्दद् बन्धुजनैः कलंकितकुलं[३५] कण्ठं व्रणोद्यत्कृमिं[३६]
पश्यानि[३७] प्रतिपक्षमाशु पतितं भ्रान्तं लुठन्तं मुहुः ।। ७ ।।

वाराहि त्वमशेषजन्तुषु पुनः प्राणात्मिका स्पन्दसे
शक्तिर्व्याप्तचराचरा[३८] खलु यतस्त्वामेतदभ्यर्थये ।
त्वत्पादाम्बुजसंगिनो मम सकृत् पापं चिकीर्षन्ति ये
तेषां मां कुरु शंकरप्रियतमे देहान्तरावस्थितिम् ।। ८ ।।

इति वाराहीनिग्रहाष्टकं सम्पूर्णम् ।। श्रीसाम्ब ।। शुभम् ।।

---

२६ प्राणन्ति– मातृक ख, ग ।
२७ भूतान्ता– मातृका ख, ग ।
२८ को– मातृका ख ।
२९ तस्यायुर्गम°°– मातृका क ।
३० भवेन्मान°°– मातृका ख ।
३१ सम्यगुपासितं– मातृका क ।
३२ वैशयं– मातृका क ।
३३ वाराही मातृका क, ख ।
३४ यमप्राकृता°°– मातृका ख ।
३५ कलंकिततुलं– मातृका ग ।
३६ कण्ठव्रणोद्यत्कृमि– मातृका ग ।
३७ पश्यामि– मातृका क, ख, ग । पश्यानि– संशोधित पाठ ।
३८ शक्तिव्याप्तचराचरा– मातृका ख, ग ।

अनुवाद

श्रीगणेशजीलाई नमस्कार छ ।। अब वाराही निग्रहाष्टक प्रारम्भ हुन्छ ।।

हे देवी ! हे वराहको जस्तो मुख भएकी [भगवती] ! हे महेश्वरी ! तपाईँका कमलरूपी दुइवटा चरणमा ज्यादै आसक्त मलाई जुन मानिस तन, मन र वचनले रिस गर्दछ त्यसको तुरुन्त नै ठूलाठूला हानिहरू होऊन्, तपाईँको [आयुधरूपी] मुसल र हलोको कठोर प्रहार त्यसमाथि बज्रोस्, शरीरका प्राणपखेरुहरू मृत्युतिर उन्मुख होऊन्, मनको स्थिति उल्टो होस् ।। १ ।।

हे देवी ! [यस] संसारमा जुन मान्छे [उसको हृदयमा] उत्पन्न भएको क्रूर भावले गर्दा तपाईँको चरणकमलको अपार भक्तिले नराम्रो कर्म क्षीण भएको मप्रति दुष्ट व्यवहार देखाउँछ [तपाईँ त्यसको मुटुलाई चिरेर] उसको मुटुबाट बाहिरतिर आइरहेको रगतले तुरुन्त [आफ्नो] करकमलरूपी प्याला भर्नुहुन्छ र मलाई पनि अभिलषित फलले पूर्ण गरिदिनु हुन्छ ।। २ ।।

हे माता ! माथितिर फर्किएको [तपाईँको] उग्र मुखले छियाछिया बनाएको दुष्टको मुटुबाट बाहिर बगेको रगतको भलरूपी मद्यलाई पान गर्नाले मदका कारण अट्टहासपूर्ण ध्वनिको विस्ताररूप ज्यादै पराक्रमी तपाईँका दुई चरणलाई ध्यानद्वारा भीषण भैरवको उदयको प्रभावले तपाईँले हरण गर्नुभएका मेरा शत्रुका प्राणहरूले तत्काल तर्पण गर्दछु ।। ३ ।।

ज्येष्ठ तथा श्रेष्ठ प्रेतरूपी सदाशिवमाथि चढेकी हे देवी ! कालो वर्ण भएकी, तामो झैँ रातो अनुहार तथा कमलजस्ता आँखा भएकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, जगत्को रक्षाका खातिर व्याकुल भएकी, मुख्य हतियारका रूपमा हलो तथा मुसल लिएकी, डरलाग्दो मुद्राले युक्त भएकी, वराहको जस्तो मुख भएकी, रगतले भरिएको कपालपात्र हातमा लिएकी तपाईँलाई जसले चिन्तनद्वारा [आफ्नो हृदयमा] धारण गर्दछन् तिनका शत्रुहरू एक क्षण पनि कसरी बाँच्छन् र ? अर्थात् तिनीहरू एक दिन पनि बाँच्दैनन् ।। ४ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हे विश्वब्रह्माण्डका अधीश्वरकी प्रियतमा ! तपाईँ [सम्पूर्ण] प्राणीहरूलाई नियन्त्रण गर्ने, जीवको आयु निर्धारण गर्ने, [पुण्य वा पापरूपी] कर्महरूलाई परिपाक गर्ने [हुनुहुन्छ] । हे माता ! जो मेरो विरोधी मान्छे हो त्यसको आयु मैले चाहेको अवधिसम्म रहने होस्, तपाईँको नै आज्ञाले [मेरो] कुनै पनि [कुरा] अर्थात् सबै साँचो होस् । तपाईँसँग [म यो कुरा] माग्छु ।। ५ ।।

हे माता ! यद्यपि जडबुद्धि भएको म राम्रोसँग तपाईँको उपासना गर्न सक्तिनँ [तथापि] गुरुको चरणकमलको कृपाको पात्र[३९] मेरो [बारेमा] जुनसुकै मानिस जो नराम्रो सोच्छ मेरो त्यस विरोधीको तथा तपाईँको परम श्रेयपद अर्थात् मोक्षपदप्रति आसक्त नहुनेको नाश होस् ।। ६ ।।

हे वाराही ! [म] छिटै मेरो शत्रुलाई मानसिक रूपमा व्यथित छँदो, सुखको भाव तथा त्यो पाउने आशा पनि गल्दो, बन्धुजनहरूद्वारा रुवाइँदो, कुल कलङ्कले दूषित, कीरा परेको घाउले युक्त घाँटी भएको, वारंवार लड्दो, भ्रान्तिले युक्त, पतित देख्न पाऊँ ।। ७ ।।

हे वाराही ! तपाईँ निश्चय नै सम्पूर्ण प्राणीहरूमा प्राणस्वरूप शक्ति [हुनुहुन्छ] । फेरि [त्यही प्राणका रूपमा] धड्किनुहुन्छ । [तपाईँ] चराचर जगत्मा [चेतनाका रूपमा] व्याप्त शक्ति [हुनुहुन्छ] । हे शङ्करकी प्रियतमा ! तपाईँको चरणकमलको अनुरागी मप्रति जो एकपटक [मात्रै पनि] पाप गर्न चाहन्छन्, तिनीहरूको देहभित्र [प्राणका रूपमा] रहने काम नगर्नुहोस्, म तपाईँसँग यो अनुरोध गर्दछु ।। ८ ।।

।। वाराहीनिग्रहाष्टक पूरा भयो ।।

वाराह्यनुग्रहाष्टकको फ्याक्सिमिलि



३९ गुरुको चरणकमलको कृपाको पात्र भन्नुको तात्पर्य सद्गुरुबाट दीक्षा प्राप्त गरी गुरूपादुका पूजनको अधिकार प्राप्त गर्नु हो त्यसैले स्तुतिकार दीक्षापरम्परामा आबद्ध भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वाराह्यनुग्रहाष्टकको यथारूप मूलपाठ

श्रीगणेशायनमः।। ।।अथवाराह्याअनुग्रहाष्टकप्रारम्भः।। ।।इश्वरउवाच।। ।।मातर्जगद्रचननाटकसूत्रधारः।।सद्रूपमाकलचितुंपरमार्थतोयम्।। ईशोप्यनीश्वरपदंसमुपैतितादृक्केनस्तवंकिमिवतावकमादधातु।। १ ।।नामानिकिंतुगृणतस्तव कौलतुंडेनाडंवरंस्पृशतिदंडधरस्यदण्डः यल्लेशलंवितभवांवुनिधिर्यतोयत्वन्नामसंसृतिरियंननुनस्तुतिस्ते।। २ ।। त्वंचिंतनादरसमुल्लसदप्रमेयानंदोदयात्समुदितः स्फुटरोमहर्षः मातर्नमामिसुदिनानिसदेत्यमुंत्वामभ्यर्थयेऽर्थमिति पूरयताद्दयालो।। ३ ।। इंद्रेन्दुमौलिविधिकेशवमौलिरत्नरोचिञ्चयोज्वलितपादसरोजयुग्मे।।चेतोमतौममसदाप्रतिविंविताात्वंभूयाभवानिविदधातुसदोरुहारे।। ४ ।। लीलोद्धृतक्षितितलस्यवराहमूर्तेर्वाराहिमूर्तिरखिलार्थकरीत्वमेव प्रालेयरश्मिसुकलोल्लसितावतंसात्वंदेविवामतनुभागहराहरस्य।। ५ ।। त्वामंवतप्तकनकोज्वलकांतिमंतर्येचिंतयंतियुवतीतनुमागलांतां।।चक्रायुधत्रिनयनांवरपोतृवक्त्रांतेषांपदांवुजयुगंप्रणमंति देवाः।। ६ ।।त्वत्सेवनस्खलितपापचयस्यमातर्मोक्षोपियत्रनसतांगणनामुपैति।।देवासुरोरगनृपालनमस्यपादस्तत्रश्रियःपटुगिरःकियदेवमस्तु ।। ७ ।। किंदुष्करंत्वयिमनोविषयंगतायांकिंदुर्लभंत्वयिविधानवदर्चितायां।।किं दुष्करं त्वयि सकृत्स्मृतिमागतायांकिं दुर्जयत्वयिकृतस्तुतिवादपुंसां।। ८ ।। इतिश्रीवाराह्याअनुग्रहाष्टकसंपूर्णम्

वाराह्यनुग्रहाष्टकको सम्पादित मूलपाठ

श्रीगणेशाय नमः ।। अथ वाराह्यनुग्रहाष्टकः प्रारम्भः ।।

ईश्वर उवाच

मातर्जगद्रचननाटकसूत्रधारः
सद्रूपमाकलयितुं[४०] परमार्थतोऽयम् ।
ईशोऽप्यनीश्वरपदं[४१] समुपैति तादृक्
कोऽन्यः[४२] स्तवं किमिव तावकमादधातु ।। १ ।।

नामानि किन्तु गृणतस्तव कोलतुण्डे[४३]
नाडम्बरं स्पृशति दण्डधरस्य दण्डः ।
यल्लेशलम्बितभवाम्बुनिधिर्यतो यत्
त्वन्नामसंसृतिरियं ननु नः स्तुतिस्ते ।। २ ।।

त्वच्चिन्तनादरसमुल्लसदप्रमेया-
नन्दोदयात् समुदितः स्फुटरोमहर्षः ।
मातर्नमामि सुदिनानि सदेत्यमुं त्वाम्
अभ्यर्थयेऽर्थमिति पूरयताद्दयालो ।। ३ ।।

इन्द्रेन्दुमौलिविधिकेशवमौलिरत्न-
रोचिष्णवोज्ज्वलितपादसरोजयुग्मे[४४] ।
चेतो मतौ मम सदा प्रतिबिम्बिता त्वं
भूया भवानि विदधातु सदोरुहारे ।। ४ ।।

लीलोद्धृतक्षितितलस्य वराहमूर्ते-
र्वाराहिमूर्तिरखिलार्थकरी[४५] त्वमेव ।
प्रालेयरश्मिसुकलोल्लसितावतंसा
त्वं देवि वामतनुभागहरा हरस्य[४६] ।। ५ ।।

---

४० त्वद्रूप°°– मातृका ख, ग ।

४१ ईशोप्यमीश्वरपदं– मातृका ग ।

४२ केन– मातृका क ।

४३ कौलतुण्डे– मातृका क, लोकतुण्डे– मातृका ख, ग । कोलतुण्डे– संशोधित पाठ ।

४४ रोचिश्चयोज्ज्वलित°°– मातृका क, ख, ग । रोचिष्णवोज्ज्वलित°°– संशोधित पाठ ।

४५ वाराहमूर्ति°°– मातृका ख, ग ।

४६ रहस्य– मातृका ग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्वामम्ब तप्तकनकोज्ज्वलकान्तिमन्त-
र्ये चिन्तयन्ति युवतीतनुमागलान्ताम् ।
चक्रायुधत्रिनयनाम्बरपोतृवक्त्रां
तेषां पदाम्बुजयुगं प्रणमन्ति देवाः ।। ६ ।।

त्वत्सेवनस्खलितपापचयस्य मात-
र्मोक्षोऽपि यत्र न सतां गणनामुपैति ।
देवासुरोरगनृपालनमस्यपाद-
स्तत्र श्रियः पटुगिरः कियदेवमस्तु ।। ७ ।।

किं दुष्करं त्वयि मनोविषयं गतायां
किं दुर्लभं त्वयि विधानवदर्चितायाम् ।
किं दुर्लभं त्वयि सकृत् स्मृतिमागतायां
किं दुर्जयं त्वयि कृतस्तुतिवादपुंसाम् ।। ८ ।।

।। इति श्रीवाराह्यनुग्रहाष्टकं सम्पूर्णम् ।।

अनुवाद

ईश्वरले भन्नुभयो–

हे आमा ! जगत्को रचनारूपी नाटकका सूत्रधार यी ईश्वर पनि अनीश्वरपदमा प्राप्त हुन्छन् अर्थात् उनी पनि अनित्य छन् [भने] पारमार्थिक रूपमा तपाईँको वास्तव स्वरूपको भेउ पाउन अरू कसले कस्तो प्रकारको स्तुतिको आश्रय ग्रहण गरोस् ? ।। १ ।।

हे सुँगुरको जस्तो मुख भएकी देवी ! जसको भवसागर अलिकति लम्बिएको छ अर्थात् सञ्चित कर्मभोगका लागि जसले अझै संसारसागरमा घुमिरहनु छ तर तपाईँको नाम लिइरहने उसको [कर्मको] त्यो आडम्बरलाई यमराजको दण्डले स्पर्श गर्दैन । निश्चय नै तपाईँको नामको यो विस्तार हाम्रो तर्फबाट तपाईँप्रतिको स्तुति हो ।। २ ।।

तपाईँको [विषयमा गरिने] चिन्तनप्रतिको आसक्तिले चम्किएको असीमित आनन्दको उदयका कारणले अत्यन्त स्पष्टसँग देखिने हर्षले रौँ ठाडो हुने अवस्था सृजना भएको छ । हे आमा ! म तपाईँलाई नमस्कार गर्दछु, हे दयाले भरिपूर्ण [आमा] ! सधैँ राम्रा दिनहरू [आऊन्], कामना पूरा गर्नुहोस्, म तपाईँसँग यही अनुरोध गर्दछु ।। ३ ।।

ब्रह्मा, विष्णु, चन्द्रमालाई शिरमा धारण गर्ने महादेव र इन्द्रका शिरको देदीप्यमान रत्नले जसका कमलरूपी पाउ उज्ज्वल बनेका छन् त्यस्ती हे देवी तपाईँ सधैँ मेरो बुद्धिमा प्रतिबिम्बित हुनुहोस् । हे भवानी ! मूल्यवान् हार लगाउने भएकी हे देवी ! सधैँ मेरो चित्तलाई ग्रहण गर्नुहोस् ।। ४ ।।

[वराह अवताररूप] लीलाद्वारा पृथिवीको उद्धार गरेका वराहस्वरूप भगवान् विष्णुकी वाराहीस्वरूप शक्ति [तपाईँ] हुनुहुन्छ । तपाईँ नै सम्पूर्ण फल दिने हुनुहुन्छ । हे देवी ! हिमकिरणरूपी सुन्दर कलाले जसको कानको गहना चम्किएका छन् त्यस्ती तपाईँ भगवान् शिवको शरीरको बायाँ भाग ग्रहण गर्नेवाला हुनुहुन्छ अर्थात् तपाईँ भगवान् शिवको बायाँ अङ्ग हुनुहुन्छ ।। ५ ।।

हे आमा ! जसले तपाईँलाई चक्ररूपी हतियार भएकी, तीन आँखा भएकी, चार मुख भएकी, [तल गोडादेखि] घाँटीसम्म तन्नेरी (युवती) शरीर भएकी[४७] चिन्तन गर्दछन्, तिनीहरूका दुइवटा चरणकमललाई आगोमा तातेको सुनको जस्तो कान्ति भएका देवताहरूले ढोग्दछन् ।। ६ ।।

हे आमा ! जहाँ तपाईँको सेवा गर्नबाट चुकेको पापको राशिस्वरूप व्यक्तिको खुट्टा [पुगेको छ] त्यहाँ सज्जनहरूको सम्पत्तिको तथा देवता, असुर, नागजाति र मानिसहरूको पालन [सम्बन्धी कुरा कसैको] ख्याल (सोचाइ)मा रहँदैन । कर्कश बोलीवाला सो व्यक्तिका लागि मोक्ष पनि अर्थहीन हुन्छ ।। ७ ।।

तपाईँप्रति मनरूपी विषय लागेमा कुन कुरा गर्न गाह्रो छ र? विधानपूर्वक तपाईँको पूजा गरेमा कुन कुरा पाउन गाह्रो छ र? तपाईँप्रति तुरुन्त स्मृति भएमा के कुरा दुर्लभ छ र? तपाईँको स्तुतिप्रशंसा गर्नेहरूका लागि कुन कुरा जित्न कठिन छ र? ।। ८ ।।

।। वाराह्यनुग्रहाष्टक पूरा भयो ।।

---

४७ वाराहीको मुख वराहको जस्तो छ तर तल गोडादेखि घाँटीसम्मको भाग मानवस्वरूपको नै भएकोले साधकले उनलाई तल गोडादेखि घाँटीसम्म तन्नेरी युवतीका रूपमा चिन्तन गर्नुपर्ने आशय यहाँ व्यक्त भएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो लेख तयार पार्ने क्रममा काम लिइएका साधनको तालिका

कामकलारहस्य

= विक्रमसंवत् २०३६ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, धनशमशेर ज.ब.रा.द्वारा लिखित ।

दुर्गासप्तशती

= विक्रमसंवत् २०६३ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित ।

देवमालावंशावली

= विक्रमसंवत् २०१३ मा काठमाडौँबाट श्रीपीरमहन्त क्षिप्रानाथ योगिराजद्वारा प्रकाशित, योगी नरहरिनाथद्वारा सम्पादित ।

महाकालसंहिता (कामकलाखण्ड)

= ईस्वीसंवत् २००६ मा इलाहाबादबाट गंगानाथ झा केन्द्रीय संस्कृत विद्यापीठद्वारा प्रकाशित, किशोरनाथ झाद्वारा सम्पादित ।

मालिनीविजयोत्तरतन्त्र

= ईस्वीसंवत् २००१ मा वाराणसीबाट सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयद्वारा प्रकाशित, परमहंस मिश्रद्वारा सम्पादित ।

योगिनीहृदय

= ईस्वी संवत् १९८८ मा वाराणसीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, व्रजवल्लभ द्विवेदीद्वारा सम्पादित ।

संस्कृत–हिन्दी कोश

= ईस्वीसंवत् २००१ मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, वामन शिवराम आप्टेद्वारा लिखित ।

स्वच्छन्दतन्त्र

= ईस्वी संवत् २००४ मा दिल्लीबाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, व्रजवल्लभ द्विवेदीद्वारा सम्पादित ।

Devatāmūrtiprakaranaṃ and Rūpamandanaṃ

= ईस्वीसंवत् १९३६ मा कलकत्ताबाट मेट्रोपोलिटन प्रिन्टिङ् एण्ड पब्लिसिङ् हाउस लिमिटेडद्वारा प्रकाशित, नरेन्द्रचन्द्र भट्टाचार्यद्वारा सम्पादित ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मन्थली वेतिनिका हुलाकले गर्ने कामको उर्दी

- डा. भूपहरि पौडेल*

विषयप्रवेश

एउटा कुनामा बसेको मान्छेले अर्को कुनामा बसेको मान्छेलाई 'सञ्चोविसञ्चो, के, कसो छ' भन्ने जनाउ दिनुपर्‍यो भने त्यहाँसम्म खबर पुर्‍याइदिने भरपर्दो स्रोत खोज्नु पर्थ्यो। पहिले पहिले खबर पुर्‍याउने भरपर्दो स्रोत परेवा थियो । कसैले भोजपत्रमा आफ्ना घरका कुरा लेखेका हुन्थे । कसैले हरिताल लगाएको र आफ्नै घरमा बनाएको कागजमा लेख्थे । कसैले नेभाराको पातमा, कसैले भोर्लाको पातमा लेख्थे । थोरै बेहोरा भए दुधिलाको पातमा लेखेर पठाउँथे । मालिङ्गो, निगालो र बाँसका कलममध्ये आफ्ना घरमा जुन कलम चल्तीमा छ त्यही कलमले लेख्थे । लेख्ने साधन पनि कागज र पात मध्ये आफूसँग जे छ त्यसैमा लेख्थे । यो इतिहासको कुरो हो । एक्काइसौं शताब्दीको कुनै वर्ष, महिना, वार, तिथि, नक्षत्र र घडीपलामा जन्मिएको बालक हुर्किंदैं आधुनिक जमानामा आविष्कार, उत्पादन र प्रयोग भएर घरघरमा परिवारका सदस्यजस्तै भएका विज्ञान/प्रविधिसँग सम्बन्धित सामानको उपयोग गर्न सिपालु भैसकेको बालकले इतिहास सुन्दा नपत्याउन पनि सक्छ । तर इतिहासमा मानिस थिए । उनीहरूको जीवनचर्या थियो र उनीहरूले प्रयोगमा ल्याएका सामान थिए। त्यो बेला पढ्ने सामग्री थिए। लेख्ने कलम, मसी र कागजका रूपमा प्रयोग हुने पनि थिए। अहिलेको पुस्ताले इतिहास पढेर जाने पुग्छ। त्यसको प्रयोग गर्नुपर्दैन। कसैले प्रयोग गर्न र हेर्न खोज्यो भने केही सामान सङ्ग्राहालयमा भेटिएलान् । केही सामान त कहीं भेटिदैनन् । त्यसैले मन्थली वेतिनीका हुलाकीले गर्ने कामको उर्दी अहिले हाकिमले आफू मातहतका कर्मचारीलाई निर्देशन अथवा आदेश दिएको, प्रत्येक कर्मचारीले नियमित रूपमा गर्नुपर्ने कामको तालिका बनाइदिएजस्तै हो। ऊ बेला काम गरेवापत आकर्षक सुविधा थिएन। अचेल सुविधा छ।

इतिहासमा प्रचलित हुलाकी

पहिले पहिले हुलाकीहरू मानवेतर प्राणी हुन्थे भनेर लेखिएको पाइन्छ । जस्तै, संस्कृत साहित्यका महाकवि कालिदासले मेघलाई दूत बनाएर 'मेघदूत' काव्यको रचना गरे। नेपाली युवाकवि मोतीराम भट्टले पनि 'पिकदूत' काव्य रचेका छन् । कालिदासको दूत मेघको अर्थ बादल हो । मोतीरामको दूत पिकको अर्थ कोइली हो। कालिदास र मोतीरामका दूतहरू कविकल्पना हुन्। काव्यलाई सुन्दर र कारुणिक बनाउने हेतुले कालिदासले मेघ र मोतीरामले कोइलीलाई खबर लगिदिने दूतका रूपमा प्रस्तुत गरेका छन्। यथार्थमा मेघदूतका पात्र 'यक्ष' स्वयं कवि कालिदास हुन् भने यक्षिणी कालिदासकी विछोडिएकी पत्नी यक्षिणी हुन्। त्यस्तै, मोतीराम भट्टको नेपाली दूतकाव्य पिकदूतका कोइली मोतीराम नै हुन् भने नायिकाको भूमिका निर्वाह गरेकी मोतीरामकै श्रीमती हुन्। किताबमा पढेको, अरूका मुखबाट सुनेको विषयमा कारुणिक काव्य सिर्जना हुँदैन । कवि आफैंले भोगेको विषयमा मात्र पढ्ने मानिसलाई भावुक बनाउने कारुणिक काव्य रच्न सक्छ।

*स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अब आयो हुलाकीका कुरा । कविले त काव्यलाई 'आफूइतर विषय हो' भन्ने देखाउन मेघ र कोइलीले पनि मानिसले मात्र गर्न सक्ने सन्देश पुऱ्याउने काम गर्न सक्छन् भन्ने कुरा वर्णन गरे। त्यो काव्यचमत्कार हो । यथार्थ होइन् । यथार्थ के हो ? यसको व्यावहारिक पक्ष छुट्टै छ।

ऐतिहासिक भूगोल अनुसार पातलो मानववस्ती थियो । अधिकांश भूगोलको भाग घना जङ्गलले ढाकेको थियो । त्यो समयमा गोरेटो र घोरेंटो बाटो पनि थिएन । घनाजङ्गलमा एक्लैदुक्लै हिंड्दा जनावरहरूको भय हुन्थ्यो । नातागोता र इष्टमित्र बसेको भूगोल टाढा टाढा हुनाले खबर पठाउन सम्भव थिएन । खबरहरू किसिम-किसिमका हुन्थे । कुनै खबर जरुरी हुन्थे । कुनै खबर जतिसक्दो चाँडो पुऱ्याउनु राम्रो हुन्थ्यो र कुनै खबर विस्तारै पुगे पनि फरक थिएन । खबर कसरी पठाउने त ? धेरैले घरमा परेवा पाल्थे । घरमा पालेका परेवालाई तालिम दिने चलन थियो। आफ्नै घरमा पालेका परेवाका खुट्टामा धागोले हलुकासँग चिठी बाँधिदिन्थे । परेवा भुर्र उडेर चिठी पुग्नु पर्ने घरमा बस्थ्यो। त्यस घरमा मानिसले परेवाका खुट्टामा बाँधेको चिठी खोलेर हेर्थे । केही समयपछि परेवा उडेर आफ्नै वासस्थान (गुंड)मा जान्थ्यो। अरुका घरमा पालेको परेवाले जोकोहीको चिठी पुऱ्याउँदैनथ्यो। पहिले पहिले उडेर नगएको घरमा परेवाले चिठी पुऱ्याउँथ्यो भन्ने व्यावहारिक पक्ष हुँदै होइन। परेवा आफूखुशी उडेर त जहाँ पनि जान्थ्यो।

"हुलाकी" पदमा मानिस

जनसङ्ख्या थोरै थियो । कुनै एक भूगोलका खबरहरू अर्को भूगोलमा पुऱ्याउने भरपर्दो माध्यम थिएन । पत्रिकाको प्रकाशन प्रारम्भ भएपछि पत्रिकाका सम्वाददाताले धेरै देश, प्रदेश, जिल्ला र गाउँमा घटेका राम्रा, नराम्रा घटनाहरू टिपेर समाचारको रूप दिएपछि छापिएका कुरा धेरैले पढ्न पाए । त्यसैले पहिले पहिले पत्रकारलाई पनि पढे/लेखेको हुलाकी नै भनिन्थ्यो । हुलाक अड्डामा काम गर्नेहरू अशिक्षित पनि हुनसक्थे । उनीहरू हुलाक अड्डाले चिठीपत्रहरू पोका पारेर दिएपछि सम्बन्धित हुलाकमा तोकिएको समयमा पुऱ्याउन प्रायः घँगारुका लौरा टेकेर दिन, रातको पर्वाह नगरी हिंडिरहन्थे । उनीहरूले पारिश्रमिक पाउँथे तर कामको बोझअनुसार पारिश्रमिक थिएन।

टाँगो बोकेपछिका हुलाकी

'टाँगो' बोकेपछि हुलाकीहरू हुलाक अड्डाप्रति पूर्ण जवाफदेही हुन्थे । उनीहरूले कुनै निहुँ गरेर हुलाक पुऱ्याउन विलम्ब गर्नु नहुने, टाँगो बोकेपछि बाटामा पानी पऱ्यो, उखर्माउलो गर्मी भयो, कसैसँग भेट भयो र उभिएर कुराकानी गर्न लाग्यो भने जसले देख्छ त्यसले जिम्मावलकहाँ तुरुन्त गई सुनाइदिन्थ्यो। पछि कुरा साँचो ठहरे सजाय हुन्थ्यो । कायल गराइन्थ्यो । चित्तबुझ्दो जवाफ आएमा माफी हुन्थ्यो।

मन्थली वेतिनीका हुलाकीको पालाको नम्बरी

मन्थली प्रदेश (इतिहाससम्बद्ध)मा वेतिनी पनि पर्थ्यो । यो वेतिनी सुनकोशीको खुर्कोट पुल तरेर शुरु भएको ठाडो उकालो हो । पछि यो वेतिनी हुलाक ल्याङ्ल्याङ्मा सरेको थियो भनेर केही बूढापाकाबाट सुनिएको छ भने केहीले चाहिं मन्थली वेतिनीको हुलाक पहिलेदेखिनै ल्याङ्ल्याङ्मा थियो भनेर सुनाएका थिए। वेतिनी हुलाकबाट नजिक पर्ने गाउँका मानिसलाई हुलाकी तोकिएको थियो भन्ने कुरा सक्कल पत्रको अध्ययनबाट थाहा हुन्छ । पालाको लम्वरी तोकिएका हुलाकीका गाउँहरू कोटगाउँ, केउग्रानि, डुमृखर्क, बाबियाखर्क, भदौरे (भदौऱ्या), सुनार्पानी, मचावारी, ठूली मदौ, नवलपुर, भगेरी, पुराना गाउँ, मदौ, मन्थली, भिर्पानी, टेकनपुर, डाडाँखर्क, भलुवाजोर हुन्।

निष्कर्ष

मोबाइल, नेट, इन्टरनेट, समाचारपत्रिका, टेलिभिजन, रेडियो, इत्यादि अत्याधुनिक सञ्चारक्षेत्रको युगमा हुलाकीको काम छ र ? भन्ने प्रश्न उठ्न सक्छ। पुरानो हुलाकीप्रथा लोप भए पनि विज्ञान/प्रविधिसम्मत हुलाकी प्रथा भने विकसित हुँदै गएको छ । नेपालको पुरानो हुलाकी परम्परा थाहा पाउन प्रस्तुत सामग्रीले सहयोग पुऱ्याउने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेथलिवेत्यानिअड्डाकाझुलाकि[illegible] यकामको ठहि

तपसिल

वेत्यानि·अड्डा·दसिलम्चरदरियावमोजिमकाघरलेसम्व
त १९११ साल मिति·वैशाखवदि १ रोज देखि आठै प्रहर रहनु
रहि·दर्वा[illegible]ट आयाका र·पूर्व तर्फ आयाका·लालमोहरचि
ठिपत्रकाझुलाकयकछिन विलंब नगरि·चलाउनु·झुलाक
कालम्चरमा·दरियाकाघरले लालमोहर·चिठिपत्र बाहेक
अरु आउन्या जान्या भारिकाझुलाक नबोकनु ———— १

चिठिपत्रकाझुलाकलेजादा·[illegible]·।जसकाम लामा·यि
कछिन अड्क्यो·केहि बिन बल पर्यो भन्या·जिम्मावालले
नेसझुलाकिको·कायलनामा गरि ——— कंपूका वफद
रमानामार्फत साधिपठाउनर जवाफ आयामाफिक गर्नु २

झुलाक चलाउन्याले·रमान·होर·बोकि·जौनतर्फको·रमा
नाछ उसैतर्फ हिंडाईन·अड्डा नाघन्या वेलामा·रोक्छे दे
खि झुलाक आयो·मड्डा होभन्दै जानु·रानविर·नमडिस
डाउरहि·तरीन हिंडाउन· ——— ३

पाल्पाले·पाखो बदला गर्दा·चारजना भै·बदला गर्नु ठहरिको
कागज बुझाइदिन·चारजना यड्डा न भै·यकलैले·नबदलनु·
पाल्पा जमान भै·अड्डा नछोड्नु·आफ्ना पालामा आयेन भन्या
चारजनामा यकजना जिम्मावालले उगे सुनाइदिनु ——— ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाल्पा ऊलाकिले ऊलाकल्पार्द्ध डाहो मन्द्रानसानि विली
वगर्‍यो· ऊलाकको टंगोवो क्यापद्धि पनि· वाटमा हिड्दा·पा
निपर्‍यो रातपर्‍यो भनि· वाटमा· दिस·या अथवा कसैसंग भे
ट्भै· नहिडि ठमिठ भिकरा गर्नापद्धि लागि· ढिलगर्‍यो भ
न्या· जम्लेदेसद्धुनस्ले· जिम्मावालसँग· तरीतगे· खुनाइ
दिन· जिम्माकाजूले· पनि· नहकितगरि वुन्दनर· होकरा
ठहर्‍यो भन्या· तेसको कायेल वास गराई साधिपठाउनु·
नवाफ आयामाफिक गर्नु —————————————— ५

पालाकोर्‌वरि

प्रथमलीवर १

रामलाल पंडित धिमिन्या ——— कोटगाउँ ——— १
जयनाथपाध्या धिमिन्या धर्मानंदनेउपान कोटगाउँ ——— १
श्रीनाथपाध्या ——— धिमिन्या ——— कोटगाउँ ——— १
नारानिधिपाध्या धिमिन्या· ——— कोटगाउँ ——— १

दोश्रोलीवर २

नंदमनिपाध्या· धिमिन्या ——— कोटगाउँ ——— १
लक्ष्मीकांतपाध्या धिमिन्या ——— कोटगाउँ ——— १
प्रेमनिधिपाध्या· धिमिन्या ——— कोटगाउँ ——— १
स्यामलालपाध्या· धिमिन्या ——— कोटगाउँ ——— १

तेश्रोलीवर ३

वेदनिधिपाध्या· धिमिन्या ——— कोटगाउँ ——— १
रामनाथपाध्या ——— धिमिन्या ——— कोटगाउँ ——— १
श्रीकांतपाध्या· ——— धिमिन्या ——— कोटगाउँ ——— १
भाउदत्तपाध्या ——— धिमिन्या ——— कोटगाउँ ——— १

चौथोलीवर ४

लिलानाथपाध्या· धिमिन्या ——— कोटगाउँ ——— १
गंगाधरपाध्या ——— धिमिन्या ——— कोटगाउँ ——— १
लक्ष्मनपाध्या· ——— न्यौपान्या ——— कोटगाउँ ——— १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[illegible]धरपाध्या	घिमिन्या	कोटगाउ	१
लक्ष्मन्पाध्या	न्यौपान्या	कोटगाउ	१
ब्रजलालपाध्या	घिमिन्या	कोटगाउ	१

पाँचौलम्बर ५

जैभद्रपाध्या	घिमिन्या	कोटगाउ	१
श्रीभक्तपाध्या	घिमिन्या	कोटगाउ	१
रत्नेस्वरपाध्या	न्यौपान्या	कोटगाउ	१
चन्द्रदत्तपाध्या	न्यौपान्या	कोटगाउ	१

छैटौलीवर ६

रंगनाथपाध्या	घिमिन्या	कोटगाउ	१
देउमित्रपाध्या	घिमिन्या	कोटगाउ	१
श्रीदत्त पाध्या	घिमिन्या	कोटगाउ	१
कुलनिधिपाध्या	घिमिन्या	कोटगाउ	१

सातौलीवर ७

मकरधोजपाध्या	घिमिन्या	कोटगाउ	१
जयनारानपाध्या	[illegible]	कोटगाउ	१
कालिदास पाध्या	घिमीन्या सुरखीख्केत	कोटगाउ	१
गोरीदत्तपाध्या	घिमिन्या	कोटगाउ	१

आठौलीवर ८

लोकनाथपाध्या	सुवेडि	केउन्यानि	१
वद्रिनाथपाध्या	सुवेडि	केउन्यानि	१
नन्दासरपाध्या	सुवेडि	केउन्यानि	१
हरिपाध्या	सुवेडि	डुम्रसर्क	१

नवौलम्बर ९

नन्दलालपाध्या	सुवेडि	केउन्यानि	१
सुरथपाध्या	सुवेडि	केउन्यानि	१
ब्रजमोहनपाध्या	सुवेडि	केउन्यानि	१
भक्तिनाथपाध्या निधपाध्या	सुवेडि	केउन्यानि	१

दसौलम्बर १०

[illegible]	[illegible]	[illegible]	१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दसौलम्बर १०

विश्वेश्वरपाध्या घिमिन्या ——— वावियासर्क ——— १
भवनाथपाध्या घिमिन्या ——— वावियासर्क ——— १
रघुनाथपाध्या घिमिन्या ——— वावियासर्क ——— १
विष्णुकीतपाध्या घिमिन्या ——— वावियासर्क ——— १

यघारोलम्बर ११

रामनाथपाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १
दिनानाथपाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १
भमरापाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १
रामपाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १

बाह्रोलम्बर १२

धुवलपाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १
कीतपाध्या ——— घिमिन्या ——— वावियासर्क ——— १
मक्तिनाथ नीदलालपाध्या घिमिन्या वावियासर्क ——— १
प्रागदत्तपाध्या घिमिन्या ——— वावियासर्क ——— १

तेह्रोलम्बर १३

रंगनाथपंडित घिमिन्या ——— वावियासर्क ——— १
देविचरणपाध्या घिमिन्या ——— वावियासर्क ——— १
कालिदासपाध्या घिमिन्या ——— वावियासर्क ——— १
तारानाथपाध्या घिमिन्या ——— वावियासर्क ——— १

चोधोलम्बर १४

हरिलालपाध्या ——— पोखाल ——— वावियासर्क ——— १
धर्माधरपाध्या ——— पोखाल ——— वावियासर्क ——— १
नन्दलालपाध्या ——— पोखाल ——— वावियासर्क ——— १
सिवधीमरपाध्या ——— घिमिन्या ——— भदोन्या ——— १

पन्ध्रोलम्बर १५

वलभद्रपाध्या ——— घिमिन्या ——— भदोन्या ——— १
जयपाध्या ——— घिमिन्या ——— भदोन्या ——— १
सिवपाध्या ——— घिमिन्या ——— भदोन्या ——— १
लोकपाध्या ——— घिमिन्या ——— भदोन्या ——— १

सोह्रोलम्बर १६

वद्रिपाध्या घिमिन्या ——— भदोन्या ——— १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सोह्रोलम्बर १६

वद्रिपाध्या घिमिऱ्या —— भदौऱ्या —— १
निधिपाध्या —— घिमिऱ्या —— भदौऱ्या —— १
चक्रपाध्या —— घिमिऱ्या —— भदौऱ्या —— १
मथुरानाथपाध्या घिमिऱ्या —— भदौऱ्या —— १

सत्रोलम्बर १७

धैवसिंकार्कि —— सुनारपानि —— १
स्यूराजकार्कि —— सुनार्पानि —— १
कालेकार्कि —— सुनार्पानि —— १
धनमानकार्कि —— सुनार्पानि —— १

अठारोलम्बर १८

मडुकार्कि —— सुनार्पानि —— १
वक्तवारकार्कि —— सुनार्पानि —— १
गडुरधोजकार्कि —— सुनार्पानि —— १
रघु —— जधुकार्कि —— सुनार्पानि —— १

उन्नैसोलम्बर १९

किष्णमानकार्कि —— सुनार्पानि —— १
जश्राजकार्कि —— सुनार्पानि —— १
केसरकार्कि —— सुनार्पानि —— १
उजिरकार्कि —— सुनार्पानि —— १

विसोलम्बर २०

किष्नविरवदर्सी सिंघविरकार्कि सुनारपानि —— १
भक्तविरथापा —— मचावारि —— १
दुर्जेधनमल्ल —— ठुलिमदाउ —— १
जगतसडका —— नवनपुर —— १

येकाइसो २१

तेजविरनेवार —— भगेरि —— १
कुवेरसिंनेवार —— भगेरि —— १
धन्ध्रधोज धर्मधोजनेवार —— भगेरि —— १
मेहरधोज नवाफ सिंनेवार —— भगेरि —— १

वाइसोलम्बर २२

श्रीनंदपाध्या —— दुवेडि —— पुरानागाउ —— १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीनंदपाध्या	सुवेदि	पुरानागाउ	१
लक्ष्मिकान्तपाध्या	सुवेदि	पुरानागाउ	१
रविलालपाध्या	सुवेदि	पुरानागाउ	१
सोधन्पाध्या	सुवेदि	मदाउ	१
तेइसौलम्बर २३			
रघुपाध्या	सुवेदि	मदाउ	१
रिसिपाध्या	सुवेदि	मदाउ	१
मोहनपाध्या	सुवेदि	नवलपुर	१
किर्ष्णपाध्या	सुवेदि	मदाउ	१
चौविसौलम्बर २४			
विष्णुपाध्या	सुवेदि	मदाउ	१
रविपाध्या	सुवेदि	मदाउ	१
राघुपाध्या	सुवेदि	मैथलि	१
पदमसिंनेवार		सिपानि	१
पचिसौलम्बर २५			
इन्दिवरपाध्या	घिमिऱ्या	टेकनपुर	१
दिवाकरपाध्या	घिमिऱ्या	टेकनपुर	१
जयपाध्या	घिमिऱ्या	टेकनपुर	१
देउपाध्या	घिमिऱ्या	टेकनपुर	१
छविसौलम्बर २६			
नेनसिंखड्का		डुम्रमर्क	१
भिमसिनखड्का	विष्णुहरिपाध्या	डुम्रमर्क	१
षडुपाध्या घिमिऱ्या		जडामर्क	१
जमान्सीकार्कि	वत्सपाध्यान्येउपाने	वावियामर्क	१
सत्ताइसौलम्बर २७			
वलभंजनथापा		भलुवाजोर	१
जिन्मानसिंथापा		भलुवाजोर	१
कुल्मानसिंथापा		भलुवाजोर	१
वसुपाध्या ढुंगाना		भलुवाजोर	१
अठाइसौलम्बर २८			
गंगारामथापा		भलुवाजोर	१
महाविरथापा		भलुवाजोर	१
भिमसिनथापा		भलुवाजोर	१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भिमसिंह थापा	भलुवाजोर	१
करविर थापा	भलुवाजोर	१
उनंतिसौ लम्बर २९		
रणवीर थापा	भलुवाजोर	१
सरुप थापा	भलुवाजोर	१
वक्त थापा	भलुवाजोर	१
महासिं थापा फोक्ड थापा	भलुवाजोर	१
तिसौ लम्बर ३०		
सन्जिराम थापा	भलुवाजोर	१
सिउ कार्कि	भलुवाजोर	१
सिंहविर गेजविर थापा	भलुवाजोर	१
ईविर्थपा भलुवाजो सिद्धपाध्य घिमिया डांडासर्क		१

इतिसम्वत् १९१० साल मिति चैत्र शुदि ४ रोज ७ शुभम्

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिब्बतमा नेपालको कूटनीतिक प्रतिनिधिको थालनी: ऐतिहासिक अध्ययनको पाटो

- देविचन्द्र श्रेष्ठ*

नेपालको कूटनीतिक इतिहासमा (चीनको) तिब्बतमा गएर नेवारहरूले मध्यकालदेखि जुन भूमिका निर्वाह गर्दै आएका थिए, त्यसलाई कतै ओझेलमा पार्न सकिने विषयवस्तु होइन। त्यतिखेर, नेपालको बाटो भएर हुने अन्तरराष्ट्रिय मध्यस्थ व्यापार (Interpot Trade) 'सार्थवाह' पद्धतिमा आधारित थियो । नेपालमा रहेको उस वखतको व्यापार मार्ग केरुङ तथा कुती (न्यालम्) दुइटा भौगोलिक अन्तरहिमाली सतहबाट हुने गरेको तथ्य चिनियाँ इतिहासकारहरूले पनि स्वीकार गर्दै आएका छन् ।

नेपालको इतिहासमा मध्यकालदेखि प्रचलित उपर्युक्त अन्तरराष्ट्रिय व्यापार नेपाल तथा तिब्बत दुवैतिर नै नेवारहरूकै हातमा रहेको तथ्य पनि तिब्बत र नेपाल वारे यूरोपी अध्येताहरूले खुलेर नै लेखेका छन् । त्यसै भएर, नेपालको कूटनीतिक इतिहासमा नेवार व्यापारी वर्गले गरेको योगदानलाई इतिहासको प्रकरणबाट अलग्याउन सकिदैन । त्यतिमात्र होइन, नेपालको सफल कूटनीतिक इतिहासमा तिब्बत (चीन) लाई नै सबैभन्दा अग्रपंक्तिमा राखेर अध्ययन गर्नुपर्ने हो । तर, यो कुरामा नेपाल भने अझसम्मै चूपचाप बसेको छ । आफ्नो अत्यन्त सफल कूटनीतिक इतिहासलाई नै ओझेलमा पर्ने गरी नेपालको राजनीतिमा कूटनीतिक चर्चा गर्नु सर्वथा सुहाउदिलो हुँदैन ।

अब, तिब्बतमा नेपालको कूटनीतिक चर्चा गर्दा यसको आर्थिक पक्षमा नै सबैभन्दा अगाडि प्रस्तुत गर्नुपर्ने हुन्छ । नेपालको बाटो भएर तिब्बतमा हुने अन्तर राष्ट्रिय व्यापार त छदैछ । त्यसमाथि मध्यकालमा नै तिब्बतका लागि नेपाली मुद्रा नै निर्यात भएर, त्यहाँ चलन चल्तीमा रहेको पक्षवारे पनि यहाँ खुलेर लेख्न सकेका छैनन् । जहाँसम्म नेपालको मुद्रालाई तिब्बतमा कानुन ग्राह्य (Legal Tender) मानेर व्यापार एवं विनिमयको माध्यम भएर रहेको छ, त्यसको पुरावृत्त खासमा नेपालका राजा प्रताप मल्लदेखि नै गाँसिएर आएकोछ । तर लिखित इतिहासको अभिलेख खोजी गर्दा सर्वप्रथम नेपालको राजा प्रतापसिंह शाहले ने.सं. ८९५ मा तिब्बतसित गरेको सन्धिपत्रले अग्रस्थान लिन्छ । सो सन्धिपत्र नेपाल भाषामा नेपाल लिपिलाई प्रयोग गरी अनि नेपाल संवत् मात्र उल्लेख गरेर सम्पन्न भएको छ । यस सन्धिपत्रको तिब्बती संस्करण समेत छैन । यसरी तिब्बतमाथि सर्वात्मना नेपालको प्रभुत्व स्थापित भएर गरेको सन्धिपत्रबारे नेपालमा विशेष अध्ययन हुनपर्ने कुरामा दुईमत हुन सक्तैन । तर यसतर्फ नेपालका विश्वविद्यालयमा कतै चर्चा पाइदैन । यो बहुतै लाजमर्दो पक्ष हो ।

अब फेरि, तिब्बतमा नेपालको कूटनीतिक नियोगको कुरा उठाउँदा सर्वप्रथम उपर्युक्त सन्धिपत्रमा 'नायक' प्रथाको निरन्तरता स्वीकार गरिएको छ । यस 'नायक' प्रथाको अन्तर्य तिब्बतमा व्यापार गरी बस्ने

---
*आर्थिक इतिहासविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेवारहरूको संघनेता हो । निजलाई नेपालको राजकीय प्रतिनिधि मानेर, नियुक्त गर्ने मध्यकालिक प्रथालाई नै तिब्बती म. .रद्वारा पनि मान्यता दिने एक प्रकारको पद्धति नै च. छ । यसरी इतिहासको मध्यकालमा चर्चित 'नाय. .थाले नेपालको कूटनीतिक इतिहासमा सर्वात्मना अग्र. .न पाउने कुरा छर्लङ्ग हुन्छ । मध्यकालको यही .थालाई नेपालमा गोरखाली शासन स्थापित भएपछि कायम राखिएको अभिलेख उपर्युक्त ने.सं. ८९५ .ं. १८३२) को सन्धिपत्र हो ।

पृथ्वीनारायण शाह पछि नेपालको नयाँ राजा .सिंह शाहले नेपालभाषामा तिब्बतसित सन्धि गर्दा त्यतिखेरको व्यापार 'नायक' को हुन्, त्यसको समकालिक प्रलेख हामीलाई उपलब्ध छैन । तथापि, लगतै पछिको समयमा नेपाल सर्कारले तिब्बतको राजधानी ल्हासामा रहेका आफ्ना 'नायक' लाई पत्राचार गर्दा भने गोर्खा सरकारी भाषामा गरेको पाइदैन । अपितु, नेपाल भाषालाई नै निरन्तरता दिएर नेपाल लिपि मै, मात्र नेपाल संवत् प्रयोग गरी लेख्ने गरेको पाइन्छ ।

यस प्रकारको नेपाल सरकारी प्रचलन, यहाँ गोर्खाली शासनमा राजा रणबहादुर शाह सम्म पनि कायम रहेको देखापर्छ । यसको प्रमाण स्वरूप, ने.सं. ९११ मार्ग शुक्ल १५ (पूर्णे) को दिन तिब्बतको ल्हासामा रहेका आफ्ना प्रतिनिधि 'नायक' को नाममा नेपाल सरकारले लेखेको एउटा पत्रको छविचित्र (Fascimile) सहित यसै 'अभिलेख' को गताङ्कमा प्रकाशित गरिएको छ । सो पत्र लेखेको समयमा नेपालको राजा रणबहादुर शाहको नाममा उनका काका बहादुर शाहले नायवी प्रशासन चलाइ राखेको थिए । सं. १८४७ मंसिर पूर्णेका दिन लेखिएको चर्चित पत्रमा 'पाला थकाली महाजन' भनेर सम्बोधन गरिएको छ ।

तसर्थ, यिनै पाला थकाली नै नेपाल सर्कारद्वारा नियुक्त नायक हुने भएकाले तिब्बतमा नेपालको कूटनीतिक प्रतिनिधि मानिएको हो । परन्तु, नेपाल सर्कारद्वारा प्रत्यक्षमा व्यापार 'नायक' नियुक्त गरेको अधिकारपत्र भेटउन नसकेर इतिहासको विश्लेषण गर्न अलि अप्ठ्यारो परिराखेको थियो । यसैक्रम खोजका सिलसिलामा अलिक पछि 'नायक' पदाधिकारी नियुक्तिकै सन्दर्भमा नेपाल सरकारको आधिकारिक दस्तावेज नै देखापरेको छ ।

यतिञ्जेलसम्म, नेपाल र तिब्बतको राजनीतिक सम्बन्धमा एक प्रकारले आमूल हेरफेर भएको पाइन्छ । सं. १८४८ मा बहादुर शाहले तिब्बतमा हमला गरी एउटा सन्धिपत्र गराएको छ जसमा रु. ५०,०००।- वार्षिकी तिब्बतले नेपाल सरकारलाई बुझाउने शर्त राखेका थिए । तिब्बतले एक वर्ष सो कर नेपाललाई बुझायो । तर, अर्को वर्ष बुझाउन नमान्दा बहादुर शाहले तिब्बतमा हमला गरी दिगर्चामा रहेको टासिल्हुनपौ गुम्बामा रहेको सुनचाँदी गोरखाली सेनाले उठाउँदा तिब्बतको उजूरीमा चीनका बादशाहले आफ्ना सेनापति टुङ्ह्वाङलाई पठाइ नेपाल माथि हमला गर्दा सं. १८४९ मा नेपाल र चीनका बीच ठूलै युद्ध भयो । तर वेत्रावतीमा सन्धिभएर सो युद्ध समाप्तिकासाथ नेपाल र चीनका बीच नयाँ सम्बन्धका केही अभ्यासहरू थपिए । साथै, तिब्बतमा नेपालको व्यापार स्थिति र अधिकारलाई पुनर्परिभाषित गरी टुंगियो । उपर्युक्त परिप्रेक्ष्यमा नेपालबाट ल्हासामा जाने नेवार व्यापारीहरूको सम्बन्धमा भने खासै फरक परेन तापनि व्यापार 'नायक' को भूमिका भने अरु बढी भएको सन्दर्भ भेटिन्छ ।

यतिञ्जेल, पालाथकाली एकै जनामात्र 'नायक' हुने साविक प्रथाको बदलामा नेपाल सरकारबाट दुईजना 'नायक'हरू नियुक्त हुने र तिनीहरूले ल्हासामा संयुक्त भएर नेपाल र नेवार व्यापारीहरूका हकहितमा काम गर्नुपर्ने जिम्मेवारी समेत तोकिएको पाइन्छ । यतिखेर, नेपालको राजनीतिक अवस्था भने इतिहासमै सबैभन्दा विस्तृत भएर पूर्व तिष्टा देखि पश्चिम सतलजनदीसम्म विस्तार थिए ।

उपर्युक्त भौगोलिक अवस्थितिले गर्दा नेपालबाट हुने समकालिक दक्षिण एशियाली अन्तर्राष्ट्रिय व्यापारमा नेपालको मार्गस्थ व्यापारिक स्थितिमा धेरै बढोत्तरी हुन गयो जसको परिणाम ल्हासामा व्यापार गर्ने गुमस्ताहरूको वृद्धि भै व्यापारिक पालहरूको तात्कालिक संख्या १० ओटासम्म पुगेको देखापर्छ । यसका साथै ल्हासामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेवार व्यापारहरूको संख्या भने ३२ पुगेर सबैभन्दा उच्च रह्यो । त्यतिखेरै ल्हासामा नेवार महाजनहरूको गन्ती ३०० पुगेकाले त्यहाँ देखि 'दश-वत्तिस-तीनसय महाजन' को सम्बोधन प्रचलित भएर पछिसम्म कायम रहेको पाइन्छ ।

अब, सबैभन्दा पछिल्लो भेटिएको दस्तावेज हो सं. १८६९ को गिर्वाणयुद्धविक्रम शाहका पालाको लालमोहर जसको छवि चित्र (Facsimile) परिशिष्टमा दिइएको छ । यहाँ चर्चित लालमोहरको खास व्यहोरा तल उतार गरिएको छ ।

आगे कुति दिगर्चा लासामा वस्याका दस-वत्तिस-तीनसय प्रजा महाजन षुतया (ल्या) वेपारि सभप्रति-

"अघिदेषी पनी लासामा २ नायक रहंथ्या पोरका सालमा हरिकृष्ण र वलभद्रलाई जाहा झिकाउन पर्दा पानिजुलाई यकै पगरि वक्सी पणयाकने हो, भोट मुलुकमा तिमिहरू प्रजा प्राणि महाजन ढरै छौ पाँनिजु यकलैले संभार गर्न सकैन भन्ना निमित्त अघिका दस्तर सित वलभद्रलाई पनी आधाको पगरि वक्सी पौंनिजु समेत (दुई) २ नायक गरी वलभद्र लाई विदा गरी ताहा पठायाकोछ, अघिका रित वमोजिम दुवै नायकलाई वरोवर मान्नु"

उपर्युक्त लालमोहरद्वारा तिब्बतको राजधानी ल्हासामा नेपाल सर्कारद्वारा व्यापार नायक नियुक्त हुने प्रथाको औपचारिक प्रमाण देखापर्छ । त्यहाँ नेवार, व्यापारीहरूको कारोबारमा वृद्धिका साथ दुईजना नायकहरू काठमाडौंबाट नियुक्त गरी पठाउने गरेको कुरा पनि थप जानकारीमा आएको छ । साथै, दुवैजना नायकहरू मिली संयुक्त रूपमा काम गर्नुपर्ने दायित्व समेत राजधानी केन्द्रबाटै तोकेर पठाएको देखिनाले अझ विशेष कुरा बुझिने भएको छ ।

साथै प्रस्तुत लालमोहरद्वारा ल्हासामा नायक साथै 'पौंनिजु' एकजना पनि रहने नयाँ तथ्य उजागर भएको छ । 'पौंनिजु' शब्दले नेपालमा प्रसिद्ध मछिन्द्रनाथको पूजारीलाई बुझाउने गर्छ । यसबाट ल्हासामा रहने 'नायक' को कार्यकक्षामा कुनै देवता स्थापित रहेको थियो कि भन्ने जिज्ञासा स्वतः उब्जिन्छ । तर यसको नीति सान्दर्भिक तथ्य भने यहाँनिर देखापर्दैन ।

पछिल्लो कालखण्डमा श्री ३ जङ्गबहादुर राणाले सं. १९१२ सालमा गरेको नेपाल - तिब्बत युद्धको परिणाम 'नायक' प्रथालाई बदलेर नेपाल सरकारको उच्च भारादार 'कर्णेल' दर्जाको गोर्खा वकिल ल्हासामा रहने नयाँ बन्दोबस्त भयो । त्यतिञ्जेल त्यहाँ नेवारहरूमा कान्तिपुर सहरबाट जानेहरूको संख्या बढ्दा नयाँ परिप्रेक्ष्यमा गोर्खा वकिल अड्डामा 'तलेजू' भवानीको स्थापना गरियो । त्यसको लागि पनि वज्राचार्य पूजारीको दरबन्दी नै रह्यो । त्यस अघि भने 'पानिजु' पूजारी एकजना खटिने गरेको प्रस्तुत लालमोहरबाट देखिनाले त्यतिखेर त्यहाँ 'मछिन्द्रनाथ' को स्थापना भएको होकि भन्ने एउटा सहज अनुमान गर्न सकिन्छ । तर निश्चित गरी भन्न सकिदैन । यसका लागि थप खोजी पस्नुको विकल्प र हुँदैन ।

जतिखेर चर्चित लालमोहर जारी भयो, त्यतिखेर नेपालमा मुख्तियार भीमसेन थापाको जगजगी थियो । उनको दरवारमा पाटनओकु वहालका वौद्ध आर्चाय अमृतानन्द, सुन्दरानन्द शाक्यहरूको उठवस हुनाले तिनीहरूकै प्रभावमा पाटने 'पानिजु'हरूले पनि ल्हासामा जाने र 'नायक' हरूकासाथ कामगर्ने अवसर पाएको अवस्था पनि विद्यमान रहेको देखापर्छ ।

परिशिष्ट

श्री दुर्गा सहाय ?

श्री लासामा बसी व्यापार गऱ्यो दश वतिस तिनसय

प्रजा महाजनक लासा पहुँचै शुभम्

लालमोहर -१ (उतार)

साक्षी श्री मन्महाराजाधिराज कस्य रुक्का .... भागे कुति दिगची लासमा वस्याका दश वतिस तिनसय प्रजा महाजन वुतया (ह्या) व्यापारी सय प्रति अघिदेखि पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लासामा २ नामक रहथ्या, पोरका सालमा हरिकृष्ण र बलभद्रलाई जाहाँ जिकाउनु पर्दा ..... जुलाई एकै पगरि वक्सि पठायको हो, भोट मुलुकमा तिमिहरू प्रजा प्राणि माहजन धेरै छौ, पाँनिज्यू एकलैले संभार गर्न सकैन भन्या तिमित अघिकै दस्तुर सित बलभद्रलाई पनि मायाको पगरी बक्सि पाँनिज्यू समेत २ नामक गरी वलभद्रलाई विदा गरी ताहाँ पठाएको छ, अघिका रित बमोजिम दुवै नामकलाई बराबरी मान्नु कसैले तिमिहरूलाई थिचमिच गऱ्या मामकहरू छेड भन्नु नामकहरूले याद राखेनन् भन्कैहरूले पनि थिचमिच गऱ्या भन्या सबै तिमिहरू मिली हाम्रा हजुरमा आफनु दुष सुष विन्ति गरी पठाउनु आफ्ना खातिर जामा सँग वन्दव्यापार खुसिसँग गर, ईति सम्वत् १८६९ साल मिति मार्ग सिर वढि ४ रोज १ मुकाम कान्तिपुर शुभम्

सन्दर्भ सामग्री :

१. अभिलेख- २०७३, राष्ट्रिय अभिलेखालय ।
२. थाय्भुः पूर्णाङ्क १० (सं. २०७६) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
३. अवकास- २०७०
रा.वा. बैंक पूर्व कर्मचारी संघ ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हरप्रसाद शास्त्री अन्वेषित चर्याचर्यविनिश्चय

- काशीनाथ तमोट*

१. प्रसंग

चर्यापद र नेपाल-आसामका भाषा, साहित्य, संस्कृति विषयक अन्तर्राष्ट्रिय सम्मेलन ई. २०२० फेब्रुवरी १९-२० मा काठमाडौंमा सम्पन्न भयो । यसको आयोजना आसाम तत्त्व गवेषण संस्था र आसाम नेपाली साहित्य सभाको साथ लिएर बौद्ध अध्ययन केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालयबाट भएको थियो । पहिलो दिन तीन सत्र पूरै चर्यापदबारे एक दर्जनजति पत्र प्रस्तुत गरिए । चर्यापद/चर्यागीत/चर्याचर्यको मूल स्रोत ई. १९०७ मा हरप्रसाद शास्त्री (१८५३-१९३१) ले वीर पुस्तकालय (वर्तमान राष्ट्रिय अभिलेखालय)मा पाई सो सम्पादन गरी ई. १९१६ मा निकाले पछि पूर्वीभारत र नेपाल तराईका आधुनिक भारोपेली भाषाहरूको प्राकृतकालीन स्रोत मानियो । हरप्रसाद शास्त्रीले आफूले खोजेको चर्यागीतलाई हजार वर्ष अघिको बङ्गाली भने पनि आसामी गवेषकहरू आफ्नो ठाउँ कामरूप, प्राग्ज्योतिषपुर ऐतिहासिक हिसावले प्राचीन थलो हुँदा त्यसलाई आसाम भाषा-साहित्यको आदि स्रोत मान्छन् । उनीहरू शास्त्रीले खोजी पाएको चर्याग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहेको कुरा सय वर्षदेखि सुन्दै आएकोमा आफूहरू काठमाडौं आएको बेला हेर्नैपर्छ भन्ने भावना जाग्यो, सम्मेलनको अन्तिम दिन गोष्ठी सकेर उनीहरू आतुर भएर राष्ट्रिय अभिलेखालय, रामशाहपथमा हानिए । सीमित समय, लगत संख्याको स्पष्ट ज्ञान नहुँदा सो हेर्ने अनुकुल भएन, अन्य केही चर्याग्रन्थ हेरी चित्त बुझाउनु पऱ्यो । उनीहरूको हरप्रसाद शास्त्रीले सम्पादन गरेको चर्यापदको मूल ग्रन्थ हेर्ने पागलपनी आकांक्षा देखेर मैले सो पत्ता लगाई लेखमार्फत् जानकारी गराउने बाचा गरें र आज यो लेखेको छु ।

२. आकर्षण

तत्कालीन विश्वविद्यालय कलेज, लण्डनका संस्कृत प्राध्यापक सेसिल बेण्डाल (१८५६-१९०६) लाई नेपाल र उत्तर भारतको साहित्यिक तथा पुरातात्त्विक अनुसन्धान गर्ने सिलसिलामा काठमाडौं ई. १८८४ मा तीन हप्ता (नवेम्वर ९-२८) बस्दा अन्तिम बेला २७ नवेम्बरमा "महाराजको पुस्तकालय" बाट दरबार स्कूलमा ल्याइदिएको पुराना ग्रन्थ हेर्ने मौका मिलेको थियो । यस दिनलाई उनले आफ्नो नेपालयात्राको "ठूलो घटना" मानेको थियो र उनले आफूलाई यो संग्रह हेर्न पाउने एक मात्र यूरोपेली मानेको थियो । (बेण्डाल, १८८६/१९७४:१६-१७) बेण्डाल यो दरबारी पुस्तक-निधि कुनै बेला खोतल्ने दृढ आकांक्षा लिई बेलायत फर्के ।

साँच्चै नै १९९८-९९ को हिउँदमा सेसिल बेण्डाल आफै र एशियाटिक सोसाइटी अफ बङ्गालका सहसचिव तथा संस्कृत कलेज, कलकत्ताका प्राचार्य हरप्रसाद शास्त्री सहयोगी दलसाथ काठमाडौं आई नेपालको राजकीय पुस्तकालयका प्राचीन ग्रन्थको सूचीपत्र निर्माण गरे । (बेण्डाल १९०५:१) त्यसको परिणाम स्वरूप शास्त्रीको

*स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९०५ को ग्रन्थसूची निस्के । यस बेला बेण्डालले गोपालराज वंशावली भेट्टाए ।

बेलायत र भारतका विश्वविद्यालयका प्राध्यापकहरूले नै नेपालको प्राचीनग्रन्थ संग्रहको सराहना गरेको र त्यसको बृहत्सूची नै तयार गरेको देख्दा प्रधानमन्त्री वीर शमशेर (१८८५-१९०१) उत्साहित भए । उनले ई. १९००।१९०१ (विसं १९५६।५७)मा पुस्तकखाना (BIR LIBRARY) भवन र घण्टाघर बनाए । सकेसम्म प्राचीनग्रन्थहरू थपिए । प्रम देव शमशेर (१९०१ मार्च-जून) र चन्द्र शमशेर (१९०१-२९) ले यसलाई निरन्तरता दिए । प्रम चन्द्रले बढी भन्दा बढी पुराना पुस्तक जम्मा गरी वीर पुस्तकालयलाई धनी बनाए । पुस्तकखानाले शास्त्रीलाई वि.सं. १९९८ मा बनाए जस्तै विवरणात्मक सूचीपत्र बनाउन ताडपत्र ग्रन्थ नै ३७९ वटा जम्मा भइसक्यो भनी खबर पठाए । (ग्रुनेन्डाल, १९८९:१४, परिचय)

हरप्रसाद शास्त्री बंगाल सरकारसँग स्वीकृति लिएर १९०७ ग्रीष्म ऋतुमा नेपाल राजकीय पुस्तकालयमा नयाँ संकलित प्राचीन ग्रन्थ सूची निर्माण गर्न आए । (शास्त्री, १९१५: भूमिका) उनले अरु सहयोगी सहित आई सूचीपत्र बनाए । उनले तत्काले सो ग्रन्थसूची "नेपालका नयाँ हस्तलिखित ग्रन्थ" नामले प्रकाशित गरे । (शास्त्री, १९०७) त्यसैलाई विस्तार गरी उनले नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्र र छानिएका कागजपत्रका हस्तलिखित ग्रन्थको सूचीपत्र, दोस्रो भागको रूपमा प्रकाशित गरे । (शास्त्री, १९१५) उनले चर्याचर्यटीका सम्बन्धमा सूचीपत्र निर्माण गरिरहँदा गरेको मेहनतको बयान भूमिकाको शुरुमै उल्लेख गरेका छन् - हामीले पुस्तकखानामा भेट्टाएका संस्कृत टिप्पणीसहितको पुरानो बङ्गाली गीत बिहान बिहान जाँच गर्थ्यौं । १९१५ को सूचीको भूमिका (ए. ११)मा त उनले यसबारे एक प्याराग्राफ नै लेखेका छन् र भनेका छन् - यो कृति मैले चाँडै नै प्रकाशित गर्दैछु ।

३. प्रकाशन

हरप्रसाद भट्टाचार्य (ज. १८५३) बङ्गालको कुमिरा गाउँ खुल्ला स्थान (हाल बङ्गलादेश) मा जन्मी, कलकत्तामा शिक्षा प्राप्त गरी, एम.ए.मा विशिष्टता हासिल गर्दा 'शास्त्री' (१९७८) पदवीबाट विभूषित भएका थिए । त्यसैले उनी हरप्रसाद शास्त्री नामबाट बढी प्रसिद्ध छ । उनलाई भारतका अरु विशिष्ट पण्डितहरूसँगै महारानी भिक्टोरिया (१८३७-१९०१) का सिंहासनारोहणको ६० औं अवसरमा 'महामहोपाध्याय' (१८९८) पदवी प्रदान गरिएको थियो । उनले नेपालमा पाएको चर्याग्रन्थको झण्डै ८ वर्ष गहन अध्ययन गरी चार पुस्तक संग्रह ग्रन्थमा सो प्रकाशित गरे - हाजार बछेरेर पुराण बाङ्गाला भाषाय बौद्धगान ओ दोहा (हजार वर्षको पुरानो बङ्गाली भाषाको बौद्ध गीत र दोहा) । यो उनले बङ्गला संवत् १३२३ (ई. १९१६।१७) मा आफै अध्यक्ष रहेको बङ्गीय साहित्य परिषद्, कलकत्ताबाट प्रकाशित गरे । यसमा चार ग्रन्थ छन् - चर्याचर्यविनिश्चय, सरोजवज्रको दोहाकोष, कान्हपादको दोहाकोष र डाकार्णवतन्त्र । यस अघि चर्याचर्यटीका भनी भन्ने गरेको चर्यागीत संग्रहलाई यहाँ उनले चर्याचर्यविनिश्चय (पृ. १-७६) नाम दिए । विनिश्चय भनेको निर्णय हो, विषय निर्धारण गरिएको । यो नाम शास्त्रीको अन्वेषणको परिचायक भएको छ ।

मुद्रित ग्रन्थ हरप्रसाद शास्त्रीले नेपाल सरकार मुन्सीखाना (वर्तमान परराष्ट्र मन्त्रालय) मा चढाएछ । वीर पुस्तकालयको मूल लगत तेस्रो ४०२मा सूचीकृत चर्याचर्यटीका शास्त्रीले सम्पादन गरी प्रकाशित गरेको मुद्रित प्रति पनि तेस्रो लगतकै ७९२ संख्यामा सूचीकृत छ । त्यसको कैफियतमा लेखिएको छ - "सा. ल. मा १९७९ साल आषाढ १५ गते ४ का मुन्सीखानाका चलनिपूर्जी बमोजींको किताप भनि लेखेको छ . यसमा प्राचीन बौद्ध ग्रंथका प्राकृत भाषाका दोहा गानहरूमा संस्कृत हरप्रसाद शास्त्रीको टीका भएको कलकत्ताको छापा जिल्ददार किताप छ ।"

यसरी शास्त्रीको मुद्रित किताब ई. १९२२ जून २८ बुधवार मुन्सीखानाबाट वीर पुस्तकालयमा पठाएको देखिएको छ । अहिले राष्ट्रिय अभिलेखालयले १ देखि ५ सम्मका लगतहरू एकै विषयमा एकीकृत सूची बनाएकोमा मुद्रित यो ग्रन्थ सूचीकृत गरिएन ।

शास्त्रीले प्राचीनतम चर्याग्रन्थ प्रकाशित गरेपछि संसारका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राच्यविद्हरूको ध्यान यसमा गयो । उनीहरूले यसको अध्ययन, अनुसन्धान, विश्लेषण गरी थप जानकारी हासिल गरे । चर्याचर्यविनिश्चय ग्रन्थमा जम्मा ६९ पत्र थियो र त्यसमा ३६-३९ र ६६ पत्र नभएको कुरा मूल लगतमा कैफियतमा उल्लेख छ । यसमा साढे ४६ गीत उपलब्ध छ र ती २३ सिद्धाचार्य कविहरूबाट अपभ्रंश (अवहट्ट/प्राकृत) भाषामा रचिएका छन् र त्यसको संस्कृत टीका पनि छ । सो टीका हरप्रसाद शास्त्रीकृत होइन ।

नेपालमा प्राप्त मूल अपभ्रंश गीत र त्यसको संस्कृत टीका तिब्बती भाषामा अनुवाद भएको रहेछ र त्यहाँको तन्जुर ग्रन्थमा गाभिएको रहेछ । प्रबोधचन्द्र वाञ्चीद्वारा सो १९३८ मा प्रकाशित भए । त्यहाँ चर्याचर्यविनिश्चय टीका ग्रन्थलाई चर्यागीतिकोषवृत्ति भनिएको छ र सो आचार्य मुनिदत्तद्वारा टीका गरिएको रहेछ, त्यहाँ ५० गीत छन् । यसरी शास्त्रीको ग्रन्थमा साढे ३ गीत हराएको रहेछ । यसरी सो ग्रन्थ ६९ पत्र पछि करीब ४ पत्र हुनुपर्ने देखियो । (क्वायर्ने, १९७७:१)

चर्याचर्यविनिश्चयको तिब्बती अनुवादमा नर्वेका पर क्वायर्ने (ज. १ अप्रिल १९४५)ले विद्यावारिधि अनुसन्धान गरे, जसबाट यसबारे अरु महत्त्वपूर्ण कुरा थाहा भयो । तिब्बती लोचाबा (अनुवादक) ग्रागस्पा ग्यालंचान (अ. १२८५-१३७८) ले यो पुस्तक काश्मिरी महापण्डित कीर्तिचन्द्रसँग मिली यम्वु (मध्यकालको काठमाडौंको माथिल्लो टोल) मा बसी उल्था गरेका हुन् - उनीहरूले यहीँ बसी सुभूतिचन्द्रको अमरकोशको कामधेनु टीका र संस्कृत लोकानन्द नाटक पनि उल्थाएका थिए । चर्याग्रन्थको तिबती अनुवाद ई. १३१० देखि १३३४ भित्र गरिएको अनुमान गरिएको छ । (क्वायर्ने, १९७७:२)

४. रचना

चर्याचर्यविनिश्चय बङ्गाली लिपिमा लेखिएको सेसिल बेण्डालको सूचीपत्रमा उल्लिखित ई. ११९८, ११९९ र १२०० को ग्रन्थ भन्दा पुरानो समयको हो भन्ने हरप्रसाद शास्त्रीको ठम्याइ छ । (शास्त्री, १९१५:११ भूमिका) यसका रचना ई. १२०० मा मुसलमानहरूले बङ्गालमा आक्रमण गर्नुभन्दा अघि भएको हो । यसमा मुसलमानी प्रभाव भित्रिएको छैन । यसका २३ रचयिता सिद्धाचार्य कविहरू ई. ७५० देखि ११५० सम्मका हुन् भन्ने मानिएको छ । यसो हुँदा प्रस्तुत चर्याचर्यग्रन्थ १२औं शदी (नेसं २२०-३१९) मा बंगाली लिपिमा लेखिएको मान्न सकिन्छ । यसमा तान्त्रिक रचनाकार सिद्धाचार्यहरू भारतका आसाम, बङ्गाल, विहार, उडिशाका हुन् भन्ने ठानिन्छ । यसमा प्रयुक्त भाषा पनि शास्त्रीले मानेजस्तो बहुसंख्यक बङ्गाली मात्र नभएर आसामी, भोजपुरी, मैथिली, सिल्हेटी, उडिशा, मगही आदिका प्राचीन रूप पनि भएको दाबी गरिएको छ । रचयिता सिद्धाचार्यहरूमा पहिलो नाम 'लुयीचरण' (लुयिपाद) आएकोले बृहत्सूचीपत्रम्मा चर्याचर्यटीकाको "ग्रन्थकार: सिद्धाचार्य : लुयिपाद:" भनी उल्लेख गरिएको छ । वास्तवमा यस ग्रन्थमा २३ कविहरूको काव्य/पद (पद्य)/ गीत सम्मिलित छन् । ती हुन् :

१. लुयिपाद - चर्या १, २९

२ कुकरीपाद - चर्या २, २०, (४८)

३. विरूपापाद - चर्या ३

४. गुण्डरीपाद - चर्या ४

५. चाटिल्लपाद - चर्या ५

६. भुसुकुपाद - चर्या ६, २१, २३, २७, ३०, ४१, ४३, ४९

७. काह्नपाद - चर्या ७, ९-१३, १८, १९, (२४), ३६, ४०, ४२, ४५

८. कम्बलाम्वरपाद -चर्या ८

९. डोम्बीपाद - चर्या १४

१०. शान्तिपाद - चर्या १५, २६

११. महीधरपाद - चर्या १६

१२. वीणापाद - चर्या १७

१३. सरहपाद - चर्या २२, ३२, ३८, ३९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. तन्त्रीपाद - चर्या (२५)

१५. शबरपाद - चर्या २८, ५०

१६. आर्यदेवपाद - चर्या ३१

१७. ढेण्ढणपाद - चर्या ३३

१८. दारिकपाद - चर्या ३४

१९. भादेपाद - चर्या ३५

२०. ताडकपाद - चर्या ३७

२१. कङ्कणपाद - चर्या ४४

२२. जयनन्दपाद - चर्या ४६

२३. धामपाद - चर्या ४७

हरप्रसाद शास्त्रीको चर्याचर्यविनिश्चयमा काह्नपादको २४औं, तन्त्रीपादको २५औं र कुकुरीपादको ४८औं गीत उपलब्ध छैन । भुसुकुपादको २३औं गीत आधी मात्र छ ।

उपर्युक्त सिद्धाचार्यहरूमध्ये विरूपापाद, काह्नपाद, भादे/भाद्र-पाद, शवरपाद, शान्तिपाद, चाटिल्ल/चाटली-पाद ८४ सिद्धको सूचीमा पनि पाइएको छ । (क्वायर्ने, १९७७:५, परिचय)

नेपालमा प्राप्त, बङ्गाली लिपिमा लिखित, अपभ्रंश भाषा प्रयुक्त यी चर्याविषयक पद (पद्य) गीत कहाँ संकलित भएको होला भन्ने खुल्दुली हुन्छ । यो ११।१२ औं शदीको समयको विचार गर्दा बङ्गालतिर लेखेको र मुसलमान आक्रमण गर्दा यसका संग्रहकर्ता/लेखक नेपालमण्डलमा आएको हुन सक्छ साथै यस अवधिमा बंगाली, नेपाललिपि, देवनागरी दक्षिण एशियाको उत्तर पूर्वी उपक्षेत्रमा समान रूपले चल्ती हुँदा नेपालमण्डलकै यम्वु क्षेत्रमा लेखिएको पनि हुनसक्छ यो नेपाल सरकारको राजकीय संकलन परम्पराबाट नभई वीर शमशेर, चन्द्र शमशेरहरूले नयाँ ग्रन्थ संग्रह गर्दा काठमाडौं, पाटनका कुनै वज्राचार्यको घरबाट वीर पुस्तकालयमा आइपुगेको देखिन्छ । चर्यागीत (नेवा चचामे) नेवा वज्राचार्य संस्कृतिको गाडधन हो ।

यस ग्रन्थको टीका आरम्भमा "श्रीलुयीचरणादि-सिद्धरचितेप्याश्चर्यचर्याचये" (श्री लुयिपाद आदि सिद्धहरूले रचेका आश्चर्य लाग्दा जीवनयापन सहायक गीत) लेखिएकोले टीकाकार आचार्य मुनिदत्तले यसको नाम आश्चर्य-चर्या चर्य नाम राख्न खोजेको जस्तो छ । हरप्रसाद शास्त्रीले 'आश्चर्य' (छक्क पार्ने) लाई गुणवाची शब्द मानी शुरुमा चर्याचर्य (टीका) नाम दिए, पछि विषयगत गहनता विचार गरी विनिश्चय मानी चर्याचर्यविनिश्चय नामकरण गरे । यो नाम उनको गुणस्तर चिह्न (ट्रेडमार्क) जस्तो भयो । यसलाई तिब्बती भाषामा भने चर्यागीतिकोषवृत्ति भनिएको छ । पछि प्रबोधचन्द्र वाग्ची (१८९८-१९५६) आदिले यसलाई एकप्रकारको विशिष्ट पद्य मानी 'चर्यापद' नाम लोकप्रिय गराए । विदेशी विद्वान्हरू र नेवारवर्ग यसलाई चर्यागीत (चचामे) भन्न रुचाउँछ । बृहत्सूचीपत्रम्मा हरप्रसाद शास्त्रीले दिएकै नाम चर्याचर्यटीका राखिएको तर प्रतिज्ञावाक्यमा आश्चर्यचर्याचय नाम भएको टिप्पणी गरिएको छ ।

संस्कृत भाषा विकासको हिसाबले ई. ५००-१००० मा विकसित भाषालाई अपभ्रंश (प्राकृत) भनिए पनि चर्यागीतको भाषालाई विषयगत हिसाबले संध्या/ सांध्य भाषा भन्ने गरिन्छ । एकपटक नृत्य शिक्षक बेटीदेवी वज्राचार्यले इतिहासकार धनवज्र वज्राचार्यसँग चर्यागीतको भाषाबारे सोधे । धनवज्रज्यूले सो

"सन्ध्या भाषा" भएको र प्राकृत तत्कालीन जनभाषा सम्मिलित तथा सांकेतिक भाषा हो भनी बताए । कुनै चर्या संस्कृत मिश्रित विचित्र भाषाका पनि छन् । (पाण्डे-वज्राचार्य, १९७९:७) जसरी सन्ध्याकाल, बिहान उषा (प्रातः) कालमा र साँझ सायं (गोधुली) कालमा उज्यालो-अँध्यारो दुवै रहन्छ, त्यस्तै सन्ध्याभाषाको चर्यागीत बुझिने-नबुझिने, केही खुलस्त केही गोप्य हुन्छ । यसको शब्द बहुअर्थी हुन्छ ।

प्रस्तुत चर्याचर्यविनिश्चय अहिले वज्रयानी/महायानी बौद्धधर्म अनुयायीहरूले प्रयोग गर्दै आएकोले यसलाई बौद्ध साहित्य भन्ने गरिएको छ, तर यो शैव नाथपन्थीहरूको पनि काव्य हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. प्रतिलिपि

सर्वप्रथम हरप्रसाद शास्त्री काठमाडौंमा अनुसन्धानरत हुँदा ई. १९०७ मा वीर पुस्तकालयको लगत तेस्रो संख्या ४०२ मा रहेको मूल प्रतिबाट एशियाटिक सोसाइटी अफ बङ्गालको लागि एक प्रतिलिपि तयार गराए र साथमा लगे। (क्वायर्ने, १९७७:१)

शास्त्रीले ई. १९१५मा प्रकाशित सूचीपत्रमा त्यसको सूची विवरण दिए। (पृ. ९४) लगत्तै सो चर्याचर्यविनिश्चय (पृ. १-७६) सम्पादन गरी छपाउँदा ई. १९१६मा मूलको फोटोछवि (पत्र १,१४,२३,४७,७३) पनि दिइएको छ। यहाँ उनले पढ्न कष्टसाध्य पत्र ७३ को छवि दिएकोबाट जम्मा ६९ पत्र प्राप्त भएको ग्रन्थमा कहाँबाट सो आयो भन्ने खुल्दुली हुन्छ। यसबाट सो ग्रन्थको अन्तिम पत्र शास्त्रीको समयमा भएको बुझिन्छ, पत्र ७०,७१,७२ चाहिँ नभएको देखिन्छ। हरप्रसाद शास्त्रीले सो चर्याग्रन्थको अन्तिम पत्र ६९ दिएको, श्लोक संख्या १३०० दिएको छ, तर त्यसभित्र ५ पत्र नभएको उल्लेख गरेनन्। पहिलो पत्रको देवनागरी पाठ दिए। शास्त्रीको दुइ भाग सूचीपत्र निस्केपछि नेपाल सरकारले पनि कुमारीचोक, नेपाल फाँट अन्तर्गत रहेको पुस्तकखाना (घण्टाघर लायब्रेरी)मा रहेको पुस्तकहरूको लगती सूचीपत्र वि.सं. १९७९ आश्विन १७ (ई. १९२२ अक्टोवर ३) मा बनाउन शुरु गरे। मूल लगतको सूची निर्माण गर्दा ई. १९२० दशकको पछिल्लो समय तेस्रो लगत ४०२ संख्याको चर्याचर्यटीकाको विशेष कैफियतमा लेखिएको छ - "यसमा ३६ देखि ३९ सम्म र ६६ को पत्र टूट् छ, प्राचीनभाषाका दोहा चौपाइ भयेको बौद्धशास्त्रको टीका छ . छेउ २ मा फाटेको छ . कहिं २ अक्षर पाई मु.का. छ।"

वीर पुस्तकालयले वि.सं. २०१७ / ई. १९६० देखि विषयगत बृहत्सूचीपत्र प्रथम भाग (ज्योतिष) निकाल्न शुरु गरे। वि.सं. २०२१/ई. १९६५मा सप्तमभाग (बौद्ध विषयक) प्रथम खण्डमा चर्याचर्यटीका सूचीकृत गर्दा त्यसमा ६४ पत्र र १३०० ग्रन्थ (श्लोक) संख्या थिए। ई. १९६७ मा रामशाहपथमा राष्ट्रिय अभिलेखालय बन्यो। वीर पुस्तकालय, घण्टाघरबाट प्राचीन ग्रन्थहरू अभिलेखालयमा सारिए। ई. १९७०मा नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (१९७०-२००१) शुरु भयो। त्यसै वर्ष सेप्टेम्वर २५मा ए ३९/१८ र चौधौं वर्षमा १९८४ सेप्टेम्वर ४मा ए ९३४/१५ माइक्रोफिल्म गर्दा केवल ४ पत्र (१,२,४८,६९), ग्रन्थसंख्या ७३ मात्र त्यहाँ पाइयो।

हरप्रसाद शास्त्रीले ई. १९१६मा चर्याचर्यग्रन्थ निकाले पछि वीर पुस्तकालय (राष्ट्रिय अभिलेखालय) र नेपाल-जर्मनी परियोजनाले चर्याचर्यटीका नाम राखे तर आशा सफूकुथिले त्यसलाई चर्याचर्यविनिश्चय नामबाटै सूचीकृत गरे। शास्त्रीको ग्रन्थबाट काठमाडौंका वज्राचार्यहरूले यसलाई देवनागरी लिपिमा हरितालयुक्त कागजमा सारिएका चार हस्तलिखित ग्रन्थ अहिलेसम्म पाइएको छ। जस्तो :-

१. चर्याचर्यटीका-नेजहसंप माइक्रोफिल्म ई. १४८६/२, ई. १९८१ मे १९ मा मनवज्र - धनवज्र वज्राचार्यको संकलनबाट छविचित्रित, पत्र ७९।

२. चर्याचर्य-टीका / विनिश्चय - माइक्रोफिल्म ई. ६००/३, ई. १९७८ जुलाई ३१ म शङ्करनन्द वज्राचार्यको संकलनबाट धर्मरत्न वज्राचार्य मार्फत् छविचित्रित र आशा सफूकुथिलाई मूलप्रति प्रदान, डीपीएन ४०९३। शुरुको ४ पत्र नेपाललिपिमा लेखी ५-४५ पत्र देवनागरीमा लेखिएको, पत्र ४५।

३. चर्याचर्य- टीका / विनिश्चय - माइक्रोफिल्म ई. ६०० / ४, ई. १९७८ जुलाई ३१ मा धर्मरत्न वज्राचार्यबाट छविचित्रित र आशा सफूकुथिलाई मूलप्रति प्रदान, डीपीएन ४०९४, पत्र ६९।

४. चर्याचर्यविनिश्चय - कसैले आशा सफूकुथिमा प्रदान गरेको, डीपीएन ४०८२, पत्र ७५।

आजभन्दा हजार वर्षभन्दा पुराना भाषामा लिखित सांध्यभाषाका चर्याचर्यगीत, जसलाई चर्यापद पनि भनिन्छ, व्यक्तिगत संकलनका प्रति छविचित्रमा राष्ट्रिय अभिलेखालयमा पाइनु र कुनै मूलप्रति आशा सफूकुथिमा पाइनाले यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अध्ययन अनुसन्धान गर्न सहज भएको छ। फेरि यस चर्यागीतको निरन्तरतामा नेपालमा आफ्नै रचयिताहरूबाट रचित संस्कृत-प्राकृत भाषा मिश्रित चर्यागीत वज्रयान बुद्धधर्म परम्पराको एक अभिन्न अंग भएको छ। आशा सफूकुथिमा मात्र यसको संकलन १२० वटा छ। (तमोट, २०२०)। सय वर्ष अघि हरप्रसाद शास्त्रीले पाई, त्यसको सम्पादन, प्रकाशन गरी नेपाल, भारत, तिब्बतमा यो चर्चित छ। यसको अध्ययन, अनुसन्धान, विश्लेषण, व्याख्या उत्तरोत्तर हुँदो छ।

उद्धृत कृतिसूची

आशा सफूकुथि, २०००

आशा सफूकुथिया सफू धल: प्रस्तुतकर्ता - राजा शाक्य, यँ (काठमाडौं) : आशा सफू कुथि गुथि, नेसं ११२०, पृ. १४।

(१) चर्याचर्यविनिश्चय, डीपीएन ४०९२, देवनागरी, संस्कृत-मैथिली-नेपालभाषा-बङ्गाली, अपूर्ण, २३.५च्च१० सेन्टिमिटर, पत्र ७५, कागजपत्र (हरिताल)।

(२) चर्याचर्यविनिश्चय, डीपीएन ४०९३ = नेजहसंप ई ६००/३, नेपाललिपि (१-४)। देवनागरी (५-४५) संस्कृत-मैथिली-नेपालभाषा-बंगाली, अपूर्ण, ३१च्च१२.५ सेन्टिमिटर, पत्र ४५, कागजपत्र (हरिताल)।

(३) चर्याचर्यविनिश्चय, डीपीएन ४०९४= नेजहसंप ई ६००/४, देवनागरी, संस्कृत- मैथिली-नेपालभाषा-बंगाली, अपूर्ण, ३०.३च्च११.८ सेन्टिमिटर, पत्र ६९, कागजपत्र (हरिताल)

तमोट, काशीनाथ, २०१५.

अक्स्फोर्ड विश्वविद्यालयको चन्द्र शमशेर सङ्कलन, अभिलेख, पूर्णाङ्क ३५ (वि.सं. २०७४), पृ. ५०-५४।

नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (१९७०-२००१)

(१) चर्याचर्यटीका, ए९३४/१५, राष्ट्रिय अभिलेखालय, काठमाडौं, ते ४०२, ताडपत्र, बौद्ध कर्मकाण्ड, भुजिंमोल, ३३×४.५ सेन्टिमिटर, पत्र ४ (१,२,४८,६९), ग्रन्थसंख्या ७३।

(२) चर्याचर्यटीका, ई १४८६/२, व्यक्तिगत (मनवज्र वज्राचार्य, काठमाडौं), कागजपत्र, (हरिताल) बौद्धशास्त्र, देवनागरी, २३.३×१८.६ सेन्टिमिटर, पत्र ७९, छविचित्र १९.५.८१।

(३) चर्याचर्यटीका, ई ६००/३ व्यक्तिगत (धर्मरत्न वज्राचार्य), छविचित्र ३१.७.७८ = आशा सफूकुथि डीपीएन ४०९३

(४) चर्याचर्यटीका, ई ६७०/४ व्यक्तिगत (धर्मरत्न वज्राचार्य), छविचित्र ३१.७.७८ =आशा सफूकुथि, डीपीएन ४०९४

पन्त, महेशराज, २०१५.

हरप्रसाद शास्त्री र नेपालका प्राचीन पुस्तकको खोजी। राजधानी (दैनिक), वि.सं. २०७२ पुस ४ शनिबार (१९ डिसेम्बर), पृ. ४।

पाण्डे, इन्दिरा र बेटी वज्राचार्य, १९७९.

चर्या गीत र नृत्यका केही पक्ष। मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, पोखरामा प्रस्तुत लघु अनुसन्धानपत्र, वि.सं. २०३६ आषाढ।

मूल लगत (वीर पुस्तकालय, वर्तमान राष्ट्रिय अभिलेखालय) तृतीय लगत

(१) ते ४०२. चर्याचर्यटीका (प्राचीनभाषामयि), बौद्धशास्त्रम्, अपूर्ण ताडपत्राणि, पत्र १-६९, १२.७५×१.८७५ इन्च, पंक्ति ५, ग्रन्थसंख्या १३००, अक्षर ने.अ., यावत् पत्रसंख्या ६४।

(२) ते ७९२. बौद्धगानं दोहा (प्राकृत भाषा) टीका, संस्कृत टीका, महामहोपाध्याय हरप्रसाद शास्त्री, प्राकृत बौद्धगानम् पूर्णम्, मध्येशी कागज, १६७ पृ., १०× ७.७५ इन्च, बङ्गाक्षर, ब.सं. १३२३, मुद्रित बद्धपुस्तकम् ८४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शास्त्री, हरप्रसाद, १९१६.

हाजार बछरेर पुराण बाङ्गाला भाषाय बौद्धगान ओ दोहा (चर्याचर्याविनिश्चय सरोजवज्रेर दोहाकोष, काह्नपादेर दोहाकोष ओ डाकार्णव. कलकत्ता : बङ्गीय साहित्य परिषद्, बङ्गाला संवत् १३२३ ।

बृहत्सूचीपत्रम्, सप्तमभागः (बौद्ध), प्रथमखण्ड :, १९६५.

नेपालराजकीयवीरपुस्तकालयस्थपुस्तकानां

बृहत्सूचीपत्रम् । सम्पादक पूर्णरत्न वज्राचार्य । काठमाडौं : वीरपुस्तकालयः, विसं २०२१ फाल्गुन ७ (फेब्रुवरी १८) ।

Bendall, Cecil, 1886.

A Journey of Literary and Archaeological Research in Nepal and Northern India, During the winter 1884-85. Reprint : Ratna Pustak Bhandar, 1974.

Bendall, Cecil, 1905.

Historical Introduction In : Shastri 1905, pp. 1-32. Reprinted from : Cecil Bendall, 1903. History of Nepal and Surrounding Kingdom, Journal of the Asiatic Society of Bengal, Vol. 72, pp. 1-32.

Grunendahl, Reinhold, 1989.

A Concordance of H.P. Sāstrīś Catalogue of the Durbar Library and the Microfilms of the Nepal-German Manuscript Preservation Project. Wiesbaden: Franz Steiner Verlag.

Kvaerne, Per, 1977.

An Anthology of Buddhist Tantric Songs : A Study of the Caryāgīti. Oslo : Universitetsforlaget.

Shastri, Hara Prasad, 1905/1915.

A Catalogue of Palmleaf and Selected paper MSS Belonging to the Durbar Library, Nepal, Vol. I (1905), Vol. II (1915). Calcutta : The Baptist Mission Press, "III. 402 C चर्याचर्यटीका", p. 94.

Shastri, Hara Prasad, 1907.

(1) New Manuscripts in Nepal. In : Notice of Sanskrit Manuscripts, Second Series, Vol. III. Appendix, pp. 1-18. Calcutta : Baptist Mission Press Listed in Bibliography, Grunendahl, 1989:XVII.

(2) Concordance of Śāstrīś "New Manuscripts in Nepal". Appendix A of Grunendahl, 1989, pp. CXVII-CXXIII.

Tamot, Kashinath, 2020.

A List of Carya Manuscripts deposited in the Āśā Archives. A Short Paper Presented in the International Conference of Language, Literature and Culture and a Seminar on Charyāpad, 19-20 February, Kathmandu, Nepal. Organized by Central Department of Buddhist Studies, TU in Collaboration with Asam Tatwa Gabeshana Sansthan and Asam Nepali Sahitya Sabha, India.

Wikipedia : Haraprasad Shastri, Charyapada, Retrieved in 6 June 2020.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट

चर्याचर्यविनिश्चय

पत्र १ पश्च, प्रथम पृष्ठको देवनागरी आलेखन

(१) ॐ नमः श्रीवज्रयोगिन्यै ।।

श्रीमत्सद्गुरुवक्त्रपङ्कजरसास्वादस्फुरद्धीदयो

नत्वा श्रीकुलिशेश्वरं (मदुधि)यं श्रद्धा प्रसन्नाननः ।

श्रीलूयीचरणादिसिद्धरचितेप्या(२)श्चर्यचर्याचये

सद्वर्त्मोवगमाय निर्मलगिरां टीकां विधास्ये स्फुटं ।। ।।

काआतरुवर पञ्चविडाल ।

चञ्चलचीए पइठो काल ।। धु ।।

दिटकरिअ महासु(३)ह परिमाण ।

लुइ भणइ गुरु पुछि अजाण ।। धु ।।

सअल सहिअ काहि करि अइ ।

सुखदुखोतें निचित मरि आइ ।। धु ।।

एडिएउ छान्दक बान्ध करणक पाटे(४)र आस ।

सुनुपाखभिति लाहुरे पास ।। धु ।।

भणइ लूइ आम्भे साले दिठा

धमणचमण वेणि पाण्डिवइण ।। धु ।।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राणा शासन कालमा शिक्षा हासिल गर्दा दिइएका दोसल्ला

- रमेशजङ्ग सिजापति*

नेपाली बृहत् शब्दकोशका अनुसार- दोसल्ला नाः (सं. दिसाट) किनारमा कार्चोबी बुट्टा भरिएको र बीच-बीचमा केही फूल बुट्टा, भएको दुई सरो उनीको मूल्यवान ओढ्ने[1]। दोसल्ला साथ नगद बकस दिएका हुँदा बकसको अर्थ नेपाली बृहत् शब्दकोशका अनुसार ना. (फा. बख्श) । कसैका क्रियाकलाप वा शील स्वभावबाट सन्तुष्ट वा खुसी भएर केही वस्तु दिइने काम इनाम बक्सिस, पुरस्कार, पारितोषिक । पत्र ना. खुसी भएर कसैलाई कुनै वस्तु वा जग्गा-जमीन आदि दिएर गरिदिएको कागज भनिएको छ ।[2]

संसारमा आदिकालदेखि नै राजा महाराजा सम्राट तथा शासकहरूले आफूलाई रिझाए वापत प्रसन्न भई आफ्ना भाइ भतिजा, मित्र, नातेदार, रैती, प्रजा, जनता र शुभचिन्तकहरूलाई प्रशंसा गर्दै उपहार, पुरस्कार, मान, सम्मान, पदवी, इनाम, नगद तथा जिन्सी बकस, शिरपाउ, चौसल्ला, दोसल्ला दिने परम्परा चलि आएको पाइन्छ ।

नेपालमा पनि आदिकालदेखि नै राजा महाराजा शासकहरूलाई खुसी रिझाए वापत प्रसन्न भइ मान सम्मान, पदवी, इनाम, नगद तथा जिन्सी बकस, शिरपाउ, चौसल्ला, दोसल्ला बकस दिइएको परम्परा पाइन्छ । यही क्रममा नेपालको १०४ वर्षिय जहाँनिया राणा शासनकालमा पनि यो परम्परालाई निरन्तरता दिई आएको पाइन्छ ।

प्रस्तुत "राणा शासनकालका शिक्षा हासिल गर्दा दिएका दोसल्ला" शीर्षक अनुसन्धान मूलक लेख राणाकालीन कुमारीचोक राष्ट्रिय अभिलेखालयमा संरक्षित अभिलेखको अध्ययनको आधारमा समय तिथि मिति अनुसार तयार गरिएको छ । यहाँ वि.सं. १९५० साल जेष्ठ सुदी ३ रोज ५ देखि सम्वत् वि.सं. २००७ साल फागुण ५ गते रोज ६ सम्मका प्राप्त ५३ अभिलेखलाई परिशिष्टको रूपमा समावेश गरिएको छ। यो अवधि भनेको श्री ३ वीर, श्री ३ देव, श्री ३ चन्द्र, श्री ३ भीम, श्री ३ जुद्ध, श्री ३ पद्म र श्री ३ मोहन सम्शेर अर्थात राणा शासनकालको अन्तसम्म हो ।

जहानियाँ राणाशासनकालमा शिक्षा हासिल गर्दा दिएका दोसल्ला पाउने इलावाद, वनारस र पटना स्कुल कलेजबाट इन्ट्रेन्स, एस.एल.सी., आइ.ए., बि.ए., एम.ए. विविध विषयमा स्नातकोत्तर अध्ययन पुरा गरेर फर्किएकालाई नगद साथ दोसल्ला दिएको परम्परा पाइन्छ।

दोसल्ला पाउने राणाजीका भाइ, छोरा, भतिजा भतिजी, नातिनी, छोरी ज्वाँइ छन् । केही मित्र नातेदार अन्य नगीचका भारदार र सेवकका छोरा भतिजाले पनि नगद साथ दोसल्ला पाएका छन् ।

यसरी जहानियाँ राणाशासनकालमा शिक्षा हासिल गर्दा दिएका दोसल्ला पाउने श्री मेजर जनरल भैरवसिंह

---

१. नेपाली बृहत् शब्दकोश- ने.रा.प्र.प्र. २०४०/ पेज ६७३

२. ऐजन, पेज ९२७

*स्वतन्त्र अन्वेषक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राणाका छोरा श्री भीमनरसिंह राणा वि.सं. १९५० मा, श्री ३ महाराज चन्द्र सम्शेरको छोरी ज्वाँइ बझाङ्गी राजा जयपृथ्वी बहादुर सिंह इन्ट्रेन्स पास गर्नेदेखि चन्द्र शम्शेरकी नातिनी मैयाले बि.सं. २००३ सालमा एस.एल.सी. पास गरेपछि दोसल्ला दिएको देखिन्छ। १०४ वर्षीय जहाँनिया राणा शासनकालमा राणाजीका भाइ छोरामा अंग्रेजी शिक्षा अध्ययन गरी एस.एल.सी उत्तीर्ण गर्ने प्रथम राणाजी श्री ३ चन्द्र शम्शेर जङ्गबहादुर राणा थिए।

त्यसैगरी वि.ए. पास गर्ने प्रथम राणाजी कपतान थीर शम्शेर जङ्गबहादुर राणाले वि.ए. पास गरेका थिए। महिलामा छोरी नातिनीमा सर्व प्रथम एस.एल.सी. पास गर्ने श्री ३ चन्द्र शम्शेरकी नातिनी मृगेन्द्र शम्शेर जङ्गबहादुर राणाकी छोरी मैया नातिनी मैयाले वि.सं. २००३ सालमा गरेकी थिइन्।

यसै गरी राणाजीका भाइ छोरामा एम.ए. पास गर्ने प्रथम श्री नानी मेजर जनरल सुवर्ण सम्सेर जङ्ग बहादुर राणालाई एम.ए. पास गरे वापत वि.सं. १९८९ साल कार्तिक महिनामा चौसल्ला दिएको थियो।

तत्कालीन जहानियाँ राणा शासकले शिक्षाको महत्त्व दर्शाएर शिक्षा हासिल गरेर फर्किएकालाई अझै अध्ययन गरेर आउने ठाउँदेखि डोले भरिया रेल भाडा समेत काठमाडौंसम्म आउँदा सघाएको देखिन्छ।

यस अनुसन्धानमूलक लेखबाट नेपालको शिक्षाको विकासको इतिहास लेखन कार्यमा सहयोग होस् र शिक्षा विकासको परम्परा स्पष्ट होस् भन्ने उद्देश्यले यहाँ सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गरिएका अप्रकाशित अभिलेखहरूलाई अध्ययन गर्न सहज होस् भनेर अभिलेखको उतार र केही सक्कल रूप नै परिशिष्टमा राखिएको छ।

परिशिष्ट

परिशिष्ट नं. १ देखि ५६ सम्मका सामाग्रीहरू

१. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हेरी ईस्कुल पढी तयार भै कलकत्तामा गै पास गरी आउन्या तपसीलका मानिसहरूलाई दोसल्ला वापत तपसीलका जम्मा ४७५ चार सये पचहत्तर श्री ५ महाराजधीराजबाट बकस षर्च लेखी नीजहरूले लीन पठायाका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई दीन्या काम गर

तपसील

श्री मेजर जनरल भैरवसीं राणाका छोरा श्री भीमनरसिं राणा के	२७५
लेफटेन्ट कर्णेल कीर्ति राजका छोरा मीन बहादुर के	२००

इती सम्वत १९५० साल मीती जेष्ठ सुदी ३ रोज ५ शुभम्

पोका नं.४२/ सि.नं. ३१०/ सम्वत १९५० साल/ नं ९९९/ पेज ४३

२. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जि हेरी वंझाङ्गी राजा जये पृथ्वी बहादुर सींले कलकत्ता गै इन्ट्रेन्स पास गरी आयाको हुनाले दोसल्ला वापत बक्सेको मोरु ३०० तीन सये श्री ५ महाराजधीराजबाट बकस षर्च नीज राजाले लीन पठायाका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई दीन्या काम गर

इति सम्वत् १९५३ साल मीती जेष्ठ वदी १३ रोज १ शुभम

पोका नं. ४५/ ३८३/ सम्वत १९५३ साल जेष्ठ मैन्हा/ ६०८ लं./ पेज २५

३. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जि हेरी कलकत्तामा पढ्नालाई बसेका लेफनेन्ट कर्णेल कुलानंदका छोरा मानिक लालले यफे पास गरी आयाको हुनाले दोसल्ला वापत बक्सेको मोहरू ५०० पाच सये श्री ५ महाराजधीराजबाट बकस षर्च लेषी निज हस्ते दिन्या काम गर।

पोका नं. ५२/ ३२०/ सम्वत १९६० साल/ आषाढ मैन्हा/ लं. ११२५/ पेज १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हेरी ६३ साल श्रावण गते १० रोज ४ मा हामी बाट ३०० नम्बरको मीमो सदर गरी बक्से बमोजिम ईलावदमा यफे पास गरी आउने तपसीलका मानीसहरूलाई दोसल्ला वापत बक्सेको तपसील लेषीया बमोजीमको ज्मा मोहरू ५००। पन सये श्री ५ महाराजधीराजबाट बकस षर्च लेषी नीजहरू हस्ते दीन्या काम गर।

तपसील

नर्सी बहादुर बस्न्यात क्षत्री के मोहरू	२५०।
वासुदेव सर्मा उप्रेती के मोहरू	२५०।

ईती सम्वत १९६३ साल श्रावण गते २२ रोज २ शुभम

पोका नं. ५५/ २२३/ सम्वत १९६३ साल/ श्रावण मैन्हा/ पेज २८

५. कौसी तोसा षानाका हाकिं कारिन्दाले पुर्जि हेरी ६४ साल जेष्ठ गते २३ रोज ४ मा हामीबाट १६६ नंवरका मिमो सदर गरि बक्से बमोजीम कलकतामा गै इन्ट्रेन्स पास भै आउने तपसील मानिसहरूलाई दोसल्ला वापत बक्सेको तपसिल बमोजिमका ज्मा मोहरू ४५० चार सये पचास श्री ५ महाराजधिराज बाट बकस षर्च लेषि निजहरू हस्ते दिन्या कां गर

तपसिल

इन्द्र बहादुर वस्न्यात छेत्री के रु.	१५०
मुकुन्द बहादुर वस्न्यात क्षेत्री के रुं	१५०
ज्वाला सिंह हमाल के रु.	१५०

ईति सम्वत १९६४ साल जेष्ठ गते २६ रोज ७

पोका नं. ५६/ नं. ३२४ सम्वत १९६४ साल आषाढ मैन्हा/ पेज ६

६. कौसी तोसा षानाका हाकिम कारिन्दाले पुर्जि हेरी ६४ साल आषाढ गते ७ रोज ६ मा हामिबाट २१० नम्बरका मिमो सदर गरि बक्से बमोजिम कलकत्त गै इन्ट्रेन्स पास भै आउने तुलसिमानलाई दोसल्ला वापतको मोहरू १५० डेड सये श्री ५ महाराजधिराजबाट बकस षर्च लेषि दिने कां गर.

ईति सम्वत १९६४ साल आषाढ गते १२ रोज ४ शुभम

पोका नं. ५६/ नं. ३२४ सम्वत १९६४ साल/ आषाढ मैन्हा/ पेज ६

७. श्री कमाण्डर कर्णेल बहादुर जङ्ग राणाका छोरा श्री नृपजङ्ग राणा कलकत्तामा बसी पढी येफे पास गरी आयाको हुनाले नीजलाई दोसल्ला वापत मोहरू ५०० पाच सय बकस बक्स्याको छ स्रेस्तामा बकस खर्च लेषी नीज श्री नृपजङ्ग राणाका मानीस लेफनेन्ट गजबहादुर षड्का छेत्री पूर्व हस्ते दीन्या काम गर.

ईति सम्वत १९६५ साल फागुन गते १० रोज १ शुभम

सम्वत १९६४ षड्ग निसान कार्तिक-चैत्र १०/ १९७ मु.नं. १०३३ पेज १०२

८. तपसीलका मानीस कलकत्तामा पास गरी आयाको हुनाले तपसीलमा खेषीया वापतको बकसको तपसीलका ज्मा मोरु २८१२।५० दुई हजार आठ सय् वाह्र रूपैया पचास पैसा श्री ५ महाराजधीराज बाट बकस षर्च लेषी नीजहरूले लीन पठायाका मानीस हस्ते दीन्या काम गर.

तपसील

आसामी- जाडाको दोले भरीया दोसल्ला वापत ज्मा मोरु रेल भाडा लगायेतको षर्च देशमा बसी पढीय के पास गरी आउन्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कप्तान भोग्य सम्सेर थापा छेत्री के	५००	- ५००	
दिल्ली जङ्ग थापा छेत्रृ के	५००	- ५००	
नेपाल ईस्कुलमा पढी इन्ट्रेन्स पास गरी आउने			
नदमर्दन थापा छेत्रृ के	२१२।५०	- १५०	- ३६२।५०
सुवेदार ईन्द्र बहादुर कार्की छेत्रृ के	२१२।५०	- १५०	- ३६२।५०
सुरेन्द्र बहादुर बस्न्यात छेत्रृ के	२१२।५०	- १५०	- ३६२।५०
तीलक बहादुर रायमाझी छेत्रृ के	२१२।५०	- १५०	- ३६२।५०
सूर्य मान वैद्य के	२१२।५०	- १५०	- ३६२।५०
	१०६२।५०	१७५०।	२८१२।५०

ईति सम्वत १९६५ साल श्रावण गते १७

सम्वत १९६५ साल वैशाष १ गते देषी आश्वीं तक पोका नं. १०, नं. ३४६ पेज ६७

९. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जी हेरी तपसीलका मानिसहरूले कलकत्ता गै इन्ट्रेन्स पास भै आयाको हुनाले निजहरूलाई डोले भरीया रेल भाडा वापत् दोसल्ला वापत्को समेत तपसिलका ज्मा मोहरू २४७५ चौविस सये पचहत्तर बकस बक्सेको छ स्रेस्तामा बकस षर्च लेषि निजहरूले लिन पठायाका मानिस हस्ते दिने काम गर

तपसिल

असामी - डोले भरीया रेल भाडा समेतका दोसल्ला वापत ज्मा मोहरू

श्री गुरुराज प्रताप राज पंडीतज्यू के	२१२।५०	३००	५१२।५०
श्री साहेवज्यू पद्म विक्रम साह के	२१२।५०	३००	५१२।५०
पद्म नाथ सापकोटा के	२१२।५०	१५०	३६२।५०
अमृत मान के	२१२।५०	१५०	३६२।५०
कुलदिप मान के	२१२।५०	१५०	३६२।५०
उपेन्द्रबहादुर बस्न्यात छेत्री के	२१२।५०	१५०	३६२।५०
	१२७५	१२००	२४७५।

ईति सम्वत १९६६ साल श्रावण गते ११ रोज २

सम्वत १९६६ साल कौसि तोसा षानाका नाउँमा भै गयाका षड्ग नीसानाको नकल किताप वैशाष १ गते देषी आश्वींका मसान्त तक मैन्हा ६ को नं ३३७

१०. कलकत्ता गै पास गरी आउने तपसीलका मानीस जना २ लाई दोसल्ला र डोले भरीया घर भाडा लगायत तपसिलको ज्मा मौहरू ८६२।५० आठ सये वैसठी रूपैया पचास पैसा हामीबाट बकस बक्सेको छ स्रेस्तामा बकस षर्च लेषी दीने काम गर

तपसील

येफे पास गरी आउने तुलसीमान के दोसल्ला वापतको मोहरू पाच सये	५००।
इन्ट्रस पास गरी आउने मीत्र सुन्दर के मोहरू तीन सये वैसठी रूपैया पचास पैसा	३६२।५०
जादाको डोले भरीया रेड भाडा लगायत षर्च वापत	२१२।५०
दोसल्ला वापतको	१५०।

इति सम्वत १९६७ साल भाद्र गते १७ रोज ५ शुभम

पोका नं. १०/ १९९/ नं. ५४४/ पेज १०८ सम्वत १९६७ साल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हैरी वागका श्री कांछी मैयाको नाति टेकेन्द्र वीक्रम साह यो साल म्याट्रीकुलेसनमा पास भयाको हुनाले नीजलाई दोसल्ला वापत मोहरू ४०० चार सये रूपैया बक्सेको छ अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषी नीजले लीन पठायाका मानीस हस्ते दीन्या काम गर.

इति सम्वत १९७२ साल भाद्र गते १७ रोज ५ शुभम

पोका नं. ११(क) २०४/ नं. ३४८/ सम्वत १९७२ साल/ पेज ६५

१२. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जि हेरी श्री दक्षीण तर्फका कम्यांडीङ जनरल रुद्र सम्सेर जङ्ग बहादुर राणाका तपसिल बमोजिमका छोरा २ यो साल म्याट्रीक क्युलेसनमा पास भयाको हुनाले नीजहरूलाई जनही मोहरू १००० का दर्ले दोसल्ला बापत मोहरू २००० दुई हजार बकस बक्स्याको छ अैन सवालको रीत पुऱ्याई स्रेस्तामा बकस षर्च लेषी मौसुफ जनरलका तहवीलको कारीन्दा हस्ते दीन्या काम गर.

तपसील

लेफटेंट कर्णेल धन सम्सेर जङ्ग बहादुर राण के	१०००
नरराज सम्सेर जङ्ग बहादुर राणा के	१०००

ईति सम्वत १९७३ साल आषाड २३ गते रोज ५ शुभम

पोका नं. ११(ख) २०५/पु.नं. २६०/ पेज ११२/ सम्वत १९७३ साल

१३. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जि हेरी चीर सम्सेर जङ्ग बहादुर राणाले अंग्रेजी पढी कलकत्ता गै ईन्टर मीडीयेन पास गरी आयाका हुनाले दोसल्ला वापत मोहरू ७०० सात सये बकस वक्सेको छ. स्रेस्तामा षर्च लेषी नीजका कारीन्दा हस्ते दीने कामं गर.

ईति सम्वत १९७५ साल श्रावण १४ गते रोज २ शुभम

पोका नं. ११(ख) २०७/ पु.नं. ३२३/ पेज ५८/ सम्वत १९७५ साल

१४. नरेन्द्र मणि आदिले कलकत्तामा आफै तर्फबाट आइयेसी पढी पास डी फष्टडीभि जं पास भयाको हुनाले नीज नरेन्द्र मणि आदीलाई दोसल्ला वापत मोहरू ५०० पाच सये वक्सेको छ. अैन सवालको रित पुऱ्याई नीज हस्ते दीने काम गर.

ईति सम्वत १९७७ साल जेष्ठ २९ गते रोज ५

पोका नं. १२(क) मु.नं. १९७ पेज ४४/ सम्वत १९७७ साल

१५. वनारसमा गै वी.ए. पास भै आयाको वामदेव पाध्यालाई दोसल्ला वापत अरु वीसले पायासर नीजलाई दीने सनद गरीदिनु भन्या श्री ३ महाराजबाट हुकुम बक्सेको छ भनी सुब्बा राममणी आदीले प्रम श्री लेषी पठाया बमोजीम अरु वि.ए. पास भै आयाकाले पाया सर नीज वामदेव पाध्यालाई दोसल्ला वापत मोहरू ५०० पाच सय वकस वक्सेको छ नीज हस्ते स्रेस्तामा षर्च लेखी दिनु भन्या कौसि तोसा षानाका नाउमा सनद गरी बक्सनु पर्ने ठहरायुँ भनी पाठशाला वन्दोवस्त ईन्सपेकरी आफीसका हाकिम कारीन्दाले हाम्रा हजुर्मा विन्ति पर्दा जाहेर भयो तसर्थ सो राहयाकोमा हामीबाट पनि सदर गरी वक्सेको छ सो बमोजिम गर्ने काम गर

ईति सम्वत् १९७७ साल कार्तिक २/२ सुदी

मु.नं. ६०३ एजन/ मु.नं. ६०३/ पेज २

१६. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जि हेरी श्री सुप्रदीप्त मान्यवर पश्चिम तर्फका कम्याडीङ जनरल जुद्ध सम्सेर बहादुर राणा के.सि.आइ का छोरा मेजर कपतान चेत सम्सेर जङ्ग बहादुर राणाले कलकत्तामा म्याट्रीक्यूलेसनमा पास दी पास भै आयाको हुनाले दोसल्ला वापत मोहरू १००० येक हजार वक्सेको छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्रेस्तामा षर्च लेषी नीजका कारिन्दा हस्ते दीने काम गर

इति सम्वत १९७८ श्रावण २४ गते रोज २ शुभम

सम्व १९७८ साल षड्ग निसाना वैसाख १२)क) २१०/ मु.नं. ३८२/ पेज ६२

१७. । तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी तपसिल बमोजिमका मानीस तपसीलको पास भै आयाको ालले दोसल्ला र पास गर्न जादाको षर्च वापत समेत तपसील बमोजिमका जवांलाई १०७२५। दस हजार सात सय पचिस बक्सेको छ निजहरू वा निजहरूका मानिस हस्ते स्रेस्तामा षर्च लेषी दीने काम गर

तपसील

रानी पोषरी दर्वार इस्कुलमा पढी देसमा गै म्याट्रीक्यूलेसन पास आयाका जवान १७ के मोहरू ६७२५।

आसामी जवान १७ के मोहरू दोले भरीया रेल भाडा लगायेत षर्च दोसल्ला वापत

फष्ट डीविजन				
पुष्कर सम्सेर जङ्ग बहादुर राणा	के	७००।		७००।
चौतरिया फत्ये जङ्ग पराक्रम साह	के	१७५।	१५०।	३२५।
अच्यूत राज पाडे	के	१७५।	१५०।	३२५।
चेट्नारान श्रेष्ठ	के	१७५।	१५०।	३२५।
बज्र पाणि गोतामे	के	१७५।	१५०।	३२५।
चक्र मेहेर श्रेष्ठ	के	१७५।	१५०।	३२५।
रामेश्वर भक्त	के	१७५।	१५०।	३२५।
सेकीन डीवीजन				
षेम सम्सेर जङ्ग बहादुर राणा	के	७००।		७००।
सूर्ज्ये जङ्ग थापा	के	१७५।	१२५।	३००।
सेर जङ्ग थापा	के	१७५।	१२५।	३००।
तीर्थ प्रसाद नेपाल	के	१७५।	१२५।	३००।
षड्ग मान श्रेष्ठ	के	१७५।	१२५।	३००।
अजर प्रसाद प्रधान	के	१७५।	१२५।	३००।
मदन देव पन्त	के	१७५।	१२५।	३००।
हरी संकर लाल	के	१७५।	१२५।	३००।
ठडडीवीजन				
हेम सम्सेर थापा	के	१७५।	१००।	२७५।
सुर सम्सेर जङ्ग बहादुर राणा	के	१०००।		१०००।
		२४५०।	४२७५	६७२५।

नेपाल त्री भुवन चन्द्र कलेजमा पढी देसमा गै आईष्ट फष्टडीवीजन पास भै आयाको

दमन सम्सेर जङ्ग बहादुर राणा	के मोहरू		१०००।
देसमा पढी पास भै आयाका जवान छ	के मोरु	३०००।	
रुद्र राज पाडे के आई ए ठढडीवीजन पास हुदा नीज	के	४००।	
नेत्र जङ्ग थापा के अग्रीकलचर पास हुदा निज	के	५००।	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लोक मान सीं के वि ए.सी. पास हुदा नीज	के	५००।
मान बहादुर डंगोल वि ए. पास हुदा नीज	के	५००।
देवि प्रसाद पाध्या के वि ए पास हुदा नीज	के	५००।
सीध मणि आदी के एम वि पास हुदा नीज	के	६००।
		१०७२५

ईति सम्वत् १९७८ साल कार्तिक गते २३। ३ शु

पोका नं. १२/ २१०/ पाना १३९/ मु.नं. ५९८/ सम्वत १९७८ साल

१८. कौसी तोसा षानाका हाकीम कारीन्दाले पुर्जी हैरी वनारस हीन्दु कालेजमा आइ ये पढि सीकिन डीवीजनमा पास भयाका सर्दार रत्नमानको छोरा गुंजमानलाई दोसल्ला वापत वक्सेको मोहरू ४५०। चर सये पचास स्रेस्तामा षर्च लेषी नीज सर्दार ले लीन पठायाका मानीस हस्ते दीने काम गर. सम्वत १९७८ साल मार्ग २४ गते रोज ६ शु

ऐजन/ नं. ९ ठूलो छाप

१९. कौसि तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी मे.क. षड्ग गंभीरसिं रायामाझीका छोरा बुद्धी गंभीर सिं रायामाझी छेत्रीले कलकत्तामा गै पढी सन १९२० मा म्याट्रीक्यूलेसन सेकेण्ड डीवीजनमा पास भै आयाको हुनाले दोसल्ला वापत स्रेस्तामा षर्च लेषि दीने काम गर.

ईति सम्वत १९७९ साल श्रावण ६ गते रोज ६ शुभम

हु.प्र.राजगुरु हेम राज पंडीतज्यू

पोका नं. १२/ २११/ मु.नं. ३४१ सम्वत १९७८ साल

२०. कौसि तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी वनारसमा एम.ए. पास भै आयाका वामदेव पाध्यालाई दोसल्ला वापत मोहरू ६०० छ सये रूपैया बकस बक्सेको छ सो रूपैया नीज वामदेव पाध्या वा निज वामदेव पाध्याका मानिस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषि दीने काम गर.

ईति सम्वत १९७९ साल भाद्र १५ गते रोज ५ शुभम

हु.प्र. राजगुरु हेमराज पंडीतज्यू

ऐजन/ मु.नं. ४८१/ ऐजन

२१. कौसी तोसा षानाका हाकीं कारिन्दाले पुर्जि हेरी बालकृष्ण सम्सेर जङ्ग बहादुर राणा रानी पोखरी दर्वार इस्कुलमा पढि देसमा गै म्याट्रीक्यूलेसन फष्ट डीवीजनमा पास भै आयाको हुनाले नीजलाई दोसल्ला वापत मोहरू ७०० सात सय रूपैया वक्सेको छ नीजका मानीस हस्ते स्रेस्तामा षर्च लेषी दीने काम गर.

इति सम्वत १९७९ साल कार्तिक २४ गते रोज ५ शुभम

पोका नं. १२(ख) सि.नं. १९३-१९७/ मु.नं. ७७४/ सम्वत १९७९ साल

२२. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी कलकत्तामा पढी एम.ए. पास भै आयाका वोध विक्रम अधिकारीलाई दोसल्ला वापत मोहरू ६०० छ सय बकस वक्सेको छ सो रूपैया नीज वोध विक्रम वा नीजका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषी दीने काम गर.

इति सम्वत १९७९ साल फागुण ४ गते रोज ५ शुभम

ऐजन/ मु.नं. ११७९/ ऐजन

२३. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी लेफटेन्ट कर्णेल नरराज सम्सेर जङ्ग बहादुर राणाले इस्कुलमा पढी पटनामा गै आइ ए पास दीदा पास भयाको हुनाले नीजलाई दोसल्ला वापत मोरु १५०० पन्ध्र सये रूपैया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बकस वक्सेको छ स्व रूपैया नीजले लिन पठायाका मानीस हस्ते दीने काम गर.

ईति सम्वत १९८० साल वैसाष २५ गते रोज २ शुभम

पोका नं. १२/ २१२/ मु.नं. १०३ सम्वत १९८० साल

२४. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी दर्वार स्कुलमा पढी पटनामा गै म्याट्रीक्यूलेसनमा पास भै आयाका क.क. ईन्द्र सम्सेर जङ्ग बहादुर राणालाई दोसल्ला वापत मोरु ७०० सात सये बकस वक्सेको छ। सो रूपैया क.क. ईन्द्र सम्सेर जङ्ग बहादुर राणा सि.आई ई का तहविलको कारीन्दा हस्ते दिने कां गर.

ईति सम्वत १९८० साल आषाढ ७ गते रोज ५ शुभम

ऐजन/ मु.नं. ३३२/ ऐजन

२५. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी वम्वैमा ... पढी जाँच दी यो साल पास भै आएका कप्तान घनेन्द्र वीक्रम राणालाई दोसल्ला वापत मोरु ४५०। चार सय पचास हामीबाट बकस वक्सेको छ। सो रूपैया नीज वा नीजका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषी दीने काम गर.

ईति सम्वत १९८० साल मार्ग ७ गते रोज ५ शुभम

गो.नं. २१२/ १२/ २१२ मु.नं. ८०८/ सम्वत १९८० साल

२६. कौसी तोसा षानाका हाकिं कारीन्दाले पुर्जि हेरी कलकत्तामा पढी एम.ए. पास लि आयाका यक्ष मणि आदीलाई दोसल्ला वापत मोहरू ७००। सात सये रूपैया बकस वक्सेको छ। सो रूपैया नीज यक्ष मणि आदीका नीजका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषी दीने काम गर.

ईति सम्वत १९८० साल पौष ५ गते ५ शुभम

ऐजन/ मु.नं. ९६५

२७. तपसील बमोजिका मानिसहरूले म्याट्रीक्यूलेसं पास भै आयाको हुनाले दोसल्ला वापत तपसील बमोजिमका लडका ज्मा ३२ वतिस जवानको तपसीलमा लेखियाका दरले ज्मा मोरु ८००० आठ हजार रूपैया बकस वक्सेको छ. नीजहरूका मानिस हस्ते स्रेस्तामा षर्च लेषि दीने काम गर.

फष्ट डिविजनमा

जंग विक्रम राण	के	मोरु २५०।	रमा भक्तसीं प्रधान	के	मोरु २५०।
जनक राज श्रेष्ठ	के	मोरु २५०।	तुल्सी प्रसाद ढुंग्याल	के	मोरु २५०।
भीमदत्त लोहनी	के	मोरु २५०।	फनेन्द्र राज सापकोटा	के	मोरु २५०।
ज्ञहेन्द्र सम्सेर थापा	के	मोरु २५०।	मीन बहादुर भट् श्रेष्ठ	के	मोरु २५०।
देव राज महर्जन	के	मोरु २५०।	हरीनाथ खनाल	के	मोरु २५०।
दामोदर गौतम	के	मोरु २५०।	ललित बहादुर श्रेष्ठ	के	मोरु २५०।
विष्णु कान्त सिलवाल	के	मोरु २५०।	महेन्द्र विक्रम शाह	के	मोरु २५०।
मोहन ध्वज वस्न्यात	के	मोरु २५०।	नगेन्द्र मान सिं प्रधान	के	मोरु २५०।
कृष्ण राज महर्जन	के	मोरु २५०।	उग्रमान सीं श्रेष्ठ	के	मोरु २५०।
चन्द्र बहादुर कायस्त	के	मोरु २५०।	सूर्य नाथ षनाल	के	मोरु २५०।
हर्ष रत्न स्थापित	के	मोरु २५०।	रीसीराम भडारी	के	मोरु २५०।

सेकेण्ड डीवीजनमा

मान सम्सेर थापा	के	मोरु २५०।	पद्यम राज शाही	के	मोरु २५०।
ले. लोड विक्रम शाह	के	मोरु २५०।	स्वयंप्रकास विक्रम शाह	के	मोरु २५०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अम्वर बहादुर कार्की के मोरु २५०। रामनाथ पौड्याल के मोरु २५०।
तुल्सी लाल श्रेष्ठ के मोरु २५०। प्रकमान सीं प्रधान के मोरु २५०।
आफ्ना षर्च षाई पढी पास भयेका फष्ट डीवीजनमा पसुराम भक्त श्रेष्ठ मोरु २५०।
ईति सम्वत १९७९ साल भाद्र १९ गते रोज २ शुभम

अ.प्र.मे.ज. बहादुर सम्सेर जङ्ग बहादुर राणा ज्मा ज्वान ३२ को मोरु आठ हजार ८०००। रानी पोषरी स्कुलमा पढि देसमा गै पास भै आयाका जम्मा ३१ के ७७५०।
सम्वत १९८२ साल वैशाख देषी आश्विन तक पोका न. १३/ २१४/ मु.नं. ४८८

२८. तपसीलका ज्वां २ ले तपसीलका जाचमा पास गरेका नीजहरूलाई तपसील वमोजीम दोसल्ला र वाकलेष्ट ज्मा मोरु १३००। तेह्र सय रूपैया बकस वक्सेको छ नीजहरूले लीन पठायाका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा लेषी दीने काम गर

तपसील

ले.ज. आंनद सम्सेर जङ्ग बहादुर राणका छोरा वल्लभ सम्सेर ज.व.रा. ले त्री चन्द्र कलेजमा पडी आई ए. पास गरेमा नीजलाई दोसल्ला बकस गरी जम्मा मोरु एक हजार १०००।

सल्यानी राजा सम्सेर बहादुर शाहाका नाती सुरेन्द्र बहादुर शाहले एस.एल.सी जाचमा पास गरे वापत नीजलाई बकस मोरु तीन सये ३००। जम्मा १३००।
ईति सम्वत १९९३ साल श्रावण २२ गते रोज ४
पोका नं. १५(क) २२५/ पु.नं. ४३०/ सम्वत १९९३ साल वैशाख-आश्विन/ पेज १०५

२९. ९८ सालको पटना युनिभरसीटीका जाचमा तपसील वमोजीम जाच पास भयाको दर्शन गराउन लाडा नीजहरूलाई पास गरे वापत दोसल्ला वक्सेकोले तपसीलका जवांहरूलाई दरवंदी वमोजीम दोसल्ला वक्सेको चाहीने वेहराको सनद पुर्जी गरी दीने भनी हामी श्री ३ महाराजबाट हुकुम वक्सेको श्री नानी मेजर जनरल शारदा सम्सेर जङ्ग बहादुर राणाले मुल्की अडा पुर्जी फाटमा लेषी पठायाको र लेषीयका बारेमा तेस अडाका नाउमा ९९ साल जेष्ठ २ गते रोज छ मा दरवन्दी अव उप्रान्त १७ भाई राणाजीको भाई छोरा नातीहरूले अंग्रेजी पास भै आई दोसल्ला वक्सेकालाई दोसल्ला वापत वकस दीनु परेमा यस.एल.सी पा भै आयका लाई ७५ साल आषाढ ३२ गते रोज २ मा गरी वक्सेका दोसल्ला दरवन्दी वमोजीं आइ.ए. पास भै आयका यस.एल.सी. पास गर्नेले पाउनेको सवाई दीनु भने लेषीय वमोजींम तपसीलमा लेषीयाको ज्मा मोहरू १५४३।७५ पन्ध्र सये त्रीतालीस रूपैया पचहत्तर पैसा तपसीलको उप्राहरूलाई दोसल्ला वापत दीने गरी वक्सेको छ नीजहरूले लीन पठायाका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई स्रेस्तामा षर्च लेषी दीने काम गर

तपसील

एस.एल.सी पास हुने देहायका जवां ३ तीनको ७५ साल आषाढ ३२ गते रोज २ का दरवंदी सनद वमोजीं दीने मोहरू वाह्र सये १२००।

श्री द.क.ज. केशर सम्सेर जङ्ग बहादुर राणाका देहायका छोरा २ के मोरु ७००।
श्री मे.ज. साम्राज्य सम्सेर जङ्ग बहादुर राणा के मोरु ५००।
श्री मे.क. मुरारी सम्सेर जङ्ग बहादुर राणा के मोहरू २००।
श्री मे.ज. लक्ष्मण सम्सेर जङ्ग बहादुर राणाका छोरा हीमालय सम्सेर जङ्ग बहादुर राणा के मोहरू ५००।
आई.ए. पास हुनेले ले.क. सुवर्ण सम्सेर जङ्ग बहादुर राणा के ९९ साल जेष्ठ २ गते रोज २ का दरवदीं वमोजींम मोहरू तीन सय त्रीतालीस रूपैया पचहत्तर पैसा ३४३।७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ईति सम्वत १९९९ साल आश्विन ६ गते रोज ३ शुभम, सदर ९९।६।१२।२
मु.नं. ४२९/ पेज ११८

३०. श्री मे.ज. वीक्रम सम्सेर जङ्ग बहादुर राणाका छोरा पार्थीव सम्सेर जङ्ग बहादुर राणाले यस.यल.सी. पास गरेको हुनाले दोसल्ला वापत मोहरू ३००। तीन सये रूपैया बकस वक्से को छ. नीजले लीन पठायका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई षर्च लेषी दीने काम गर
ईति सम्वत २००० साल जेष्ठ
सम्वत २००० साल/ १६/ २३२/ पो.नं. १६/ २३२/ मु.नं. ११०

३१. नानी ले.ज. आनन्द सम्सेर जङ्ग बहादुर राणाका तपसीलका छोराहरूले तपसील वमोजीं जाँच पास गरेको हामी श्री ३ महाराजका हर्जुमा जाहेर हुँदा ख.नी. गरेको वमोजीम दोसल्ला वापत पाउने वकता गरी दिने भन्ये हामीबाट हुकुम बक्से वमोजींम तपसीलका जवांलाई तपसील वमोजीं जमा मोरु ९०० नौ सय बक वक्सेको छ नीज नानीले लीन पठायका तहवीलका कारीन्दा हस्ते अैन सवालको रीत पुऱ्याई बकस षर्च लेषी दीने काम गर

तपसील

बल्लव सम्सेर जङ्ग बहादुर राणा के वी ए, वी एल पास गरेका वीए वी एल पढ्न एम एस र हतापे लाग्ने हुँदा ऐम ए सह दीने मोरु छ सय ६००।
सहदेव सम्सेर जङ्ग बहादुर राणा के ऐम ए. लसी पास गरेमा मोरु तीन सये ३००।
ईति सम्वत २००० साल जेष्ठ गते रोज, सदर २००० साल जेष्ठ ७ गते रोज ५
सम्वत २००० साल वैशाख देषीको पोका नं. १६/ २३२/ मु.नं. १५५

३२. श्री नानी ले.ज. आनन्द सम्सेर जङ्ग बहादुर राणाका छोरा फाल्गुण सम्सेर जङ्ग बहादुर राणाले वि.ए. पास गरी आयेकोले ९९ साल जेष्ठ २ गते ६ का डरवन्दी वमोजीम दोसल्ला वापत मोरु ४५०। चार सये पचास बकस वक्सेको छ अैन सवालको रीत पुऱ्याई नीज नानीका तहवीलका कारीन्दा हस्ते खर्च लेषी दीने काम गर
ईति सम्वत २००१ वैशाख १९ गते २, सदर २००१ वैशाख २२।५ मा
सम्वत २००१/ १७ क/ २३३/ मु.नं. ४९ ख.नि./ पेज ८

३३. तपसीलका जवांले अंग्रेजी पास गरेको हामी श्री ३ महाराजका हर्जुमा नजर गराउँदा इनीहरूको अघी पास गरेकोमा समेत डरवन्दी वमोजीं पाउने दोसल्ला वापत बकस गरी दीनु भन्ये हामीबाट हुकुम वक्सेको नानी मे.ज. सारदा सम्सेर जङ्ग बहादुर राणाले लेषी पठाये वमोजीं बुझीयामा सो तपसील का ज्वानले तपसील बमोजीं पास गरेकोमा दोसल्ला वापत दरवन्दी वमोजिं बकस पाउने पाई नसकेको वेहोरा समेत हाम्रा हर्जुरमा जाहेर भयो तसर्थ तपसीलका ज्वांलाई तपसील वमोजीं पास गरेकोमा दोसल्ला वापत तपसील वमोजीं मोरु १८८१।२५ अठार सये यकासी रूपैया पचीस पैसा बकस वक्सेको छ अैं सवालको रीत पुऱ्याई बकस खर्च लेखी दीने काम गर

तपसील

श्री नानी मे.ज. यक राज सम्सेर जङ्ग बहादुर राणाका छोरा नानी ले.क. सुवर्ण सम्सेर जङ्ग बहादुर राणा के देहाय वमोजींम पास गरेका बकस वक्सेको नीज नानीका तपसील्को कारींदा हस्ते षर्च लेषी दिने मोरु
सात सय छपन्न रूपैया पचीस पैसा ७५६।२५

१९९९ सालमा आइ.ए. पास गरे वापत मोरु ३४३।७५
२००१ सालमा वि.ए. पास गरे वापत मोरु ४१२।५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नानी मे.ज. कल्याण सम्सेर जङ्ग बहादुर राणाका छोरा नानी हीमालय सम्सेर जङ्ग बहादुर राणा के देहाय वमोजीं पास गरेमा बकस वक्सेको नीज नानीका तहवीलको कारींदा हस्ते खर्च लेखी दीने

मोरु यघार सये पचीस ११२५।

१९९९ साल्मा एस.यल.सी पास गरे वापत ५००।

२००१ साल्मा आइ.ए. पास गरे वापत ६२५।

ईंति सम्वत २००१ साल जेष्ठ २३ गते रोज २

सदर २००१ जेष्ठ २६ गते ५ मा

सम्वत २००१, १७(क) २३३ मु.नं. १३२ ख.नि./ पेज २०

३४. नानी ले.क. अरवीन्द सम्सेर जङ्ग बहादुर राणाले एस.एल.सी। पास गरेको हुनाले दोसल्ला वापत मोरु २७५। दुई सय पच्चहत्तर रूपैया बकस वक्सेको छ नीजले लीन पठाएको मानीस हस्ते अैन सवालको रीत पुऱ्याई बकस षर्च लेषी दिने काम गर.

सम्वत २००१ साल आषढ २८ गते रोज ३, सदर २००१ आषाढ ३०।५

ऐजन मु.नं. २४१ पेज ४२

३५. नानी क. याग्य सम्सेर जङ्ग बहादुर राणाका छोरा नानी श्याम सम्सेर जङ्ग बहादुर राणाले वनारसमा जाच दी म्याट्रीक पास भएको हुनाले दोसल्ला वापत मोहरू ३००। तीन सये रूपैया बकस वक्सेको छ नीज नानीले लीन पठायका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई षर्च लेषी दीने काम गर.

ईंति सम्वत २००१ साल भाद्र १२ गते रोज १

ऐजन मु.नं. ३३१ ख.नि./ पेज ८४

३६. श्री नानी ले.क. वीज्ञान सम्सेर जङ्ग बहादुर राणाका छोरा वरुण सम्सेर जङ्ग बहादुर राणाले यस यल सी पास गरेको हुनाले दोसल्ला वापत मोरु २७५। दुई सय पचहत्तर रूपैया बकस वक्सेको छ नीजको तहवीलबाट कारींदा हस्ते अैन सवलको रीत पुऱ्याई षर्च लेषी दीने काम गर.

ईंति सम्वत २००१ साल भदौ २७ गते रोज ६, सदर २००१।१२।२०।२

सम्वत २००१ सालको कार्तिक देखि चैत्र मसान्त तक कौसी खड्ग निसानाको नकल किताप १७(क) २३३/ मु.नं. ८६७/ पेज १७९

३७. तपसीलका जवांले आई.एय पास गरेको भनी नानी मे.ज. सारदा सम्सेर जङ्ग बहादुर राणले जाहेर गरेको बाट दरवन्दी वमोजीं दोसल्ला वापत पाउने बकस गरि दिनु भन्ने हामीबाट हुकुम बक्से वमोजीं दोसल्ला वापत तपसीलमा लेषीया वमोजीं मोहरू १०००। एक हजार रूपैया बकस वक्सेको लीन पठायका मानीस हस्ते अैन सवाल रीत पुऱ्याई बकस षर्च लेखी दीने काम गर.

तपसील

नानी मे.ज. मृगेन्द्र सम्सेर जङ्ग बहादुरका छोरा भरत (भरथ) सम्सेर जङ्ग बहादुर राणा के

मोरु छ सय पचीस ६२५।

नानी मे.ज. ......सम्सेर राणाका छोरा पार्थीव सम्सेर जङ्ग बहादुर राणा के तीन सय पच्हत्तर रूपैया ३७५।

ईंति सम्वत २००२ साल जेष्ठ गते रोज, सदर २००२।२।२९।२

सम्वत २००२ सालको वैसाष देखि चैत्र तकको कौसी खड्ग निसाना १७(क) २३४ मु.नं. ११३/ पेज २०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३८. कमल पोखरीका रणवीक्रम शाहका छोरा शशिविक्रम शाहले एस.एल.सी. पास गरेको वेहोरा नानी मेज सारदा सम्सेर जङ्ग बहादुर राणाले जाहेर गर्न ल्याएको जाहेर हुँदा हामीबाट हुकुम बक्से वमोजीं यस यल सी. पास गरेको दोसल्ला वापत नीज शशी वीक्रम शाहलाई दरवंदी वमोजीम मोरु २००। दुई सय रूपैया बकस वक्सेको छ नीजले लीन पठायेका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई बकस खर्च लेखी दीने काम गर.
ईति सम्वत २००२ साल जेष्ठ ३० गते रोज २, सदर २००२ साल आषाढ १ गते ५ मा
सम्वत २००२ सालको वैशाख देखि चैत्र तक्को कौसी खड्ग निसाना १७(क) २३४ पु.नं. १३८ पेज २३

३९. श्री नानी द.क.ज. का तपसील छोरोले म्याट्रीक पास गरेकोमा दोसल्ला वापतको रूपैया पाइ नसकेको बेहोरा जाहेर भयो सो दोसल्ला वापत तपसील वमोजीम मोहरू ७००। सात सय रूपैया बकस वक्सेको छ नीज हस्ते लीन पठायका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई खर्च लेखी दीने काम गर।

तपसील

श्री नानी मे.ज. साम्राज्य सम्सेर जङ्ग बहादुर राणा के	रु. ५००।
श्री नानी मे.क. मुरारी सम्सेर जङ्ग बहादुर राणा के	रु. २००।

ईती सम्वत २००२ साल भाद्र २५ गते रोज, सदर २००२ भाद्र २८ गते ५ मा
ऐजन मु.नं. ४१४ पेज ९३

४०. भाई श्री प.क.ज. को नातीनी नानी मे.ज. ब्रहम सम्सेर जङ्ग बहादुर राणाको छोरी जेठी नातीनी मैया यस यलसी को जाचमा पास भयाकोले हाम्रा यसमा सामीलीको मैयाहरूमा पैल्हा ईन मैया यस एल सी को पास दीयकोले डवल दोसल्ला वापत मोहरू १०००। यक हजार वक्सेको छ नीज नानी मे.ज. व्रम्ह सम्सेर जङ्ग बहादुर राणाको कारींदा हस्ते स्रेस्तामा षर्च लेषी दीने काम गर.
ईति सम्वत २००३ साल जेष्ठ १० गते रोज
सि.नं. २३७-२४२/ १७/ २३५ सम्वत २००३/ मु.नं. १७१/ पेज २८

४१. नाती ले.क. सीद्धी सम्सेर जङ्ग बहादुर राणाले एस.एल.सी. पास गरेको हुनाले दोसल्ला वापत मोहरू २७५। दुई सये पच्हत्तर रूपैया वकस वक्सेको छ भाई द.क.ज. का तहवीलको कारींदा हस्ते अैन सवाल वमोंजिम रीत पुऱ्याई .... षर्च लेषी दीने काम गर।
ईति सम्वत २००३ साल जेष्ठ १७ गते   रोज, सदर २००३।२।२१।२
ऐजन मु.नं. १५८/ २८

४२. तपसीलका जवांहरूले यस एल सी पास गरेको हुनाले दोसल्ला बाट तपसीलमा लेषीया वमोजींम मोरु १३५०। तेह्र सये पचास रूपैया बकस वक्सेको छ तपसीलमा लेषीया वमोजीमले लीन पथायेका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई बकस षर्च लेषी दीने काम गर.

तपसील

श्री मे ज बसन्त सम्सेर जङ्ग बहादुरका छोरा ले.क. नरनारायण सम्सेर जङ्ग बहादुर राणा के देहाया वमोजिम मोहरू पाच सये पचास ५५०। दरवन्दी वमोजींम मोरु २७५ थप वक्सेको २७५
श्री मे ज. मृगेन्द्र सम्सेर जङ्ग बहादुर राणाको छोरा आदीत्ये सम्सेर जङ्ग बहादुर राणा के मोरु पाच सय ५००।
श्री कर्णेल मेघ राज सम्सेर जङ्ग बहादुर राणाका छोरा प्रमोद सम्सेर जङ्ग बहादुर राणा के मोरु ३००।
ईति सम्वत २००३ साल चैत्र   गते   रोज, सदर २००४।१।३।४ मा
सम्वत २००४ साल वैशाख-आश्वीन मैना तक १७(ख) २३६ मु.नं. ९ पेज १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४३. नानी ले.क. सुवर्ण सम्सेर जङ्ग बहादुर राणाले एम.ए. पास गरेको हुनाले दोसल्ला वापत मोहरू ५५०। पाच सये पचास रूपैया बकस वक्सेको छ नानी ले.ज. एकराज सम्सेर जङ्ग बहादुर राणाका तहवीलका कारीन्दा हस्ते अैन सवालको रीत पुऱ्याई बकस षर्च लेषी दिने काम गर

२००४ साल जेष्ठ, सदर २००४।३।६।६मा

ऐजन मु.नं. १९६/ पेज ३२

४४. भाई कर्णेल रवी सम्सेर जङ्ग बहादुर राणाले म्याट्रीक पास गरेकोले दोसल्ला वापत मोहरू ३००। तीन सय रूपैया बकस वक्सेको छ सो रूपैया नीज भाइले लीन पठायका मानीस हस्ते अैन सवालको रीत पुऱ्याई षर्च लेषी दीने काम गर.

ईति सम्वत २००४ साल आषाढ, सदर २००४।३।२२।१

ऐजन मु.नं. २४१/ पेज ३८

४५. श्री मे.ज. .... का छोरा ले.क. पार्थीव सम्सेर जङ्ग बहादुर राणाले वीक. पास गरेकोले हामीबाट दोसल्ला वापत मोरु ४१२।५० चार सय बाह्र रूपैया पचास पैसा वक्सेको छ नीजले लीन पठायका मानीस हस्ते अैन सवाल वमोजीम रीत पुऱ्याई बकस षर्च लेषी दीने काम गर.

ईति सम्वत २००४ साल पौष २५ गते, सदर २००४।९।२८।२

२००४ कार्तिक देषी चैत्र तक १७(ख) २३६/ मु.नं. ९८०/ पेज १७१

४६. तपसीलका भाई छोराका छोरा नातीहरूले यस यल सी पास गरेको हुनाले दोसल्ला वापत मोरु १०३५। यक हजार पैतीस रूपैया बकस वक्सेको छ तपसीलमा लेषीय वमोजीं नानीहरूले लीनु पठायेका मानीसहरू हस्ते अैन सवालको रीत पुऱ्याई षर्च लेषी दीने काम गर

तपसील

मे.ज. मृगेन्द्र सम्सेर जङ्ग बहादुर राणाका छोरा जय प्रकाश सम्सेर ज.व.रा.के मोरु पाच सय - ५००।-

मे.ज. पुस्कर सम्सेर ज.व.रा. का छोरा भास्कर सम्सेर ज.व.रा. के मोरु २००।-

क.क. ईन्द्र सम्सेर जवराका छोरा युवराज सम्सेर ज.व.रा. के मो रु २३५।-

क.प. दीप सम्सेर जवराका छोरा सागर सम्सेर ज.व.रा.के मो रु १००।-

ईति सम्वत २००४ साल फागुण ११ गते रोज २, सदर २००४ फागुण २० गते रोज ४

सम्वत २००४ साल कार्तिक - चैत्र १७(ख) २३६, म.नं.१२४६ ष.नं.१२४५ पेज २१८

४७.२००४ सालको एस.एल्सी परिक्षामा तपसीलका जवांले पास गरेकाले दोसल्लाबाट तपसील वमोजिम मोहरू १००८।३४ एक हजार आठ रूपैया चौतिस पैसा बक्स बक्सको छ सो रूपैया तपसीलका जवांका तपसीलका कारिन्दा हस्ते अैन सवालको रीत पऱ्याई स्रेस्तामा बक्स षर्च लेषी दीन काम गर

तपसील

श्री नानी मे.ज. मृगेन्द्र सम्सेर जङ्ग बहादुर राणाका छोरा ले.क.जय प्रकाश सम्सेर ज.व.रा.के मोरु पाच सय- २७५।

श्री क.क. इन्द्र सम्सेर जङ्ग बहादुर राणाका छोरा युवराज सम्सेर जङ्ग बहादुर राणा के मोरु २३३।३४

श्री क. लभ सम्सेर जङ्ग बहादुर राणाका छोरा क.प. संम्भु सम्सेर जङ्ग बहादुर राणा के मोरु १००। (एक सय)

श्री मे.क. दीप सम्सेर जङ्ग बहादुर राणाका छोरा सागर सम्सेर जङ्ग बहादुर राणा के मोरु २००।

इति सम्वत २००५ आषाढ १७ गते रोज ४

सदर २००५ आषाढ २१।१ म

२००५ वैशाख-आश्वीन मु.नं./ १७(ख) २३७/ पेज ४६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४८. श्री नानी ले.क. हिमालय सम्सेर जङ्ग बहादुर राणाले एम.ए. पास गरेको हुनाले दोसल्ला वापत मोरु ५००। पाच सये पचास रूपैया बकस वक्सेको छ. नीज नानीले लीन पठायका मानीस हस्ते स्रेस्तामा षर्च लेषी दीने काम गर.
ईंति सम्वत २००६ साल श्रावण १९ गते रोज ४, सदर २००६/४/२१/६ मा
१७(ग) सि.नं. २४७-२५०, २००६ सालको वैशाख-आश्वींन कौसी षड्ग निसाना/ मु.नं. ४९९/ पेज १४६

४९. श्री नानी ले.क. भरत सम्सेर जङ्ग बहादुर राणाले एम.ए. पास गरेको हुनाले दोसल्ला वापत मोरु ५५०। पच सयै पचास रूपैया बकस वक्सेको छ. नीज नानीले लीन पठायका मानीस हस्ते स्रेस्तामा षर्च लेषी दीने काम गर.
ईंति सम्वत २००६ साल श्रावण २१ गते ६, सदर २००६/४/२६/४
ऐजन मु.नं. ५०४, पेज १४८

५०. भाइ क. रवी सम्सेर जङ्ग बहादुर राणाले आइ.ए. पास गरेको हुनाले दोसल्ला वापत मोरु ३७५। तीन सय पचहत्तर रूपैया बकस वक्सेको छ नीज भाइले लीन पठायाका तहवीलको कारीन्दा हस्ते अैन सवालको रीत पुऱ्याई षर्च लेषी दीने काम गर.
ईंति सम्वत २००६ साल श्रावण २१ गते ६, सदर २००६/४/२६/४
ऐजन मु.नं. ५०५, पेज १४८

५१. मे.ज. मेघराज सम्सेर जङ्ग बहादुर राणाका छोरा बाबु साहेव प्रमोद सम्सेर जङ्ग बहादुर राणालाई अघी यस यल सी पास गरेको दोसल्ला वापत मोहरू ३००। तीन सयै बकस वक्सेको छ नीज प्रमोद सम्सेर जङ्ग बहादुर राणाले लीन पठायाका मानीस हस्ते स्रेस्तामा षर्च लेषी दिने काम गर.
ईंति सम्वत २००६ साल श्रावण २६ गते रोज ४
ऐजन मु.नं. ५२४/ पेज १५१

५२. भाई ले.क. विज्ञान सम्सेर जङ्ग बहादुर राणाले वी.ए. पास गरेकोले दोसल्ला वापत मोरु ४१२।५० चार सय बाह्र रूपैया पचास पैसा बकस वक्सेको छ सो रूपैया निज भाइले लिन पठाएका मानीस हस्ते अैन सवालको रित पुऱ्याई बकस खर्च लेखी दीने काम गर.
सम्वत २००६ साल श्रावण, सदर २००६/५/१/४ मा
१५(ग) सि.नं. २४७-२५०, २००६ सालको वैशाख-आश्वींन तकको कौसि षनि/मु.नं. ५४९/ पेज १५६

५३. तपसीलका जवांले तपसिल वमोजिं पास गरेकोमा दोसल्ला वापत तपसील वमोजिंमा जम्मा मोरु १४३७। एक हजार चार सये सयतीस रूपैया बकस वक्सेको छ सो वमोजिंम निजहरूले लिन पठायेका मानिस हस्ते ऐन सवालको रीत पुराई बकस खर्च लेषी दीने कां गर.

तपसील

श्री ज. हरी सम्सेर जङ्ग बहादुर राणाका छोरा ले.क. सुशिल सम्सेर जङ्ग बहादुर राणा के एस.एल.सी. पास गरेकोमा मोहरू दुई सये पचहत्तर २७५। ..... मेघराज सम्सेर जङ्ग बहादुर राणाका छोरा प्रमोद सम्सेर जङ्ग बहादुर राणा के आई.ये. पास गरेकोमा मोरु ३७५। श्री क.क. ईन्द्र सम्सेर जङ्ग बहादुर राणाका छोरा ध्रुवराज सम्सेर जङ्ग बहादुर राणा के आये पास गरेमा मोरु दुई सय सतासी २८७। श्री क. तोरण सम्सेर जङ्ग बहादुर राणाका छोरा मेदिनी सम्सेर जङ्ग बहादुर राणा के येस. येल. सि. पास गरेमा मोरु तीन सय ३००। श्री मे.क. लक्ष्मण सम्सेर जङ्ग बहादुर राणाका छोरा मयूर सम्सेर जङ्ग बहादुर राणा के येस.येल.सी. पास गरेमा मोहरू दुई सय २००।
ईंति सम्वत २००७ साल आषाढ २५ गते रोज ५ शुभम, सदर २००७/३/२९/५ मा
२००७ सालको कौसि खड्ग नीसाना सनदको नक्कल किताब वैशाख-आश्वीन १७(ग) २३१ मु.नं. ४०९ को षनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५४. भाई कर्णेल शशी सम्सेर जङ्ग बहादुर राणाले म्याट्रिक पास गरेको हुनाले दोसल्ला वापत मोरु ३०० तिन सये रूपैया बकस वक्सेको छ निज भाईका तहवील कारींदा हस्ते बकस खर्च लेखी दीने काम गर

ईंति सम्वत २००७ साल श्रावण २ गते रोज २ शुभम

ऐजन मु.नं. ४४६

५५. सन् १९४८ मा एस एल सी. पास गरदाको दोसल्ला मैले पायेको छैन भनी श्री वृ.क. प्रकाश सम्सेर जङ्ग बहादुर राणाका छोरा मे.क. वीरेन्द्र सम्सेर जङ्ग बहादुर राणाले बींती चढायको बेहोरा हाम्रा हर्जुमा जाहेर भयो नीज मे.क. वीरेन्द्र सम्सेरलाई एस.एल.सी. पास गरेमा दोसल्ला वापत मोहरू २००। दुई सये रूपैया बकस वक्सेको छ नीजले लीन पठायेमा मानीस हस्ते अैन सवालको रीत पुऱ्याई बकस षर्च लेषने काम गर.

ईंति सम्वत २००७ साल पौष २५ गते रोज ३, सदर २००७/१०/२/२ मा

सम्वत २००७/ १७(ग) कौसी खड्ग निसाना सनदको नक्कल किताब कार्तिक-चैत्र/ मु.नं ११४५

५६. यो २००७ सालको एस.एल.सी. जाचमा पास भयका तपसीलका मानीसलाई दोसल्ला वापत चढाईको हुनाले सो दोसल्ला वापत बकस वक्सेको जमा मोहरू १५५०। पंध्र सये पचास रूपैया दीनु भन्ने हामीबाट हुकुं बक्से वमोजिं श्री भाई मीनीष्टर याण्ड कम्यांडर इनचीफका २००७ साल फागुण ३ गते का छापे वमोजीं तपसीलका मानीसका तपसीलका कारीन्दाको भरपाई भै गयाको मोरु १५५०। पन्ध्र सये पचास रूपैया अैन सवालको रीत पुऱ्याई षर्च लेषने काम गर.

तपसील

श्री मीनीष्टर एण्ड कम्याडींङ ईनचीफका नाति मे.ज. मृगेन्द्र सम्सेर जङ्ग बहादुर राणाका छोरी मैया के मोरु पाच सये ५००।

श्री ले.ज.क. एक राज सम्सेर जङ्ग बहादुर राणाका नानी श्री ले.क. बाडुलीमा सम्सेर जङ्ग बहादुर राणाका छोरी मैया के मोरु दुई सयै पचहत्तर २७५।

श्री क. तोत्र सम्सेर जङ्ग बहादुर राणाका छोरा २ के मोरु पाच सय पचहत्तर ५७५।

ले.क. हिक्मत सम्सेर जङ्ग बहादुर राणा के रु. २७५।

विमर्स सम्सेर जङ्ग बहादुर राणा कै रु. ३००।

श्री मे.क. कर्ण सम्सेर जङ्ग बहादुर राणाका छोरा भाषकर सम्सेर जङ्ग बहादुर राणा के मोरु दुई सय २००।

ईंति सम्वत २००७ फागुं ५ गते रोज ६

सम्वत २००७, १७(ग) ऐजन मु.नं. ३५८

स्रोत-राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हनुमानढोका दरबार क्षेत्रस्थित जोर नगराको ताम्रपत्र

- प्रकाश दर्नाल*

नेपालमा नगराको प्रचलन प्राचीनकालदेखि नै चली आएको देखिन्छ । वैदिककालदेखि रामायण महाभारतकालमा पनि यसको विभिन्न नामहरू पाइन्छ । जस्तै दुन्दु, दुन्दुभ, दुन्दुभि, भेर, भेरि, पटह, प्रणव, मडडु, मड्डुक, ढक र आडम्बर । यी मध्ये दुन्दु, दुन्दुभ, दुन्दुभि, भेर, भेरि र आडम्बरले आफ्नो प्राचीन रूपनै धारण गरेका छन । पटह, प्रणव, मडडु, मड्डुक र ढकले अर्कै स्वरूप लिएका छन् अर्थात यिनीहरूले नगरा परिवार छोडेर ढोल, ढोलली र हुड्कोको रूप लिएका छन । वैदिककालका दुन्दुभि, भेरि र आडम्बर नै आजका नगरा र दमाहा हुन् (दर्नाल रामशरण, २०४५, १८९) ।

नगरालाई रणवाद्यको रूपमा पनि चिनिन्छ । यसले आफ्नो सेनाको मनोबल बढाई उत्साह र प्रेरणा प्रदान गर्दछ । तर शत्रुको मनमा चाहिँ भय र सन्त्रास उत्पन्न गराई मनोबल घटाई दिन्छ । शान्तिकालमा भने यसको प्रयोग मन्दिरहरूमा पूजा अर्चना गर्दा बजाइन्छ ।

नेपालमा शाहकालको पहिलो अभिलेख गोरखा दरबारको नगरामा भेटिएको छ । त्यसमा "श्रीसाके १५३१ मासे ५ श्रीमहाराजछत्रसाहस्य कृति अर्थात् वि. सं. १६६६ भाद्रमा महाराज श्री छत्र शाहले यी नगरा बनाउन लाएका हुन्" (वज्राचार्य, श्रेष्ठ, २०३७, १)।

भक्तपुर दरबारमा वि. सं. १७४७ मा जितामित्र मल्लले र पछि वि. सं. १७८४ मा रणजित मल्लले बनाउन लगाएका थिए (दर्नाल रामशरण, २०४५, १९१) ।

स्याङ्जाको भीरकोटमा जीव शाहले आफ्नो कुलदेवता आलमदेवीलाई चढाएको नगरामा वि. सं. १८४३ कुँदिएको छ ।

सल्यानकोटको प्रसिद्ध माईस्थानमा रहेको नगरामा २ पङ्क्तिको अभिलेखमा श्रीसाके १६५० सम्वत् १७८५ मा पृथ्वीनारायण शाहको पालामा द्वारे विश्राम रानाले माईलाई नगरा , तुरही र थाल चढाएको र सो नगराको पुनरुद्धार विश्राम रानाकी बुहारी रामावतीले वि. सं. १८६० मा गरी यो अभिलेख कुँदाइएको छ (वज्राचार्य, श्रेष्ठ, २०३७, ३८४) ।

हनुमानढोका दरबार क्षेत्रको जोर नगराको ताम्रपत्र गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६४ मा वेधुवा नगार्चीलाई दिएका थिए ।

त्यस्तै ताम्रपत्र गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६९ मा धादिङ सल्यानकोट भगवतीको लागि चामे दमाईलाई नगरा गुठी कायम गरी प्रदान गरिएको छ (वज्राचार्य, श्रेष्ठ, २०३७, ५५८) ।

नगराकै सानो रूप दमाहा पञ्चैबाजा र नौमतीबाजा समूहमा प्रचलित छँदैछ ।

*पूर्व प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६४ मा वेधुवा नगार्चीलाई दिएका ताम्रपत्र (५२ x ३९.५से.मि.) को विवरण यस बमोजिम छ ।

श्री दुर्गासहाय

श्री देगुतलेज्यू १ श्री कालिका २

१. स्वस्ति श्री गिरिराज चक्र चुडामणि नरनारायणत्यादि विविध विरुदा वलि विराजमान मानोन्त श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे गिरवाण युद्धविक्रम साह बहादूर सम्सेर

२. जङ देवानाम सदा समर विजयी नाम......... .... आगे वेधवा नगाचिके ¨ १ ¨ लाई वडा निसाना २ कर्नाल ३ चह्राऱ्युँ, तस्को गुठि

३. निमित्त वक्सको दुम्कोटको अम्वल सेरो षेत १।१० तस्को सांध .पुर्व सेराको षोल्सो लुहकिर . दषिन पहरो लुहकिल पश्चिम. चिरा षोल्सि लुहकिल . उत्तल. तेर्छोबाटो लुहकिल . दफे

४. कुशबिता . षेत १ तस्को लमापात्समेत .को सांध पुर्व रैकर लुहकिल . दषिन . सुक्ता षोल्सो र तेर्छो बाटो लुहकिल .पश्चिम .रैकरवारिका सिह्रानको पहरा .ढुंगा लुहकिल .उत्तल

५. पगाराको षोल्सो ढुंगो तेर्छो बाटो लुहकिल दफे सोषल वुघर्चल्या षेत २। छ तस्को सांध . पुर्व, घीमिन्या षोराको छिक लुहकिल .दषिन. रैकल पहरो लुहकिल. पश्चिम . षोल्साको

६. ढिक्को लुहकिल . उत्तर रैकर पाषो लुहकिल. दफे काटाकुतिका अम्बल मधे .रूपपा षेत मरि ४२ तस्को सांध . पुर्व कै दल्पा षोल्सि रैकल लुहकिल .दषिन . पाषो ढुंगो रै

७. कर लुहकिल .पश्चिम पहरो लुहकिल .उत्तल . रैकल लुहकिल . देफ पैन्या षेत मुरि २२ तस्को सांध. पुर्व .दषिन. पषेरो लुहकिल. पश्चिम. उत्तर. रैकल लुहकिर .दफे पा

८. सी षेत मुरि ११ तस्को सांध .पुर्व पालि षोल्सि लुहकिल .दषिन . पश्चिम .उत्तर . रैकर लुहकिल .दफे अर्चल्या षेत मुरि २४ सांध. पूर्व. दषिन. षोल्सिको लुहकिल. पश्चिम. रैकर लुह

९. किल .उत्तर पाखो लुहकिल. दफे. काभऱ्याको पूछार.षेत मुरि ५ तस्को सांध. पूर्व. दषिन पश्चिम. उत्तर. रैकर लुहकिल .औ पुराना गाउ १ तस्को सांध. पूर्व पहरा मनिको ठुला ढुंगा पानि

१०. ढलो लुहकिल. दषिन. काभऱ्या षेतका. बाझा गह्राका लुहकिल. पश्चिम. छहऱ्या षोल्सि लुहकिल. उत्तर पहराका चांपांको रुष माथिको लुहकिल. दफे छोकल्वु घडयारी तस्को सांध. पूर्व घि

११. मिऱ्या षोलो लुहकिल .दषिन .सहेल्या डांडो साउऱ्या पानिको ठुलो ढुंगो लुहकिल . पश्चिम. चिउरिको रुष. चौतारा माथिको डांडो.धरणि शिवाकोटिको सांध लुहकिल .उत्तर. पहरो लुह

१२. किल. दफे दुम्कोट लगात्समेतको सांध .पूर्व .पाणो षोलो लुहकिल. दषिन .गहिघाटको सांध .लुहकिल .पश्चिम थाङऱ्या छहरो. उत्तर देउरालिको पानि ढलो लुहकिल. येति चार किला

१३. भित्र कंपनिको षानगी. मुलकोटको जग्गा ¨२¨ को गुठि षेत र. घर घडयारि फुलबारिके पाषा रोपनि ३० विर्ता जफति माटा वाहिक .औ विसंधुका अम्बलन नरकट्यालि

१४. षेत मुरि ८० तस्को सांध. पूर्व. दषिन. पश्चिम. रैकर .लुहकिल. उत्तर.बाटो लुहकिल .येति चार किला भित्रको षेत ६ दुम्कोट. लगापात. समेत. गादि मुमाराष. चुमाउन. गो

१५. दधुवा. धर्माधिकार .येति चारकलम वाहिक .सर्व रकम झारा समेत् मारिमैटि गुठि राषि . हाम्रा सन्तानभर .तेरा सन्तानलाई. षोस्मोस नगर्नु भनि बन्देज बाधि गुठिको मोहर

१६. तांवा पत्र गरि बक्स्यौं .यस जग्गाका आम्दानिले तपसिल बमोजिमका रूपैंया ५९। ले वर्षवन्धन. पूजा .मसालामा लगाउनु. निसाना मोह्रालाई हाम्रा हजुरमा विंति गर्नु. र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१७. मोह्राई बक्स्यौंला .आफना षातिर जामासंग .टहलमा रुजू रहि सेष रह्याको भोग्य गर यो गुठि बक्सँदाका सधियार. श्रीनाथ अर्ज्याल. भानपाध्या षनाल श्रीनिधि पंथ.कासिराम पाडे

१८. हरिवंस बोहोरा. वंस विर्राना भास्करपाध्या दुगोल छोटया धनवन्त कालो धनवन्त मदयाङ .थरिका टावुटिका द्वाऱ्या दुर्जोधन षद्का वषतानन्द पाध्या केहेरसिं कार्कि चामु

१९. थापा सर्वजित थापा कुशावतिको देवनारान मिझार, गोलैच्या मिझार किसन्नारान मिझार पूराना गाउको छत्र सिं षड्का चामु वस्यात महिन्द्र वस्यात जस्या गोऱ्या मिझार ध

२०. र्मानन्द शिवाकोटि .दोलखाको .सिंधाल प्रधान विसंषुको द्वाऱ्या गऱ्या राना कालु षद्का............ ....

तपसिल

निसान २ के मसाला मेन्हा १ के दर रूपैया २ का हिसावले वर्ष १को रु............२४

वडा दसैके रूपैया		११ । ।।।	
रागो	१ के रु	५	
बोका	१ के रु	१।।	
भेटि	के रु	१	
पगरि	१ के रु	१	
नरिवल	१ के रु	।।।	
वस्त्र कपरा हात १०	के रु	१	
फलफूल	के रु	।।	
सिदुर सुपारि गैरह	के रु	।।	
तेल दिन	१० के रु	।।।	
– –––––––––––			
चैत्या दसैके	३ ।।।'		
बोका	१ के रु	१।।	
भेटि	के रु	।।	
पगरि	१ के रु	।।।	
नरिवल	१ के रु	।।।	
फलफूल नैवेद	के	।।	
सिदूर सुपारि धुप गैह्र	के	।	
तेल	के	।।	
जना २ के जडाउरि रु			२०
जना १ के	१२ जना	१ के	८

जसले यो गुठि वेधुवाका संन्तानलाई षोस्मोस गर्ला तस्लाई पंचमहा पातक लाग्ला ।। स्वदत्तांम्परदत्तां वायो हरेत वसुन्धरा षष्टी वर्ष सहस्राणि विष्टाया जायते क्रिमि इति

सम्वत् १८६४ साल मिति श्रावण सुदि ९ रोज ४ शुभम...

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भ ग्रन्थहरू :

दर्नाल, रामशरण, २०४५, नेपाली सङ्गीत संस्कृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौ ।

वज्राचार्य, धनवज्र, श्रेष्ठ, टेकबहादुर, २०३७, शाहकालका अभिलेख (पहिलो भाग), नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौ ।



❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमण्डलमा जलवृष्टिका लागि गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरू

- सौभाग्य प्रधानाङ्ग*

लेखसार

पञ्चतत्त्वको सन्तुलनबाट सृष्टिको संरचना भएको कुरा अध्यात्म र विज्ञानले स्वीकार गरेको छ । पञ्चतत्त्व मध्ये जलतत्त्वबाट प्राणी र वनस्पति जगत्को सिर्जना भएको मानिन्छ । जलतत्व अर्थात् पानी प्राप्त गर्ने विभिन्न प्राकृतिक स्रोतहरूमध्ये आकाशबाट हुने जलवृष्टि एक महत्त्वपूर्ण स्रोतको रूपमा उपयोग हुँदै आएको छ। नेपाल जस्तो भू-बनोट भएको विकासोन्मुख देशमा यहाँको पर्यावरण तथा कृषि उत्पादन आकाशबाट पर्ने पानीमा नै निर्भर रहेको स्थिति छ । समय समयमा हुने अनावृष्टिको कारण पानीको अभावमा पर्यावरणमा असन्तुलन हुन गई मानिसले दुःख पाउने गरेका छन् । यस लेखमा यसको निवारणको लागि अर्थात् जलवृष्टिको लागि नेपालमण्डलमा विगतमा के -कस्ता प्रयासहरू गरिएका थिए ? तत्कालीन समाजमा त्यसको प्रभाव कस्तो रह्यो ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ । प्राप्त ऐतिहासिक दस्तावेजमा उल्लिखित प्रमाण र वर्तमान समाजमा विभिन्न जात्रा, पूजा, पर्व, नागसाधना, लौकिक परम्पराका रूपमा मनाउँदै मानिदै आएका धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरूको अध्ययन तथा विश्लेषण गरी यो लेख तयार गरिएको छ । मुख्यतः यो लेखमा काठमाडौं उपत्यकामा प्राचीनकालदेखि अनावृष्टिको समयमा पानीसँग सम्बन्धित विभिन्न देवी देवताको साथै अष्टनाग, नवनागको पुरश्चरण, पुटित, रुद्रि जस्ता पूजापाठ, जलयज्ञ, जात्रा आदि धार्मिक, सांस्कृतिक तथा सामाजिक अनुष्ठानहरू गर्ने गरिएको तथ्यहरू प्रकाशमा आएका छन् । ती अनुष्ठानहरूमा गर्ने विधिविधान र यसप्रतिको जनविश्वासले यहाँको पर्यावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका रहेको निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ ।

शुत्रशब्दः अनावृष्टि, जलवृष्टि, अतिवृष्टि, पुरश्चरण, वर्षापण, नागसाधना, जलयज्ञ, पानी माग्ने जात्रा ।

परिचय

प्राणी तथा वनस्पतिहरू सबैको लागि पानी अपरिहार्य तत्त्व हो । यस विश्व जगत्को इतिहासको विभिन्न क्षेत्र र कालखण्डमा पानीको प्रयोगको आधारमा पानीको स्रोतहरू व्यवस्थापन फरक - फरक किसिमले गरेको पाइन्छ । नेपालमा पनि स्थान र समय अनुसार पानीको प्रयोग र व्यवस्थापनमा पनि विविधता पाइन्छ । नेपालको सन्र्दभमा पानीको प्रमुख स्रोत भनेको आकासको पानी, हिमालको हिउँ पग्लेर जमिनको सतहमा वगेका नदी वा जमिनको मूल फुटेर बगेका नदी र जमिनभित्रको पानीका स्रोत नै मुख्य देखिन्छन् । यी स्रोतहरूलाई आवश्यकता, उपलब्धता र औचित्यताको आधारमा विभिन्न प्रविधिहरू अपनाई आफ्नो घर आँगनसम्म सहज व्यवस्थापन गरिएको देखिन्छ ।

नेपाल कृषि प्रधान देश हो । प्राचीनकालदेखि नै यहाँको कृषि आकासेपानी अर्थात् वर्षामा आधारित भएको देखिन्छ । समय समयमा पानी नपर्ने, खडेरी पर्ने,

*निमित्त महानिर्देशक राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनावृष्टि र अतिवृष्टिका कारणले अनिकाल र प्राकृतिक प्रकोपको कारणले समय समयमा देश र समाजमा दुःख, दुर्भिक्ष हुने गरेको विषयमा वंशावलीहरू लगायत ऐतिहासिक स्रोतहरूमा उल्लेख गरिएको पाइन्छ । यो स्थितिले यहाँको कृषि कर्ममात्र हैन परम्परादेखि चलिआएको कृषि सभ्यता र संस्कृतिमा प्रत्यक्ष प्रभाव पारेको यर्थाथ हामीसँग छ । यसरी पर्यावरणमा आउने परिर्वतन संस्कृतिमा प्रभाव पार्ने प्रमुख तत्त्व हो । यसका लागी अनावृष्टिको समयमा पानी परोस् भनेर विभिन्न ठाउँमा विभिन्न किसिमको धार्मिक, सामाजिक तथा सांस्कृतिक अनुष्ठान गरेका चर्चाहरू पाइन्छन् । ती अनुष्ठानमा गरिने कतिपय विधि र प्रक्रियाहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रकृति र पर्यावरणसँग सम्बन्धित रहेका देखिन्छन् । यी अनुष्ठानमा गरिने विधि र प्रक्रियाको विस्तृतरूपमा पर्यावरणीय दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्ने हो भने त्यसमा विज्ञानसम्मत प्रमाणहरू प्रशस्त छन् । तर विगतमा गोप्य रूपमा गरिने गुह्य अर्थ भएका धार्मिक अनुष्ठानहरू धेरैजसो लोप भैसकेका छन् भने केही परम्परा र जात्रापर्वको रूपमा मात्र मानिदै आएका छन् । ती पनि त्यसमा रहेको मूल उद्देश्य र महत्त्व बिर्सेर औपचारिकताको लागि मात्र मनाइदै आएको देखिन्छ । विधि र प्रक्रिया नपुऱ्याई अन्धविश्वासको रूपमा औपचारिकताको लागि एक परम्पराको रूपमा मात्र मनाउँदा ती धार्मिक अनुष्ठानको प्रभाव पनि कम हुँदै गएको सामाजिक यथार्थ हो ।

प्रकृतिको नियम अनुसार समय समयमा जलवायु परिर्वतन भैरहेको हुन्छ । नेपाल जस्तो विकासोन्मुख देशमा अनावृष्टिको समयमा नयाँ अत्याधुनिक प्रविधिबाट पानी पार्न सक्ने प्रविधि अहिलेसम्म भित्री सकेका छैनन् । यहाँको अधिकांश क्षेत्रमा कृषि उत्पादन अहिलेसम्म पनि मौसमीवर्षामा नै आधारित रहेको छ । यस अध्ययनले विगतमा काठमाडौं उपत्यकाको परम्परागत पानीका स्रोतहरूमध्ये खडेरी पर्दा र अनावृष्टि हुँदा वर्षा गराउन के - कस्ता किसिमका धार्मिक अनुष्ठानहरू हुन्थे ? ती अनुष्ठानको महत्त्व र प्रभाव कस्तो थियो ? कुन-कुन विधिहरू प्रयोग हुन्थे र यी कहिलेदेखि कहिलेसम्म निरन्तरता पाएका थिए ? भन्ने विषयमा केन्द्रित रहेर व्याख्या विश्लेषण गरी यर्थाथ विवरण प्रकाशमा ल्याउनु यस लेखको उद्देश्य रहेको छ। प्राचीनकालदेखि समाजमा प्रचलित धार्मिक, सांस्कृतिक तथा सामाजिक अनुष्ठानहरूको बारेमा जानकारी प्रकाशमा ल्याई अध्ययन अनुसन्धानकर्तालाई भविष्यमा यी विधि विधानहरूले पर्यावरणमा पार्ने प्रभावको बारेमा विश्लेषण सहित यसका वैज्ञानिक पक्षाहरूको थप अध्ययन विश्लेषण गर्न प्रोत्साहित गर्नु नै यस लेखको मूल उद्देश्य रहेको छ ।

शोधविधि

विगतका विभिन्न कालखण्डहरूमा अनावृष्टि भएको समयमा आकाशबाट पानी पार्नको लागि र अतिवृष्टिको समयमा पानीको व्यवस्थापनको लागि गरिएका संस्कार, पूजापाठ जस्ता गतिविधिहरू तथा अन्य विभिन्न सर्न्दभहरूको अध्ययन तथा विश्लेषण गरी तत्कालिन पानीका स्रोतहरूको बारेमा खोज गर्न वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान विधि अवलम्वन गरिएको छ ।

यस अध्ययनमा प्रकाशित तथा अप्रकाशित अभिलेख, वंशावली, हस्तलिखित ग्रन्थ तथा अन्य ऐतिहासिक दस्तावेजहरूमा उल्लेखित पानीसँग सम्बन्धित सर्न्दभहरूलाई प्रमुख स्रोतको रूपमा प्रयोग गरी प्रमाण र प्रमेयको सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ भने यसको प्रमाणिकताको लागि वर्तमान समयमा हाम्रो समाजमा आकासेपानीको लागि गरिने गतिविधिकोबारेमा सरोकारवालाहरूसँग र सम्बन्धित विषयका विज्ञहरूबाट जानकारी प्राप्त गरिएका छन् ।

अध्ययन अनुसन्धानको क्रममा संकलन गरिएका प्रमाण तथा सूचनाहरूको व्याख्या, विश्लेषण गरी अध्ययन गर्नुपर्ने भएकोले अध्ययनको उद्देश्य अनुसार उपयोगी तथ्याङ्कहरूलाई विशिष्ट नमूना विधिबाट छनौट गरिएको हो । यी तथ्याङ्कहरू र त्यसबाट प्राप्त विषयवस्तुहरूको व्याख्या सहित अनावृष्टिको समयमा वर्षा गराउन गरिएका क्रियाकलापमा (अमूर्त संस्कृतिमा) केन्द्रित रहेर विश्लेषण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ऐतिहासिक दस्तावेजहरूमा अनावृष्टिको समयमा गरिएका अनुष्ठान सम्बन्धी विवरण

प्राप्त वंशावली, शिलालेख, ताम्रपत्र, थ्यासफु लगायत अन्य ऐतिहासिक दस्तावेजहरूको अध्ययनबाट विगतको इतिहासमा मानिसले आफ्नो जीवनयापनको क्रममा कृषि उत्पादनको लागि आकाशबाट पर्ने पानी एक प्रमुख स्रोतको रूपमा देखिन्छ। अझ भन्ने हो भने अन्नवाली लगायतका कृषि उत्पादन आकाशे पानीमा नै निर्भर रहेको देखिन्छ।

प्रकृतिको चक्र अनुसार परापूर्वकालदेखि नै समय समयमा पानी नपरेर खडेरी परेको, अतिवृष्टि भएर दुर्भिक्ष भएको त्यसको लागि विभिन्न देवी देवताहरूको यज्ञ, पूजापाठ र अनुष्ठानहरू गरेको विषयहरू विभिन्न धर्मग्रन्थहरूमा उल्लेख पाइन्छ। हिन्दुहरूको महत्त्वपूर्ण ग्रन्थ ऋग्वेदमा वर्षाको देवताको रूपमा इन्द्र, वरुण, पर्जन्यको उल्लेख गरिएको छ। अत्री, आत्रेय, भारद्वाज लगायत ऋषिहरूले अनावृष्टि र अतिवृष्टिको समयमा इन्द्र, वरुण, पर्जन्य आदि देवताहरूको प्रार्थना गरेको चर्चा गरिएको छ (Saxena, 2012, pp. 131-138)। त्यसैगरी रामायणको कथाको बालकाण्डमा मिथिला राज्यमा खडेरी परेर पानीको हाहाकार भई देशमा अनिकाल हुँदा महायज्ञ स्थल बनाउनको लागि राजा जनकले हलोले खेत जोत्दा सीता भेटाएको र त्यस पछि वर्षा भएको प्रसङ्गलाई उल्लेख गर्न सकिन्छ। अहिले पनि मिथिला क्षेत्रमा खडेरी परेमा इन्द्रलाई खुसीपारी वर्षा गराउन जटजटिन नाच नचाउने परम्परा कायमै रहेको छ (ठाकुर, वि.सं २०७६)।

नेपालमा प्राप्त विभिन्न ऐतिहासिक ग्रन्थहरूमा प्राचिनकालदेखिनै समय समयमा पानी नपरेर जनताले दु:ख पाएको र त्यसको निवारणको लागि विभिन्न किसिमका पाठ पूजा गरेका घटनाहरू उल्लेख गरिएको पाइन्छ। भाषा वंशावलीमा राजा मानदेवको समयमा पानी नपरेर अनावृष्टि भै मेघ शून्य भएको प्रसङ्ग उल्लेख छ (पौडेल, वि.सं. २०२०, पृ. ७६) भने गोपालराज वंशावलीमा मानदेवको राज्यमा ठूलो उत्पात भएको र पौष पूर्णिमामा होली गरी शान्ति गरेको उल्लेख छ (Vajracarya & Malla, 1985, p. 29)। त्यसैगरी लिच्छवि राजा श्रीगणदेवको राज्यकालमा नेपालभूमिमा तीन वर्षसम्म अनावृष्टि भई पानी नपरेकोले वृष्टि होस् भन्नाका लागि श्री पशुपति भट्टारकमा महानागको साधना गरी मणिसहितको गणदेवनामक कोष चढाए र त्यसको प्रभावले महावृष्टि भई प्रजा सुखी भए भन्ने विवरण पनि गोपालराज वंशावलीमा उल्लेख पाइन्छ (Vajracarya & Malla, 1985, p. 29)। भाषा वंशावली र नेपालिक भूपवंशावलीमा श्री गुणकामदेवको समयमा अनावृष्टि र दुर्भिक्ष भएकोले स्वयम्भूको शान्तिपुरमा शान्तिकराचार्यले कर्कोटक नाग सहित नवनागको साधना गरी स्वयम्भूमा पूजा गरी सुवृष्टि गराएको उल्लेख गरिएको छ। यसको साथै नागहरूले आ-आफ्नो शरीरबाट रगत निकाली आ-आफ्नो चित्र लेखी कुनैपनि समयमा अनावृष्टि भयो भने यस चित्रमा पूजा गर्नु अनावृष्टि शान्त भई वृष्टि हुनेछ भनि वाचा गरी नागलोकमा गएको उल्लेख छ (पौडेल, वि.सं. २०२०, पृ. ७९) (Bajraharya & Michaels, 2015, p. 5)। त्यसैगरी एक जनश्रुति अनुसार राजा गुणकामदेवले अनावृष्टिको कारण जनतालाई दु:ख नहोस् भनी शुभसाइतको दिन हेरेर राजा गुणकामदेव र शान्तिकराचार्यले काठमाडौंको मुसुंवहालमा बाह्र वर्षसम्म नागको पुरश्चरण गरी पाताल (नागलोक) देखिने गरी इनार खनि तयार गरियो। इनार प्रतिष्ठाको दिनमा नागराजाले इनारको बाटो गरी गुणकामदेव र शान्तिकरार्चायलाई दर्शन दिए। उनीहरूले १०८ श्लोकको नागको स्तुति गरेपछि प्रसन्न भएका नागराजले यदि नेपालमण्डलमा कहिले पनि खडेरी परेमा इनार भित्र पाताललोकसम्म देख्ने ठाउँसम्म पुगी तिमीहरूले गरेको स्तुति गर्नु प्रशस्त वर्षा गरी दिनेछु भनी प्रतिज्ञा गरी आफ्नो स्थानमा गए। त्यसपछि शान्तिकराचार्यले त्यस ठाउँमा ठूलो ढुंगाले बन्द गरी त्यसबेला गरेका सबै विधिविधान र स्तुतिहरू स्वर्ण अक्षरले लेखेर राखेको विवरण छ (सिजापति, वि.सं. २०१६, पृ.२२-२५)। भाषा वंशावलीमा लिच्छविकालमा राजा नरेन्द्रदेवको समयमा जलवृष्टि नभइ प्रजाले धेरै दु:ख कष्ट पाएको र त्यसको निवारणको लागि कामारु पीठबाट अनेक उपाय गरी सिद्ध गोरखनाथका गुरु मत्स्येन्द्रनाथलाई नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ल्याएका घटना बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ (लम्साल, वि.सं. २०२३, पृ. ४-१०) । उक्त घटना विवरणमा मत्स्येन्द्रनाथले नेपालमा सहकालका लागि श्री पशुपतिनाथ मान्नु, वैशाखमा ब्राह्मणद्वारा आर्यातिर्थको जलाभिषेक गर्नु तब वर्षाफल सफल हुनेछ भनी यसरी आज्ञा गरेको उल्लेख छः

"अथोवाचस मत्स्येन्द्रनाथ : नेपालवासिजन्तव
मृत्युञ्जयाय विपैश्च वैशाखेचाभिषेचनम्
मिलित्वा सवर्णैश्च दुर्भिक्ष हरणं भवेत्
गृह्यन्ते तज्जलंमेघैः कालेवषति सर्वदा"

यसरी राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यले मत्स्येन्द्रनाथबाट तिमीहरूले आह्वान गर्दा म आउँला भनी वचन प्राप्त गरी फर्केर शास्त्राअनुसार सामग्री ठीकपारी लगनखेलको मध्यमा शिलाको पद्‌माकार बनाई पवित्र भई पूजा कलश थापी पुरश्चरण आरम्भ गरी मत्स्येन्द्रनाथको आह्वान गर्दा मन्त्रको बलले भमरा रूप लिई कलशमा प्रवेश गराए । त्यसपछि गोरखनाथले आफ्नो गुरु मत्स्येन्द्रनाथ नेपाल आएको थाहा पाई दर्शन गर्न उठ्दा तन्त्रबलले अधिनमा आएका नागहरू स्वस्थानमा गई आफ्नो कार्य गरे पश्चात् वर्षा प्रशस्त भएको प्रसङ्गलाई विस्तृतरूपमा उल्लेख गरिएको छ । त्यस समयदेखि अटुट रूपमा मत्स्येन्द्रनाथको जात्रा गरिँदै आएको सामाजिक यथार्थ छ । मत्स्येन्द्रनाथको जात्रासँगै मीननाथको पनि जात्रा गरिन्छ । मीननाथ पनि पानी र कृषिसँग सम्बन्धित देवताको रूपमा पूजा हुन्छ । एक जनश्रुति अनुसार सहकाल र वृष्टिको लागि बंगलादेशबाट मीननाथलाई नेपाल ल्याएको मानिन्छ । नेपाल उपत्यकामा मीननाथलाई पनि बौद्ध परम्परा अन्तर्गतको वज्रयान मतमा लोकेश्वर मानिएको छ ।

मध्यकालमा पनि पटक पटक अनावृष्टि र अतिवृष्टिको कारण अनिकाल र दुर्भिक्ष भएको प्रसङ्गहरू तत्कालिन अभिलेख र वंशावलीहरूमा उल्लेख गरिएको पाइन्छ । गोपालराज वंशावलीको पत्र ३३ क मा "सम्वत् ३३९ आषाढनली भाद्रपद व अनावृष्टि महा दुर्भिक्ष अर्द्धभाग लोक क्षय ।। ।। सम्वत् ३४० कात्तिकन ज्येष्ठटो दम्मन तेवछि धारेके दुभिअ जुवः ।।" अर्थात् नेपाल संवत् ३३९ आषाढदेखि भाद्रसम्म पानी परेन र अनावृष्टि, ठूलो अनिकाल पर्‍यो । आधालोकको क्षय भयो नेपाल संवत् ३४० मा कात्तिकदेखि ज्येष्ठसम्म एक द्रम्मले ४ मानामात्र चामल पाइने भयो भनी उल्लेख गरिएको छ । समयमा पानी नपरेको कारण धान रोप्न नपाएर अन्न उत्पादनमा कमी भएर अर्को वर्षमा अन्नको भाउ महँगो भएकोले जनतामा ठूलो संकट परेको उल्लेख छ । त्यसबेलाको अनावृष्टिको सम्बन्धमा ने.सं. ५३५ को ललितपुर इखाक्षौंको ताम्रपत्रमा यसरी उल्लेख गरिएको छ "मास द्वादस १२ संवत् दिन ७ इहकाल वषतस जलवृष्टि मजुयाव सागर समुद्रस लखं शन्य जुओ काल वषत थ्व ।। "(राजवंशी, वि.सं. २०१८, पृ.१५२-१५३) । यसले त्यस समय १२ महिना, १२ वर्ष ७ दिन अनावृष्टि र खडेरीको समयलाई संकेत गरेको छ । यसबाट अतिवृष्टि वा अनावृष्टिको जानकारी तन्त्र र ज्योतिष विद्याबाट हुने कुराको संकेत गरेको पाइन्छ ।

त्यसैगरी गोपाल वंशावलीमा अनावृष्टिमात्र हैन अतिवृष्टिकाका कारण पनि जनताले दुःख पाएका प्रसङ्गहरू पनि उल्लेख गरिएको छ । यस वंशावलीको पत्र ३४ ख मा सम्वत् ३४० भाद्रमा र ३८ ख मा सम्वत् ३६४ आषाढमा ठूलो पानी परेर घरबाट ४ दिनसम्म बाहिर निस्कन नसकेको, महामारी र दुर्भिक्ष भएको उल्लेख गरिएको छ (वज्राचार्य र मल्ल, इ.सं.१९८५, पृ. ४२,४६) । यस्तै गरी सोही वंशावलीको पत्र ४४ ख, ५६ ख र ५९ ख मा ठूलो असिना परेर वाली नाली नष्ट भएको उल्लेख गरिएको छ । यसरी पूर्वमध्यकालका विभिन्न समयमा अनावृष्टि हुने, अनावश्यक र बेमौसममा हुने अतिवृष्टिको कारण कृषि उत्पादनमा असर गरेको देखिन्छ । यसैले कृषि उत्पादनको लागि आवश्यक पानी व्यवस्थापनको लागि समयमा पानी पार्नका लागि स्तुति गरिएका विवरण अभिलेखहरूमा पाइन्छन् । पूर्व मध्यकालमा प्राप्त अभिलेखहरूमा आफूले गरेको पुण्यकर्मले वखतमा पानी परोस् र दुनियाँको भलो होस् भनी कामना गरिएको छ (वज्राचार्य, वि.सं. २०६८, पृ. १५६, २०१, २१८, २९६ र ३१८) । यी मध्ये चाँगुनारायणको ने.सं. २२६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को अभिलेखमा विष्णु, लक्ष्मी र गरुड सहितको प्रतिमा प्रतिष्ठा गरेको र यस पुण्यर्कमले पृथ्वीमा सुख सम्पत्तिले पूर्ण होओस्, देवताहरूले उपयुक्त समयमा वर्षा गराउन् भन्ने कामना गरिएको छ (खनाल, वि.सं. २०४०, पृ. ७०) । ललितपुरको गुइत: विहारको ने.सं. ३९९को अभिलेख, चाँगुनारायणको ने.सं. ५०७ को अभिलेख, जयवागेश्वरी अगाडि सुन्धारा परिसरमा रहेको ने.सं. ५०८ को अभिलेख, बनेपाको ने.सं. ५१४ को अभिलेख, भक्तपुर सुकुलढोकाको ने.सं. ५३० को अभिलेख, भक्तपुर क्वाथनटोलको ने.सं. ५४२ को अभिलेख आदिमा पृथ्वी धनधान्यले पूर्ण होस् समयमा पानी परोस् भनि कामना गरिएका विवरण छन् (वज्राचार्य, वि.सं. २०६८, पृ. १३८, १६९, १७३, १९१, २२८ र २७०) । यी अभिलेखहरूमा उल्लेखित उपरोक्त प्रसङ्गहरूबाट पूर्व मध्यकालमा अन्नबाली जस्ता कृषि उत्पादनको लागि आवश्यक पानीको व्यवस्थापन आकासे पानीमा निर्भर रहेको र समयमा पानी नर्पदा जनतालाई दु:ख परेको बुझ्न सकिन्छ । अझ पशुपतिको ने.सं. ५३३ को अभिलेखमा "वर्षन्त काले जलदा धरित्री समृद्ध शश्यास्तु फलन्तु वृक्षा:" अर्थात् समयमा पानी परोस्, पृथ्वी अनाजले परिपूर्ण होस्, रुखहरूमा फल फलून् भनी उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०६८, पृ.२३३) । यसबाट कृषि तथा अन्य वनस्पति आदिको लागि पानीको व्यवस्थापन आकासे पानी एक प्रमुख स्रोत भएको बुझ्न सकिन्छ ।

पूर्व मध्यकालको तुलनामा उत्तर मध्यकालका अभिलेखमा अनावृष्टिकोबारे विवरण केही कम प्राप्त भएको पाइन्छ । तर केही अभिलेखमा तत्कालिन आफूले गरेको पुण्यको प्रभावले समयमा पानी परोस् भनी प्रार्थना गरेको पाइन्छ । जसमध्ये पाटन हरिसिद्धि मन्दिरमा रहेको ने.सं. ७८३ को शिलालेखमा उल्लेख गरिएको प्रसङ्ग महत्वपूर्ण मानिन्छ । यस अभिलेखमा हरिसिद्धि मन्दिरमा सुनको ढोका असल खापा चढाएको पुण्यको प्रभावले समयमा पानी परोस्, पृथ्वीमा अन्न वाली राम्रो होओस् देशमा शुभ होस्, मानिसहरू सुखी होऊन् । रुखमा अनेक प्रकारका फलफूल फलून्, गाईहरू दूधेला होऊन् । हावा विस्तारै वासना आउने र शीतल हुने गरी चलून् भनी प्रार्थना गरिएको छ । (वज्राचार्य, वि.सं. २०५६, पृ. १२९ -१३०) यस पंक्तिबाट मध्यकालमा आकासे पानीको विशेष महत्त्व रहेको र त्यसबाट पर्ने प्रभावको बारेमा सहजै अनुमान गर्न सकिन्छ । त्यसैगरी शान्तिपुरका भित्री ढोकामा रहेको ने.सं. ७७८ को राजा प्रताप मल्लको अभिलेखमा अनावृष्टि दोष शान्ति गर्न राजा स्वयं शान्तिपुर भित्र प्रवेश गरी वृष्टिचिन्तामणि स्तोत्र पाठ गरी जलवृष्टि गराई नेपाल मण्डलमा सहकाल गरेको उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०२१, पृ. ३१-४४) । यसपछि पनि अनावृष्टिको कारण धान रोप्न नपाएपछि पीडित प्रजागणको अनुरोधमा ने.सं. ८२३ मा राजा भास्कर मल्लले स्वयम्भूको शान्तिपुर, नागपुर, आदिस्थानमा महामेघमण्डल पूजा गरी नागसाधना गरी देशमा जलवृष्टि गराएका थिए (शाक्य, ने.सं. १०९८, पृ. २२०) ।

राष्ट्रिय अभिलेखालयमा जलयज्ञ विषयका विभिन्न ग्रन्थहरू संकलित छन् । ती मध्ये प्रचलित नेपाल लिपि र संस्कृत भाषामा लेखिएको वागाचकेगु अर्थात् वर्षा गराउने विधिको बारेमा उल्लेख गरिएको ग्रन्थ महत्वपूर्ण छ । यस ग्रन्थमा जलवृष्टि भएन भने जलवृष्टिका लागि शंखमूलमा सूर्य, गायत्री, ब्रम्हा, महादेव, विष्णु, वरुण, इन्द्र, सप्तऋषि लगायत पानीसँग सम्बन्धित देवताहरूको साथै नवनागको स्तुति गरी पूजा गर्ने विधिविधानको बारेमा उल्लेख गरिएको छ । सो पुस्तकमा वर्षा गराउनको लागि शंखमूलमा नवनागको नाम र मन्त्र सहित साधना गर्ने विधि पनि उल्लेख गरिएको छ । (राष्ट्रिय अभिलेखालय, E 262/15)

शाहकालमा पनि कृषि, खेतिपाती, अन्नविउ उत्पादनलाई महत्त्व दिएर वृष्टि गराउनको लागी पूजापाठ गर्न सरकारी कोषबाट रकम निकासा गरिएको विवरण राष्ट्रिय अभिलेखालयको कुमारी चोकमा "सालसालमा पानी नपर्दा पानी परोस् भंना निमित्त पूजापाठ पुरश्चरण गर्नालाई पुर्ति भै गएको सावीक हेर्नें" शीर्षकको अभिलेख रहेको छ (राष्ट्रिय अभिलेखालय, ठे.नं.३) । यस अभिलेखमा वि.सं. १९४३ सालदेखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि.सं १९९२ साल[1*] सम्म समयमा पानी नपर्दा विभिन्न सालमा विभिन्न क्षेत्रमा गरेका पूजापाठ सम्बन्धी खर्चको विवरण उल्लेख गरिएको छ । यस अभिलेखमा पानी नपर्दा निम्न क्षेत्रहरूमा पुरश्चरण लगायत अन्य पूजापाठ गरी पानी माग्न रकम निकासा गरेको देखिन्छ :

- स्वयम्भूको श्री शान्तिपुरमा पूजा गर्न,
- १२ वर्षे इनार खोली त्यहाँको पानी झिकी पूजा गर्न,
- श्री पशुपतिमा रुद्रि पूजा गर्न,
- श्री पशुपतिमा चण्डीपाठ गर्न,
- श्री टंकेश्वरमा रुद्रि पूजा गर्न,
- वागमतिमा पिपलको पातमा मन्त्रलेषी बगाई पूजा गर्न,
- पाटनको नागवहालमा रहेको वाल्सुकी नागलाई पुरश्चरण पूजा गर्न,
- श्रीगुह्यश्वरीमा चण्डीपाठ गर्ने, पुटित् पाठ गर्न,
- श्री वासुकी स्थानमा पाठ गर्न,
- भादगाउँका देवदेवताहरूमा विधिपुर्वक पूजा गर्न,
- जयवागेश्वरीमा विधिपुर्वक पूजा गर्न,
- चावहेल गणेशमा विधिपुर्वक पूजा गर्न,
- श्री फुलचोकीमाईमा पानी माग्ने पूजा गर्न,
- टौदहमा नागपूजा गरी पुरश्चरण गर्न,
- पचायणपाठमा श्री गंगाजी पूजा गर्न,
- श्री बालकुमारीको पूजा गर्न,
- श्री सुशिलाखा भैरव पूजा गर्न,
- पाटनको मंगलटोलको पातालपुर खोली शान्ति गर्न,
- चोभार जलगणेश पूजा गरी गणेश सहश्र नाम पाठ गर्न,
- पशुपति आर्याघाट र विष्णुमतिमा गाई लगी दुध दही गंगाजीमा चढाउन,
- सानागाउका द्यौता पूजा गर्न,
- टिका भैरवको पूजा गर्न,
- शंखमुलमा पुरश्चरण गराउन, अष्टनाग पूजा गर्न,
- अन्य विभिन्न ठाउँमा विधिपुर्वक पूजा गर्न,

आकासेपानीसँग सम्बन्धित विविध संस्कारहरू

प्राचीनकालदेखि नेपाली समाज धर्मशास्त्रको आधारमा सञ्चालित रहेको पाइन्छ । प्राचीन समयमा चलेका जात्रा, पर्व, पूजापाठ आदि धार्मिक परम्परा माथि जनताको विश्वास रहेको पाइन्छ । वर्षात्को समयमा पानी परेन र धानको विउ राख्ने र धान रोप्ने समयसम्म पनि पानी परेन भने सामूहिक रूपमा विभिन्न ठाउँमा पूजापाठ गर्ने परम्परा हालसम्म निरन्तर रूपमा कायमै रहेको पाइन्छ । पानीसँग सम्बन्धित देवीदेवताहरू महादेव, गङ्गा, विष्णु, वरुण, इन्द्र, मत्स्यन्द्रनाथ, ब्रम्हा, सूर्य, गायत्री, गुह्यश्वरी, आकृषेण, पर्जन्य, सप्तऋषि, तारा इत्यादि लगायत नवनागको साधनागरी पूजापाठ प्रार्थना गर्ने गरिन्छ । अनावृष्टिको समयमा समय र स्थान विशेषको आधारमा यी देवदेवीहरूलाई स्तुति गरी विभिन्न पूजापाठ, पर्व तथा अनुष्ठानहरू गर्ने गरिएको पाइन्छ ।

पुरश्चरण तथा पूजापाठ

नेपाली समाजमा हिन्दु र बौद्ध धर्म दुवै समूहका लागि प्राचीनकालदेखिनै कुनै निश्चित कार्य सिद्धिको लागि वा अभिष्ट फल प्राप्तिको लागि पुरश्चरण विधि महत्त्वपूर्ण रहेको देखिन्छ । पुरश्चरणका पाँच अंग हुन्छन् । जसमा जप, हवन, तर्पण, मार्जन र ब्राह्मण भोजन पर्दछन् । नेपाली समाजमा महत्त्वपूर्ण कार्यहरू शुरु गर्नु भन्दा पूर्व कार्यसिद्धिको लागि पुरश्चरण गर्ने गरिएको पाइन्छ । अनावृष्टिको समयमा पानी पार्ने सम्बन्धमा प्राप्त ऐतिहासिक प्रमाणहरूमा लिच्छविकालदेखिनै विभिन्न समयमा र विभिन्न देवदवीको धार्मिक स्थलहरूमा पुरश्चरण गर्ने गरेको पाइन्छ । प्राचीनकालमा भविष्यमा हुने अनावृष्टिबाट जनताले दु:ख नपाओस् भन्ने उद्देश्यले गुणकामदेवको समयमा उनले बाह्रवर्षसम्म नागको पुरश्चरण गरी इनार खन्न लगाएको विवरण पाइन्छ ।

१* यस अभिलेखको मूलप्रतिमा मितिको अगाडी १९ नलेखी पछाडीको अंकमात्र उल्लेख गरिएको छ । यसमा ४३ साल देखि ९२ सालसम्मको खर्चको विवरण उल्लेख गरिएको छ । यो दस्तावेजसँगै रहेका अन्य कागजातहरूको आधारमा यसलाई वि.सं. १९४३ देखि १९९२ सम्म को मानिएको हो । यसको महत्त्वपूर्ण भाग लिपियान्तर सहित परिशिष्मा संलग्न गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यही इनारको बाटो भएर नागराजा आई गुणकामदेव र शान्तिकराचार्यलाई दर्शन दिएको उल्लेख छ (सिजापति, वि.सं. २०१६, पृ.२२) । काठमाडौंको मुसुंवहालमा अहिले पनि अनावृष्टिको समयमा पुरश्चरण गरी पूजा पाठ गर्ने परम्परा कायम छ । यसैगरी माथि उल्लेख गरिए झै लिच्छविराजा नरेन्द्रदेवको समयमा कामारु पीठबाट मत्स्येन्द्रनाथलाई नेपालमा ल्याउन ललितपुरको लगनखेलमा पुरश्चरण आरम्भ गरेको उल्लेख छ । (लंसाल, वि.सं. २०२३, पृ. ९) मध्यकालमा ने.सं. ५३५ को ललितपुरको इखाछेँकोमा प्राप्त अभिलेखमा जलवृष्टि नहुँदा पुरश्चरण सम्पन्न गरिएपछि जलवृष्टि भएको उल्लेख छ । (राजवंशी, वि.सं. २०१८, पृ. १५२-१५३) यस अभिलेखमा अष्टनागको विशेष स्तुति गरी पुरश्चरण गरिएको विवरण उल्लेख छ । त्यसै गरी कुमारीचोकमा रहेको सालसालमा पानी नपर्दा पानी परोस् भनि पूजापाठ पुरश्चरण गर्न पूर्ति भैगएको साविक लगतमा पनि विभिन्न क्षेत्रमा पुरश्चरण गरेको पाइन्छ । जसमध्ये पाटन नागवहालको वाल्सुकी नाग साधनाको लागि हरेक पटक पुरश्चरण गरेको विवरण पनि छ । त्यसका अतिरिक्त शंखमुल, टौदह र बाह्रवर्षे इनार खोली त्यहाँको पानी झिकी पूजा गर्न पनि पुरश्चरण पूजा पाठ गरेको पाइन्छ । यी प्रमाणहरूबाट आकाशबाट पानी पार्न गरिने पूजापाठहरूमा सिद्धि प्राप्त गर्नका लागि पुरश्चरणको विशेष महत्त्व रहेको पाइन्छ । कुमारीचोकको दस्तावेजमा पानी नपर्दा नियमित गरेर विशेष महत्त्वकासाथ स्वयम्भूको श्री शान्तिपुर खोली पूजा गर्ने, श्री पशुपतिमा ११ आवृत्ति रुद्री तथा श्रीगुह्येश्वरीमा चण्डीपाठ गर्ने पुटित् पाठ गराउन, श्री टंकेश्वरमा रुद्रि पूजा गरी पानी माग्न, वागमतिमा पिपलको पातमा मन्त्र लेखी बगाई पूजा गर्ने गरेका विवरणहरू पनि छन् । यसका अतिरिक्त विगतका समयमा भादगाउँ, जयवागेश्वरी, चावहिल गणेश, श्री फुलचोकीमाई, श्री गंगाजी, ठिमिको श्री बालकुमारी, श्री सुशिलाखा भैरव, पाटनको मंगलटेलको पातालपुर, चोभार, जल, गणेश, सानागाउँका देवताहरू, टिका भैरव लगायत ठाउँ ठाउँमा विधिपूर्वक पूजा गरी पानी माग्ने परम्परा रहेको देखिन्छ ।

पानी माग्ने जात्रा

आजपनि नेपाली समाज कृषिमा आधारित रहेको छ । समयमा पानी परेन भने पर्यावरणमा परिर्वतन आउनु स्वभाविक हो । यसले मानिसको जनजीवनमा प्रभाव पार्न थाल्छ । केही वर्ष अघिसम्म पनि समयमा पानी नपरी धानको विउ राख्न र धान रोप्ने काम समयमा गर्न नपाए पछि काठमाडौं उपत्यका लगायत देशका अन्य विभिन्न क्षेत्रहरूमा पनि पानीमाग्ने जात्रा गर्ने प्रचलन रहेका छन् । यसरी पानी माग्ने जात्राको बारेमा लिच्छविकालका अभिलेखहरूमा स्पष्ट उल्लेख नगरेता पनि भाषा वंशावलीमा मानदेवको समयमा अनावृष्टि भै मेघ शून्य भएको उल्लेख छ भने गोपालराज वंशावलीमा दुर्भिक्ष परेपछि पौषमा होली गरी शान्ति गरेको उल्लेख पाइन्छ । त्यसैगरी भाषा वंशावलीमा लिच्छविराजा नरेन्द्रदेवले जलवृष्टि नभएको कारण कामारू पीठबाट मत्स्येन्द्रनाथ ल्याई रथजात्रा गरेको उल्लेख छ । त्यसपछि निरन्तर रूपमा आजसम्म पनि यो जात्रा मनाउँदै आइ रहेको विषयमा माथि उल्लेख भैसकेको छ । मत्स्येन्द्रनाथलाई रथारोहण गर्ने दिनमा पानी पर्ने जनविश्वास रहेको छ । स्थानिय एवं मत्स्येन्द्रनाथका पूजारीहरूका अनुसार अहिले पनि मत्स्येन्द्रनाथलाई रथारोहण गर्ने दिनमा वर्षा हुने गरेको, ठूलो वर्षा नभए कुनै न कुनै रूपमा भए पनि पानी पर्ने गर्दछ । जुन अध्ययन अनुसन्धानको विषय देखिन्छ । त्यसैगरी गोपालराज वंशावलीमा पूर्व मध्यकालमा अनावृष्टि र अतिवृष्टिको कारण अनिकाल भएको र दुर्भिक्ष भई जनताले दुःख पाएका प्रसङ्गहरू उल्लेख गरिएको पाइन्छ । पूर्व मध्यकालका १५ वटा अभिलेखहरूमा आफूले गरेको पुण्यले समयमा पानी परोस्, पृथ्वी धनधान्यले परिपूर्ण होस् भनि प्रार्थना गरिएको छ । यसको साथै गोपालराज वंशावलीमा समय समयमा लंख्वयात अर्थात् पानीमाग्ने जात्रा गरिएको प्रसङ्गहरू उल्लेख पाइन्छन् । यी मध्ये ने.सं. ४९७ भाद्र कृष्ण त्रयोदशीको दिनमा बनेपा र पनौतीमा, ने.सं. ५०० जेष्ठ कृष्ण तृतीयाको दिनमा भक्तपुरमा र ने.सं. ५०४ जेष्ठ कृष्ण दशमीको दिन झाइनमा "लख्वयात"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थात् पानीमाग्ने जात्रा गरिएका थिए -Vajracarya & Malla, 1985, p. 65, 67, 70) । यी मध्ये गोपालराज वंशावलीको पत्र ५९ क मा जेष्ठ महिनासम्म पुवा रोप्ने (धानको विउ राख्ने) काम नभएको हुनाले यो जात्रा गरिएको हो भनि स्पष्ट रूपमा उल्लेख गरिएको छ । कुमारीचोकको 'सालसालमा पानी नपर्दा पानी परोस् भन्ना निमित्त पूजापाठ पुरश्चरण गर्नालाई पुर्ति भै गएको सावीक हेर्नु' भन्ने विषयको दस्तावेजमा पनि ठाउँठाउँमा पूजागरी पानी माग्नको लागि पटक पटक रकम निकासा भएको उल्लेख गरिएको छ । जस मध्ये १९५८ सालमा ठैव वाडेगाउँ, किटेनी समेतका मानिसहरू जम्मा भई श्री फुलचोकी माईमा पानी माग्ने पूजा गर्न वाडेगाउँका द्वारे हस्ते रकम निकासा भएको उल्लेख गरिएको छ (राष्ट्रिय अभिलेखालय, ठे.नं.३) । यस दस्तावेजमा आषाड २२ गतेको दिन वर्षा गराउनलाई पंचायण पीठमा गंगाजीको पूजा गर्नको लागि रकम निकासा भएको उल्लेख गरिएको छ । आषाढ शुक्ल सप्तमीको दिनमा गुरुजुको पल्टन र दण्ड सहित नायबाजा एवं धिमे बाजा बजाउँदै पशुपतिको पंचदेवल स्थित गङ्गामाईको रथजात्रा गरिन्छ । सो जात्रामा "हरहर ग.ै. पानी दे" भनी प्रार्थना गर्दै रथ तान्ने गर्दछन् भने वृद्ध व्यक्तिहरू नेपालभाषामा "गङ्गामाई निर्मल लखः फुति फ्वने, विज्याकी रथसं विज्यानाव" भनी दाफा भजन गाउने गरिन्छ । यो जात्रा गरेपछि पानी पर्ने विश्वास गरी आजपनि स्थानीय वासिन्दाहरू मिली गङ्गामाईको जात्रालाई निरन्तरता दिइदै आएका छन् । यी तथ्यहरूबाट अनावृष्टिको समयमा पानी प्राप्तीको लागि विभिन्न स्थानमा पूजापाठ गरी पानीमाग्ने जात्रा प्राचीनकालदेखि निरन्तर चल्दै आएको बुझिन्छ ।

अनावृष्टिलाई अन्त गरी सहकाल गर्ने देवताको रूपमा आजसम्म पनि प्रत्येक वर्ष मत्स्येन्द्रनाथको जात्रा श्रद्धा र विश्वास पूर्वक मनाउनु, पूर्वमध्यकालमा पटक पटक लंख्वयात (पानी माग्ने जात्रा) गरेको गोपालराज वंशावलीमा उल्लेख हुनु, शाहकाल सम्मपनि सरकारीकोषबाट पानी माग्ने जात्राको लागि रकम निकासा हुनु र आजसम्म पनि यी जात्राहरूले निरन्तरता पाउनुले आकाशको पानी प्राप्तीको लागि गरिने विभिन्न संस्कारहरू मध्ये पानी माग्ने जात्राको विशेष महत्त्व रहेको देखिन्छ ।

नागसाधना

नेपाल मण्डललाई नागको भूमी (Land of Serpents) को रूपमा लिइन्छ र यहाँ ख्वप (भक्तपुर)लाई नागको दरबार (Land of Serpents) को रूपमा उल्लेख गरिएको छ (Slusser, 1998, p. 353) । जनश्रुति अनुसार काठमाडौं उपत्यकालाई यहाँ बसोवास गर्ने नवनागले रक्षा गरेको विश्वास गरिन्छ । काठमाडौं उपत्यका भित्र नागसँग सम्बन्धित टौदह, पशुपतिको वासुकीस्थान, नगदेश(नागदेश), नागपोखरी, नागवहाल आदि क्षेत्र महत्त्वपूर्ण मानिन्छ । यसको साथै शान्तिपुर, टंकेश्वर, कुम्भेश्वर, बुढानिलण्ठ, लगनखेल, मंगलवजार, शोभा भगवतीस्थित नागस्थान आदि क्षेत्रहरू पनि नागदेवतासँग सम्बन्धित मानिन्छ । समाजमा केही अनिष्ट वा दुर्भिक्ष भएको खण्डमा यी स्थानहरूमा नागको पूजापाठ यज्ञ गरी शान्तिस्वस्ति गर्ने परम्परा रहेको छ ।

गोपालराज वंशावलीका अनुसार लिच्छविराजा श्री गणदेवको राज्यकालमा नेपालभूमिमा तीन वर्षसम्म वृष्टि नभए पछि वृष्टिहोस् भनि महानागको साधना गरेपछि ठूलो वृष्टि भएको थियो । (Vajracarya & Malla, 1985, p. 29) त्यसैगरी भाषावंशावलीका अनुसार लिच्छवि राजा नरेन्द्रदेवको समयमा सिद्ध गोरखनाथले मृगस्थलीमा जलवृष्टिकर्ता नागहरूलाई खिचेर नाग आसनमा तप गरी बस्दा जलवृष्टि नभइ जनताले दुःख पाएको र पछि गोरखनाथका गुरु मत्स्येन्द्रनाथ नेपाल प्रवेश गरेको थाहा पाई गुरुको दर्शनको लागि गोरखनाथ आसनबाट उठे पछिमात्र नागहरू स्वस्थानमा गई आफ्नो स्वकार्य गर्न शुरु गरे पश्चात् जलवृष्टि भएको थियो । (लंसाल, वि.सं. २०२३, पृ. ४-१०)

लिच्छविकालपछि मध्यकालमा पनि अनावृष्टिको समयमा जलवृष्टिको लागि नागलाई विशेष महत्त्वका साथ पूजा गर्ने गरेको देखिन्छ । ने.सं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५३५ को एक अभिलेखमा पनि जलवृष्टिको नभएको कारण नागको साधनागरी पुरश्चरण गरिसकेपछि जलवृष्टि भएको उल्लेख गरिएको छ । सो अभिलेखको शीर्षभागमा "ॐ नम श्री वज्रवरुण नवनागराजाय ।। जलवर्ण्णं ।। शुद्ध स्फटिकसंकाशं अष्टकुलनागाधिपं प्रभुं ।। जाज्वल्यमहामणिकधराय ॐ नमाम्यहं नमोस्तुते महापद्मनागराजं नमाम्यहं ।।" भनी स्तुति गरिएको छ (राजवंशी, वि.सं. २०१८, पृ. १५२-१५३) । साथै यसमा गोमुखनाग, मेघमुखनाग, सिंघमुखनाग, व्याघ्रमुखनाग, मृगमुखनाग, गजमुखनाग, भुजंगनाग, भुजंगमहावृक्ष, भुजंखालनागहरूको साधन गरेको उल्लेख छ । मध्यकालपछि शाहकालमा पनि जलवृष्टिकोलागि नागपूजा गर्ने परम्परा कायमै रहेको देखिन्छ । कुमारीचोकको सालसालमा पानी नर्पदा पानी पार्नका लागि रकम निकासी भएको दस्तावेजमा स्वयम्भूको शान्तिपुर, पाटनको नागवहालमा रहेको वासुकी नागलाई समयमा पानी नपरेको प्रत्येक वर्ष नै विशेष महत्त्वका साथ पूजा गरेको देखिन्छ । त्यसैगरी शंखमूलमा अष्टनाग, पशुपतिस्थित वासुकी नाग, टौदहमा पनि समय समयमा नागको विशेष पूजा गरेको देखिन्छ । यसैसँग सम्बन्धित राष्ट्रिय अभिलेखालयमा रहेको जलयज्ञ विषयको ग्रन्थहरू मध्ये एक ग्रन्थमा वागाचकेगु अर्थात् वर्षा गराउने भनी लेखिएको छ । सो पुस्तकमा वर्षा गराउनको लागि शंखमूलमा नवनागको नाम र मन्त्र सहित साधना गर्ने विधि उल्लेख गरिएको छ । (राष्ट्रिय अभिलेखालय, E 262/15)

कुमारीचोकको दस्तावेजमा स्वयम्भूको शान्तिपुर खोली पूजा गरियो भनी उल्लेख गरिएको छ । तर केको पूजा गरिएको उल्लेख छैन । स्थानीय पूजारीहरूसँग जिज्ञासा राख्दा तान्त्रिक पूजा भएकोले यो विषय गोप्य राख्नु पर्ने बताउँछन् । राष्ट्रिय अभिलेखालयको संकलनमा नागपूजासँग सम्बन्धित २२४ वटा ग्रन्थका माइक्रोफिल्म रहेका छन् । यस सन्दर्भमा लिच्छविराजा श्री गुणकामदेवले आफ्नो शासनकालमा अनावृष्टि र दुर्भिक्ष भएकोले शान्तिपुरमा शान्तिकराचार्यले कर्कोटक नाग सहित नवनागको साधना गरी स्वयम्भूमा पूजाभाव गरी सुवृष्टि गराएका थिए । यसै क्रममा नागहरूले आफ्नो आफ्नो शरीरबाट रगत निकाली आफ्नो आफ्नो चित्र लेखी कुनैपनि समयमा अनावृष्टि भयो भने यस चित्रमा पूजा गर्नु अनावृष्टि शान्त भई वृष्टि हुनेछ भनि वाचा गरी नागलोकमा गएको प्रसङ्ग भाषा वंशावली लगायत अन्य वंशावलीहरूमापनि उल्लेख गरिएको र प्रतापमल्लले पानी नपर्दा शान्तिपुर खोली नाग पूजा गरेको प्रसङ्ग प्राप्त भएकोले शान्तिपुर खोलि पूजा गर्ने भन्नाले सोही नागको चित्रहरूमा नागको साधना गरी पूजा गर्ने हो भन्न सकिन्छ । त्यसैगरी बाह्रवर्षे इनार खोली पूजा गर्ने परम्परामा पनि माथि उल्लेखित गुणकामदेवको समयमा नागराजाले आज्ञा गरे जस्तै १०८ श्लोकमा स्तुति गरी नागराजा खुशी पारी जलवृष्टिको लागि पूजा गरेको वुझिन्छ ।

वर्षापण तथा जलयज्ञ

देशमा अनावृष्टि भएमा, धानको विऊ राख्ने र धान रोप्ने समयमा पानी नपरे पुरश्चरण, नागसाधना जस्तै जलयज्ञ र वर्षापण विधि, गर्ने गरेको देखिन्छ । वर्षापणविधि, जलयज्ञ, पानी, नागसाधना सम्बन्धी ग्रन्थहरू राष्ट्रिय अभिलेखमा संकलित छन्[२*] । वर्षापण विधि र परम्परा काठमाडौं उपत्यकाका वज्राचार्य र लामाबौद्ध धर्ममा लोकप्रिय छ । यो लामा बौद्ध तन्त्र हेवज्रतन्त्रमा आधारित मानिन्छ । नेपालमा शैवतन्त्र, शाक्ततन्त्र र बौद्धतन्त्रको समन्वयात्मक रूपमा रहेको छ । अनावृष्टिमा जलवृष्टिको लागि लामा र वज्राचार्यहरूले वर्षापण विधिको प्रयोग गरेको पाइन्छ । कुमारीचोको दस्तावेजमा वि.सं. १९६० सालमा लामा मार्फत पूजा गराउन बुद्धवज्र लामा हस्ते रकम निकासा भएको उल्लेख छ । त्यसैगरी राष्ट्रिय अभिलेखालयमा रहेका वर्षापणविधि सम्बन्धी ग्रन्थहरूमा श्री साम्हेगुं महाविहारमा श्री वज्रसत्वलाई नमन गरी वर्षापण गरेको उल्लेख गरिएको छ । यसमा पनि ५३ नागहरूको प्रार्थना गरिएको छ (राष्ट्रिय अभिलेखालय, A 921/6) । हिमाली क्षेत्रमा लामाहरूले वर्षापण विधिको अतिरिक्त मेघविस्फोटन विधि पनि प्रचलन रहेको

२* राष्ट्रिय अभिलेखालयको वेवसाइट "www.narchives.gov.np/list.aspx" अर्न्तगत रहेको Catalouges हेर्नुस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइन्छ । त्यसैगरी काठमाडौंको वँतु तः धँवाहालको शिलापत्रमा अनावृष्टि, खण्डवृष्टि, उत्पातवृष्टि अतिवृष्टि रोकी सुवृष्टि गराउनका लागि प्रत्येक वर्ष आषाढ शुक्ल द्वितीयाको दिनमा स्वयम्भूको अगाडि जलयज्ञ र वलि विधि गर्ने गरी जलवृष्टि प्रार्थना गुठीको व्यवस्था रहेको उल्लेख छ (शाक्य, ने.सं. १०९८, पृ. २१४) । जलयज्ञसँग सम्बन्धित विभिन्न ग्रन्थहरूमध्ये एक ग्रन्थमा "वागाचकेगु" (वर्षा गराउने) गर्ने सम्बन्धी उल्लेख गरिएको छ (राष्ट्रिय अभिलेखालय, E 262/15) । यस ग्रन्थमा पानी परेन भने पानी पार्नको लागी शंखमूलमा ब्रम्हा, महादेव, विष्णु, वरुण, इन्द्र, सप्तऋषि लगायत पानीसँग सम्बन्धित देवताहरूको स्तुति गरी नवनागको साधना गरी पूजा गर्ने विधि विधानको बारेमा उल्लेख गरिएको छ । त्यसैगरी पानी पार्न गरिने धार्मिक अनुष्ठानको लागि निकासा भएका खर्चको सूचीमा १९८७ सालमा अष्टनाग पूजा गरी कुसले बाजा, दुनिया समेतलाई उर्दि गरी विधिपूर्वक पानी मगाएको, १९८९ र १९९२ सालमा शंखमुलमा द्योभाजु, ब्राह्मण र गुभाजुहरूको संलग्नतामा पुरश्चरण गरेको उल्लेख छ । यसको साथै पशुपतिमा १०० जना ब्राम्हणले वाग्मतीबाट जल बोकेर ल्याई रुद्री गर्नको लागि रकम निकासा भएको उल्लेख छ भने चोभार गणेशमा पनि गणेशको सहश्रनाम सहित वाग्मतीको जल ५४ जलघडा चढाई पूजा गरेको देखिन्छ (राष्ट्रिय अभिलेखालय, ठे.नं. ३) । यसरी जलयज्ञ सम्बन्धी पुस्तकहरू प्राप्त हुनु, उक्त पुस्तकमा पानी नपरेमा पानी पर्ने विधान स्पष्ट रूपमा उल्लेख हुनु र शंखमूल लगायतका ठाउँमा समय समयमा पानी माग्ने सम्बन्धी अष्टनाग र पुरश्चरण गर्ने गरेका घटनाले अनावृष्टिको समयमा जलवृष्टि गराउन जलयज्ञ पनि महत्वपूर्ण देखिन्छ ।

लौकिक परम्परा तथा विश्वास

आजपनि समयमा पानी नपरेमा वा अतिवृष्टि भएमा विभिन्न किसिमका लौकिक परम्पराहरू अपनाउने गरेका पाइन्छ । समयमा पानी परेन भने स्थानीय देवी देवताको पूजा गरी गाउँलेहरू सवै मिलि "हर हर महादेव हर्षि देऊ, असिना र पानी दर्कि देऊ", "हर हर महादेव पानी देऊ, यतिले पुगेन अरु थपि देऊ", "खरानीको डल्लो कति सारो महादेवलाई पानी दिन कति गाह्रो" भनी आकास तर्फ हेरी ठाउँ अनुसार विभिन्न प्रकारले प्रार्थना गर्दै गाँउ शहरमा घुम्ने प्रचलन रहेको देखिन्छ । वर्षात्को पानीको लागि गरिने महत्त्वपूर्ण परम्परामध्ये नेवार समुदायमा ज्येष्ठ शुक्ल पूर्णिमा अर्थात् ज्या पुन्हीको दिनमा गरिने विभिन्न परम्परालाई महत्त्वका साथ लिने गरिन्छ । यसै दिनदेखि पूजापाठ र चाडपर्वहरूलाई पूर्ण विराम दिई रोपाइँको कार्य अर्थात् सिनाज्या सुरुवात गर्ने गरिन्छ । प्रत्येक वर्ष यस दिन पाटनको मंगलबजारको कृष्ण मन्दिरको आधारपेटीमा मल्लकालीन राजा सिद्धिनरसिंह मल्लले कोरेको पौभा र राजा श्रीनिवास मल्लको राजगद्दी प्रदर्शनमा राखिन्छ र यसै समयमा पाटन दरबार परिसरमा मेघ मल्हार रागको दाफा गाउने परम्परा छ । यस मेघ मल्हार राग गाएपछि पानी पर्ने जनविश्वास रहेको पाइन्छ । त्यसै गरी ज्यापुन्हिको दिनमा गरिने भूमी पूजा पनि महत्त्वपूर्ण मानिन्छ । यसदिन आफ्नो खेतमा गई पूर्वदिशा फर्केर पूजा गर्ने गरी त्यसको तीन दिन पछि उत्तर फर्केर खेतमा चाहिने जति वर्षाहोस् भनी पूजा गरिन्छ । वर्षाको लागि गरिने परम्पराहरू मध्ये नेवार समुदायले प्रत्येक वर्ष श्रावण पूर्णिमाको दिन आ-आफ्नो खेतमा व्याँ जा नकेगु अर्थात भ्यागुतोलाई भात ख्वाउने प्रचलन रहेको छ । खेतमा रहेका विभिन्न प्रकारका किराहरू खाई कृषि उत्पादनमा सहयोग पुग्ने र भ्यागुतो कराए पछि पानी पर्ने विश्वास गरिन्छ । त्यसैले यसलाई पृथ्वीमा वर्षा गराउने प्राणीको रूपमा लिइन्छ । भक्तपुर मालतीचोकमा रहेको ने.सं. ८१८ अभिलेखमा "श्रावण पुनिस कुन्हु ।। पूजापंचामृत स्वानमाल दक्षिणा उथें ।। तुतिताला क्वाकतिं, व्याङ जानके सद्धान दं ३X ध्वते छाय" भनी उल्लेख गरिएको छ । (पौडेल, वि.सं. २०१८, पृ. ९) यसवाट श्रावण पूर्णिमाको दिनमा पञ्चामृत, फुलमाला, दक्षिणा र क्वाटि सहित भ्यागतोलाई शुद्ध गरी भात ख्वाउने परम्परा मल्लकालमा नै प्रचलित थियो भने स्पस्ट हुन्छ । यसका अतिरिक्त काठमाडौंको क्षेत्रपाटिको घोप्टे गणेशमा दिइने राँगाको वली, चाँगुको गरुड माथि हिलो छ्यापी प्रहार गर्ने परम्परा, काठमाडौंको डुक्रने पानीको वसाहा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

माथि प्रहार गरेमा पानी पर्ने आदि परम्पराहरू पनि रहेका छन् (शर्मा, वि.सं. २०३९, पृ. १२५-१२६) ।

अनावृष्टिको लागि मात्र हैन अतिवृष्टिबाट बच्न र अनावश्यक समयमा वर्षा नहोस् भनेर विभिन्न पूजा अनुष्ठान गर्ने परम्परा रहेको छ । समाजमा कुनै विवाह, व्रतबन्ध, गुठी, पूजा जस्ता विशेष सामाजिक कार्य गर्दा पानी परेर समस्या नहोस् भनेर नाङ्लो माथि किसली (माटोको सानो कचौरामा चामल भरी त्यसमाथि सानो सिङ्गो सुपारी र पैसा राखिएको) राखी कौसी वा छानामा राखी पूजापाठ सहित प्रार्थना गर्ने चलन कायमै रहेको छ । त्यसैगरी यसरी सामाजिक कार्य गर्दा निश्चित समयमा अनावश्यक पानी नपरोस् भनी पाटनको नागवहालमा रहेको वासुकी नागलाई किसली चढाउने गरिन्छ । यसरी प्रार्थना गर्दा निश्चित समयको लागि ठूलो वर्षा नभई कार्य सहज रूपमा सम्पन्न हुने विश्वास गरिन्छ ।

नेपालमण्डलभित्र मात्र नभएर नेपालको विभिन्न प्राचीन वस्तीहरूमा वर्षाको पानीको लागि सिमेभूमे -जल जमिन) अर्थात् प्रकृति पूजा गर्ने परम्परा विद्यमान छन् । पश्चिम नेपालमा खेतीपातीको समयमा पानी नपरेमा सबैभन्दा अग्लो पहाडको टाकुरमा गएर सिद्ध पूजा गर्ने, नगरा ठटाउने, आगो बालेर कुहिरी मण्डल गराउने, बादल बनाउने चलन अहिले पनि रहेको छ । विगतमा कतै कतै Sound, Eco र प्रकृतिको Vibration को लागि पहाडको टाकुराबाट ठूलाठूला ढुँगाहरू फालेर आवाज निकाल्ने चलन रहेको छ । हवनले अन्तरिक्ष तातिन्छ, नगराको आवाजले आकाश थर्कन्छ, धुँवाको कुहरिमण्डलले बादल बन्दछ । यसरी यस अनुष्ठानमा केही वैज्ञानिक पक्ष रहेको देखिन्छ । यी परम्परा प्रकृति वा जीववाद र धामीझाँक्रीवादसँग पनि जोडिएका छन् । मानिसले पारलौकिक सत्तालाई आफ्नो नियन्त्रणमा राखेर त्यससँग सम्बन्ध स्थापित गर्ने उपाय अवलम्वन गर्दछ भने त्यसलाई अभिचार मानिन्छ । पारलौकिक सत्तासँग हार खाएर मानिसले जुन पूजा अनुष्ठान गर्दछ त्यसलाई धर्म मानिन्छ । अभिचारमा मारण, मोहन, उच्चाटन, संमोहन, वशिकरण पर्दछन् । अभिचारीबाटै धर्मको विकास भएको मानिन्छ । अर्थववेदलाई अभिचार प्रधान मानिन्छ । वि.सं.१९९५ तिर पानी माग्ने अभिचार बढी गर्दा अतिवृष्टि भएको दृष्यान्त जनकलाल शर्माले "हाम्रो समाज एक अध्ययन" नामक पुस्तकमा उल्लेख गरेका छन् (शर्मा, वि.सं. २०३९, पृ. १२३-१२४) । समयमा पानी नपरेमा जिल्लाहरूमा बडाहाकिमलाई दाम्लाले बाँधेर पानी खन्याएमा वृष्टि हुन्छ भन्ने जनविश्वासले गर्दा यस्तो विधि अपनाइने विवरण पनि छन् । (शर्मा, वि.सं. २०३९, पृ. १२६) त्यसैगरी नेपालका उत्तरीक्षेत्रका वासिन्दाहरूले प्रत्येक वर्ष त्यहाँको गुम्बामा लामापाथी बुझाउँदछन् । यो भनेको अवतारी लामाले असिना रोक्ने, हिउँ स्तम्भन गर्ने काम गर्ने भएकोले घरधुरी लामापाथी अर्थात् लामालाई गुम्बा चलाउन दिईने अन्नको मात्रा हो । जुन अहिले पनि प्रचलनमा रहेको छ । यस्ता प्रकारका लौकिक परम्पराहरू हाम्रो समाजमा विगत समयमा प्रशस्त पाइन्छन् । तिनका अवशेषहरू वर्तमान समाजमा पनि कुनै न कुनै रूपमा देख्न सकिन्छ ।

उपसंहार

नेपाल कृषि प्रधान देश हो । कृषिको लागि आवश्यक पानीको आपूर्ति वर्षाबाट हुन्थ्यो । लिच्छविकालदेखि हालसम्म पनि धान लगायत अन्य अन्नवालीहरू आकाशे पानीमा नै निर्भर हुँदै आएको छ । समय समयमा अनावृष्टि, खडेरीका कारण देशमा अनिकाल र दुर्भिक्ष भएर जनताले दु:ख पाउने गरेको देखिन्छ भने अतिवृष्टिको कारणले अन्नवाली बिग्रने, कम उत्पादन, मूल्य वृद्धि लगायत विभिन्न बाधा व्यवधान भोग्नु परेको देखिन्छ । प्राप्त ऐतिहासिक दस्तावेजको आधारमा विश्लेषण गर्ने हो भने लिच्छविकाल र उत्तर मध्यकालको तुलनामा पूर्वमध्यकालमा अनावृष्टि र अतिवृष्टिको कारण जनताले धेरै दु:ख पाएको देखिन्छ । वर्षाको लागि विशेषगरी पानीसँग सम्बन्धित देवीदेवताहरू गङ्गा, महादेव, विष्णु, वरुण, इन्द्र, मत्स्येन्द्रनाथ, ब्रम्हा, सूर्य, गायत्री, गुह्यश्वरी, आकृषेण, सप्तऋषि, तारा इत्यादि लगायत नवनागको साधना गरी मन्दिर, नदी, पोखरी, टाकुरा आदि स्थानमा पूजापाठ प्रार्थना गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरेको देखिन्छ । सांस्कृतिक पर्यावरणशास्त्रको सिद्धान्त अनुसार पर्यावरणमा आउने परिवर्तनको प्रभावको कारण अर्थात् परिवर्तित पर्यावरणमा सम्मिलित हुन नयाँ संस्कृति निमार्ण हुने मान्यता रहेको छ । सोही सिद्धान्त अनुसार विश्लेषण गर्दा अनावृष्टि, अतिवृष्टि र यसले पर्यावरणमा पर्ने असरलाई सुधार गर्न यी विभिन्न अनुष्ठान गर्ने परम्परा विकास भएको देखिन्छ । लिच्छविराजा गणदेवले पशुपतिमा गरेको नागसाधना, गुणकामदेवले स्वयम्भुको शान्तिपुरमा गरेको नागसाधना, सिद्ध गोरखनाथले नेपालमण्डलका नागलाई वशमा राखी नागको आसन गरी तप गर्दा जलवृष्टि नभएपछि राजा नरेन्द्रदेवको समयमा कामारुपीठबाट मत्स्येन्द्रनाथलाई नेपालमण्डलमा ल्याएपछि नागहरूलाई बन्धनमुक्त गरी पानी परेको प्रसङ्ग, मध्यकालमा जलवृष्टिका लागि नागसाधनाको विषय, हालसम्म पनि पाटनको नागवहालको वाल्सुकीनागमा गरेको पुरश्चरण पूजा, शंखमूलमा पुरश्चरण सहित अष्टनाग, नवनागको साधना गरेको पाइन्छ । यसबाट अनावृष्टिको समयमा वर्षा गराउनको निमित्त लिच्छविकालदेखि हालसम्म पनि निरन्तर रूपमा पुरश्चरण सहित नागसाधना गरी पूजाविधिको विशेष महत्त्व रहेको देखिन्छ । समयमा पानी परोस् भनी पूजागर्ने महत्त्वपूर्ण स्थानहरूमा स्वयम्भूको शान्तिपुर, पशुपतिनाथ, मुसुं वहालको बाह्रवर्ष इनार, नागवहालको वाल्सुकी नाग, काठमाडौंको टंकेश्वर, गुह्येश्वरी, टौदह, टिकाभैरव, वाग्मती नदी, शंखमूल आदि रहेका छन् भने समय समयमा भादगाउँका देवदेवताहरूमा विधिपूर्वक पूजा गर्ने, जयवागेश्वरी, चावहेल गणेश, फुलचोकीमाई, ठिमिको बालकुमारी, सुशिलाखा भैरव, पाटनको मंगलटोलको पातालपुर, चोभार जलगणेश, पशुपति आर्यघाट, विष्णुमति, सानागाउका द्यौता लगायत विभिन्न ठाउँमा पनि पुरश्चरण गर्ने, रुद्री गर्ने, पुटित् पाठ गर्ने, जलयज्ञ गर्ने र पूजापाठ गरेको पाइन्छ । यसको साथै देवदेवीहरूलाई खुशी गर्न विभिन्न देवी देवताहरूको जात्रा गर्ने, पूजा गर्ने, प्रार्थना गर्नुको साथै वाग्मतीमा पिपल पातमा मन्त्रलेखी बगाउने आदि परम्परा विशेष प्रचलनमा रहेको देखिन्छ । यहाँको भौगोलिक बनावट र प्राप्त तथ्यहरू अनुसार आकाशबाट पर्ने पानी (वर्षा) नै यहाँको जनजीवन र जीविकाको प्रमुख आधार रहेको देखिन्छ ।

यहाँ प्राकृतिक रूपमा हुने वर्षालाई नियमित र व्यवस्थित गर्नका लागि माथि उल्लेख गरिएका विभिन्न धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्ने गरिएको पाइन्छ । कतिपय ऐतिहासिक स्रोतहरूमा यी धार्मिक अनुष्ठान गर्दा वर्षा हुने गरेका दृष्यान्तहरू छन् । यस्का अतिरिक्त अभिचार, लोक परम्परा, विश्वास, र मान्यताले पनि त्यत्तिकै भूमिका निर्वाह गरेका छन् । जुन नेपाली समाजका अमूर्त सम्पदा र संस्कृति हुन । यस्ता विश्वास एवं मान्यताहरू प्राचिनकालदेखि कुनै न कुनै रूपमा वर्तमानसम्म पनि विद्यमान छन् । यस्ता विषयहरूको उत्खनन आवश्यक छ । यस्ता अनुष्ठानमा गरिने विभिन्न विधि विधानहरूको गहिरो विश्लेषण गर्ने हो भने यी अनुष्ठानहरूले पर्यावरणमा पर्ने प्रभावलाई सन्तुलनमा ल्याउने प्रयास भएको देखिन्छ । त्यसैले अनावृष्टि हुँदा गरिने अनुष्ठानहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रकृति र पर्यावरण संरक्षणसँग सम्बन्धित देखिन्छन् । त्यसैले प्राचीनकालदेखि गरिंदै आएका धार्मिक, सांस्कृतिक तथा सामाजिक अनुष्ठानहरूमा गर्ने विधिहरूले पर्यावरणमा पार्ने प्रभावकोबारेमा विश्लेषण गरी यसमा रहेका वैज्ञानिक पक्षाहरूको थप अध्ययन विश्लेषण गर्न आवश्यक छ ।

आभार

यो लेख तयार गर्ने क्रममा विषयवस्तुसँग सम्बन्धित सूचनाहरू प्रदान गरी लेखलाई परिमार्जन गर्न सुझाव र सहयोग गर्नु भएकोमा प्रा.डा. डिल्ली वलीज्यूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी लेखमा रहेको शुद्धाशुद्धि हेरी सहयोग गर्नु भएकोमा राष्ट्रिय अभिलेखालयकी अनुसन्धान अधिकृत मनिता न्यौपानेलाई पनि धन्यवाद दिन चाहन्छु ।

सन्दर्भ सामग्री सूची

खनाल, मोहन प्रसाद (वि.सं. २०४०).चाँगुनारायणका ऐतिहासिक सामग्री. काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पौडेल, नयनाथ (वि.सं २०१८). मालतीचोकको अभिलेख. अभिलेख संग्रह. चौथौं भाग. काठमाडौं: संशोधन मण्डल ।

पौडेल, नयनाथ (संम्पादित). (वि.सं. २०२०). भाषा वंशावली, काठमाडौं: श्री ५को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

राजवंशी, शङ्करमान (वि.सं. २०१८).पुरातत्व संग्रह. भाग २. नेपाल: श्री ५को सरकार पुरातत्त्व र संस्कृति विभाग ।

लंसाल, देवी प्रसाद (सम्पादक).(वि.सं.२०२३). भाषा वंशावली, द्वितीय भाग. काठमाडौं: श्री ५ को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, गौतमवज्र (वि.सं. २०२१). प्रतापमल्लको शान्तिपुर प्रवेश. पूर्णिमा. वर्ष १ अङ्क ४. काठमाडौं. संशोधन मण्डल. पृ. ३१-४४ ।

वज्राचार्य, धनवज्र (वि.सं. २०६८). पूर्वमध्यकालका अभिलेख. कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (वि.सं. २०३०). लिच्छविकालका अभिलेख. कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (वि.सं. २०५६). मध्यकालका अभिलेख. कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शर्मा, जनकलाल (वि.सं. २०३९) हाम्रो समाज एक अध्ययन. ललितपुर: साझा प्रकाशन ।

शाक्य, हेमराज (ने.सं. १०९८). श्री स्वयम्भू महाचैत्य. काठमाडौं: स्वयम्भू विकास मण्डल ।

सिजापति, ललितज... (वि.सं. २०१६). नेपाली-ऐतिहासिक कथा संग्रह. काठमाडौं: नेपाली भाषा प्रकाशिनी समिति ।

जलयज्ञ (वागाचकेगु). काठमाडौं: राष्ट्रिय अभिलेखालय. मा.फि. नं. E262/15.

वर्षापण विधि. काठमाडौं: राष्ट्रिय अभिलेखालय. मा.फि. नं. A 921/6. सालसालमा पानी नपर्दा पानी परोस् भंना निमित्त पूजापाठ पुरश्चरण गर्नालाई पुर्ति भै गएको सावीक हेर्नें. काठमाडौं: राष्ट्रिय अभिलेखालय. कुमारीचोकको अभिलेख, क्र.सं. ३, पोका नं ३, ठेली नं ३ ।

ठाकुर, जयन्त (वि.सं. २०७६।२।४). भगवान्लाई खुशी पार्ने नृत्य जटजटिन.समाचार दैनिक । Retrived May, 15, 2020 from https://samachardainik.com/news-details/19946/2019-05-18)

Bajraharya Manik & Michaels Axel. (Eds). (2015). Nepalikbhupavamsavali, History of the King of Nepal, Buddhist Chornicle. Kathmandu: Himal Books.

Saxena, C. (2012). The concept of the water in Rigveda. JRJC Internationla Journal of Social Science & Interdisciplinary Research Vol. 1. Issue 8. ISSN 2277 3630. PP 131-138.

Slusser, M. S. (1998) Nepal Mandala, Vol. 1.Kathmandu: Mandala Book Point.

Vajracarya D. & Malla K. P. (1985). The Gopalrajvamsavali. Kathmandu: Nepal Research Centre.

Catalouges. National Archives. Retrived March, 4, 2020 from www. narchives.gov.np/list.aspx

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४२

सालसालमा पानि नपर्दा पानी परोस भंना निमित्त पुजापाठ् पुरश्चरण गर्नालाई पुर्ति भै गयाको सावीक हेर्ने				
सालसालमा पानि नपर्दा पानी परोस् भंना निमित्त शांतिस्वस्ति पुरश्चरण पाठ्पुजा गराउनालाई गयाको				
४३ सालमा गयाको				१४०
यो साल राम्रोगरी पानीनपरेको हुनाले पानी परोस् भंना निमित्त १२ वर्षे इनारको पानि झीकी पुजा गर्नालाई दिनु भंन्या श्रावण वदि १ रोज ७ का पुर्जि वमोजिम. मोहरु				५०
ऐ शांतिपुर षोलिपुजा गर्नालाई दिनु भंन्या श्रावण वदि १ रोज ७ का पुर्जि वमोजिम मोहरु				६०
ऐ पल्टनका उपाध्या व्राह्मणहरुलाई तपसिलका ठाउमा पुजा गर्न लगाई पानी माग्नलाउनु भंने. श्रावण वदि ३ रोज २ का पुर्जि वमोजीम. मोहरु				३०
श्री पसुपतिमा.			२१	
पुजाके		५		
रुद्रिके दक्षिणा सिधाके		११		
माटा गाग्रा षरीदके		५		
श्री टंकेस्वरमा.			९	
पुजाके		३		
रुद्रिके दक्षिणा सिधाके		१		
माटाका गाग्रा षरीदके		५		
४४ सालमा				२५९
यो साल पानि नपर्दा पानी परोस् भंना निमित्त ठाउठाउमा पुजा रुद्रि गराउनाके दिनु भंने. आषाड सुदि ११ रोज ६ का पुर्जि वमोजीम मोहरु				१३५
१२ वर्षे इनारको पानि झिकी पुजा गर्नाके			५०	
शांतिपुर षोली पुजा गर्नाके			६०	
श्री वडागुरुज्यूका मानीस हस्ते दिने			२५	
श्री पसुपतिमा		१६		
पुजाके	५			
रुद्रि गर्ने व्राह्मण ११ के दक्षिणा भोजन् के	११			
श्री टंकेस्वरमा		९		
पुजाके	८			
रुद्रि गर्ने व्राह्मणके दक्षिणा भोजन् के	१			
ऐ निमित्त दिनु भंने. श्रावण वदि ६ रोज २ का पुर्जि वमोजीम. मोहरु				७४
श्री पसुपति भीत्र जल भरी रुद्रि पुजा गराउनाके			६८	
११ अवर्ति रुद्रीके		५॥.		
दक्षिणा भोजनके		५॥.		
पुजाभेटीके		२		
वागमतिको पानी वोकि भर्ना के १०० जवानलाइ ॥ ले पैसा		५०		
माटागाग्रो मोल पैसा		५		
वागमतिके पिपलको पातमा मंत्र लेषी वगाई पुजा गर्नाके मोहरु			१	
श्री वागमति पुजाके पैसा १६ गंडी रु			५	
पाटन नागवाहालका वालसुकी नागलाइ. पुरश्चरण पुजाके श्रावण वदि ११ रोज २ का पुर्जि वमोजीम. मोहरु				५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४५ सालमा २५९
यो साल नपर्दा पानी परोस भंना निमित्त पुजा रुद्रि के दिनु भंने. ज्येष्ट सुदि १२ रोज ५ का पुर्जि वमोजीम मोहरु १३५
१२ वर्षे इनार षोलनाके ५०
शांतीपुर षोलनाके ६०
श्री पसुपतिमा पुजा रुद्रिके १६
श्री टंकेश्वरमा पुजा रुद्रिके ९
ऐ पाटन नागवहालमा वालसुकि नागमा पुरश्चरण पुजा गर्ना के भैरव मध्य हस्ते दिनु भंने. आषाड वदि १ रोज १ का पुर्जि वमोजीम मोहरु ५०
ऐ श्री वडागुरुज्यूका मानीस हस्ते दिनु भंने आषाड वदि १ रोज १ का पुर्जि वमोजीम. मोहरु ७४
श्री पशुपति भीत्र जलभरी रुद्रि पुजा गर्नाके ६८
मोहरु १३
पैसा १६ गंडी रु ५५
श्री वागमतिके पीपलको पातमा मंत्र लेषी वगाई पुजा के मोहरु ६
मोहरु १ पैसा १६ गंडी रु ५

४६ सालमा २५९
यो साल पानि नपर्दा पानी परोस भंना निमित्त साविक वमोजीम श्री वडागुरुज्यूका मानीस हस्ते दिनु भंन्या श्रावण वदि ७ रोज ६ का पुर्जि वमोजीम ७४
७९	रामचन्द्रन वारि चिनालपे मफया वलाजुको दोयाव चोङ	रामचन्द्रले वाली कुन हो भनी चिन्न नसकेर दोधारमा परेको	रामचन्द्रले वाली कुन हो चिन्न नसकी दोधारमा परी रहेको दृश्य
८०	वारि व सुग्रीव व युद्ध	वाली र सुग्रीवबीच युद्ध	
८१	रामचन्द्रन वारि वलान हङ्याक । लक्ष्मण	अझै रामचन्द्रले वाली चिनेन । लक्ष्मण उपस्थित	
८२	पुनवर्वार वारि व सुग्रीव युद्ध ।	फेरि वाली र सुग्रीवको युद्ध ।	
८३	वारि बध ।	वाली मारियो ।	
८४	ताराया वैराग्य ।	ताराको वैराग्य ।	
८५	किस्किंधास सुग्रीव राजा जुव । तारा	किष्किंधामा सुग्रीव राजा भए । ताराको उपस्थित	
८६	राम वैराग्य चोङ ।	राम वैराग्य मानी रहे ।	
८७	लक्ष्मण वोध याक ।	लक्ष्मणले संझाए ।	
८८	लक्ष्मण सुग्रीव याके वङ ।	लक्ष्मण सुग्रीवको सहायता माग्न गए ।	
८९	हनुमन्त लक्ष्मणन सुग्रीव वोन चव । अङ्गद	हनुमान, लक्ष्मण, सुग्रीवबीच सल्लाह भयो । अंगद उपस्थित	
९०	नल,नील,हनुमन्त, अङ्गद	नल, नील, हनुमान, अंगद उपस्थित	
९१	रामचन्द्रया भन लक्ष्मणन सुग्रीव वोङाव हव । जाम्ववाम	लक्ष्मणले सुग्रीवलाई रामको सामु ल्याए । जाम्बुवानको उपस्थित	
९२	जाम्ववाम, अङ्गद,सुग्रीव,लक्ष्मण	जाम्वुवान अंगद सुग्रीव लक्ष्मणको उपस्थिति	
९३	रामचन्द्रन हनुमन्त अंगुलि वियाव छोक ।	रामचन्द्रले हनुमानलाई औंठी दिइ पठाए ।	
९४	हनुमन्त अंगुलि जोङाव वं ।	हनुमान त्यो औंठी लिएर गए ।	
९५	संपाति झंगल व हनुमन्त व संवाद ।	संपाति पक्षी र हनुमानबीच सल्लाह भयो ।	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पश्चिम लङ्मा

९६	हनुमन्तन समुद्र गाव	हनमानले समुद्र नाघे ।	
९७	हनुमन्तन लंकास सीता माल जोव ।	हनुमानले लंकामा सीता खोज्दै बसे ।	
९८	रावण कोथास देन चोङ। मन्दोदरी ।	रावण कोठामा सुतीरहेको । मन्दोदरीको उपस्थिति	
९९	अशोक वातिकास रावणन सीता वोध याक हनुमन्तन ङङाव चोङ।	रावणले सीतालाई अशोक वाटिकामा राखेको कुरा हनुमानले सुनेको ।	
१००	हनुमन्तन राम या अंगुलि सीता विव ।	हनुमानले रामको औंठी सीतालाई दिएको ।	
१०१	सीता पेयाव चोङ राक्षसी पनि	सीतालाई घेरेर बसेका राक्षसनीहरू देखे ।	
१०२	हनुमन्तन रावणया वन भङ्ग याक ।	हनुमानले रावणको वन तहसनहस बनाए ।	
१०३	हनुमन्तन अक्षयकुमाार बध याक ।	हनुमानले अक्षयकुमारलाई मारी दिए ।	
१०४	राक्षस बध, राक्षस बध, राक्षस बध ।	राक्षसहरू धेरैजना मारे	
१०५	इन्द्रजित व हनुमन्त व युद्ध ।	इन्द्रजीत र हनुमानको युद्ध ।	
१०६	इन्द्रजितन हनुमन्त चेयाव रावणया सभास हव ।	इन्द्रजीतले हनुमानलाई बाँधेर रावणको सभामा ल्याए ।	
१०७	हनुमन्तया न्हिपोतस मिच्याचको ।	हनुमानको पुच्छरमा आगो लगाइ दिए ।	
१०८	हनुमन्तनं लंका मिचोक ।	हनुमानले लंका जलाए ।	
१०९	रामचन्द्र व हनुमन्त व नापराक लिसल कङ।	राम र हनुमानको भेट भयो र वृतान्त बताए	
११०	रामचन्द्रन हतारन लक्ष्मण सुग्रीव, जाम्ववन्त , हनुमन्त, अङ्गद,नल नील	रामचन्द्रले लडाईंमा जान लक्ष्मण, सुग्रीव जाम्वुवान, हनुमान, अंगद, नल नील जम्मा गरे ।	
१११	माकलपनि सेन समुद्र पने यात पर्व्वत हव ।	बाँदरसेना सबै भएर समुद्र छेक्न पर्वत ल्याए ।	
११२	माकरतो सेन समुद्र पङ।	बाँदरसेनाले समुद्र छेके ।	
११३	विभीषणन सीता तोरतेव धायाव रावणन लकामन न्याङाव विभीषण पितिं छोक ।	विभीषणले रावणलाई सीतालाई छोडीदेउ भने, रावण रिसाएर लात हानेर विभीषणलाई देश निकाला गरे	
११४	राम याके विभीषण वव । सुग्रीव, लक्ष्मण ।	विभीषण रामको शरणमा आए । सुग्रीव लक्ष्मण उपस्थित	
११५	अङ्गदन दूत वङाव रावणया मतुक कायाव यङ।	अंगद दूत बनेर गई । रावणको पगरी खोसेर ल्याए ।	
११६	अङ्गदन मतुक विव । लक्ष्मण रामचन्द्र ।	अंगदले त्यो पगरी राम, लक्ष्मणलाई दिए ।	
११७	सुग्रीव जाम्ववान हनुमन्त अङ्गद, नल, नील ।	सुग्रीव, जाम्बुवान, हनुमान, अंगद, नल, नील सहित सेना तयार भए ।	
११८	रामचन्द्रन सेत व पारयाक ।	रामचन्द्रले सेतु पार गरे ।	
११९	सुक व सारण व माकर रूपन रामचन्द्रया सेना सोर वव ।	सुक र सारण नामक राक्षस बाँदर रूप धारण गरी रामचन्द्रको सेना हेर्न आए ।	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२०	विभीषणन सुक सारण सेया व चेयाव हव रामचन्द्रन तोरताव छोव धाव ।	विभीषणले ती सुक र सारणलाई चिनेर वन्दी बनाए । पछि रामचन्द्रले तिनीहरूलाई छोड भने ।	
१२१	सुक सारण नेम्हस (रामचन्द्र) या सेन्यया महिमा रावण कं ।	ती सुक, सारण दुवैले रामको सेनाको शक्तिबारे रावणलाई सुनाए ।	
१२२	..........सीता केङा ।	............सीतालाई देखाए	सीता राखेको ठाउँ देखाएको दृश्य
१२३	विधु ज्जिहवान रामचन्द्रया । विभीषण	रामचन्द्रलाई विभीषणले सारा गोप्य कुरा बताए	
१२४	माकल पनि सेन लंका भर थूं । रामचन्द्र, लक्ष्मण	बाँदर सेनाले लंका ध्वस्त गरी भत्काए । रामचन्द्र र लक्ष्मण उपस्थित	
१२५	गरुडन राम लक्ष्मणया नागपाश फेङा ।	रामलक्ष्मण नागपाशले बेरेको हुंदा गरुडले नागपाश फुकाले ।	
१२६	कुम्भकर्ण्ण थङा ।	सुतीरहेको कुंभकर्णलाई जगाए ।	
१२७	रावणया भन कुंभकर्ण्ण वव ।	रावणको आदेश मानेर कुंभकर्ण आए ।	
१२८	कुंभकर्ण्ण हथार वं ।	कुंभकर्ण लडाईं गर्न भनी आए ।	

पूर्व लङ्मा

१२९	कुंभकर्ण्ण व रामचन्द्र व युद्ध । लक्ष्मण	कुंभकर्ण र रामचन्द्रबीच युद्ध । लक्ष्मण उपस्थित	
१३०	कुंभकर्ण्ण बध ।	कुंभकर्ण मारिए ।	
१३१	इन्द्रजितनं लक्ष्मण शक्तिं कयको ।	इन्द्रजीतले लक्ष्मणलाई शक्तिले हाने ।	
१३२	लक्ष्मण मूर्च्छा जुव ।	लक्ष्मण मूर्छा भए ।	
१३३	रामया वैराग्य ।	रामको वैराग्य	
१३४	हनुमन्तन पर्व्वत हव ।	हनुमानले पर्वत ल्याए	
१३५	विभीषण, हनुमन्त ।	विभीषण, हनुमानको उपस्थित	
१३६	इन्द्रजित व लक्ष्मण व युद्ध ।	इन्द्रजीत र लक्ष्मणको युद्ध ।	
१३७	हनुमन्तन निकंचिरा यज्ञ विधंस याक ।	इन्द्रजीतको निकचिरा यज्ञ विध्वंश गराइ दिए ।	
१३८	इन्द्रजित बध ।	इन्द्रजीत मारिए ।	
१३९	माकल सेन्य । लक्ष्मण, विभीषण ।	बाँदर सेना, लक्ष्मण, विभीषण उपस्थित	
१४०	रावण व रामचन्द्र व युद्ध	रावण र रामचन्द्रको युद्ध	
१४१	रावणया सखाय	रावणको मित्रहरू सहित भइ आए	
१४२	रावण बध	रावण मारिए	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४३	रावणया सखाय बध	रावणका मित्रहरू पनि मारिए ।	
१४४	मन्दोदरीया विलाप	मन्दोदरीले विलाप गरिन् ।	
१४५	हनुमन्तनसीता वोङाव हव ।	हनुमानले सीता बोलाएर ल्याए ।	
१४६	विभीषण राजा साला । मन्दोदरी	विभीषणलाई राजा बनाए । मन्दोदरी उपस्थित	
१४७	सीता मेस दुव्वाक ।	सीताको अग्नी परीक्षा	
१४८	ब्रम्हा, विष्णु, इन्द्र, दशरथ, थ्वति स्यन सीताया सत्य धक रामचन्द्र याके ल्हाक ।	ब्रम्हा, विष्णु, इन्द्र, दशरथ यी सबजनाले सीताको सत्य डगेको छैन भनी रामचन्द्रलाई बुझाए ।	
१४९	लक्ष्मण, विभीषण, सुग्रीव । हनुमन्त,, रामचन्द्र ।	लक्ष्मण, विभीषण, सुग्रीव, हनुमान, रामचन्द्रको उपस्थिति	
१५०	रामचन्द्र,सीता अयोध्या लिहांव ।	रामचन्द्र, सीता, अयोध्या फर्के ।	
१५१	भरतन रामचन्द्र नापराव ।	भरतले रामचन्द्रलाई भेटे ।	
१५२	भरत, शत्रुघ्न, विभीषण ।	भरत, शत्रुघन विभीषण उपस्थित	
१५३	रामचन्द्र सीता अयोध्यास सभा दयकाव चोङ ।	रामचन्द्र, सीता, अयोध्यामा सभा बनाइ बसे ।	
१५४	नील,नल,अङ्गद, हनुमन्त, जाम्वुवान, सुग्रीव, लक्ष्मण ।	नील, नल, अंगद, हनुमान, जाम्बुवान, सुग्रीव लक्ष्मणको उपस्थित	समूह दृश्य

कृष्ण मन्दिरको शिलालेख

संस्कृत श्लोक	नेपालीमा अर्थ	छन्द
ॐ नमो गोपालाय ।। **ब्रम्हत्त्वे सृजते विश्वं स्थितौ पालयते हरिं ।** **रुद्र रूपाय कल्पान्ते नमस्तुभ्यं त्रिमूर्त्तये ।। १ ।।**	भगवान गोपाललाई नमस्कार ।। ब्रम्हा भएर संसार सृष्टि गर्ने, विष्णु भएर स्थिति पालन गर्ने, रुद्र भएर संहार गर्ने यस्ता त्रिमूर्ति तिमीलाई मेरो नमस्कार ।	अनुष्टुप
प्राव प्रावीन्य प्रथित प्रतापमथित प्रत्यर्थि पृथ्वीपति । **प्रोद्वाम प्रमदौघ लोचनपयः प्रारब्ध वारांनिधिः।** **जातःश्रीहरसिंह देव नृपति र्दाता वदातान्वये** **संप्राप्तपृथुना नृपेणसमतां योवृत्तिदानास्सताम् ।।२ ।।**	चातुर्य सहितको प्रसिद्ध प्रतापले, मरेका राजाका रानीहरूको आँशुले समुद्र बनाउने, ती राजा श्री हरसिंहदेवका शुद्ध वंशमा जन्मेका सज्जनहरूको वृत्तिदातामा दोश्रा पृथुराजा बराबर थिए ।	शार्दूलविक्रीडित
यस्यान्ववाय जलधा वुदियाय राजचन्द्रो **महेन्द्र इव तत्र महेन्द्र मल्लः** **येनार्थि कल्पतरुणा गुण सागरेण** **राजन्वती वसुमती महती बभूव ।। ३ ।।**	जसका वंशरूपी समुद्रमा इन्द्र जस्ता महेन्द्रमल्ल राजाहरूमा चन्द्रमाझैं उदाउनु भयो, भिखारीका लागि कल्पवृक्ष भएका गुणका सागर जस्ता राजा महेन्द्रमल्लले पृथ्वी राजन्वती भइन् ।	वसन्ततिलका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यत्प्रौढ प्रसरत्प्रतापतपिताः प्राकम्पिताः शत्रवो भेजुः शैलदरीं विहाय नगरीं त्यक्त्वा पुरेसुन्दरीं यस्याचार विचार पौरुषर वव्यग्रास्समग्रा गिर स्तस्य क्षोणिपतेः प्रसिद्ध सहसः केनोपमेयं यसः ।। ४ ।।	जसका प्रचण्ड तापले सन्तप्त शत्रुहरू आफ्ना स्त्रीहरूलाई अन्तपुरैमा छोडेर राजधानी समेत त्यागेर पर्वत का गुफामा पसे । जसका आचार विचार पुरुषार्थको वर्णन गर्न शेष वा वाग्देवता व्यस्त भै रहन्छिन् । यस्ता प्रसिद्ध कीर्ति भएका राजाका यशको तुलना को सँग गर्ने ?	शार्दूलविक्रीडित
अस्यात्मजोऽजनि महीतल कल्प वृक्षो राजाविराजित यशाः शिवसिंह देवः । भूमी भुजा समर सीम्नि महाभुजेन क्षेमं क्षणेन रिपवो वहवो निविष्यः ।। ५ ।।	महेन्द्रमल्लका छोरा भूतलका कल्प वृक्ष शिवसिंहदेव भए, यिनले संग्राममा धेरै शत्रुहरूलाई मारी स्वर्गको सुख दिलाए ।	वसन्ततिलका
येन क्षोणि भुजा प्रयाण समये पादात सैन्याच्छल द्धूरी जाल समुत्थितेन तमसा व्योमान्धकारी कृतम कूर्म्मोमर्म्मणि चूर्ण्णितोपि नितरान्धत्ते कथञ्चिद्धरां शेषशेष दशांञ्जगाम सहसा सर्वसहा निस्सहा ।। ६।।	जुन राजाले सवारीका बखतमा पैदल सेनाले उडाएको धूलोद्वारा निर्मल आकाशलाई अन्धकारमय गराएका थिए । मर्मस्थलमा ठक्कर पर्दा कूर्म ले दुःख पूर्वक पृथ्वी धारण गरे । शेष नाग शेषमात्र रहे । सव सहन गर्ने पृथ्वी सहारा नभएकी जस्ती भइन् ।	शार्दूलविक्रीडित
तनयोस्य विनयपूर्णो बभूव कर्ण्णोपमो भूमौ । हरिहर सिंह नरेन्द्रो बसुधा चन्द्रो बभूवाथ ।। ७ ।।	शिवसिंहका छोरा विनययुक्त शिक्षित पृथ्वीका कर्ण तुल्य हरिहरसिंह राजा भए ।	मात्रिक
अरीणां निहन्ता यशः पारगन्ता सुसील:समन्ताज्जयन्ताधिक श्री :। सुतातानु रूपो तितेजः सुरूपो बभूवावनी मण्डले चण्डरोचि : ।। ८ ।।	ती शत्रुको नाश गर्ने यशस्वी शीलवान राम्रो शोभा भएको पितामहतुल्य अति तेजस्वी सुन्दर थिए ।	भुजङ्गप्रयात
इन्द्राणीव सुरेश्वरस्य दयिता पद्मेव पद्मापते वैंदही व रघुद्वहस्य गृहिणी गौरीव गौरीपते :। तस्य क्षोणि मणेर्व्वभूव महिषी भव्या भवानी समा राज्ञी लालमती सतीगुणवती प्रायोरतिर्भारती ।। ९।।	इन्द्रकी इन्द्राणी भैं, विष्णुकी लक्ष्मी भैं, रामकी सीताभैं, शंकरकी पार्वती भैं, हरिहरसिंहकी देवी तुल्य गुण र शीलले युक्त भएकी अतिसुन्दरी लालमती नाम भएकी रानी थिइन् ।	शार्दूलविक्रीडित
पौरन्दरी दिगिव नूतन भानु विम्व सौन्दर्य्य कानन गजानन मम्विकेव । पुत्रं पवित्र मथ सिद्धिनृसिंह मल्लं सा राजपुत्र तनया जनयाम्बभूव ।। १० ।।	पूर्वदिशाबाट सूर्य जस्तै श्रीपार्वतीका गणेशजी सरह महारानी लालमतीले सिद्धिनृसिंह मल्ललाई जन्माइन् ।	वसन्ततिलका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

येनाकारि विपक्ष पक्षाण दृशां दृग्वारिभिर्व्वारि धियर्य्नाधारि जगत्रयोपरि शरच्चन्द्रावदातं यशः । वाल्योपक्रम एव विक्रम चतस्तस्याधुना पौरुषं श्रीमत्सिद्धिनृसिंहमल्ल नृपतेर्युद्धं समर्थो हिकः ।। ११ ।।	जसले शत्रुका स्त्रीहरूको आँशुको समुद्र बनाए जसले शरत्कालीन चन्द्रमा जस्तो निर्मल यस संसारमा स्थापित गरे । बालककालदेखि पराक्रमशाली श्रीसिद्धिनृसिंह मल्ल राजा जति पुरुषार्थी युद्धमा अरु कोही भएनन् ।	शार्दुल विक्रीडित
यद्भूमीपाल गङ्गाजल विमल यश : पूरकर्प्पूर पुरै ब्रम्हाण्डे पाण्डरे स्मिन् समजनरजनी नायको नि :कलङ्क तत्किं भूसेवको ऽ भून्मुखकमल मिषादेव यस्या मृताँशु : सोयं दीर्घाव रास्तामधि धरणि सिद्धि पूर्वो नृसिंह : ।। १२ ।।	गंगाजल जस्तो निर्मल यश भएका कलंकरहित चन्द्रमा तुल्य सिद्धिनृसिंह अन्धकारमय ब्रम्हाण्डमा जन्मिए । के सिद्धिनृसिंहका मुख कमलका छलले पृथ्वीको सेवागर्न आएका त होइनन् ?	स्रग्धरा
दानाल्पी कृत कल्प वृक्ष गरिमा सीमाच तेजस्विनां श्रीमानद्भुत कीर्ति युक्त महिमा भीमानुज : साहसे । दोर्द्दण्ड द्वय चण्डिमान्त गलित प्रत्यर्थि पृथ्वीपति : श्रीमत्सिद्धिनृसिंहमल्ल नृपतिर्व्वर्व्वर्त्ति सर्वोपरि ।। १३ ।।	ज्यादा दान गरेर कल्पवृक्षको महिमा लाई तुच्छ गराएका तेजस्वीका सीमा भएका साहसमा अर्जुन तुल्य आफ्ना बाहुवलले शत्रु राजाहरूलाई वश गरे का श्रीसिद्धिनृसिंहमल्ल राजा सबैभन्दा श्रेष्ठ छन् ।	शार्दुल विक्रीडित
प्रातिष्ठ्यञ्च युधिस्थिराधिकतरं निष्ठा वशिष्ठाधिका कीर्त :कार्त्तिक कृतिका पतिमर्ि स्तस्या धिका वर्तते । वाणी व्यास समारमा स्थिरतमा रामाभिरामाा कृति : श्रीमत्सिद्धिनृसिंहमल्ल नृपतेः किन्नाम यन्नद्भुतम् ।। १४ ।।	युधिस्ठिरको भन्दा बढी प्रतिष्ठा भएका वशिष्ठ भन्दा अधिक निष्ठा भए का चन्द्रमा भन्दा पनि बढ्ता स्वच्छ कीर्ति भएका राजा सिद्धिनृसिंह मल्ल छन् । व्यासको जस्तो वाणी भएका स्थिर लक्ष्मी भएका सुन्दर आकृति भएका उनको के अद्भुत छैन ?	शार्दुल विक्रीडित
कदाचिदे तेन महोन्नतेन मठ : कृत : कोपि धनैरनेकै : श्रीवालगोपाल विलास भूमि व्वैकुण्ठ तामेति धराजगत्याम् ।। १५ ।।	कुनै मौकामा यी राजाले धेरै धन खर्च गरेर पृथ्वीको बैकुण्ठ तुल्य श्री बाल गोपालको मन्दिर बनाए ।	उपेन्द्रवज्रा
योमेरुमन्दर महेन्द्र हिमाद्रि विन्ध्य कैलाश शैल शिषर भ्रममातनोति । किन्त्वास्य हेमकलशान वलोक्य देवै : सन्द्रिह्यते कनक धामनि पर्वतेन्द्रे ।। १६ ।।	जुन मन्दिरले मेरुमन्दराचल महेन्द्र हिमाद्रि, विन्ध्याचल, कैलाश पर्वत हो कि भन्ने भ्रम गराउँछ । देवताहरूले यस मन्दिरका कलशहरू देखेरकन काचल हो कि भनेर शंका गर्दछन् ।	वसन्ततिलका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हर्षान्नेपाल वर्षे स्वरशरतुरगैरङ्किते फाल्गुणीये पक्षे प्राप्ते वलक्षे ऽ मर गुरु दिवसे शङ्करर्क्षे दशम्यां चक्रे जाम्वु नदीयै ग्गुरुतर कलशै र्भास्वरै रेक विशैन्नेपाल क्षोणिपाल प्रथित भुजवलो भूषणं तन्मठस्य ।। १७ ।।	नेपालसम्वत् ७५७ फाल्गुण शुक्ल दशमी गुरुबारका दिन ठूल्ठूला स्वच्छ २१ सुवर्णका कलशद्वारा मन्दिरको श्रृंगार गराए ।	स्रग्धरा
युद्धारम्भ : कृतो स्मिन्नपि शुभ दिवसे शत्रुभि र्युद्ध शौण्डै र्दुष्टै : कोयेवरुद्ध : कुटिल नृप भटैरद्भुतै : कोटि संख्यौ : ।। लीलामात्रेण शत्रुनपनयत तदा पार्थिव : पार्थेतुल्य : कोटं निर्मोचयित्वा नमुचि रिपुरिवानन्द सन्दोहमाप ।। १८ ।।	यसैबेला युद्ध कुशल शत्रु शैन्यले आक्रमण गरी किल्ला कव्जा गरे । अर्जुन जस्ता पराक्रमी राजाले सहजैसँग शत्रुलाई परास्त गरी आफ्नो किला फिर्ता गराई आनन्दमा प्राप्त हुनुभयो ।	स्रग्धरा
राजसूय इवारव्धो मध्यस्थेन महीभुजा । विशिष्य शेषनागोपि नशक्तो यस्यवर्ण्णने ।।१९।।	राजाले यस्तो राजसूय यज्ञको प्रारम्भ गर्नुभयो कि जसको वर्णन शेषनागले पनि गर्न सक्दैनन् ।	अनुष्टुप
आचार्य्ये यत्र मर्य्यादा धैर्य्योदार्य्य महोदधि : । विश्वनाथो उपाध्यायो विश्वनाथ इवाभवत् ।। २० ।।	यज्ञमा जुन धीरता र उदारताका सागरको रूपमा आचार्य विश्वनाथ उपाध्यायले मर्यादा पाए ।	अनुष्टुप
यो मेरु भूधर इवाति गुरुर्ग्गुरिम्ना यो सौ महार्ण्णव इवाति महामहिम्न । यो व्यास वद्विविध वैदिक मन्त्र पाठे यो निष्ठ्या भुवि वशिष्ठ महर्षि कल्प : ।। २१ ।।	आचार्य गुरु यति गौरवशाली थिए कि मेरु मन्दराचल हो कि झैं वैदिक मन्त्र पाठमा व्यास तुलय र निष्ठामा वशिष्ठ जस्ता थिए ।	वसन्ततिलका
यत्रायाता यज्जयू काकियन्तो विद्यावन्तो जज्जपुकां कियन्त : । नानादिग्भ्य : पण्डितै रभ्युप्रेतं सत्रे तस्मिन मण्डपं मण्डितं यै ।। २२ ।।	यज्ञमा आएका जतिपनि याज्ञिक र विद्वान् जापकहरू तथा नाना देशबाट आएका विभिन्न पण्डितहरूले मण्डप अत्यन्त सुशोभित थियो ।	शालिनी
द्वास्थातारौ कल्पितौ तत्र सत्रे द्वौ द्वौ द्वारि द्वारि देवर्षि तुल्यो । भूषा भूतो विद्विषान्दपर्ये हन्ता नेता तेषां विश्वनाथो मनीषी ।। २३ ।।	यज्ञको बेला ढोकाढोकामा दुई दुई देवर्षि तुल्य द्वारपालहरू स्थापित थिए । तिनीहरूका मुख्य नेता पनि विश्वनाथ नै थिए ।	शालिनी
आरव्धे शिविना नृपेण विधिना सत्रेपुरा गौरवा दग्ने :खाण्डवखण्डन संमतनोद्गाण्डीवको दण्डवान् ।। अस्मिन्सिद्धिनृसिंह मल्ल नृपते : सत्रे घृता जीर्णत : किम्भू यासमितीव मुञ्चति शिखी वाष्पानि धूमच्छ लात् ।। २४ ।।	अघि राजा शिविका यज्ञमा अजीर्ण भएका अग्नीलाई अर्जुनले खाण्डव वल दहन गराउनु भएको थियो । त्यसतै राजा सिद्धिनृसिंहमल्लको यज्ञमा घिउले अजीर्ण भएका अग्नीले धुँवाका छलले आँशु छोड्छन् ।	शार्दुल विक्रीडित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चत्वारिं शदिनान्यासीमहा होमो महोत्सव : । श्रीमत्सिद्धिनृसिंहेन कलिकर्ण्णेन कारितः ।।२५।।	कलिकालका कर्ण बनेका राजा सिद्धिनृसिंह मल्लले चालीस दिनसम्म होम महोत्सव गराए ।	शार्दुलविक्रीडित
सम्भारः सर्व वस्तुनां राजसूये यथा श्रुत : तथैव तत्रसत्रेऽपि जातं तदधि कोपि वा ।। २६ ।।	राजसूय यज्ञमा जस्तो प्रकारको सामाग्री सुनिन्छ त्यस्तै अथवा त्यो भन्दा बढी त्यो यज्ञमा भयो ।	अनुष्टुप
रत्ने स्वर्णे गवादौ करितुरग धने भूषणे दिव्यवस्त्रे दासीदासे निवासे विविध रसमये भक्षमात्रे पवित्रे चत्वारिं शद्दिनानि क्षितिप कुलमणे रास्य पद्मे प्रसन्ने वाणी तत्रोल्ललास प्रतिपल मधिका देहिदेहीति माता ।। २७ ।।	रत्न, सुन, गाई, हात्ती, घोडा, धन, गहना, असल कपडा, दासी, दासघर र नाना थरिको खाद्यवस्तु राजाले चालीस दिन सम्म देउ भनी वाणीले शोभित भए ।	स्रग्धरा
पामरी वलय कुण्डलादिकं दृष्ट पूर्वमपि येननक्वचित् तेन तत्र नृपतेः प्रसादतोभिक्षुणा निजतनौ समर्पितम् ।। २८ ।।	पैरी, वाला, कुण्डलादि भूषण जसले देखेका थिएनन्, त्यस्ता भिखारीले पनि त्यस यज्ञमा राजाका प्रसादले आफ्ना शरीरमा धारण गर्न पाए ।	रथोद्धता
दिव्यान्येव गृहाणि दिव्यवसुधा रत्नानि दिव्याम्वरं दिव्यान्येव विभुषणानि सदयो दिव्यानि रत्नानि च । नेपाले प्रचरन्ति यानि वसुधा वस्तुनि दिव्यान्यसौ श्रीमत्सिद्धिनृसिंह मल्ल नृपति : सर्वाणि तान्यर्प्यत् ।। २९ ।।	नेपालका राम्रा घरहरू राम्रा खेतहरू राम्रा र बहुमूल्य रत्नहरू बहुमूल्य वस्त्र गहनाहरू जतिपनि थिए ती सब राजा सिद्धिनृसिंह मल्लले दान गरे ।	स्रग्धरा
यानि दृष्यनि वस्तुनि नश्रुतानि कदाचन तानि दत्तानि सर्वाणि तत्रे सत्रे मही भुजा ।। ३० ।।	यत्तिका सबथोक वस्तुको दान यसरी राजाबाट गरियो भन्ने कुरा न त कसैले देखेको थियो न त कसैले सुने कै थियो होला ।	अनुष्टुप
येनाकारि जगत्त्रयोपरि मठो होमोपि कोट्याहुति र्द्दत्तास्वणृ शतद्वयी प्रतिदिनं किं किं न दत्तं धनं । दत्तस्तण्डुलपर्व्वतोपिविधिनाकल्पद्रुमोप्यद्भुत : श्रीमत्सिद्धिनृसिंह मल्ल नृपति :कर्ण्णावतारो ध्रुवं ।। ३१ ।।	श्रीसिद्धिनृसिंह मल्ल राजाले सबैभन्दा ठूलो मठ बनाएर कोटी होम गरे प्रतिदिन २०० पल सुन दान गरे । अरु के के मात्र धन दान गरेनन् हुन् । चामलको पर्वत पनि विधि पूर्वक दान गरी कल्पवृक्ष पनि दान गरे । यी राजा साक्षात कर्ण्णका अवतार थिए ।	शार्दुल विक्रीडित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विद्यावन्तः कियन्तो विविध गुण भृतः केपि विद्याविहीना नानादिग्भ्य : समेता : श्रुत नृपति गुणाभिक्षवो लक्ष संख्या : तेषामन्नै :सुवर्णै : सुललित वसनै भूषणोघैर्द्धनोघैर्द्दारिद्रं वारयित्वा नृगइव मुमुदे देव कल्पोवनीन्द्र : ।। ३२ ।।	राजाको गुणगान सुनेर चारै दिशातिरबाट विद्वान् अविद्वान्हरू लाखौं संख्यामा आएका थिए । तिनीहरूको दारिद्र्यलाई धन, अन्न, वस्त्रको दानद्वारा सिद्धिनृसिंह मल्लले हटाइदिनुभयो ।	स्रग्धरा
कर्ण्ण : कन्या तनूजो वलिरपि विदित : किन्तु दैतेयजन्मा पाषाणो देवतानां मणिरजनि महादारु देवद्रुमोपि भ्रान्तो राजा नृगोपि प्रथित भुजवलो भार्गवो मातृहन्ता कोन्यो धन्यो वदान्यो जगति विजयते सिद्धिपूर्वो नृसिंहात् ।। ३३ ।।	कर्ण कन्याका छोरा, बलि दितिका छोरा(दैत्य) मणि देवताको ढुंगो कल्प वृक्ष पनि काठ राजा नृग पनि भूलमा परे, परशुरामले पनि मातृहत्या गरे, त्यसकारण संसारमा सिद्धिनृसिंह बराबर अरु हुन सकेनन् ।	स्रग्धरा
नृत्यानि गीतानि मनोहराणि वाद्यानि हृद्यानि च कौतुकामि अन्नानि वस्त्राणि विभूषणानि सर्व्वाणि जातानि च तत्र सत्रे ।। ३४ ।।	त्यस यज्ञमा अनेक नाच गीत वाद्य आदिले मनोरञ्जन थियो भने अन्न वस्त्र आभूषण एवं मीठा खानेकुरा थियो ।	इन्द्रवज्रा
यावच्चन्द्रादिवाकरा वुदयतो यावन्महीमण्डलं यावन्पर्व्वत नन्दिनी पशुपतेरर्द्धाङ्ग मालिङ्गति यावज्जन्हुकलिन्द योरपि सुते कतावद्धरावर्त्ततां श्रीमत्सिद्धिनृसिंहमल्ल नृपते रेषा यशोवल्लरी ।। ३५ ।।	जहाँतक सूर्य चन्द्रमा उदय हुन्छ जहाँसम्म पृथ्वी मण्डल रहन्छ जहाँसम्म पार्वती शिवजीको अर्धाङ्गमा रहनु हुन्छ, जहाँसम्म कालिन्दी(यमुना) र भगिरथी पृथ्वीमा रहन्छिन्, ताहाँसम्म सिद्धिनृसिंह मल्ल राजाको कीर्तिलता फैलिरहोस् ।	शार्दुल विक्रीडित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाल भाषामा लेखिएको अभिलेख पाठ खण्ड	भावार्थ
४६. अथ नेपाल भाषा लिख्यते ।। स्वस्ति ।। सम्वत् ७५७ फाल्गुण मासे शु ४७. क्ल पक्षे दशम्यान्तिथौ आर्द्रा पर पुनर्व्वसु नक्षात्रे आयुष्मान योगे वृहस्पतिवासरे ।। थ्वकुन्हु कोट्याहुति यज्ञ याङन देवस्थापन याङ ४८. न नीय छपु गजुरी छास्यं देव दयकाव आय प्रत्याय दुन्ता शिवन्हस ७ पोवि वुरोव न्हस ७ पाटी स्व ३ खोरागारवु रोव शलंपि १४ तवध ४९. र वु कर्ष छि १ थंथे छे वाटिका थ्वतेया वरसानन नित्यपूजा निश्राव होम याङन वुसाधन वुंगयातन इन्द्रयातन मत छोयके स्वन्हु तो वारे ५०. कार्त्तिक लछि घेर पलछि धारेण जल दिवा छोयके कृष्णाष्टमी कुन्हु चाक्रमत छायके थ्वते छेपतके जुरो भूयरोव गु ९ यंथ्याकोवु ५१. रोव च्या काकापलि रोव शल्नसि १२ गुस्तरवोंको वु रोव न्हस ७ खोमोरवु थ्वते वुया वरसानन फाल्गुन शुक्ल पूर्णमासी प्रति यत्र सन्धि ५२. स दोल यात्रा ज्येष्ठ शुक्ल पूर्णिमाा कुन्हु स्नान यात्रा आषढ शुक्ल द्वादशी कुन्हु शयन पूजा देवशयन याचके श्रावण शुक्ल द्वादशी कुन्हु प ५३. वित्रारोहन श्रावण कृष्ण अष्टमी कुन्हु जन्माष्टमी पूजा चाकल मत छोयके कार्त्तिक शुक्ल द्वादशी कुन्हु उत्थान पूजा पूजावारि ब्रा ५४.म्हण यात दंस गुयफं ९० जाध्य विय थ्व छेपतक जुरो । भूयरोव शलंघु १६ थ्येवु रोव स्वँ ३ थ्येंवु थ्वतेया वरसानन कार्त्तिक लछि ५५. चेकन कुलषु ६ शल छि नीय प्वात १२० चाक्रमतं छोयके माल भूय निश्राव दक्षिणाा यात मगाङाव तङा रोव ङा ५ हररीवु थ्वते छ ५६. पतकं जुरो । शुभं भवतु सर्वेषां ।।	अब नेपालभाषामा लेखिएको व्यहोरा । नेपालसंवत् ७५७ (विसं १६९२) फाल्गुण महिना शुक्लपक्ष दशमी तिथि आर्द्रा उप्रान्त पुनर्वसुनक्षत्र आयुष्मान्योग बृहस्पतिबारका दिनमा कोट्याहुति यज्ञगरी देवस्थापनगरी एक्काइस गजूर चढ्राइ मन्दिर बनाएर त्यसको निम्ति आयस्ता आउने खेत पनि चढ्राइयो ।खेतहरू: पोविवु खेत ७ रोपनि, पायिंवु खेत ७ रोपनि, खोपागारवु खेत ३ रोपनि, तवघटवु खेत १४ रोपनि र थंथछे वाटिका १ कर्ष । यी खेतको आयस्ताले नित्यपूजा, निस्ला (सिदा) होम, वर्षवन्धन पूजागर्ने, वुंगजात्रा (मछिन्द्रनाथ जात्रा) र इन्द्रजात्रामा बत्ती वाल्ने, कार्तिक महिनाभर एक एकपाउ घिउको घिउदेवा बाल्ने र कृष्णाष्टमीको दिन मन्दिरमा चारैतिर बत्ती बाल्ने गर्नुपर्छ । खेतहरू : यंप्याकोवु खेत ९ रोपनि, काकापलिवु खेत ८ रोपनि, गुस्तरवाको खेत १२ रोपनि, र खोमोर वु खेत ७ रोपनियी खेतको आयस्ताले प्रत्येक फाल्गुण शुक्ल पूर्णिमाको दिन दोलजात्रा, ज्येष्ठ शुक्ल पूर्णिमाको दिन स्नानजात्रा, आषाढ शुक्ल द्वादशीको दिन पवित्रारोहण पूजा, श्रावणको कृष्णाष्टमीको दिन जन्माष्टमी पूजा गर्ने र चारैतिर बत्ती बाल्ने । साथै कार्तिक शुक्ल द्वादशीको दिन उत्थानपूजा र पूजारी ब्राम्हणलाई ९० पाथी चामल दिने गर्नु पर्छ । खेतहरू: थ्यंवु खेत १६ रोपनि थ्यंवु खेत ३ रोपनि यी खेतको आयस्ताले ६ कुरुवा तेलले १२० वटा पाला बत्ती बाल्ने , सिदा दक्षिणा लगायत मन्दिरको चारैतिर बत्ती बाल्ने गर्नु पर्छ । यति गर्दा कथंकदाचित् नपुग हुन आएमा हररीवु खेत ५ रोपनिको आयस्ताबाट पूर्ति गर्नु । सकल भक्तजनको सदासर्वदा शुभ होउन् ।

हर्षान्नेपाल वर्षे स्वरशरतुरगैरङ्किते फाल्गुणीये पक्षे
प्राप्ते वलक्षे ऽ मर गुरु दिवसे शङ्करर्क्षे दशम्या चक्रे
सम्वत् ७५७ फाल्गुण मासे शुक्ल पक्षे दशम्यान्तिथौ आर्द्रा पर पुनर्व्वसु नक्षत्रे आयुष्मान् योगे वृहस्पतिवासरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.
नेपाल संवत् ७५७ फाल्गुणको तदनुसार विक्रम संवत् १६९२ फाल्गुण नै हो । यसको कारण छ किन कि नेपालसंवत् ७५७ मा ८०२ जोडियो भने १५५९ आउंछ । यो शक संवत् होइन । यसरी नेपाल संवत्मा ८०२ जोड्दा शक पूर्व २ को लिच्छवि संवत् आउने गर्छ । अतः लिच्छवि संवत् १५५९ भनेको शक १५५७ को कार्तिक देखि शक १५५८ को आश्विनसम्म कायम रहने भएकोले फागुनसम्म शक १५५७ नै रहने भयो । यही शक १५५७ मा १३५ जोडेपछि विक्रम संवत् १६९२ हुन आएको हो ।

यही तरिकाले फागुणमा शक १५५७ हुने हुंदा यसमा ७८ जोडे इश्वी सन् १६३५ हुन आउँछ भने ३१८० जोडे भने कलिगत संवत् आउँछ त्यो भनेको कलिगत ४७३७ फागुन हो । अरुले लेखेका प्रायः लेख तथा विभिन्न पुस्तकहरूमा कृष्ण मन्दिरको निर्माण भएको साल मिति उल्लेख गरिँदा वि.सं. १६९३ र ई.सं. मा १६३७ लेख्ने गरेको पाइन्छ । वास्तवमा ती मिति शुद्ध होइनन् र यो कुरा जो कोहीले स्वयं परीक्षा गरी हेर्न सकिने विषय पनि हो ।

सन्दर्भ ग्रन्थ सूची

१. इतिहास प्रकाशमा सन्धिपत्र संग्रह - (भाग १) - योगी नरहरिनाथ - राजकीय महाविद्वत्परिषद् (रायल नेपाल एकेडेमी) काष्ठमण्डप समेत वि.सं. २०२२ ।

२. कृष्ण देगः यो शिलालेख - माणिकरत्न शाक्य - लोकेश्वर प्रकाशन बखुंबाहाः यल (ललितपुर) ने.सं. ११२८

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कला कृतिहरूको संरक्षण आवश्यक

- शान्तिराम ताम्राकार*

नेपाली कलाको विभिन्न सम्पदाहरू मध्ये चित्रकला एक अति महत्त्वपूर्ण सम्पदा हुन् । मानवले आफूले देखेको, सुनेको तथा आफ्नो अनुभवले जानेका कुराहरू अभिव्यक्त माध्यमहरू मध्ये चित्रकला एक सशक्त माध्यम हो । मानवले चित्रकलाको माध्यमबाट आफ्नो समाजमा प्रचलित मान्यता, विश्वास तथा परम्परागत मान्यतालाई अभिव्यक्त गर्ने गर्दछन् । त्यसैले कलाकृतिहरूलाई मानव सोच र सभ्यताको दर्पण पनि भन्ने गरिन्छ । कलाकृतिहरू प्रयोग गरिएका विषयवस्तु, रंग, अलंकार तथा भेषभूषा आदिले कलाकृतिहरू बनाएको समय, घटना, सामाजिक क्रियाकलाप तथा रहनसहन आदिबारे विविध पक्षाको अध्ययन गर्न सकिन्छ साथै इतिहास लेखनमा पनि यसले निकै सघाउ पुऱ्याउने गर्दछ । नेपालका विभिन्न ठाउँहरूमा तथा विभिन्न माध्यमहरूमा जस्ते भित्ताहरू, कपडाहरू, ग्रन्थहरू, ढुंगाका कलाकृतिहरू, धातुका कलाकृतिहरू, काष्ठ कलाकृतिहरू, गुम्बाहरू, मठ-मन्दिरहरू, बहि विहारहरू, ताडपत्रहरू, भोजपत्रहरू, तथा कागज आदिमा नेपाली कलाकृतिहरू बनाएको पाइन्छ । यी विभिन्न माध्यममा प्रयोग गरिएका वस्तुहरू तथा रंगहरू आदि हावा, पानी, घाम तथा प्रदुर्षण जस्ता प्राकृतिक वातावरणको प्रभावको कारणले नष्ट हुने गर्दछन् त्यसैले हाम्रा पुर्खाका यी सम्पदाहरूलाई पछिसम्म सुरक्षित राख्न प्रयास गर्नु अति आवश्यक देखिन्छ किनकी यो हाम्रा पुर्खाहरूले आफ्नो दर्शन, आस्थाहरू तथा धार्मिक भावनाहरू अभिव्यक्त गरिएका कलाकृतिहरू हुन् । यो एक मानव सभ्यताको विकासक्रमको इतिहास हो । यी राष्ट्रका निधिमात्र नभई आज विश्व समाजको पनि निधि हुन् भन्ने मान्यता रहिआएको देखिन्छ ।

नेपाली सम्पदाहरू प्रशस्त पाईन्छन् । यस्ता सम्पदा कपडामा चित्रित गरिएको पौभा चित्रहरू, पट्चित्रहरू, कागजमा बनाएको चित्रहरू, ताडपत्र, भोजपत्र, नीलोपत्र, स-साना मिनिष्यचर चित्र (Miniatures Paintings), तेलचित्र (Oil Paintings), काठमा गरेका विभिन्न चित्रहरू तथा भित्तामा गरिएको विभिन्न भित्तेचित्रहरू तथा विभिन्न काष्ठ कला, धातुकला, प्रस्तरकला, हस्तिहाडका कलाकृतिहरू तथा विभिन्न मठ-मन्दिर, बहि विहार तथा गुम्बा आदि नेपालको हिमाली भागदेखि तराईभागसम्म विभिन्न ठाउँमा यत्र तत्र छरिएर रहेको पाइन्छन् । यी विभिन्न प्रकारका सम्पदाहरू कालगति अनुसार संरक्षणको अभावमा विभिन्न कारणले मक्केर, भत्केर तथा बिग्रेर गइरहेका छन् । यसलाई संरक्षण गरि देशको सम्पदाहरू संरक्षित गर्न हामी सबैको दायित्व हो । यी विभिन्न प्रकारको सम्पदाहरू किन र कसरी बिग्रेर गइरहेका छन् भन्नेबारे केलाउँदा तीनवटा मुख्य कारणले सम्पदाहरू बिग्रेको देखिन्छन् ।

१) तापक्रम तथा आद्रता (Temperature and Humidity)

---
*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२) जैविक कारण (Bio-deterioration)

३) प्रकास तथा वायु प्रदुषण (Light and Air Pollution)

१) तापक्रम तथा आद्रता (Temperature and Humnidity):

वातावरणमा भएको तापक्रम तथा आर्द्रताले हाम्रो सम्पदाहरूलाई धेरै प्रभाव पारिरहेको हुन्छन् । यी तापक्रम तथा आर्द्रताको गडबडले अरु सम्पदा भन्दा चित्रकलाहरूलाई चाँडै विगारिरहेको हुन्छन् । तापक्रमले वातावरणमा रहेको आद्रतालाई बढाउने घटाउने काम गरिरहेको हुन्छ । जब वातावरणमा तापक्रम घट्छ आद्रता बढेर जान्छ, भने तापक्रम बढ्दा आर्द्रता घटेर जाने प्रकृतिको नियमित प्रक्रिया हो । यसरी वातावरणमा तापक्रम तथा आर्द्रता घटबढ हुँदा त्यस वातावरणमा रहेका विभिन्न प्रकारका कलाकृतिहरूमा चाहे त्यो कपडा, कागज, भोजपत्र, ताडपत्र, भित्तेचित्र र काष्ठकलाहरू वा अरु जुनसुकै जैविक पदार्थको (Organic Materials) माध्यमबाट बनेका कलाकृतिहरूमा पानीको भाग (आर्द्रता) प्राकृतिक रूपमा रहेको हुन्छन् । यदि हामीले काठ, कागज वा कपडामा रहेको आर्द्रता सबै निकालिदियौ भने त्यो वस्तु धुलो भएर जान्छ । त्यसैले यी वस्तुलाई आफ्नो अस्तित्व भई रहन ठिक मात्रामा आर्द्रता हुनु अति आवश्यक हुन्छ । त्यसैले यी आर्द्रताको घटबढले कलाकृतिहरूको आयु पनि घटबढ भईरहन्छ । धेरै गरम ठाउँ तथा धेरै पानी परिरहने ठाउँहरूमा ढुसी उम्रेको (Fungal Growth) हुन्छ । ७०% भन्दा बढी आर्द्रता (Humidity) तथा २५ डिग्री सेन्टिग्रेड देखि ४० डिग्री सेन्टिग्रेड तापक्रम (Temperature) मा ढुसी उम्रने हुन्छ । यी आर्द्रताले गर्दा कलाकृतिहरूमा रहेको सेलुलोज फाइवर (Cellulose fiber) हरू धेरै कमजोर हुने तथा फुट्ने हुन्छ । यो सेलुजोल फाइवर भनेको रुख विरुवामा हुने एक प्रकारको गुल्कोज जस्तो हो । हामीले खाएको खानाहरूबाट आफुलाई चाहिने गुल्कोजहरू आफ्नो शरीरबाट तयार गरी शरीरको विभिन्न भागमा संचित गरी राखेको जस्तै रुख विरुवाहरूले पनि आफ्नो खानाहरूबाट आफूलाई चाहिने सेलुजोल फाइवरहरू तयार गरी शरीरको विभिन्न भागमा संचित गरिराखेको हुन्छन् । वातावरणमा भइ रहने तापक्रम तथा आर्द्रताको उतार चढावले गर्दा कलाकृतिहरूमा प्रयोग गरिराखेका विभिन्न रंगहरू तथा गमहरू (Glues) पनि विस्तारै खुम्चिने बढ्ने क्रिया निरन्तर भईरहने हुनाले यी रंग तथा गमहरू विस्तारै चर्केर गइरहने हुन्छ । यसरी निरन्तर रूपमा कलाकृतिहरू र चित्रकलाहरूको रंग तथा गमहरू खुम्चिने बढ्ने हुनाले कलाकृतिहरूको आकार प्रकार तथा रूपहरू कमजोर हुँदै पछि फुटेर नाश हुने भइरहन्छ । त्यसैले जैविक वस्तुको माध्यमबाट बनेका कलाकृतिहरूलाई तापक्रम तथा आद्रता सकभर एक रूपतामा राखी रहनुपर्ने हुन्छ, जसले गर्दा त्यस कलाकृतिहरू मक्केर, फुटेर जाने र ढुसी उम्रेर बिग्रनुबाट जोगाई राख्न सकिन्छ ।

२) जैविक कारण (Bio-Deterioration):

कलाकृतिहरू तथा चित्रकलाहरू जैविक पदार्थको माध्यममा नै बनाएको हुन्छन् । हरेक जैविक पदार्थमा सेलुजोल फाइवर (Cellulose fiber) भएको हुन्छन् । यी सेलुजोल फाइवरलाई खान विभिन्न ७० प्रकारका भन्दा बढी स-साना मसिना किराहरू (Insects) आकर्षित हुन्छन् । ती किराहरू मध्ये bookworm, silverfish, cockroaches, termites, booklice, firebrats आदि हुन् । यी साना तथा मसिना किराहरूको साथै साधारणतया आँखाले नदेखिने Bacteria आदिले पनि कलाकृति तथा चित्रकलाहरूलाई बिगार्ने काम गरिरहेको हुन्छ । यी विभिन्न प्रकारका किराहरूले (Insecs) कलाकृतिहरूमा बसी आफ्नो जीवन चक्र चलाई रहँदा यसमा विभिन्न प्रकारका जैविक अम्लिय (Orgaanic Acids) उत्पादन गरिरहेका हुन्छन् जसले गर्दा कलाकृतिहरू तथा चित्रकलाहरू विस्तारै विस्तारै यी जैविक अम्लियको कारणले बिग्रदै गइरहेको हुन्छन् । त्यस्तै Fung, Algae, Lichens, Mosses, Actinomycetes तथा Bacterias आदि विभिन्न माइक्रो अर्गानिजम (Micro organism) आदिले पनि कलाकृति तथा चित्रकलाहरू बिगारी रहेको हुन्छन् । कपडा, कागज, ताडपत्र, भोजपत्र, निलोपत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र काष्ठकला आदि सबै जैविक पदार्थबाट (Organic Material) बनेका हुन् । यी जैविक पदार्थहरूको माध्यममा बनाइएको कलाकृतिहरू तथा चित्रकलाहरू चाडै बिग्रने हुन्छन् । यी जैविक पदार्थमा ढुसी तथा व्याक्टेरिया (Fungi and Bacterias) लाग्न अनुकुल वातावरण मिलेको हुन्छ । यी ढुसी र व्याक्टेरियाले कलाकृतिहरूमा रासायनिक प्रक्रियाले गर्दा कलाकृतिहरू शक्ति (Strength) कमजोर पार्ने हुन्छ जसले गर्दा कलाकृतिहरू विस्तारै विस्तारै बिग्रेर गईरहेको हुन्छ । त्यसैले यो विभिन्न प्रकारका किरा फट्याङ्ग्रा, ढुसी तथा व्याक्टेरिया (Insects Fuungi and Bacteria) आदिबाट कलाकृतिहरूलाई बचाई राख्नु पर्छ । त्यसको लागि विभिन्न तरिकाबाट विभिन्न रासायनिक तत्त्वहरू तथा किटनाशक औषधि आदि प्रयोग गरि कलाकृतिहरूलाई संरक्षण गरीराख्नु पर्छ ।

३) प्रकाश तथा वायू प्रदुर्षण (Light and Air Pollution)

क) प्रकाश (Light): प्रकाश भनेको इलेक्ट्रोमाग्नेटिक रेडिएसन (Elctro Magnetic Radiation) बाट बनेको हुन्छ । त्यसैले कुनै पनि चित्रकलाहरूमा प्रकाश निरन्तर रूपमा परिरह्यो भने चित्रहरू धमिलो वा फिका (Fade) हुँदै जान्छन्, साथै यसले रासायनिक तरिकाबाट रंगहरूलाई फुटाई नष्ट गर्ने काम गरिरहेको हुन्छ । यसरी प्रकाशद्वारा चित्रकलाहरूलाई नष्ट गरिरहने प्रक्रियालाई फोटो केमिकल डिटोरियोसन (Photo-Chemical deterioration) भनिन्छ । सूर्यको प्रकाशमा रेडियन्ट शक्ति (Radiant Energy) हुन्छन् सूर्यको प्रकाशमा रहेको रेडियन्ट शक्तिहरूमा X-ray, Y-Rays, Infra-Rd, Ultra-Violet cflb Rays हरू हुन्छन् । साधारणतया सूर्यको सेतो किरणमा प्रकाशको मात्रा ४००० देखि ७००० A (Wave Length 4000-700 A) सम्म हुन्छ । यसमा अल्ट्रा भ्वाईलेट ३०० एन एम देखि ४०० एन एम (Ultra-Violet 300-400 nm) ईन्फ्रा रेड ७६० एन एम (Infra –Red 760nm) सम्म रहेको हुन्छन् । अजैविक पदार्थहरू (Inorganic Materials) बाट बनेका वस्तुहरू -जस्तै ढुंगाका कलाकृतिहरू, माटाका कलाकृतिहरू तथा धातुका कलाकृतिहरू आदि) भन्दा जैविक पदार्थहरू (Organic-materials) बनेका वस्तुहरू चाँडै बिग्रेर गईरहेका हुन्छन् । जैविक पदार्थमा विभिन्न पोलिमेराईजेसनहरू (Polymerixations) रहेका हुन्छन् । यी विभिन्न पोलिमेराईजेसनले पदार्थको विभिन्न अणुहरूलाई (Molecules of Polymerizain) फोटो केमिकल क्रियाबाट (Photo-chemical action) टुक्रा टुक्रा पारी बिगारी रहेको हुन्छन् । जैविक पदार्थमा (organic-Material) रहेौ सेलुजोलहरूलाई (Cellulose) फाटो केमिकल क्रियाद्वारा (Photo-chemical action) वातावरणमा रहेको अक्सिजनलाई (Oxygen) लिएर अक्सिडेसन (Oxidation) बनाई दिन्छ, फुटाउने र बिगार्ने काम गरिरहन्छ । सूर्यको किरणमा रहेको विभिन्न प्रकारको अल्ट्रा-भ्वाईलेट (Ultra-Violet), इन्फ्रा-रेड (Infra-red) आदि रेजहरू (Rays) ले गर्दा यी जैविक पदार्थले वनेका कलाकृतिहरूमा रहेको टाँसिरहने शक्ति (Bond Energy) वा वाइन्डिग मेटिरियल्स (Binding materials) जस्तै Starch, raisin, glue, animals-glue तथा alum) आदिलाई नाश गरिदिन्छ । यहि वाइन्डिग मेटिरियल्स (Binding materials) चित्रकलाहरूमा प्रयोग गरिराखेको हुनाले चित्रकलाहरूको रंगहरू उप्कीनु, फुस फुस आउनु, बिस्तारै फिका (Fading) भएर कालान्तरमा चित्रकलामा रहेको आकृति नै हराउने काम फोटो केमिकल (photo-chemical action) क्रियाबाटै हुन्छन् । त्यसैले जैविक पदार्थ वा यसको माध्यम प्रयोग गरी बनाइएका कलाकृतिहरूमा सूर्यको किरण सोझै (Direct) धेरै बेरसम्म पार्न हुँदैन, यसले चित्रकलालाई धेरै बिगार्दछ । यी कलाकृतिहरू प्रदर्शन गर्दा प्रयोग गरिने विभिन्न प्रकारका प्रकाशहरू जस्तै फ्लोरोसेन्ट टयूव (Fluorescent tubs) विभिन्न प्रकारका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चिमहरू (Bulbs) आदिले पनि यसलाई बिस्तारै बिगारिरहेको हुन्छन् तर सूर्यको किरणले जति हुँदैन । त्यसैले जैविक पदार्थहरू प्रयोग गरिराखेका कलाकृतिहरू प्रदर्शन गर्दा फोटो केमिकलको प्रभावबाट (Photo-chemical action) बचाउन विभिन्न प्रकारका यू.भि.आई भि. (Ultra-violet, Infra-red) आदि फिल्टरहरू (Filter) प्रयोग गर्नु आवश्यक देखिन्छ । कलाकृतिहरू प्रदर्शन गर्दा मुख्य चारवटा कुरालाई ध्यान दिन आवश्यक देखिन्छ ।

१) कलाकृतिहरूमा परिरहने प्रकाशको मात्रा सकभर कम गरेर (By minimizing the intensity of light falling upon the art facts)

२) कलाकृतिहरूमा परिरहेको प्रकाशलाई सकभर कम मात्र समय दिएर । (Reducing the time of expose on the art facts)

३) प्रकाशबाट फोटो केमिकल रेडिएसन क्रिया हुनबाट बचाएर (Elimination the photo-cehemically active radiation from the light)

४) कलाकृतिहरूमा समान रूपमा प्रकाश छरिएर राख्ने । (Distribution of light on the art facts should be as uniform as possible)

कुनैपनि पानी रंगका चित्रहरू, रेखाचित्रहरू तथा स-साना चित्रहरूलाई (Water color paintings, Drawings and miniature paintings) ५० लक्स ७५ यम डब्लु वाई लुम (50 lux and 75 mw/lum) रेडियसन (Radiation) भन्दा बढि प्रकाशमा राख्नु हुँदैन, यसले कलाकृतिहरूलाई हानि पुऱ्याउछ । यसैले विभिन्न प्रकारको अमूल्य कलाकृतिहरूलाई प्रदर्शन गर्नु पर्दा सूर्यको प्रकाशमा सिधा (Direct) नराखी विभिन्न प्रकारका लाईट फिल्टरहरू (Light filters) प्रयोग गरी राख्नु पर्दछ ।

ख) **वायु प्रदुर्शन** (Air Pollution): वातावरणमा रहेको वायुमा विभिन्न प्रकारको ग्याँसहरू (Gasses) हुन्छन् । जस्तैः SO_2 (Sulphur dioxide), CO_2 (Carbon dioxide), H_2S (Hydrogen sulfite), NO_2 (Nitrogen dioxide) र O_3 (Ozone) आदि । प्रदुर्षित वायूमा विभिन्न प्रकारको धुलोको कणहरू पनि रहेका हुन्छन् । यी प्रदुर्षित वातावरणमा विभिन्न प्रकारको ग्यासहरू, धुलोको कणहरू तथा आर्द्रता हुने भएकोले यसमा हरेक विभिन्न प्रकारका कलाकृतिहरूमा विस्तार विस्तारै निरन्तर रूपले मसिना फुटहरू (Cracks) उत्पन्न भईरहन्छ । यसले गर्दा पछि कालान्तरमा यी कलाकृतिहरू विस्तारै बिग्रेर धुलो भएर नाश हुन्छन् । वातावरणमा हरेक दुषित हावामा विभिन्न प्रकारको धुवाहरू पनि हुन्छन् (जस्तैः पेट्रोल, डिजेल, दाउरा, मट्टितेल तथा कलकारखाना आदिबाट निस्किएका धुवाहरू) साथै हावामा रहेको आर्द्रता यी ग्यास, धुलो तथा धुवासँग मिलेर विभिन्न प्रकारको एसिडहरू (Acids) बनिरहेको हुन्छन् । यी एसिडहरू दुषित हावामा बन्ने गर्दा यसमा रहेका कलाकृतिहरूलाई नाश पार्ने काम गरिरहेको हुन्छन् । वातावरणमा रहेको विभिन्न ग्याँसहरू (Gasses) र आर्द्रता (Moisture) मिलेर विभिन्न प्रकारका एसिडहरू (Acids) बन्दछन् भन्ने केहि उदाहरणहरूः SO_2, (Sulphur dioxide) तथा H_2O (Moisture) मिलेर H_2SO_4 (Sulphuric acid) बन्दछ । जस्तै

$$SO_2+H_2O = H_2SO_2$$

$$SO_3+H_2O = H_2SO_4$$

CO_2 (carbon-dioxide) तथा H_2O (Moisture) मिलेर H_2CO_4 (Carbonc acid) बन्दछ । जस्तै :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

$CO_2 + H_2O = H_2CO_3$

$CO_3 + H_2O = H_2CO_4$

NO2 (Nitrogen dioxide) तथा H2O (Moisture) मिलेर HNO4 (Nitric acid) बन्दछ । जस्तै:

$NO_2 + H_2O = H_2NO_3$

$NO_3 + H_2O = H_2NO_4$

यसरी प्रदर्शन वातावरणमा रहेको विभिन्न प्रकारको ग्याँसहरू तथा वायुमा रहेको पानीको भाग (आर्द्रता) मिलि विभिन्न प्रकारको अजैविक एसिडको (Inorganic acid) सानो तथा मसिना भागहरू बनेर विभिन्न प्रकारको सम्पदाहरू माथि परिरहेको हुन्छन् जसले गर्दा ती सम्पदाहरू बिस्तारै नाश भएर गईरहेको हुन्छन् । त्यसमाथि पनि जैविक पदार्थ वा जैविक पदार्थको माध्यमहरूबाट बनेका सम्पदाहरू त कमजोर तथा कोमल स्वभाव हुनाले छिटै नाश भएर गईरहन्छन् । जैविक पदार्थ वा जैविक पदार्थको माध्यमहरूबाट वनेका सम्पदाहरू माथि धुलो परिरह्यो भने त्यस धुलोले वातावरणमा भएको आर्द्रता (Moisture) लाई धुलोले तानेर राखेको हुन्छ, जसले गर्दा सम्पदाहरूलाई विस्तार विस्तारै बिगारि रहेको हुन्छ । त्यसैले अमूल्य सम्पदाहरू माथि धुलो परिरहन दिनु वा जम्न दिनु हुँदैन । यस्ता अमूल्य सम्पदाहरू प्रदर्शन गरी राखेको ठाउँहरूमा सफा गर्दा भ्याकुम पम्पद्वारा सफा गरी धुलो, धुवा तथा प्रदुषण वातावरणबाट बचाई राख्नुपर्छ । यसका साथै अरु केही निम्न किरणहरूबाट पनि हाम्रो अमूल्य सम्पदाहरू बिग्रने हुनसक्छ, त्यसलाई राम्रोसँग होस पुऱ्याउनुपर्छ । यी कारणहरूलाई बुँदागत रूपमा वर्णन गरिएको छ ।

१) अकस्मत् दुर्घटनाबाट (Accidentally)

२) गलत ढंगले प्रयोग गर्दा (Mishandling)

३) गलत ढंगले चलाउँदा (Worng method of carrying)

४) आगो, बाढी तथा लडाईको कारण (Fire, flood and ravage of war)

५) बेकाईदा किसिमले भण्डारण गरी राख्दा (Bad storage system)

यी माथि दिएका बुँदाहरूलाई ध्यान पुऱ्याई हाम्रा सम्पदाहरूलाई बचाई राख्न सकिन्छ । यस बाहेक चित्रकलाहरू धेरै महत्त्वपूर्णका साथै अति संवेदनशील भएकोले यसलाई होसपूर्वक प्रयोग गर्नुपर्छ ।

सन्दर्भ ग्रन्थसूची:

1. H.S. Plenderleith and A.E.A. Werner, "The Conservation of Antiquities and Works of Arts" Oxford University Press, New York, Toronto, 1971.
2. "The Conservation of Cultural Property" UNISCO, Switzerland 1968.
3. Cari D. Clark, "Pictures Their Preservation and Restoration", The Standard Arts Press, Dutler Maryland USA 1959.
4. O.P. Agrawal, "Conservation of Manuscripts and Paintings of Southeast Asia", London: Butterworths, 1984.
5. Brommelle and Smit, "Conservation and Restoration of Pictorial Art", Buleworths, London, 1976.
6. P. Mora, "Conservation of Wall paintings", Butterworths, London, 1981.
7. G. Thompson, "Recent Advances in Conservation", Butterworths, London, 1963
8. O.P. Agrawal, "Conservation of Cultural Property in India", Vol.VI, New Delhi, 1973.

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पण्डितलाई लामाको संस्कृत भाषामा पत्राचार

- पुण्यप्रसाद पराजुली*

संस्कृत भाषाका विज्ञ पण्डितहरूले संस्कृत भाषामा पत्राचार गर्नु स्वभाविक भए पनि तिब्बतमा जन्मिएर उतै संस्कृत भाषा सिकेर पत्र लेख्नुलाई अस्वभाविक मान्ने गरिन्छ तर भोटवासी लामाले संस्कृत भाषी पण्डितलाई लेखेका संस्कृत भाषाका चार पत्रहरू हाल राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा उपलब्ध छन्। लामो समयसम्म राष्ट्रिय अभिलेखालयमा तिब्बती भाषाका ग्रन्थहरूको सूचीकरण गर्ने क्रममा भेटिएका दुलर्भ ग्रन्थहरूमध्ये उक्त पत्राचार संग्रहको बारेमा यहाँ चर्चा गरिन्छ। राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा भएका २० हजारभन्दा बढी रचनाहरू प्राय: बौद्ध धर्मका विविध विषयसँग सम्बन्धित छन्। केही पत्रहरूको संग्रह धार्मिक ग्रन्थहरूसँगै रहेका छन्। पोका संख्या ८३७ को ४२२ पन्ना रहेको ग्रन्थमा शुरुका १४ पन्नाहरूमा संस्कृत र तिब्बती दुवै भाषामा लेखिएका चार शीर्षकका चिठ्ठीहरू छन्। अरु पत्रहरू चाँही तिब्बती भाषाहरूमा मात्र छन्। २९'×५.५' आकारको यो ग्रन्थको माइक्रोफिल्म रिल संख्या AT १११/२ मा पनि उपलब्ध छ।

बाहिरी आवरणमा भुजिमोल लिपिमा संस्कृत भाषामा शीर्षक छ भने यसको तल्लो हरफमा उमे लिपिमा तिब्बती भाषामा अनुवाद गरिएको छ। संस्कृत भाषाबाट तिब्बती भाषामा अनुवाद भएका ग्रन्थहरूमा शुरुमा रञ्जना, वार्तुल जस्ता लिपिहरूमा संस्कृत भाषाकै शीर्षक दिने र दोस्रो हरफमा संस्कृत भाषाको शीर्षक तिब्बती उछेन लिपिमा लिप्यान्तरमात्र गरिन्छ तेस्रो हरफमामात्र भोट संभोट लिपिमा तिब्बती भाषामा शीर्षक दिने प्रचलन छ। प्रस्तुत ग्रन्थ अनुवाद नभई तिब्बती भाषामा सिधै लेखिएको ग्रन्थ भए तापनि शीर्षक भुजिमोल लिपिमा संस्कृतमै दिइएको छ। संस्कृत भाषाप्रतिको अगाध श्रद्धाले गर्दा तिब्बती भाषाका मौलिक ग्रन्थहरूमा पनि संस्कृत शीर्षक दिनुलाई गौरवको विषय मानिन्छ। नेपाली कागजमा कलात्मक रूपमा लेखिएको यो ग्रन्थको शुरुको पृष्ठमा दुई लामाहरूको आकृति पनि बनाइएको छ। बायाँपट्टी पत्र लेखक लोछेन सोनाम ग्याछोको आकृति छ भने दायाँपट्टी उनका जीवनीकार चौथो श्यामार टुल्कु छोक्यी ढाक्पा येशेको आकृति छ।

भुजिमोल लिपिमा संस्कृत भाषाको शीर्षक यस प्रकार छ - आज्ञालिखितमालाव्याप्तमधुरपताकं नाम सत्परिग्रहणानामंमूलिषुगोचरलिखिताच्चसशिष्यदानपतिभ्यो धम्मार्पणं दत्तं साधु। तिब्बती शीर्षकको लिप्यान्तर यस्तो छ - योङ्स् हजीन् धाम्पा र्नाम् क्यी ढुङ्धु फुल्वे श्युयिग् धाङ् वचस् पा र्नाम् ला छोस् क्ये सु स्चाल् वायि ब्काह् यिग् घी फ्रेङ् भा कुन् ख्याव् स्न्यान् पायि भाधान्। यसको अनुवाद गर्दा परिपूर्ण सज्जनहरू समक्ष पठाइएका पत्रहरू तथा शिष्य र दानपति सहितलाई पठाइएका धर्मार्पण पत्रहरूको माला सर्वव्यापी श्रवणको पताका।

*तिब्बती भाषाविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२८१ पत्रहरू रहेको यो ग्रन्थका रचयिता पन्ध्रौँ शताब्दीका तिब्बती अनुवादक ठिम्खाङ् लोचावा सोनाम ग्याछो (सन् १४२४-१४८२)हुन् । उनी राजा यक्ष मल्लको पालामा नेपाल पनि आएका थिए । उनको जीवनी नील दफ्तरनामा नामक पुस्तकमा पनि लेखिएको छ । (रोरिकः१९४९: ८०५) उनले पत्र लेखेका व्यक्तिहरू अधिकांश तिब्बतीहरू नै छन् भने दुई पत्रहरू चाँहि बंगालबाट नेपालमा आई लामो समय बसोवास गरेका बौद्ध पण्डित वनरत्न (सन् १३८४-१४६९)लाई लेखेका छन् । त्यस्तै दुई पत्रहरू वनरत्नका निर्माणकाय (टुल्कु, औतारी) लाई लेखिएको छ । पत्र प्रापक वनरत्न र पत्र प्रेषक ठिम्खाङ लोचावाको परिचय र उनीहरू बीचको सम्बन्धको अब चर्चा गरिन्छ ।

वनरत्नको परिचय

सन् १३८४ मा बङ्गलादेशको चटगाँउ क्षेत्रको सन्नगरमा राजकुमारको रूपमा जन्मेका वनरत्न आठ वर्षकै उमेरमा महाचैत्य विहारमा श्रामणेर बनेका थिए । बौद्ध धर्मका विविध विधाहरूको अध्ययन पछि बीस वर्षको उमेरमा भिक्षु भई अध्ययन गर्न श्रीलङ्का गएका थिए । श्रीलङ्कामा ६ वर्ष अध्ययन गरेपछि भारतको दक्षिण क्षेत्र हुँदै भारतका विभिन्न क्षेत्रमा ध्यान गर्दै ३७ वर्षको उमेरमा तिब्बत जाने क्रममा सन् १४२१ मा काठमाडौँ आएका थिए । ५ वर्ष यहाँका शीलसागर आदि गुरुहरूसँग अध्ययन गरी सन् १४२६ मा तिब्बती राजालाई धर्म सिकाउने क्रममा तिब्बत प्रस्थान गरे । केही समयमात्र तिब्बतमा बिताएर काठमाडौँमा फर्केर आए । त्यसबेला पनि स्वयंभूमा थुप्रै उपदेशहरू लिएर अभ्यास गर्दै बसे । (पराजुली:२०१०:२६६)

सन् १४३६ मा काठमाडौँ फर्कदा तत्कालीन नेपाली राजा यक्ष मल्लले पाटनमा पिन्टु वही नामले प्रसिद्ध गोविचन्द्र विहार चढाएका थिए । यही विहार नै वनरत्नका लागि जीवन पर्यन्तको निवास बन्यो । यही विहारमा बसेर धेरै बौद्ध ग्रन्थहरू रचना गरेका थिए । संस्कृत भाषामा लेखिएको लोकेश्वर स्तोत्र रत्नमाला ग्रन्थ यक्ष मल्लका छोराहरूलाई पढ्न लगाउनुको साथै उनीहरूलाई भुग्गम लोकेश्वरको मन्त्र पनि प्रदान गरेका थिए । सन् १४५३ मा तेस्रो पल्ट तिब्बत गएर २ वर्ष पछि सन् १४५५ मा फेरि गोविचन्द्र विहारमै फर्किए । बाँकी जीवन त्यही विहारमा बिताएर सन् १४६८ मा उनको देहवसान भएको थियो र वाग्मती तथा विष्णुमती दोभानको रामादोली श्मसानमा दाह संस्कार गरिएको थियो । (रोरिकः१९४९:८०५)

ठिम्खाङ लोचावा सोनाम ग्याछोको परिचय

सन् १४२४ मा यार्लुङ उपत्यकाको चेनथाङमा लामा सोनाम ओस्हेर र पाल्देन ज्योम्पाका पुत्र पाल्ज्योर ग्याछो नै भिक्षु भएपछि सोनाम ग्याछो नामले विख्यात भए । उनका पुर्खाहरू तिब्बतको पहिलो गोन्पा साम्ये परिशरमा रहेको नामदाग ठिम्खाङ लिङ मन्दिरका पूजारीहरू थिए । पेशागत रूपमा ठिम्खाङ लिङ मन्दिरसँग आबद्ध भएकाले पछिसम्म पनि ठिम्खाङ लोचावा भन्ने गरेको पाइन्छ । संस्कृत भाषाको विस्तृत अध्ययन गरी अनुवाद गर्ने व्यक्तिहरूलाई लोक चक्षुपाद भन्ने पदवी दिने चलन छ जसलाई छोटकरीमा लोचपा भनिन्छ । तिब्बती भाषाको उच्चारण अनुसार लोचावा भन्ने गरिन्छ । संस्कृत लगायतका भारोपेली भाषा परिवारको अध्ययन गरेका थुप्रै व्यक्तिहरूलाई लोचावा उपाधि दिइएको पाइन्छ । यसरी भिक्षु सोनाम ग्याछोले संस्कृत भाषाको अध्ययन गरेर अनुवाद गर्न थालेपछि लोचावा भएकाले ठिम्खाङ लोचावा भनिएको हो । अरु लोचावाहरूको लागि ठाउँ र वंशको नाम दिने चलन छ । उदाहरणको लागि गो भन्ने ठाउँका अनुवादक भएकाले गो लोचावा शोन्नुपाल भनिन्छ जो ठिम्खाङ लोचावाका गुरु थिए । सन् १४८१ मा ठिम्खाङ लोचावाको मृत्यु पछि उनकै प्रत्यक्ष शिष्य चौथो श्यार्मपा छोक्यी ढाग्पा येशे (सन् १४५३-१५२४) द्वारा लेखिएको डोछार ग्याछो (अद्‌भूत सागर) को आधारमा उनको संक्षिप्त परिचय दिइन्छ ।

बाल्यकालमा साम्ये परिसरमा पिताजीसँगै प्रारम्भिक अध्ययन गरी पाठ पूजाका विधिहरू सिकेर ६ वर्षको उमेरमा प्रसिद्ध गुरु रोङतोन शेज्या कुनीग (सन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१३६७-१४४९) सँग श्रामणेर संवर लिएर प्रमाणशास्त्र, प्रज्ञापारमिता आदि विषयहरूको अध्ययन गर्न थाले । १२ वर्षको उमेरमा फाग्मो डु वंश राजाहरूले स्थापना गरेको चेथाङ विहारमा प्रवेश गरे । राजकीय विहार भएकाले धेरै गुरुहरूको आगमन हुँदा सूत्रयान र वज्रयान दुवै परम्पराका शिक्षा र अभिषेकहरू लिने मौका पाए । २० वर्षको उमेरमा दश शास्त्रमा पारङ्गत विद्वान् (काचुपा) बने ।

२१ वर्षको उमेरमा फेन्पो नालेन्द्रा विहारमा रोङ्तोन तथा दाग्पो टाशी नाम्यालसँग उच्च अध्ययन गरी चेथाङ फर्कदा नयाँ शासकका गुरु बन्न पुगे । प्रसिद्ध अनुवादक गोलोचावा शोन्नु पाल (सन् १३९२-१४८१) सँग तन्त्र शास्त्रहरूको विस्तृत अध्ययन गरे । २३ वर्षको उमेरमा उपसम्पदा लिई पूर्ण भिक्षु भए । गो लोचावासँगै अनुवाद कला पनि सिकेका थिए । प्राचीन अनुवाद र नवीन अनुवाद परम्पराका तन्त्र ग्रन्थहरूको व्यापक अध्ययन र अभ्यास गरी थुप्रै शिष्यहरूलाई शिक्षा तथा अभिषेकहरू दिएका थिए । गो लोचावाले सूचित गरे अनुसार सन् १४५३ मा नेपालबाट तेस्रो पल्ट तिब्बत गएका बंगाली महापण्डित वनरत्नलाई भेटे ।

ठिम्खाङ लोचावाको जीवनको सबैभन्दा महत्त्वपूर्ण अंश वनरत्नको सत्सङ्ग भएको देखिन्छ । सन् १४५३ मा नेउदोङ दरबारमा भेट भएका वनरत्नबाट सुरुमा कालचक्र परम्पराको षडङ्ग योगको उपदेश पाए । यसको अभ्यास गर्ने क्रममा थुप्रै टिपोटहरू लिएका थिए । त्यहीँ वनरत्नले नेपालको शान्तपुरि (शान्तिपुर) विहारमा श्री शवरीपाबाट पाएको चक्रसंवर मण्डलको अभिषेक पाए । त्यहीबेला देन्सा थिल विहारमा वनरत्न जादाँ उहाँको सेवक भई नागार्जुन विरचित प्रणिधानरत्नराज नामक ग्रन्थ संस्कृतबाट अनुवाद गरेका थिए । वनरत्न साम्ये विहार हुँदै ल्हासा जाँदा पनि थुप्रै उपदेशहरू पाएका थिए ।

सन् १४५४ मा वनरत्न नेपाल फर्कने क्रममा ढाथाङको झ्याम्पालिङ, दोल्को ल्हुन्डुव लाचे, गोङ्कार, नाकार्चे, चाङ्रोङ, साम्ढुव चे, ङामरीङ्, छुवार हुँदै दोलाखाको छो्ङ्दु दिङ्मासम्म पुगेका थिए । गुरुसँगै नेपाल आउने अनुमति माग्दा अहिले परिस्थिति अनुकूल छैन भनेकाले त्यहीँबाट तिब्बत फर्के । वनरत्नको सत्सङ्गबाट श्री हेरुकदेवको प्रतिपत्ति सारशतक विवरण, कुद्दलीपादको आत्मयोग, चर्पटीपादको सर्वसिद्धिकर जस्ता संस्कृत भाषाका ग्रन्थहरूको अनुवाद गरेका थिए भने वनरत्नका उपदेशहरूको संग्रह मुखागम रत्नावली (श्याललुङ रिन्पोछेयि न्यीङ्पो) को पनि संकलन र अनुवाद गरेका थिए ।

राष्ट्रिय अभिलेखालयको सङ्ग्रहमा रहेको दोस्रो द्वैभाषिक पत्र सन् १४५४ मा वनरत्न नेपाल पुगेपछि लेखिएको हो । यसको भावार्थ यस्तो छ-श्री नेपाल देशका भूमिमा सर्वश्रेष्ठ श्रीगोविचन्द्र विहारमा निरुत्तर शून्यता र करुणा अभिन्न रूपमा भएका, महाज्ञानी श्रीमान सद्गुरुको चरणकमलमा म पुण्यसागरनामक व्यक्ति ढोग गर्छु । धर्मस्वामी सपरिवार इच्छाअनुसार श्री गोविचन्द्र महाविहारमा पुग्नु भएकोमा ख्वप्व (भक्तपुर) राजा प्रसन्न भएको र हजुर सुखपूर्वक रहनु भएको कुरा भिक्षु आकाश रत्न (नाम्खा रिन्छेन) बाट सुन्दा म अति नै हर्षित छु । तपाईंले पहिले दिएको आज्ञामुताबिक दृढ मन लिएर बसेको छु । फेरि पनि बोधिप्राप्तिपर्यन्त प्रिय पुत्रको रूपमा ग्रहण गर्नुहोस् । वैशाख महिनाको १९ औँ तिथिमा लेखिएको हो ।

सन् १४६५ मा ठिम्खाङ् लोचावालाई नेपाल आउने इच्छा भएपछि परिस्थिति अनुकूल छ कि छैन भनी आज्ञा लिन र आउनु पर्दा कुन बाटो उपयुक्त होला भनी जिज्ञासा राखेर लेखेको पत्रलाई संग्रहको शुरुमा दिइएको छ जसको भावार्थ यस्तो छ - स्वस्ति । त्रिलोक विजयी धर्मराज महावज्र श्रीश्रीश्री वनरत्नपादसमक्ष परम भक्ति र श्रद्धाले नमस्कार गरी शाक्य भिक्षु पुण्य सागर (सोनाम ग्याछो)नामक व्यक्ति यस्तो विन्ती गर्छु । धर्मस्वामी सपरिवार कुशल हुनुहुन्छ भनी गगनध्वज (नाम्खा ग्याल्छेन)को मुखबाट सुन्न पाउँदा मेरो मनमा सन्तोष पैदा भयो । तपाईंको निगाहले म पनि सखी भएरै रहेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपाईँको पहिलेको आज्ञाअनुसार मेरो मन एकाग्र भएर रहेको छ । ती शब्दहरू नबदलिइकन मेरो मनमा रहेकाले सबै दुःखहरू सहन गरिरहेको छु । बाटामा जस्तासुकै दुःखहरू भए पनि अर्को वर्ष स्वामीज्यूका अगाडि आइपुग्नेछु । त्यसका लागि ६ मासा सुनको दक्षिणासहित गणचक्र पूजा चढाउँछु । मार्गमा आउँदा सबै उपद्रव र दुर्घटनाहरूबाट बचाउनुहोस् । पूर्व र पश्चिमका दुई बाटाहरूमध्ये कुनबाट आउँदा सजिलो होला भन्ने कुरा गगनध्वज (नाम्खा ग्याल्छेन) को मुखबाट सुन्न पाऊँ ।

वनरत्नबाट स्वीकृति पाएपछि सन् १४६५ मा दोलाखाको बाटो हुँदै नेपाल आउने क्रममा 'जाते' नामक स्थानीय शासकले स्वागत गरेका थिए । न्यीमाखार, तेमाल हुँदै भक्तपुरको रानीपोखरी आइ पुगे । तेमालमा वनरत्नलाई चिन्ने पोन्छुग नामक व्यक्तिसँग भेट भएको उल्लेख छ । ठिम्खाङ लोचावालाई भिक्षुको रूपमा देख्दा स्थानीय व्यक्तिहरू छक्क परे किनकि भोटका व्यापारीहरूलाई मात्र देखेका रहेछन् । जमल नजिकै कोका साहुको निवासमा वास बसे । दुष्ट प्रकृतिका साहु भए पनि वनरत्नका चेला भनेपछि सम्मान गरे र गुरु भेट्न चाहिने सामग्री जोहो गर्न सहयोग गरे ।

